# आवधिक गाउँ विकास योजना

(आ.व.२०७६/०७७-२०८०/०८१)

**खार्पूनाथ गाउँपालिका**

**हुम्ला**

**२०७६**

**सहयोग**
**छायाँ नेपाल,टोखा काठमाण्डौं**

CHAY-YA NEPAL

| | |
|---|---|
| **संरक्षण एवं निर्देशन** | श्री कर्ण बहादुर रावल - अध्यक्ष,खार्पूनाथ गाउँपालिका |
| **कार्यकारी सम्पादक** | चन्द्रबिर शाही - प्रमुख प्रशासकिय अधिकृत |
| **सल्लाहकार** | श्री मकूसिंह बूढा - वडा अध्यक्ष<br>श्री कर्ण रावल - वडा अध्यक्ष<br>श्री गूलम रावल - वडा अध्यक्ष<br>श्री लोकजङ्ग हमाल - वडा अध्यक्ष<br>श्री भिमराज शाही - वडा अध्यक्ष |
| **सम्पादन मण्डल** | श्री कृष्ण बहादुर शाही,बिषय विज्ञ<br>श्री रुद्रबिर शाही,स्वास्थ्य संयोजक<br>श्री मुमलाल आचार्य,शिक्षा शाखा प्रमुख<br>श्री बिशाल बोहरा,लेखापाल<br>श्री दिपक शाही,ना.सु. |
| **कम्प्यूटर ले-आउट** | श्री प्रज्ञान शाही,सूचना प्रविधि अधिकृत |
| **प्रकाशक** | खार्पूनाथ गाउँपालिका<br>गाउँकार्यपालिकाको कार्यालय<br>याङ्चुबगर, हुम्ला<br>कर्णाली प्रदेश,नेपाल |
| **फोन** | +९७७-९८६०७५९७६७ |
| **वेभसाइट** | www.kharpunathmun.gov.np |
| **ईमेल** | Ito.kharpunathmun@gmail.com |

# विषय सूचि

## परिच्छेद १

१. पृष्ठभूमी ....................................................................................................१
२. विगतका  योजनाको संक्षिप्त समिक्षा..................................................................१
३. कानुनी तथा नीतिगत व्यवस्था..........................................................................१
४.योजना तर्जुमाको उद्धेश्य......................................................................................३
५.आवधिक योजना तर्जुमा तथा प्रक्रिया..................................................................३
**६.आवधिक योजना तयारी कार्यशाला गोष्ठी ..........................................................३**

**७.वस्तुस्थिति विश्लेषण.........................................................................३**

**८. समिति निर्माण ..............................................................................४**
**९.विषयगत समिति संग छलफल तथा समूह परामर्श.........................................४**
**१०.अन्तिम आवधिक योजना तर्जुमा गोष्ठी.................................................४**
**११.अन्तिम दस्तावेज तयारी, लेखन तथा प्रमाणिकरण .......................................४**
१२.सिमा ..................................................................................................... ५

## परिच्छेद २
## वस्तुस्थिति विश्लेषण

१३.नगरपालिकाको संक्षिप्त परिचय ..........................................................................५
**१४. विषयगत स्थिति विष्लेषण...................................................................................६**

**१५.आर्थिक विकास ..................................................................................६**
**१६. सामाजिक विकास...........................................................................१४**
**१७. पूर्वाधार विकास...............................................................................२३**
**१८. वातावरण तथा विपद् व्यवस्थापन.......................................................२८**
**१९. संस्थागत विकास र सेवा प्रवाह..........................................................३५**
२०.दीर्घकालिन सोच...................................................................................................४१
२१. आवधिक योजनाको लक्ष्य......................................................................................४१
२२.रणनीतिहरु...........................................................................................................४१
२३. नतिजा तालिका....................................................................................................४४
२४.नीति तथा कार्यनीति...............................................................................................६१

## परिच्छेद ३
## कार्यान्वयन योजना

**२५.कार्यक्रम तथा योजना ..........................................................................६१**

**२६.स्रोत अनुमान तथा प्रक्षेपण.......................................................................................७९**

२७. विषयगत क्षेत्रगत प्रस्तावित ५ वर्षको वजेट.......................................................................८०
२८. श्रोत परिचालन रणनीति.................................................................................................८२
२९. आवधिक योजना कार्यान्वयन..........................................................................................८२
३०. अनुगमन तथा मूल्यांकन..................................................................................................८२
३१. अनुसुचिहरु...................................................................................................................८४

# तालिका सुचि

तालिका १: वडा अनुसार नगरपालिकाको क्षेत्रफल........................................................................५

**तालिका २: जनसंख्या विवरण ...............................................................................६**

**तालिका ३ : आर्थिकविकास क्षेत्रको सवलपक्ष  समास्या सवाल र लिनुपर्ने मुख्य नितिहरु....................८**

**तालिका ४ : सामाजिक विकास क्षेत्रकासवलपक्ष  समास्या सवाल र लिनुपर्ने मुख्य नितिहरु..............१५**

**तालिका ५ : भौतिक पूर्वाधार  विकास क्षेत्रको सवलपक्ष  समास्या सवाल र लिनुपर्ने मुख्य नितिहरु......२३**

तालिका ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको सवलपक्ष  समास्या सवाल र लिनुपर्ने मुख्य नितिहरु.........२८

तालिका ७ : संस्थागत विकास र सेवा प्रवाह र सुशासन क्षेत्रको सवलपक्ष  समास्या सवाल र लिनुपर्ने मुख्य नितिहरु..३५

**तालिका ८ :     नतिजा  तालिका.......................................................................................................४४**

**तालिका ९ :  आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना.......................६१**

तालिका १० : प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट...................................................................८०

तालिका ११ : विषयगत क्षेत्र अनुसार प्रस्तावित कुल वजेट............................................................... ..८१

तालिका १२  : आवधिक योजनाको अनुगमन मुल्यांकन योजना ...........................................................८३

**मा. जीवन वहादुर शाही**
पूर्व संघीय मन्त्री
**नेता, प्रमुख विपक्षी दल**
कर्णाली प्रदेश

**Hon'ble Jiwan Bahadur Shahi**
**EX - Federal Minister**
**Leader, Chief Opposition Party**
**Karnali Province**

प.स. :
च.नं. :
मिति :



# शुभकामना

योजना तर्जुमा आफैमा एउटा समावेशी र सहभागितामूलक प्रक्रियाबाट निर्माण गरिने कुरा हो । तसर्थ योजना तर्जुमाका क्रममा प्राविधिक पक्ष र सहभागितात्मक प्रक्रियाबीचको उचित सम्मिश्रण र सन्तुलन अत्यन्त आवश्यक हुन्छ । स्थानीय स्तरको योजना भनेको स्थानीय आवश्यकताको परिपूर्ति मार्फत जनताको आवश्यकता पुरा गर्न सक्ने व्यवहारिक खालको हुनु पर्दछ र सैद्धान्तिक हिसावले यो सधै SMART हुनु पर्दछ । सहभागितात्मक तरिकाद्वारा तयार भएको योजनाको कार्यान्वयन पक्षलाई पनि बलियो बनाउनु हामी सबैको दायित्व हुन आउँछ । खास गरी बहुविषयगत मुद्दाहरू (Multi-sectoral issues) को विस्तृत विवेचना र विश्लेषण गरी बहुविषयगत एकीकृत विकास योजना (Multi-sectoral integrated development plan) का रूपमा आवियोको तर्जुमा गर्नुपर्ने हुँदा यो निर्माण प्रक्रियाको हिसाबले जटिल, समय लाग्ने र खर्चिलो समेत हुन जान्छ । यसका लागि गाउँपालिकाको भूमिकाको मूल्याङ्कन खासगरी गाउँपालिका तहमा योजना तर्जुमा, नीति निर्माण, समन्वय, अनुगमन र मूल्याङ्कनमा केन्द्रित रहेर गरिन्छ भने कार्यान्वयनको जिम्मेवारी विशेषज्ञता प्राप्त गरेका निकाय, संघ संस्थाहरुले लिनु पर्दछ ।

खार्पूनाथ गाउँपालिकाको समष्टिगत विकासका लागि गाउँपालिकामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत नागरिक समाज र दातृ संस्थाहरू कार्यरत रहेका छन् । आवधिक विकास योजनाले यी सबै निकायहरूको विकास प्रयासलाई गाउँपालिकाको निर्दिष्ट उद्देश्य हासिल गर्ने तर्फ निर्देशन, समन्वय तथा पथप्रदर्शन गर्न सक्नेछ भन्ने विश्वास मैले लिएको छु । आवियो सैद्धान्तक हिसावले राम्रो भएर मात्र हुँदैन यो सर्वसाधारण जनतादेखि कार्यान्वयन गर्ने निकायहरुले अपनत्व लिने खालको भएमा मात्र यसको कार्यान्वयन प्रभावकारी हुने हुँदा त्यसतर्फ पनि आवियो तर्जुमाको क्रममा सबैको ध्यान पुगेको छ भन्ने ठानेको छु । यसका लागि आवियोको कार्यान्वयको पक्षको अनुगमन र मूल्याङ्कनको सान्दर्भिकता एवं प्रभावकारितामा जोड दिन म सबै पक्षलाई हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, आवियो तर्जुमा र कार्यान्वयनको लागि सबै पक्षको उत्तिकै भूमिका रहेको हुन्छ। तसर्थ,आवियो तर्जुमा गर्ने क्रममा नेतृत्वदायि भूमिका निर्वाह गर्ने खार्पूनाथ गाउँपालिका,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,प्राविधिक सहयोग गर्ने छाया नेपाल,राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिका स्थित विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, गैसस, नीजि, वित्तीय क्षेत्र आदिका प्रमुख तथा प्रतिनिधिहरु, आमसञ्चार क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न क्षेत्र तथा वर्गहरु जस्तै महिला, बालबालिका, दलित, आदिवासी, अपाङ्गता भएकाहरु र तिनका संगठन तथा संञ्जालका प्रमुख तथा प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै खार्पूनाथ गाउँपालिकाको यो प्रथम आवियोको पूर्ण सफलताको कामना गर्दै यसको प्रभावकारी कार्यान्वयनमा आफु पनि हर तवरले सक्रिय सहभागी हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु । धन्यवाद ।

जीवन बहादुर शाही
माननीय प्रदेश सभा सदस्य एवं प्रमुख विपक्षी दलको नेता

# खार्पूनाथ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय,याङ्चुबगर
# हुम्ला
# कर्णाली प्रदेश,नेपाल



## दुई शव्द

नेपालको संविधानले नेपाल संघिय गणतान्त्रीक मुलुकमा परिणत भएको व्यवस्था गरे अनुरुप संविधानको अनुसूचि ८ मा उल्लेखित २२ वटा अधिकारको प्रयोगको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई स्थानीय सरकारलाई मुर्तरुप दिएको छ। उक्त ऐनको परिच्छेद ६ दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था भएअनुरुप गाउँपालिकाको विकासलाई योजनावद्ध रुपमा अगाडि बढाउने हेतुले खार्पूनाथ गाउँपालिकाको आवधिक गाउँ विकास योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा गरिएको छ । यसलाई गाउँकार्यपालिकाको बैठक तथा गाउँसभाबाट स्वीकृत गरी गाउँ विकासको मार्गदर्शक र महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरिएको छ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु नै स्थानीय विकासका अगुवा तथा नेतृत्वकर्ता भएको हुँदा यस आवधिक गाउँ विकास योजना तर्जुमाका सम्पूर्ण प्रक्रियामा शूरुदेखिकै मार्गदर्शन तथा पहलकदमी रहेको सन्दर्भमा आगामी दिनमा यस योजनाको प्रभावकारी कार्यान्वयनमा पनि सबै क्षेत्रको अपनत्व र प्रतिबद्धता निरन्तर रहने विश्वास लिइएको छ। आवधिक गाउँ विकास योजनाको दस्तावेज बनाएर मात्र पुग्दैन र यो आफै कार्यान्वयन हुने योजना पनि होइन। यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानका लागि बार्षिक योजनामा रुपान्तरण गर्दै जानुपर्ने हुन्छ। आवधिक मूल्यांकन र समीक्षा प्रक्रियालाई अगाडि बढाउने, आवश्यकता अनुसार दक्ष जनशक्ति र स्रोत साधनको व्यवस्था र परिचालन गर्दै अगाडि बढ्न गाउँपालिका स्तरमा क्रियाशिल राजनीतिक दलहरु, सरकारी निकायहरु र विकासका साझेदार, गैरसरकारी क्षेत्र, नीजि क्षेत्र लगायत सम्पूर्ण निकायहरुबीच एकीकृत पहलको खाँचो रहनुका साथै सबै पक्षको सक्रिय पहलकदमी रहने विश्वास गाउँपालिकाले लिएको छ।

गाउँपालिकाका विषयगत क्षेत्रका विज्ञहरु भनेको यहाँ स्थित विषयगत शाखाका कर्मचारीहरु नै हुन्। यी विषयगत शाखाहरुको सहयोग र सहभागिताविना प्रस्तुत आवधिक गाउँ विकास योजनाले पूर्णता पाउन सक्दैनथ्यो। यसको तर्जुमाका क्रममा प्रारम्भिक चरणदेखि भएको योगदानका लागि गाउँपालिकाको तर्फबाट उच्च मूल्यांकन गर्दै आगामी दिनमा यसको कार्यान्वयनमा पनि सवैसँग प्रभावकारी समन्वय र सहकार्य हुने आशा लिएको छु।

अन्त्यमा, यस दस्तावेजलाई तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष योगदान तथा सल्लाह र सुझाव दिनुहुने पूर्व संघीय मन्त्री एवं कर्णाली प्रदेश सभाका प्रमुख विपक्षी दलका नेता माननीय जीवन बहादुर शाही ज्यू, गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विषयगत शाखाका कर्मचारीहरु, गाउँपालिकाका कर्मचारीहरु, स्थानीय वुद्धिजिविहरु, नागरिक समाज, गैसस, विकास साझेदारका प्रतिनिधिहरु, निजी क्षेत्र, पत्रकारहरु र यस कार्यमा प्रत्यक्ष, परोक्षरुपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण संघ संस्था तथा महानुभावहरु प्रति धन्यवाद प्रकट गर्न चान्हछु। योजना तर्जुमाका क्रममा जिल्ला, प्रदेश र संघिय सरकारका प्रतिनिधिहरुको सहयोग र समन्वयका लागि हार्दिक आभार प्रकट गर्दछु। यस आवधिक गाउँ विकास योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गरी प्राविधिक सहयोग प्रदान गर्नु हुने छाया नेपाल,टोखा काठमाण्डौंका कृष्ण बहादुर शाही लगायतका ।टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

.............................

कर्ण बहादुर रावल

अध्यक्ष

# परिच्छेद १:परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानले संघ,प्रदेश र स्थानीय  गरि तिन तहको सरकार को व्यवस्था गरे अनुरुप स्थानिय सरकारका रुपमा गाउँपालिका र नगरपालिकालाई उल्लेख गरेको छ। संविधान को अनुसुचि ८ ले  स्थानिय तहको अधिकारको सुचिमा स्थानिय स्तरका विकास योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ साथै स्थानीय तहले यस्ता  प्रकारका योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई आवधिक तथा बार्षिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ

गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि बनाई अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुरुप स्थानीय तहको  विकास तथा बार्षिक योजना लाई दिशानिर्देश गर्न आवधिक योजनाको  आवश्यकता पर्दछ। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरि एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाई सुदृढ गर्न यो आवधिक योजना निर्माण गरिएको छ। परिवर्तनको सिद्धान्तका आधारमा तयार गरिएको यस आवधिक योजनाले आगामी ५ वर्षमा गाउँपालिकालाई कुन दिशामा र कुन अवस्थामा पुऱ्याउने भन्ने लक्ष्य किटान गरी सो लक्ष्य प्राप्तिका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। गाउँपालिकाको नतीजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरूको बार्षिक योजना तर्जुमामा यो आवधिक योजना महत्वपूर्ण मार्गदर्शक दस्तावेज हुनेछ।

### १.१.१ कानुनी तथा नीतिगत ब्यवस्था

नेपालको संविधानमा  मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा  अनुसुची ८ मा स्थानीय तहलाई २२ वटा एकल अधिकारको ब्यवस्था  छ। त्यसैगरी अनुसुची ९ मा स्थानीय तह, प्रदेश र संघको १५ वटा साझा अधिकार सम्बन्धि व्यवस्था छ। जस अनुसार संघ को अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका अधिकांश विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ उपदफा १ मा गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका तथा नगरपालिकाले योजना  तर्जुमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेको छ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने।
- योजनाका मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नुपर्ने।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने।
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक नीजि साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने।

- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने ।
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने ।
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिककार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने ।
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नुपर्ने ।

यस आवधिक योजना तयार गर्दा संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ का साथै स्थानीय तहको देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- चौधौ योजना
- प्रादेशिक योजना
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ (राष्ट्रिय योजना आयोग)

१.१.२ योजना तर्जुमाको उद्धेश्य

गाउँपालिकाको  समष्टीगत विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । आवधिक योजनाले आगामी पाँच बर्षे अवधिका लागि गाउँपालिकाले चाहेको लक्ष्यमा पुग्न र समावेशीमुलक विकासको गतिलाई अगाडि बढाई निश्चित गन्तव्यसम्म पुग्न सहयोग पुऱ्याउँछ । गाउँपालिकाको  योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा नीजि क्षेत्र समेतको सहभागितामा गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार छन् ।

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँपालिकाको श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँबासी र सरोकारवालाको चाहना तथा सहभागितात्मक छलफलका आधारमा विकासको खाका तयार गर्ने ।
- विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- विकासका प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

१.१.३ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

खार्पूनाथ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा देहायको विधि तथा प्रक्रिया अपनाइएको थियो।

### १.१.४ आवधिक योजना तयारी कार्यशाला गोष्ठी

खार्पूनाथ गाउँपालिकाको आयोजना तथा छाया नेपालको सहयोगमा २०७५ असोज १८ र १९गते नगर कार्यपालिकाका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा कर्मचारी, नागरिक समाज, गैसस,सहकारी प्रतिनिधि, नीजि क्षेत्रका प्रतिनिधिहरु, महिलासमूहका प्रतिनिधि, बालक्लव तथा संजालका प्रतिनिधि, अपाङ्गता भएका, दलित, आदिवासी जनजाती समुदायका प्रतिनिधिहरुको सहभागितामा आवधिक विकास योजना तर्जुमाको अवधारणा, महत्व, विधि, प्रक्रिया, समय तालिका, जिम्मेवारी तालिका सम्वन्धमा आवश्यक छलफल तथा निर्णयहरु गरिएको थियो । कार्याशाला गोष्ठीमा तय गरिएको विधि र प्रक्रियाका आधारमारास्कोटनगरपालिकाको आवधिक विकास योजना तर्जुमा गरिएको छ। उक्त कार्यशालामा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, नगर विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, संभावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, नगर विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गरिएको छ।

### १.१.५ वस्तुस्थिति विश्लेषण

खार्पूनाथ गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्न नगरपालिकाको वस्तुगत विवरण तयार गरिएको थियो । उक्त वस्तुगत विवरण (पार्श्वचित्र)मा नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांखिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्थासहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ। राष्ट्रिय जनगणना घरधुरी सर्वेक्षण गरि तयार गरीएकोवस्तुगत विवरणमा उल्लिखित सूचनालाई आवधिक योजनाको आधाररेखा सूचनाको रुपमा उपयोग गरिएको छ। आवधिक योजना तर्जुमाको क्रममा वस्तुगत विवरणलाईप्रस्तुतिकरण तथा छलफल पश्चात थप परिस्कृत गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी वस्तुस्थिति विश्लेषण गरियो ।

### १.१.६ समिति निर्माण

आवधिक योजना निर्माण प्रक्रियालाई व्यवस्थित तथा प्रभावकारी ढंगले निर्माण गर्न कार्यशाला गोष्ठिवाट गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा तिन सदस्यीय निर्देशन समिति गठन गरिएको थियो । त्यसैगरि उपाध्यक्षको संयोजकत्वमा विषयगत क्षेत्रका संयोजकहरु र कार्यपालिकाका सदस्य मध्येवाट सदस्य रहने गरि ११ सदस्यीय संयोजन समिति गठन गरिएको थियो भने विषयगत क्षेत्रका संयोजकहरुको संयोजकत्वमा विषयगत क्षेत्रका सदस्यहरु,सम्वन्धित शाखाका प्रमुख तथा सरोकारवालाहरु सदस्य रहने गरि ५ वटा आवधिक योजना तर्जुमा समिति गठन गरिएको थियो

### १.१.७ विषयगत समिति संग छलफल तथा समूह परामर्श

खार्पूनाथ गाउँपालिकाको आबधिक योजना तयारीका क्रममा २०७५ असार १ देखि २ सम्म ५ वटै समितिहरु संग(आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन तथा सस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति)छलफल तथा परामर्श गरिएको थियो। उक्त छलफल वाट विषयगत क्षेत्रहरुका सवलपक्ष,समस्या,समस्याका कारण पहिचान गरिएको थियो। समुह छलफलवाटै विषयगत लक्ष्य , रणनिति , नतिजा निर्धारण तथा कार्यक्रम र वजेट निर्माण गरिएको थियो

### १.१.८. अन्तिम आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी कार्यशाला गोष्ठी ,विषयगत र लक्षित समूह छलफल तथा परामर्श गोष्ठीबाट आएका सूचना, विषयगत लक्ष्य , रणनीति , सुचक,नतिजा तथा कार्यक्रमलाई प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरीयो । यसरी लिपिवद्ध गरिएको प्रारम्भिक आवधिक योजनाको दस्तावेजलाई अन्तिम रुप दिन २०७५ असार गते देखि गते सम्म दिने अन्तिम आवधिक योजना तर्जुमा गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व, विषयगत समितिहरुका संयोजक तथा सरोकारवालाको वृहत सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा लिपिवद्ध गरिएको आवधिक योजनाको दस्तावेजमा विषयगत समुह निर्माण गरि व्यापक छलफल गरि प्राप्त निष्कर्षलाई समूहमा छलफल तथा प्रस्तुती मार्फत सुझाव संकलन गरियो ।

### १.१.९. अन्तिम दस्तावेज तयारी, लेखन तथा प्रमाणिकरण

विभिन्न चरणका छलफल तथा कार्याशालाबाट प्राप्त विवरण तथा अन्तिम आवधिक योजना तर्जुमा गोष्ठीवाट प्राप्त निष्कर्ष र सुझावका आधारमा तयार गरिएको आवधिक विकास योजनाको मस्यौदा दस्तावेजलाई अन्तिम रुप दिने सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका दस्तावेज र अन्य बिषय विज्ञहरुबाट समेत सुझावहरु लिने कार्य भएको थियो । यसरी विभिन्न क्षेत्रवाट प्राप्त सुझावलाई समावेश गरी तयार गरिएको आवधिक विकास योजना दस्तावेजलाई स्विकृतीका लागि २०७५ गते गाउँकार्यपालिकामा पेश गरिएको थियो । यसरी खार्पूनाथ गाउँकार्यपालिकाले पारित गरेको ५ वर्षे एकीकृत आवधिक योजनालाई (२०७६/७७–२०८०/८१) २०७५ गते बसेको खार्पूनाथ गाउँपालिकाको सभामा पेश गरी छलफल पश्चात पारित गरियो ।

### १.१.१०.सिमा

आवधिक विकास योजनालाई समावेशी, पारदर्शी एवं परिणाममूखी वनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता एवं अपरिहार्य रुपमा क्षेत्रगत लक्ष्य, नतिजा र उपलब्धिका सूचक समावेश गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिका जनप्रतिनिधि, कार्यरत कर्मचारी, विषयगत क्षेत्र, वालक्लव, गैरसरकारी क्षेत्र र सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ । यस आवधिक योजनालाई सक्दो समावेशी, सहभागितामूलक तथा पारदर्शि वनाउने प्रयास गरिएको छ । गाउँपालिकाको समग्र विकासमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायका संस्था र विकास साझेदारको सहयोगमा संचालन हुने संभावित कार्यक्रमलाई पनि यस आवधिक योजनामा समाबेश गरिएको छ । गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट प्राप्त हुने अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत गाउँ पालिकालाई प्राप्त हुने तथा अन्य स्रोतबाट बार्षिक रुपमा परिचालन हुने सम्भाव्य श्रोतलाई आधार बनाइएको छ ।
आवधिक योजना निर्माण गर्ने प्रक्रियामा प्रारम्भिक तथ्याङ्क र सूचना लिने क्रममा केही सूचनाको अनुपलब्धताका कारणले कतिपय सूचकहरुका लागि दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् तथा प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचक निर्धारण गरिएको छ ।

## १.२ वस्तुस्थिति विश्लेषण

### १.२.१ गाउँपालिकाको संक्षिप्त परिचय

खार्पूनाथ गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा पर्दछ। यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका खार्पूनाथ,छिप्रा,राया र लाली गा.वि.स गरी ४ वटा गा.वि.स.समावेश गरी भएको हो। खार्पूनाथ गाउँपालिकामा हाल ५ वटा वडाहरु कायम गरिएको छ भने यस गाउँपालिकाको पूर्वमा चंखेली गाउँपालिका,पश्चिममा सिमकोट गाउँपालिका, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा सर्केगाढ गाउँपालिका पर्दछ। भौगोलिक हिसाबले ८२ डिग्री ५५ मिनेट ३० सेकेण्ड देखि ८३ डिग्री ३ मिनेट ३० सकेण्ड पूर्वी देशान्तर सम्म र २८ डिग्री ५ मिनेट ३० देखि २८ डिग्री १२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा सम्म अवस्थित खार्पुनाथगाउँपालिका प्रदेश नं ६ को १०६.९३ वर्ग कि.मी. क्षेत्रफल रहेको छ। खार्पुनाथको अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सीयस, न्यूनतम तापक्रम ८.० डिग्री सेल्सीयस रहेको पाईन्छ। हुम्ला जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा धेरै सम्भावना बोकेको गाउँपालिकाको रुपमा खार्पुनाथ गाउँपालिका हुनुका साथसाथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन्। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। ग्रामीण क्षेत्रको रुपमा रहेको गाउँपालिकामा प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को श्रोतको रुपमा जडिबुटी बेचबिखन पनि एक हो। यस गाउँपालिकामा आधारभूत देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु १३ वटा आधारभूत बिद्यालय र ४ वटा मा.वि गरी जम्मा १७ वटा शिक्षण संस्थाहरु संचालित छन्। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएपनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवस्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। गाउँपालिकाको गठन हुँदा समाविष्ट साविकका गाविसहरु, वडाको क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं १:वडा अनुसार गाउँपालिकाको क्षेत्रफल

| वडा नं. | समावेश गरिएका साविकका गाविस | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | लाली वडा नं. १-९ | ३८.८९ | ४.४२ |
| २ | राया वडा नं. १-९ | ६८.९८ | ७.८४ |
| ३ | छिप्रा वडा नं. १-९ | ३३.६४ | ३.८२ |
| ४ | खार्पूनाथ वडा नं. १-९ | ७३८.४९ | ८३.९२ |
| | जम्मा | **८८०** | **१००** |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४

तालिका नं २ :खार्पूनाथ गाउँपालिकाको बिस्तृत विवरण

| क्र.सं. | वडा नं. | समावेस गरिएका गाविस र वडाहरु | जनसंख्या | क्षेत्रफल (बर्ग किमिमा) |
|---|---|---|---|---|
| **१** | १ | लाली वडा नं. १-९ | १५७५ | ३८.८९ |
| **२** | २ | राया वडा नं. ५-९ | ८४२ | १३.२१ |
| **३** | ३ | राया वडा नं. १-४ | १०६० | ५५.७७ |
| **४** | ४ | छिप्रा वडा नं. १-९ | १०४५ | ३३.६४ |
| **५** | ५ | खार्पूनाथ वडा नं. १-९ | १४८९ | ७३८.४९ |
| **जम्मा** | | | ६०११ | ८८० |

*स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राज्य पूनर्संरचना आयोग २०७३*

### १.२.२ जनसङ्ख्याको विवरण :

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कूल घरपरिवार ११६८ र जनसंख्या ६०११ थियो जसमा महिलाको जनसंख्या ३०४४ र पुरुष जनसंख्या २९६७ एवं लैंगिक अनुपात १०२.५९ रहेको थियो भने घरपरिवार सर्वेक्षण, २०७५ अनुसार यस गाउँपालिकाको घरधुरी संख्या १३०५ र जनसंख्या ६९४४ रहेको छ । वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा १७५० रहेको छ भने सबै भन्दा न्यून वडा नं. २ मा ९७८ रहेको देखिन्छ । हालको विवरण अनुसार औषत घरपरिवारको आकार ५.३२ र लैंगिक अनुपात ९६.६३ रहेको छ । यस सम्बन्धी वडागत रुपमा जनसंख्या वितरणको अवस्था विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं ३:वडा अनुसार जनसंख्या विवरण

| वडा नं | जनगणना २०६८ अनुसार | | | | | | घरपरिवार सर्वेक्षण २०७५ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवारको आकार | लैंगिक अनुपात | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवारको आकार | लैंगिक अनुपात |
| | | महिला | पुरुष | जम्मा | | | | महिला | पुरुष | जम्मा | | |
| १ | ३०५ | ८०४ | ७७१ | १५७५ | ५.१६ | १०४.२ | ३१८ | ८२६ | ८५० | १६७६ | ५.२७ | ९७.१८ |
| २ | १९८ | ४०० | ४४२ | ८४२ | ४.२५ | ९०.४९ | १९५ | ४५५ | ५२० | ९७५ | ५.०० | ८७.५० |
| ३ | १८६ | ५४१ | ५१९ | १०६० | ५.७० | १०४.२३ | २१० | ५७३ | ५९२ | ११६५ | ५.५५ | ९६.७९ |
| ४ | २१४ | ५६० | ४८५ | १०४५ | ४.८८ | ११५.४६ | २७७ | ७१९ | ६५९ | १३७८ | ४.९७ | १०९.१० |
| ५ | २६५ | ७३९ | ७५० | १४८९ | ५.६२ | ९८.५३ | ३०५ | ८३७ | ९१३ | १७५० | ५.७४ | ९१.६८ |
| **जम्मा** | **११६८** | **३०४४** | **२९६७** | **६०११** | **५.१५** | **१०२.५९** | **१३०५** | **३४१०** | **३५३४** | **६९४४** | **५.३२** | **९६.४९** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८ तथा घरपरिवार सर्वेक्षण २०७५*

### १.३ स्थानीय तहको विकासको समिक्षा

यस खार्पूनाथ गाउँपालिका अन्तर्गत रहेका साविकका खार्पूनाथ,लाली,राया र छिप्रा गरी ४ वटा गा.वि.स.हरुमा विगतमा आवधिक योजना तयार गरि कार्यान्वयन गर्ने गरेको पाइदैन । आवधिक योजना निर्माण गरि त्यसको दिशानिर्देश विना स्थानीय स्तरको बार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रियालाई आधार मानेर योजना निर्माण र कार्यान्वयन गरेको हुदा आवधिक योजनाको महत्वबोध नभएको हुन सक्दछ । स्थानीय विकासका महत्वपूर्ण सवालहरुका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न,विकास कार्यक्रमलाई दीर्घकालिन सोच र उद्धेश्यबाट अभिप्रेरित गर्न,स्थानीय सम्भावनाहरुलाई आर्थिक तथा सामाजिक सम्बृद्धिमा रुपान्तरण गर्न,विकासका अवरोधकको पहिचान गरी समाधानको किटान र श्रोत साधनको विनियोजनलाई मार्ग निर्देशन गर्न,स्थानीय आवश्यकता र प्राथमिकता बिच तालमेल कायम गर्न,विकास प्रक्रियामा नेतृत्व,स्वामित्व र सहयोगी भूमिकाको स्पष्ट कार्यक्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्न,सेवा सुविधालाई सर्वसुलभ,गुणस्तरीय र बिश्वसनिय बनाउन आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने सरकारको बाध्यकारी प्रावधान हुदा हुदै पनि प्रक्रियाको रुपमा योजना तर्जुमा गरी अभिलेखीकरण गरिदा जनताका वास्तविक मागहरुलाई सम्बोधन गर्न नसकिने र विकासको प्रतिफल आम जनमानसमा जान नसकी सन्तुलित विकास हुन नसकेको हो । यद्यपी विकासका लागि केहि प्रयत्न र थोरै भएपनि उपलब्धि नभएका होइनन ।

विगतमा आवधिक विकास योजना तर्जुमा कमै मात्रामा हुने गरेको र तयार भएको अवस्थामा पनि तलका बिषयहरुलाई ध्यान दिन नसक्दा आवधिक योजना कार्यान्वयन फितलो हुन गइ आशातित उपलब्धि हासिल हुन नसकेको प्रष्ट हुन्छ ।

जनतालाई केन्द्रबिन्दुमा राखेर सम्पूर्ण योजना तर्जुमा प्रक्रियामा लक्षित बर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने जनकेन्द्रित विकास,पारदर्शी,जवाफदेही,स्वच्छ एवं सदाचारयुक्त,परिणाममुखी र जनसहभागितामुलक सुशासन प्रक्रिया,यथासम्भव स्थानीय श्रोत साधन र सिपको प्रयोग गरी योजनामा दिगोपना ल्याउने,निर्णय प्रक्रियामा सम्पूर्ण सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ,समावेशीकरण,गरिबीको रेखामुनी रहेका एवं विपन्न र सीमान्तकृत बर्गका लागि आयमूलक एवं रोजगारमूलक कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनिकरण गर्ने ,स्वदेशी एवं बिदेशी पूजी आकर्षित गरी लगानी प्रवर्द्धन गर्ने ,सबै जातजाती,धर्म,लिङ्ग,बर्ण,भूगोल,सीमान्तकृत बर्ग,अपाङ्ग,गरिब एवं पिछडिएको बर्ग,दलित,मधेशी आदि सबैको सेवा सुविधामा पहुँच पुगी समतामूलक विकास,समन्वय र साझेदारी,क्षमता अभिबृद्धि गर्न, भूउपयोग,सामाजिक न्याय,विकासका नयाँ चुनौतीहरुको सम्बोधन,केन्द्रिय एवं प्रादेशिक योजनासंग तादात्म्यता,एकीकृत बस्ती विकास, वातावरण मैत्री,बालमैत्री,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,दिगो विकास र मानव संसाधन विकास जस्ता विकासका नयाँ आयामहरुमा विगतका योजनाहरुले खासै ध्यान पुऱ्याएको देखिदैन । जनताको साझा अवधारणा स्थापित गर्ने,विकास प्रक्रियामा सबैको जागरुकता र संगठित प्रयासको पहल गर्ने,जनतालाई अधिकार प्रति सचेत र कर्तब्य प्रति जागरुक बनाउने,स्वयंसेबी,अपनत्व,सहअस्तित्व,सहिष्णुता र मित्रताको

प्रवर्द्धन गर्ने महत्वपुर्ण औजारको रुपमा रहेको सामाजिक परिचालनलाई विगतका योजनाहरुमा समावेश गरेको पाइदैन । जसले गर्दा विकासको प्रतिफल समान रुपमा वितरण हुन नसकी धनी र गरिब बिचको खाडल बृद्धि भएको पाईन्छ ।

साविकका खार्पूनाथ,लाली,राया र छिप्रा गरी ४ वटा गा.वि.स.हरुको विकासका लागि विगतमा भएका प्रयासहरू, लिइएका नीतिगत निर्णयहरू, विगतमा संचालित योजना तथा कार्यक्रमहरूको विवेचना एवम् उपलब्धिको संक्षिप्त मूल्याङ्कन गर्ने कोशिस गरिएको छ । देहायका कुराहरूलाई आधार मानी विगतका प्रयास तथा उपलब्धीहरुको समीक्षा गरिएको छ ।

(क) गाउँपालिका वस्तुस्थिति चित्रणमा समावेश गरिएका तथ्याङ्क, सूचना र विश्लेषणबाट आएका निष्कर्षहरु ।

(ख) वार्षिक प्रगति प्रतिवेदनहरू ।

(ग) सम्बन्धित क्षेत्रमा भएका अध्ययन प्रतिवेदनहरू । यसका लागि परिमाणात्मक र गुणात्मक रूपमा गाउँपालिकाको विकास गति कतातिर अघि बढेको छ ? यसको दर के कस्तो छ ? र यसले के के कुरामा प्रभाव पारेको छ ? आदि कुराहरु समीक्षात्मक रूपमा स्पष्ट पार्ने कोशिश गरिएको छ । विगतका प्रयास र उपलब्धिको विवेचना गर्दा भौतिक निर्माण कार्यक्रमहरू (Hardware Programme) को मात्र नभई मानवीय विकास वा दक्षता अभिवृद्धि सम्बन्धी (Software) कार्यक्रमहरूको समेत विवेचना गरिएको छ ।

**समीक्षाका प्रकियाहरु**

विगतको गाउँपालिका वस्तुस्थिति विवरण समिक्षाका लागि निम्न प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

(क) सम्पूर्ण सहभागीहरुलाई पूर्व निर्धारित पाँच वटा विषयगत समुहहरु (आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, बन तथा वातावरण र संस्थागत श्रोत तथा क्षमता विकास) मा विभाजन गरिएको थियो ।

(ख) प्रत्येक विषयगत समुहलाई गाउँपालिका वस्तुस्थिति पुस्तक उपलव्ध गराई निम्नानुसारका विषयबस्तुहरु माथि समिक्षा गर्न अनुरोध गरिएको थियो ।

- योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा देखिएका सकारात्मक पक्ष तथा कमी कमजोरीहरु ।
- योजना कार्यान्वयनको समयमा आईपरेका विभिन्न जोखिमपक्षहरुले प्रत्यक्ष वा परोक्षरुपमा पारेको प्रभाव ।
- अन्य विविध जानकारीहरु ।

# परिच्छेद २ -स्थानीय तहको आवधिक योजना

२.१ पृष्ठभूमि

गाउँपालिकाको आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरुमा आधारित एकीकृत तथा बहु-विषयक योजना हो । यसले गाउँपालिकाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधि भित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त,रणनीति तथा प्राथमिकताहरु एवं श्रोत साधनहरुको पहिचान एवं परिभाषित गरी बर्तमान अवस्थाबाट लक्षित अवस्थामा पुग्नका लागि प्रस्तावित मार्गचित्र एवं रुपरेखा तयार गर्दछ । यस आवधिक योजनामा योजनाको दूरदृष्टि,लक्ष्य,उद्धेश्य,रणनीति,नीति,कार्यक्रम र नतिजा सूचकहरु र बजेट आदिको प्राथमिकीकरण, विनियोजन,कार्यान्वयन र अनुगमन मुल्याङ्कनको ब्यबस्था समाबेश गरी नतिजामूलक सूचकको आधारमा संगठित,सुब्यबस्थित र नियोजित आर्थिक योजनाको रुपमा तयार गरिएको हुन्छ । आवधिक विकास योजनाले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण समेत तयार गर्दछ । यसको लागि गाउँपालिकामा विकासका सबै सरोकारवालाको सहभागिता तथा भूमिकाको आवश्यकता पर्दछ । आवधिक विकास योजनामा स्थानगत विशेषताहरुको आधारमा गाउँपालिका विकासको एकीकृत तथा विषयगत प्रयासहरु समेटिनु पर्दछ ।

स्थानीय सरकार संचालन ऐन,२०७४ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७५ (नमूना) ले गाउँपालिकालाई स्थानीय तहको एकीकृत विकास योजना तर्जुमा गर्दा कम्तीमा ५ वर्ष अवधिको आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने र सोको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने वाध्यकारी प्रावधानको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार गाउँपालिकालाई आवधिक विकास योजना तर्जुमाको लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगले आवधिक विकास योजना तर्जुमा सम्बन्धी निर्देशिका तयार गरी जारी गरेको थियो । उक्त निर्देशिका बमोजिम गाउँपालिकामा गाउँपालिकाको नेतृत्वमा आवधिक विकास योजना तर्जुमा तथा सो अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ । निर्वाचित जनप्रतिनिधि वहाल रहेको हालको अवस्थामा आवधिक विकास योजना तर्जुमा र सो अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेमा गाउँपालिका विकासका आयोजना तथा कार्यक्रमले मूर्त रुप लिन सक्छ । यस कार्यलाई मूर्तरुप दिन गाउँपालिका तथा सम्बन्धित सरोकारवालाहरुले अथक प्रयास गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा खार्पूनाथ गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७ देखि आ.व.२०८०/८१ सम्मको लागि ५ बर्षे आवधिक विकास योजना तयार गरी लागु गर्ने कोशिस गरेको छ ।

निर्वाचित जनप्रतिनिधिहरुको नभएको र स्थानीय निकायहरुको सञ्चालन कर्मचारी तथा मनोनित पदाधिकारीबाट हुँदै आएको सन्दर्भमा देशमा राजनीतिक तथा नीतिगत परिवर्तन भएको र संक्रमणकालिन अवस्थाको अन्त्यसंगै नेपालको संविधान,२०७२ जारी भएपछि स्थानीय तहको विकासको प्रयासलाई गतिदिन आवियोको आवश्यकता महशुस गरिएको हो । तर राज्य पुनःसंरचनाको प्रक्रिया र संक्रमणकालिन विद्यमान राजनीतिक तथा प्रशासनिक अवस्था केही बर्ष कायम रहने भएपनि खार्पूनाथ गाउँपालिकाले यहाँ क्रियाशिल विभिन्न राजनीतिक दलका नेताहरु तथा अन्य सरोकार निकाय र संघ संस्थाहरुको सहभागितामा गाउँपालिकाको आवियो तर्जुमा गर्ने सोंच अगाडि बढायो,यसका लागि छायाँ नेपाल, काठमाण्डौंको प्राविधिक सहयोग र खार्पूनाथ गाउँपालिकाको आर्थिक सहयोगबाट आवधिक विकास योजना तर्जुमा गर्ने कार्य अगाडि बढ्यो, जसअनुसार आवधिक विकास योजना दस्तावेज तयार भएको छ । गाउँपालिका विकासको अवधारणा गाउँपालिका विकासको राजनीतिक सहमतिको दस्तावेज हो । यस आवधिक विकास योजनालाई गाउँपालिकामा क्रियाशिल सबै राजनीतिक दल तथा प्रमुख सरोकारवालाको सहभागिता र सहयोगमा तयार गरिएको छ र जसले आवियो तर्जुमा कार्यलाई दिशानिर्देश गरेकोछ । यसै अनुरुप आवियो तर्जुमा सम्बन्धी राष्ट्रिय योजना आयोगद्वारा जारी निर्देशिका, नेपाल सरकारको विद्यमान राष्ट्रिय नीति तथा चौधौं त्रिवर्षीय योजना र कार्यक्रम अनुसार गाउँपालिकाको नेतृत्वमा खार्पूनाथ गाउँपालिकाको यो ५ बर्षे (२०७६।०७७-०७७।०७८) आवधिक विकास योजना तयार गरी लागु गर्ने कोशिस गरिएको छ ।

## २.२ चुनौती तथा अवसरहरु :

खार्पूनाथ गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वन,वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको विद्यमान स्थिति, सम्भावना, समस्या, चुनौति,तत्कालिन असरको विषयगत रुपमा विश्लेषण निम्न अनुसार गरिएको छ ।

## २.२.१.आर्थिक विकास :

खार्पूनाथ गाउँपालिकाका बासीन्दाहरुको मुख्य पेसा कृषि नै रहेको छ। गाउँपालिकामा ११९१.९९ हेक्टर खेतीयोग्य जमिन रहेको छ। यस गाउँपालिकामा कर्णाली नदी किनारदेखि मारुघोर,नरथला,राया लेकसम्म विविधतापूर्ण हावापानी रहेको छ। गाउँपालिका क्षेत्रमा चिनो,धान, गहुँ, जौ,उवा,मकै, कोदो, फापर, कागुनो आदि अन्नहरुको उत्पादन हुन्छ। त्यसैगरी सिमी, भटमास, केराउ, गहत जस्ता दलहन बालीको पनि उत्पादन रहेको छ। स्याउ,आरु,ओखर,खुर्पानी जस्ता फलफुलहरु उत्पादन हुने यस क्षेत्रमा आलु, काउली, बन्दा, चोतो जस्ता तरकारी बालीको उत्पादन हुने गरेको छ। परम्परागत खेती प्रणालीका कारण निर्वाहमुखी उत्पादन मात्र हुने गरेको देखिन्छ। गाउँपालिकामा पशुपालनका लागि उपयुक्त चरनक्षेत्र रहेको छ। गाई, भैँसी,भेडाबाखा तथा कुखुरापालनका लागि उपयुक्त रहेको यस क्षेत्रमा घाँस खेती गर्ने चलन छैन।

राडीपाखी, लिउ, फेरुवा जस्ता उत्पादनको सम्भाव्यता यस क्षेत्रमा रहेको छ। खार्पूनाथ मन्दिर, भिमदुलो, दुधे दह, लवासुर मन्दिर,बग्ने पानी,लुर्पे जस्ता प्राकृतिक तथा धार्मिक पर्यटनका क्षेत्रहरु यस गाउँपालिका भित्र पर्दछन्। पर्यटनस्थलसम्म पुग्दा आवश्यक सुविधा तथा सडकको विस्तार हुन नसक्दा यी क्षेत्रहरुको महिमा ओभ्‍रेलमा परेको र सहज आवतजावतका लागि सडको विस्तार गर्न जरुरी देखिन्छ साथै जिर्ण पर्यटकीय क्षेत्रहरुको पुनर्निमाणको आवश्यकता पनि रहेको छ।

यस गाउँपालिका क्षेत्रमा फर्निचर उद्योग,कुटानी पिसानीका मिलहरुका साथै सुधारिएका घट्टहरु पनि रहेका छन्। अल्लो उत्पादन र प्रशोधनको प्रचूर सम्भावना रहेको छ। उद्यमशीलताका लागि ज्ञान, सीप अभिबृद्धि गर्न सके यस गाउँपालिकामा घरेलु उद्योगहरुको सम्भावना पनि देखिन्छ। अत्तिस,जटामसी,कुट्की,पाँच औंले,पदमचाल,पाखनवेद,चिराइतो,वन लसुन,सेतो चिनी जस्ता बहुमुल्य जडिबुटी र भोजपत्र,सुनधुपी जस्ता बनस्पतीहरुको पर्याप्त श्रोत रहेको छ।

वित्तिय कारोवारका लागि गाउँपालिकामा एउटा बैंक तथा सहकारी एवं बचत तथा ऋण संस्थाहरु रहेका छन् भने सबै नागरिकहरुको बित्तीय संस्थामा पहुँच पुग्न सकेको छैन।

तालिका ३ : आर्थिक विकास क्षेत्रको सवलपक्ष, समस्या तथा सवाल र लिनुपर्ने मुख्य नीतिहरु

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| कृषि | | | | | |
| - ११९१.९९ हेक्टर खेतियोग्य जमिन रहेको<br>-कृषिका लागि उपयूक्त हावापानी<br>-कर्णाली नदि किनार देखि छिप्राको को धुमधुमे, सम्मको विविधतायूक्त हावापानी तथा माटो<br>- धान र गहुँ, मकै, कोदो, फापर, जौ, कागुनो, लट्टे जस्ता अन्नवालि<br>- सीमी, भटमास, केराउ,वोडी, गहत,मास,लगायतका दलहन वालीको उत्पादन रहेको<br>- स्याउ,ओखर,आरुवखडा,चुली, खामु, मेहेल,आरु, डालेचुक लगायतका फलफुल उत्पादन भएको<br>- तरकारीः आलु, बन्दा, काउली, गोलभेडा, मुला, फर्सी, काका, करेला, चिचिण्डा,चोतो,पिडालु,भण्टा, रायो, स्वीसाग, पालुङ्गो आदि<br>- नगदे वालीः लसुन, प्याज, पुदिना, खुर्सानी,घोडामच्चा आदि उत्पादन भएको ।<br>- जडिवुटीःपाखनवेद,चिराइतो, रातो च्याउ, समयो, | - खेतियोग्य जमिनमा प्रयाप्त सिचाइ सुविधा नभएको<br>- पराम्परागत खेति प्रणाली भएको<br>- खेती योग्य जमिनमा गह्रा सुधार प्रणाली तथा चक्लाबन्दी नभएको ।<br>- व्यवसायिक दक्ष तालिम प्राप्त जनशक्तिको कमी<br>- वीउविजन रोपिसकेपछि मल छर्ने परिपाटी र उन्नत विउको प्रयोग नभएको ।<br>- कृषि प्रसार तथा सूचनाको कमी<br>- खाद्यन्न उत्पादनमा कमी आई बजारको तथा सरकारको मुख ताक्नु पर्ने<br>- खडेरी, रोगकिरा, हिउँ, तुसारो,असिनाको प्रकोप<br>- स्याउ, आलु ग्रेडिङ र सित भण्डारण नभएको<br>- अन्न,फलफुल तरकारी लगायतका कृषि उपजको संकलन र भण्डारणको कमी | - उत्पादन तथा उत्पादनकत्वमा ह्रास<br>- आकाशे पानीमा भर पर्नूपर्ने बाध्यताले बाली उत्पादनमा बाधा ।<br>- कृषि प्राविधिकको कमीले जनचेतनाको अभाव भई परम्परागत खेती व्यापक भएको ।<br>- वेरोजगारको संख्यामा वृद्धि ।<br>- स्थानीय बालीहरु लोप हुदै जानु<br>- बिउमा परनिर्भरता बढ्दै जानु | - सिचाई सुविधाको अभाव<br>- उत्पादित विउविजनको प्रमाणिकरण नहुनु ।<br>- कृषि उद्यमीहरुलाई आवश्यक मात्रामा अनुदानको व्यवस्था नहुनु ।<br>- सिमित मात्रामा प्राविधिक हुनु ।<br>- कृषि उद्यमशिलतामा जनचासो नहुनु ।<br>- यातायात सुविधा नभएकोले बजारीकरणमा समस्या<br>- वास्तविक कृषक छनोट हुन नसक्नु ।<br>- कृषकको वास्तविक आवश्यकता अनुसारको कार्यक्रम नहुनु ।<br>- कृषकलाई वालीपात्रोको वारेमा जानकारी नहुनु<br>- कृषि पेशामा परम्परागत खेती हुनु ।<br>- व्यवसायीक कृषि उत्पादनको लागि पकेट क्षेत्रको रुपमा विकास नहुनु । | व्यवसायिक तथा प्रतिस्पर्धात्मक र बजारमुखी कृषि अर्थतन्त्रको विकास गर्ने, | - दिगो रुपमा सिचाई सुविधाको व्यवस्थापन गर्ने ।<br>- कृषि प्रणालीमा परम्परागत प्रणालीको समस्यालाई कम गर्दै आधुनिकीकरण तर्फ लैजाने<br>- हावापानी तथा ठाउँ सुहाउँदो स्थानको छनौट गरी कृषिको पकेट क्षेत्र निर्धारण र चक्लाबन्दीको व्यवस्था गर्ने ।<br>- उन्नत विउविजन र फलफुल विकासमा प्रवर्द्धन गर्ने ।<br>- कृषकहरुको वर्गिकरण गर्ने ।<br>- छरिएर रहेका कृषकहरुको पहिचान तथा संगठित गरी व्यवस्थित कृषक समुहको रुपमा स्थापना गरेर परिचानल गर्ने ।<br>- व्यवसायिक कृषक तथा समुहगत कृषकहरुलाई प्रविधि तथा अनुदानको व्यवस्था गर्ने ।<br>- वडास्तरमा कृषि सम्पर्क तथा सूचना केन्द्रको व्यवस्था गर्ने ।<br>- रैथाने वालीको संरक्षण, प्रवर्द्धन, विकास र विस्तार गर्ने ।<br>- अर्गानीक खेति प्रणालीलाई विस्तार गर्ने ।<br>- आलु, स्याउ लगायतका कृषि उपजका लागि सित भण्डारको व्यवस्था गर्ने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| सुगन्धवाल, खिराउलो, सतुवा, पाँचऔले, पदमचाल, वनलसुन, वोजो, वाजडी, कुरीलो आदि ।<br>- ट्राउट माछापालनको सम्भावना रहेको ।<br>- अर्गानिक कृषि अनुसंधान क्षेत्रको रुपमा विकास गर्न सकिने । | - उत्पादित कृषि उपजका लागि प्रसोधनको व्यवस्था नभएको<br>- कृषि विमा प्रति जनचेतनाको कमी ।<br>- कृषि उपजको वजारीकरणको समस्या<br>- कृषिमा यान्त्रीकरणको कमी र प्रयोग गर्ने बानी नभएको ।<br>- रसायनीक मलको प्रयोग नभएको ।<br>- माटो परिक्षण प्रयोगशाला नभएको ।<br>- रसायनीक किटनासक विषादीको प्रयोग कम भएको ।<br>- कृषि सडकको विकास नभएको ।<br>- घरघरमा अन्नवालि सुरक्षित भण्डारणमा समस्या<br>- कृषि प्राविधिकको कमी<br>- धेरैजसो प्राङगारीक तथा गोठेमलको प्रयोग बढी भएको । | | | | - उत्पादित कृषि उपजका लागि संकलन केन्द्रको व्यवस्था गर्ने ।<br>- पकेट क्षेत्रमा वीउ प्रशोधन केन्द स्थापना गर्ने ।<br>- समयमै माटो परक्षिण गरी आवश्यक सुधार गरीदै लैजाने ।<br>- कृषकलाई कृषि विमाको महत्ववारे प्रचार प्रसार गर्ने ।<br>- संकलित कृषि उपजको लागि बजार व्यवस्था गर्ने ।<br>- उत्पादित कृषि उपजका लागि प्रसोधन केन्द्रको स्थापना गर्ने ।<br>- उन्नत विउ बिजनको व्यस्था गरी स्थानीय जातका विउ उपचार गरी रोप्ने प्रणालीको विकास गर्ने ।<br>- कृषकहरुको मुल्याङ्कन गरी उत्कृष्ट कृषकलाई सम्मान तथा पुरस्कृत गर्ने ।<br>- व्यवसायीक कृषक, कृषक समुह, सहकारीलाई क्षमता विकासको लागि ज्ञान, सिप र प्रविधि हस्तान्तरणको व्यवस्था गर्ने ।<br>- फलफुल तथा जडिवुटी उत्पादनका लागि नर्सरीको स्थापना तथा विस्तार गर्ने ।<br>- माछापालनका लागि आवश्यक व्यवस्था गर्ने<br>- एक वडा एक कृषि प्राविधिकको व्यवस्थापन । |
| **सिंचाइ** | | | | | |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| - सिंचाइका लागि प्रयाप्त पानीका श्रोतहरु भएको ।<br>- स्थानीय तहबाट नै सिंचाइ निर्माणका लागि बजेट व्यबस्थापन गर्न सकिने<br>- सिंचाइका लागि प्रशस्त जमिनहरु भएको<br>- थोरै लागतमा निर्माण गर्न सकिने | - परम्परागत खेती गर्नु,<br>- आकाशे पानीमा भरपर्नु,<br>- सिचाई कुलो नहुनु ।<br>- भिरालो जमिन भएकोले सिंचाइ गर्न समस्या<br>- जनचेतनाको कमी जसले गर्दा सिंचाइ क्षेत्रमा बजेट विनियोजनमा कमी | - उत्पादनमा कमी,<br>- आकाशे पानीको भरमा खेती गर्नु पर्ने अवस्था ।<br>- खाद्य सुरक्षामा कमी । | - आर्थिक लगानीको कमी,<br>- लागत खर्च बढि हुनु ,<br>- लगानी अनुसारको कार्यान्वयन पक्ष कमजोर तथा फितलो,<br>-भिरालो जमिन | सिंचाइ सुविधाको विकास र विस्तार मार्फत उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने | - स्थलगत सर्बेक्षण तथा अनुगमन गर्ने ।<br>- कृषि नीति निर्माण गर्न सिफारिस गर्ने ,<br>- बिभिन्न प्रकृतिका सिचाई प्रणालीमा सुधार गर्ने । |
| **पशुपालन** | | | | | |
| - पशुपालनका लागि उपयुक्त चरन क्षेत्र भएको<br>- बाख्रा, भैंसी, गाई, कुखुरा पालनका लागि उपयूक्त हावापानी भएको ।<br>- पशुहरुको दाना उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलब्ध ।<br>- मासु तथा दुग्धजन्य उत्पादनको बजारमुल्य रहेको ।<br>- राडिपाखी, लिउ, फेरुवा,कार्पेट उत्पादन सिप तथा वजार व्यवस्था भएका | - घाँस खेति गर्ने चलन चल्ती नभएको ।<br>- पशु-पंछीहरुमा विभिन्न किसीमका रोगहरुको समस्या ।<br>- व्यवसायिकरुपमा पशु-पंछी पालन नभएको ।<br>- पशु-पंछिको दानाका लागि आवश्यक ज्ञान, सिप र प्रविधिको अभाव रहेको ।<br>- नस्ल सुधारका लागि ज्ञानको कमी ।<br>- मासु बधसाला तथा दुग्ध संकलन केन्द्र नभएको ।<br>- राडिपाखी, लिउ, फेरुवा आदिको परम्परागत तवरले नै उत्पादन ।<br>- पशुसेवा प्राविधिकको अभाव ।<br>- खुल्ला चरिचरण | - पशुजन्य उत्पादन घट्नु ।<br>- मासु तथा दुग्धजन्य उत्पादन घट्नु ।<br>- पौष्टिक पशु आहाराको कमी<br>- स्वस्थ, स्वच्छ, प्रयाप्त मात्रामा दुग्धजन्य र मासुजन्य पदार्थको अभाव<br>- लगानी तथा मागअनुसारको उपलब्धतामा कमी ।<br>- आयआर्जन घट्नु<br>- कृषकहरुले प्राविधिक सेवा प्राप्त गर्न नसक्ने<br>- कृषकहरुले पशुपालन पेशालाई छोडदै जानु | - घाँस खेति गर्नुपर्छ भन्ने कुरामा चेतनाको कमी ।<br>- पशुहरुलाई पौष्टिक आहारको कमी ।<br>- व्यवसायीक पशु पालन नहुनु ।<br>- पशुपंछिहरुका लागि आवश्यक औषधी उपचार नहुनु ।<br>- पशुहरुको नस्ल सुधारको उचित व्यवस्था नहुनु ।<br>- उन्नत पशुहरुको स्रोतकेन्द्र नहुनु ।<br>- पशुस्वास्थ्य कार्यकर्ताको व्यवस्था नहुनु ।<br>- कवुलियती तथा सामुदायिक वनका कारण चरन क्षेत्र संकुचित हुदै जानु | व्यावसायीक पशुपंक्षि पालन गरि आयआर्जनमा वृद्धि गर्ने । | - वहु उपयोगी वर्षिय, वहुवर्षिय भुईघाँस तथा डालेघाँस खेतिको व्यवस्था एव विस्तार गर्ने ।<br>- पशुहरुमा लाग्ने रोग निवारणका लागि आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण गर्ने<br>- रोग निवारणकालागी खोप तथा पशु स्वास्थ्य सिविरको व्यवस्था गर्ने ।<br>- चल्ला उत्पादनका लागि ह्याचरी स्थापना गर्न अनुदानको स्थापना गर्ने ।<br>- अण्डा उत्पादनका लागि व्यावसायीक फर्म स्थापना तथा विस्तार गर्ने ।<br>- दाना उत्पादन उद्योग स्थापना गर्ने ।<br>- नस्ल सुधारका लागि उन्नत जातका पशु-पंछी वितरण गर्ने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| | - पशु सेवा केन्द्रमा कृषकको सहज पहुँच हुन नसक्नु<br>- पशुपालनको उत्पादकत्वमा कमी<br>- पशु उत्पादनको बजारीकरण नहुनु | - शिक्षित व्यक्ति पशुपालनमा नलाग्नु<br>- बजारमा पशुजन्य पदार्थको अभाव<br>- उत्पादित उन, दुध र मासुले उचित मूल्य प्राप्त गर्न नसक्नु | - चरनक्षेत्रमा उत्पादित दुध बजारमा लैजान यातायातको अभाव<br>- पशुजन्य उत्पादनको बजारमा पहुँच नहुनु<br>- उन, मासु तथा दुधको प्रशोधन उद्योग नहुनु<br>- स्थानीय उत्पादनलाई बाह्य उत्पादनले प्रतिस्थापन गर्नु जस्तै ऊन,दुध,मासु आदि<br>- पशुजन्य उत्पादनलाई मूल्य अभिबृद्धि हुनेगरी प्रशोधन र बजारीकरण गर्ने शीप कृषकहरुमा विकास हुन नसक्नु | | - पशु-पंछि पालनका लागि कृषकहरुलाई आवश्यक ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्ने ।<br>- मासुबधसाला तथा दुग्ध संकलन केन्द्र स्थापना गर्ने ।<br>- परम्परागत राडिपाखी, लिउ, फेरुवा आदिको उत्पादनमा आधुनिकिकरण गर्ने ।<br>- एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था गर्ने<br>- ब्यवसायिक घासँ खेति गरी उन्नत नस्लका गाई ढुवानिमा अनुदान दिने<br>- उन्नत प्रजनन सेवा प्रवाह गर्ने<br>- चरन क्षेत्रको सुधार गर्ने<br>- पशुपालन ब्यवसायलाई ऋण अनुदान उपलब्ध गराउने<br>- निजि तथा सरकारी सहकार्यमा चिज उद्योग विकास |
| **पर्यटन** | | | | | |
| - पर्यटकीय क्षेत्र : खार्पूनाथ शिव मन्दिर, दुधे दह, भिम दुलो, लुर्पे, बग्ने पानी,राया लेक,नरथला,मटिला<br>- धार्मिक क्षेत्र : देवीजुवार्न, लवासुर मन्दिर,बल्दजुरे, सुनसुने<br>- खार्पूनाथ मन्दिर पुग्न मोटर बाटो निर्माण भइ हाल गाडीहरु संचालनमा | - पर्यटकिय स्थल पुग्न आवश्यक पदमार्गको अभाव<br>- पर्यटीय स्थल सम्म पुग्दा आवश्यक पर्ने वासको समस्या ।<br>- पर्यटकिय स्थलको उचित संरक्षण नभएको<br>- पर्यटकिय स्थलहरु पुरातात्विक तवरले जिर्णोद्वार हुन नसकेको । | पर्याप्त मात्रामा पर्यटकहरुको आगमन **नहुनु** ।<br>पर्यटकिय स्थलहरुको बारेमा पर्याप्त जानकारीको कमी ।<br>सुचीकृत नहुदा पर्यटकिय स्थलको संरक्षण नहुनु । | प्रचार प्रसार नहुनु ।<br>पर्यटकिय क्षेत्रको पर्याप्त खोज , अनुसन्धान नहुनु<br>पर्यटकिय क्षेत्र चिनाउने कार्यक्रम नहुनु<br><br>प्रतिवन्धित क्षेत्रको फुकुवाको लागि सम्बन्धित निकायबाट पहल नहुनु | पर्यटन प्रवर्द्धन गरी आय आर्जन र रोजगार सिर्जना गर्ने, | - पर्यटकिय स्थलसम्म पुग्न आवश्यक पदमार्गको निर्माण गर्ने ।<br>- पर्यटकहरुका लागि आवस्यक ठाउँमा वासस्थान तथा होमस्टेको व्यवस्था गर्ने ।<br>- पर्यटकिय स्थलको संरक्षण तथा प्रवर्द्धन गर्ने ।<br>- पर्यटकिय स्थलहरुको पुरातात्विक तवरले जिर्णोद्धार गर्ने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| आएका,दुधे दह पुग्न छोटो पदमार्ग भएको । | - स्थानिय रुपमा पर्यटकिय स्थलको सूचिकरण हुन नसकेका<br>- हुम्ला जिल्लालाई पर्यटकिय रुपमा प्रतिबन्धित क्षेत्रको रुपमा तोकिनु | | | | - स्थानीय रुपमा पर्यटकिय स्थलको सूचि निर्माण गर्ने ।<br>- पर्यटकीय स्थल तथा धार्मीक स्थलहरुको अध्ययन अनुसन्धान तथा अभिलेखिकरण गर्ने ।<br>- कृषि तथा पर्यापर्यटनको विकास गर्ने । |
| **बैंक तथा वित्तीय सेवा** | | | | | |
| - बैंक : प्रभु बैंक लिमिटेड<br>- वित्तिय सेवा : देवीमालिका कृषि सहकारी संस्था , कर्णाली कृषि सहकारी संस्था, सहित<br>- १८ वटासहकारी संस्था<br>- वचत गर्ने वानीको विकास<br>- सस्तो ब्याजदरमा कर्जा उपलव्धताले व्यवसायीकतामा बृद्धि<br>- समुह निर्माण तथा समुहमा वस्ने वानिको विकास | - प्रयाप्त मात्रामा वैंकीङ कारोवार नहुनु<br>- वित्तिय संस्थामा सवैको पहुँच नहुनु<br>- वित्तिय साक्षरताको कमी<br>- वित्तिय संस्थाले गरेको लगानी उद्धेश्य अनुरुपको व्यवसायमा लगानी हुन नसक्नु<br>- चाहेको वेलामा सजिलै हिसावले कर्जा उपलब्ध नहुनु ।<br>- वित्तिय संस्थाहरुमा उपयूक्त प्रविधिको विकास हुन नसक्नु । | - वित्तीय लगानीमा कमी आउनु ।<br>- सर्व सुलभ ऋण प्रवाह नहुनु ।<br>- कर्जा अशुली नहुनु ।<br>- सहुउलियत दरको ऋण बास्तविक किसानले नपाएको<br>- सेवा प्रवाहको अभाब<br>- पुँजीलाई एकिकृत गर्न कठिनाई | - बैकिङ तथा बित्तीय सेवा बिकास र बिस्तारमा कमि आउनु<br>- कर्जा कारोवारमा सिथीलता आउनु ।<br>- बैंक तथा बित्तीय संस्था घाटामा जानु ।<br>- व्यवसायीकरणमा ह्रास आउनु । | - बैङ्क तथा वित्तीय क्षेत्रमा गाँउवासीको पहुँच वृद्धि गर्ने<br>- | - नगद विहीन कारोवारोको व्यवस्था गर्ने ।<br>- वित्तिय संस्थामा सवैको पहुच वृदि गर्ने<br>- वित्तिय साक्षरताको अभियान संचालन गर्ने ।<br>- उद्धेश्य अनुसारको व्यसायमा लगानी गर्न लगाउने ।<br>- वित्तिय संस्थाको आवद्धता तथा विस्तार गर्ने ।<br>- वित्तिय संस्थाहरुमा उपयूक्त प्रविधिको विकास गर्ने । |
| **उद्योग तथा बजार व्यवस्थापन** | | | | | |
| - फर्निचर उद्योग, आरन उद्योग, ग्रील उद्योग,<br>- कुटानी तथा पिसानी मिल<br>- सुधारीएका घट्ट, सामान्य घट्ट | - उद्योग संचालनका लागि ज्ञान सिपको समस्या<br>- उद्योग संचालनमा वित्तिय स्रोतको अभाव | गुणस्तरीय बस्तु उत्पादनमा कमि ।<br>बजारीकरण नहुनु ।<br>आम्दानीमा कमी । | उचीत लगानीकर्ताको अभाब ।<br>उपयुक्त जमीनमो कमी<br>यातायात तथा प्रचार प्रसार को कमी । | स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धन गर्ने, | - उद्योग संचालनका लागि ज्ञान, सिप र प्रविधि हस्तान्तरण ।<br>- उद्योग संचालनका लागि वित्तिय लगानी |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| - सिलाइ कटाई उद्योग<br>- अल्लो उद्योगको सम्भावना भएको ।<br>- नेपाली कागज उद्योगको सम्भावना<br>- तेलहन उद्योगको सम्भावना<br>- गारमेन्ट तथा ढाँका उद्योगको सम्भावना<br>- डेरी उद्योगको सम्भावना<br>- डालेचुक प्रसोधन उद्योगको सम्भावना<br>- जैविक विषादी उद्योग स्थापना गर्न सकिने | - उद्यमसिलता प्रति चासो नहुनु<br>- परम्परागत ढंगले उद्योग संचालन हुनु ।<br>- उत्पादित सामग्रीहरुको उचित प्रचार प्रसार नहुदा वजार मुल्य नपाउनु<br>- उत्पादन लागत वढि हुनु ।<br>- उत्पादित सामग्रीहरुको विक्रीका लागि कोसेली घर नहुनु<br>- उद्योगको सम्भाव्यता अध्ययन नगरी उद्योग खोल्नु ।<br>- तेलहन उद्योग नहुनु<br>- उद्योग स्थापना गर्न कठिनाइ | ब्यबसाय फस्टाउन नसक्नु ।<br>निर्यात ब्यबसायमा कमी आउनु ।<br>लगानी अनुसारको प्रतीफल नपाउनु ।<br>आवश्यक तेलहन बस्तुको आपुर्ती नहुनु<br>स्रोत र साधनको सही सदुपयोग नहुनु<br>कच्चा पर्दाथको सही सदुपयोग नुहुनु | ब्यबस्थित बजारीकरणको अभाव । | | - संचालित उद्योगहरुलाई आधुनिकिकरण गर्ने ।<br>- उत्पादित वस्तुहरुको वजार प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने ।<br>- अल्लो, लोक्ता, स्याउ, भटमास, डालेचुक, जडिवुटि चिया तथा मसला उद्योगको स्थापना ।<br>- सिलाई-कटाई, ढाँका, गारमेन्ट उद्योगका लागि समुह निर्माण गरी परिचालन गर्ने ।<br>- उत्पादित सामग्रीहरुको विक्रीका लागि कोसेली घरको स्थापना |
| **खाद्य सुरक्षा , गरीबी र बेरोजगार** | | | | | |
| - पोषणका लागि आवश्यक खाद्यवस्तुको उपलब्धता ।<br>- खाद्यवस्तुमा आत्मनिर्भरता<br>- खाद्यवस्तु भण्डारणको अवस्था भएको ।<br>- खाद्य वस्तुको ओसारपसार सहजता<br>- मासु तथा दुग्धजन्य वस्तुको उत्पादन । | - उत्पादित खाद्यवस्तुको प्रयोगमा ज्ञान, सिप र प्रविधिको अभाव<br>- उत्पादकत्व क्रमिक रुपमा घट्दो<br>- भातमात्र खाने परिपाटि<br>- खाद्यवस्तु सही तरिकाले भण्डारण गर्ने ज्ञान र सिपको कमी | - बाल मृत्यु दर बढ्नु<br>- बालबालीका मा कुपोषण हुनु ।<br>- महिला तथा बृद्ध बृद्धाहरुलाई पौष्टिक आहारको कमि ।<br>- सक्षम युवाहरु बिदेश पलायन हुनु । | - बालबालिकाले पौष्टिक आहार खान नपाउनु ।<br>- समयमा उन्नत बिउ बिजन उपलब्ध नहुनु ।<br>- जलवायु परिवर्तन<br>- सहि तरीकाले खाद्यान्न भण्डारण नहुनु ।<br>- कृषि पेसालाई अपहेलना गर्नु । | - कृषि तथा पुशजन्य उत्पादनको वृद्धि गरि खाद्य सुरक्षाको सुनिस्चितता गर्ने | - कृषि तथा पुशजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।<br>- उत्पादित खाद्यवस्तुको उचित प्रयोग सम्वन्धि जनचेतना<br>- हरेकवार खाना चार भन्ने अवधारणालाई स्थापित गर्ने ।<br>- खाद्यवस्तु भण्डारणका लागि उन्नत प्रविधिको व्यवस्था गर्ने ।<br>- जिवन प्रवर्धन कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्ने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| | - गरीवी तथा वेरोजगारीको अत्याधिक संख्या | | | | - मातृशिसु सुरक्षा, बहुक्षेत्रीय पोषण कार्यक्रमहरुलाई प्रवर्धन गर्ने ।<br>- एक घर एक रोजगारको अभियान संचालन । |
| - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको<br>- न्यूनतम रोजगारीको सुनिश्चितता भएको<br>- २४८७ जना बेरोजगारको संख्या पहिचान भएको<br>- १२५ जना बेरोजगार रोजगारीमा छनौट गर्ने निर्णय भएको | - वास्तविक बेरोजगार पहिचान गर्नमा समस्या<br>- बेरोजगारहरुको संख्याको तुलनामा बजेट न्यून रहेको | - बेरोजगारीको संख्यामा वृद्धि<br>- आधारभूत आवश्यकताको परिपुर्ति गर्न नसक्नु<br>- बर्षेनी ऋणको चंगुलमा फस्नु | - चेतनाको अभाव<br>- स्रोत साधनको उचित उपयोग हुन नसक्नु<br>- पुजी परिचालन गर्न नसक्नु | - संघ, प्रदेश र स्थानीय तह मिलेर न्यूनतम रोजगारीको सिर्जना गरी रोजगारीको हकको सुनिश्चितता गर्ने | - ठूला आयोजनाहरु सञ्चालन गरी रोजगारी सृजना गर्ने<br>- सीप तथा क्षमताको विकास गर्न सीपमूलक तालिम प्रदान गर्ने<br>- बेरोजगार व्यक्तिलाई ऋृण प्रदान गर्ने<br>- परिवारमा सबैजना बेरोजगार र ३ महिना पनि खान नपुग्ने परिवारलाई जिवन निर्वाह भत्ता प्रदान गर्ने<br>- संघ, प्रदेश र स्थानीय तहबाट रोजगारीको सिर्जना गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने |

## २.२.२. सामाजिक विकास

खार्पूनाथ गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये ४९.७१ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् । यस गाउँपालिकामा २८ वटा बाल विकास केन्द्र तथा १७ वटा विद्यालयहरु रहेका छन् । विद्यालयमा खुद भर्नादर ९१ प्रतिशत रहेको छ । विद्यार्थीहरुको सिकाइ उपलब्धि औषतमा ५५.३३ प्रतिशत रहेको छ भने कक्षा कोठामा केही विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात ३२.०५ रहेको छ । शिक्षक दरबन्दीको अभाव, बालबालिकाका लागि छुट्टाछुट्टै शौचालय, आवश्यक फर्निचर, परम्परागत शिक्षण विधि यस नगरका विद्यालयका मुख्य समस्याहरु हुन् ।

यस गाउँपालिका  क्षेत्रमा ४ वटास्वास्थ्य चौकी र १ वटा सामुदायिक स्वास्थ्य इकाई एवं ६ गाउँघर क्लिनिकले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । हालै ६ सैयाको सामुदायिक स्वास्थ्य अस्पताल निर्माण भइ स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ । स्वास्थ्य संस्थाहरुले २४ घण्टे प्रसूति सेवा, परिवार नियोजन सेवा, समुदायमा आधारित बाल स्वास्थ्य शिशु सेवा, बहुक्षेत्रीय पोषण योजना जस्ता क्षेत्रमा पनि सेवा प्रवाह गरिरहेका छन् । स्वास्थ्य संस्थाका भवनहरु जीर्ण हुनु, स्वास्थ्य संस्थाहरुमा ल्याब तथा फार्मेसी सेवा नहुनु, एम्बुलेन्सको व्यवस्था नहुनु तथा आवश्यक जनशक्ति नहुँदा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा समस्या देखिएको छ ।

खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको यस गाउँपालिकामा पर्याप्त खानेपानीका मुहानहरु रहेका छन् भने खानेपानीका धाराहरु पर्याप्त मात्रामा रहेका छन् र ९५.९८ प्रतिशत जनसंख्यामा खानेपानीको पहुँच पुगेको छ । गाउँपालिकामा पुर्ण सरसफाइका कार्यक्रम सञ्चालन भइरहका छन् । यस गाउँपालिकामा कच्ची शौचालय १२६५ र ११ वटा पक्की शौचालय रहेका छन् । पानीका मुहानहरुको संरक्षण हुन नसक्नु तथा बृहत् खानेपानी आयोजना नभएकोले शुद्ध पिउने पानीमा नागरिकहरुको पहुँच बृद्धि हुन सकेको छैन । त्यसैगरी खानेपानी आयोजनाहरुको मर्मत सम्भारमा पनि समस्या रहेको छ ।

यस गाउँपालिकामा पालिकास्तरमा महिला सञ्जाल, महिला सहकारी समूह, महिला लघुबित्त समूह, निगरानी समूह जस्ता समूहहरु क्रियाशील छन् । महिला हिंसा घट्दो क्रममा रहेको छ भने छुवाछुत प्रथा नगन्य मात्रामा रहेको छ । गाउँपालिकास्तरमा दलित सञ्जाल, बाल क्लब, बाल सञ्जाल तथा जेष्ठ नागरिक र अपाङ्गको सञ्जाल रहेको छ । सामाजिक समावेशीकरणको क्षेत्रमा बजेट अपर्याप्त हुनु, सञ्जाल तथा समितिहरु आवश्यकताअनुसार क्रियाशील नहुनु, परम्परागत पेशालाई आधुनिकीकरण गर्न नसक्नु जस्ता सवालहरुको उचित सम्बोधन हुन जरुरी देखिन्छ ।

यस गाउँपालिकाबाट हालसम्म राष्ट्रिय खेलाडीको रुपमा प्रतिनिधित्व गर्न सकेका छैनन् । खेलकुद क्षेत्रमा यस गाउँपालिकाले विभिन्न प्रतियोगिताहरु सञ्चालन गरिरहे पनि खेलकुदको क्षेत्रमा आशातित विकास हुन सकिरहेको छैन । रङ्गशाला निर्माणको लागि हालसम्म कुनै पनि प्रक्रियाको थालनी हुन सकेको छैन । यदि रंगशालाको निर्माण भएमा यसले खेलकुद विकासमा महत्वपूर्ण योगदान गर्ने देखिन्छ ।

मष्टो पूजा, भवानीको पूजा, देउडा नाच, मागल, भारी, धमारी, ठाडी भाखा, बालो नचाउने जस्ता संस्कृति रहेको यस गाउँपालिका क्षेत्रमा पञ्चेबाजा, बाँसुरी, विनायो, हुड्को, भुकर, शंङ्ख जस्ता बाजाहरु रहेका छन् । कलासंस्कृतिको जगेर्ना तथा परम्परागत कलासंस्कृतिको संरक्षणका लागि गाउँपालिकाको ध्यान जान जरुरी छ ।

तालिका ४ : सामाजिक विकास क्षेत्रका सवल पक्ष, समस्या सवाल र लिनुपर्ने मुख्य नीतिहरु

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| **शिक्षा तथा मानव संशाधन** | | | | | |
| - वालविकास केन्द्र : जम्मा २८ ओटा, ६ वटासमुदायमा आधारित २२ वटाविद्यालयभित्र<br>- गाउँपालिका भित्रका जम्मा विद्यालय १७<br>- ०-३ कक्षा संचालित ३ ओटा<br>- ०-५ कक्षा संचालित ४<br>- ०-८ कक्षा संचालित ६ विद्यालय<br>- ०-१० कक्षा संचालित विद्यालय ३<br>- ०-१२ संचालित विद्ययालय १<br>- ३ वटामा.वि.मा पुस्तकालय<br>- सवै विद्यालयमा व्यवस्थापन समिति रहेको<br>- सवै विद्यालयको आफ्नै भवन तथा आंसिक खेलमैदान भएको<br>- समुदायमा आधारित वालविकास केन्द्रको व्यवस्थापन समिति ६ ओटा<br>- १५ वटाविद्यालयमा विद्यालयस्तरिय वालकलव<br>- १० विद्यालयमा विद्यालय सुधार योजना रहेको<br>- १ वटा९-१२ मा कम्प्युटर इन्जिनियरिङ प्राविधिक विद्यालय<br>- १ वटासामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन<br>- जम्मा विद्यार्थी संख्या २४६८ सामुदायिक विद्यालयमा | - कक्षाकोठामा विद्यार्थी अनुपात ८५<br>- भवनको अप्रयाप्तता<br>- विद्यालयमा शिक्षक दरवन्दिको अभाव<br>- विद्यायार्थीको नियमिततामा कमी<br>- वाल वालिकाको लागि आवश्यक पर्ने छुट्टा छुट्टै सौचालयको अभाव ।<br>- विद्यालयमा पानीको अप्रयाप्तता<br>- सामुदायिक सिकाई केन्द्र प्रभावकारी रुपमा संचालन नभएको<br>- विद्यालयमा घेरवारको समस्या<br>- विद्यालय सुधार योजनाको प्रयोग र अध्यावधिक नभएको<br>- अधिकांस विद्यालयमा जग्गा भएपनि खेल मैदान हुन नसकेको ।<br>- शिक्षण विधि परम्परागत हुनु<br>- शिक्षकहरुमा ICT सम्वन्धि सामान्य शिपको अभाव | - अपेक्षित सिकाई उपलब्धि प्राप्त नहुनु<br>- बिद्यार्थी उत्तिर्ण दर घट्नु<br>- विद्यार्थी विद्यालय छोड्ने दर बढ्नु ।<br>- विद्यार्थीले कक्षा दोहऱ्याउने दर वढ्नु<br>- विद्यार्थीको नियमित उपस्थिति घट्नु ।<br>- विद्यालय योजना विहिनहुनु ।<br>- कक्षाकोठाको अपुग हुदा शिक्षण सिकाई क्रियाकलाप संचालनमा वाधा ।<br>- शिक्षकको कार्यसम्पादन मुल्याङ्कनमा कमी<br>- विद्यालयको वातावरण दुर्गन्धित हुनु<br>- शुद्ध खानेपानीको अभावले सरुवारोगको प्रकोप बढ्नु<br>- बिद्यालयमा उश्रिङ्खल व्यवहार हुनु<br>- काममा अन्योल हुनु | - विद्यालयमा आवश्यक पूर्वाधार अपुग<br>- पूर्वाधार निर्माणका लागि वजेट अपुग<br>- विद्यालयमा निर्माण गरिने पुर्वाधार अधुरै छोड्नु ।<br>- विद्यालय गाभ्ने प्रस्ताव अस्विकार गर्नु<br>- विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दि कम हुनु ।<br>- प्रयोगशाला नहुनु<br>- शैक्षिक सामग्रीहरुको कमी<br>- स्थानीय शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोगमा कमी<br>- प्रभावकारी सुपरिवेक्षण तथा अनुगमनको कमी<br>- विद्यालय र अभिभावकविचको सम्वन्धमा कमी<br>- शिक्षक, प्र.अ., वि.व्य.स. जनप्रतिनिधि विच | गुणस्तरिय शिक्षामा सवैको पहुच पुऱ्याउने । | - वास्तविक र आवश्यकतामा आधारित बिद्यालय सुधार योजना निर्माण गर्ने ।<br>- बिद्यालयले आफ्नो व्यवसायिक योजना निर्माण गर्ने ।<br>- विद्यालय सुधार योजना अनुसार योजनाको माग गर्ने परिपाटिको विकास गर्ने ।<br>- विषयगत तथा विद्यार्थी अनुपात अनुसारको शिक्षक दरवन्दिको व्यवस्था गर्ने ।<br>- खेलकुद तथा संगित शिक्षकको व्यवस्था गर्ने ।<br>- एक विद्यालय एक प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी नियमित स्वास्थ्य सेवा दिने एक जना जनशक्तिको प्रवन्ध मिलाउने ।<br>- विषयगत दरवन्दि मिलान गर्ने<br>- आधारभूत तह (१-८) का विद्यालयलाई मर्ज गर्ने ।<br>- प्रत्येक वडाको पाइक पर्ने ठाउँमा आवासिय विद्यालयको व्यवस्था गर्ने ।<br>- आधारभुत तहमा अँग्रेजी पठन पाठनलाई प्रोत्साहन गर्ने ।<br>- विद्यार्थीहरुको नियमिततामा बृद्धि गर्ने । |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - खुद भर्नादर ६८%<br>- निरन्तरता दर ८०%<br>- औषत विद्यार्थी सिकाइ उपलब्धी<br>- १-८ ५९%, ९-१२ : ५५.३%<br>- उत्तिर्ण दर :<br>- १-८ ८१%<br>- कक्षा ९ को मात्र १००%<br>- कक्षा १० को १००%<br>- कक्षा ११ र १२ को १०० %<br>- विषयगत शिक्षकहरु स्थानीय र वाह्यबाट उपलब्ध हुनु<br>- ४ वटासामुदायिक सिकाई केन्द्र<br>- विगतको भन्दा भर्नादर वढेको<br>- शिक्षको नियमिततामा वृद्वि<br>- विद्यालयहरुमा सूचना प्रविधिको प्रयोग<br>- खेल मैदानका लागिी आंसिक जग्गा उपलब्ध भएको<br>- २ विद्यालयमा डिजिटल हाजीरको व्यवस्था<br>- १ विद्यालय आवासिय र प्रविधिमैत्री विद्यालय<br>- १ ई लाइब्रेरी सहितको विद्यालय<br>- २ वटा विद्यालयमा बुक कर्नर भएको<br>- ३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला भएको<br>- १ वटा विद्यालयमा वालमैत्री शौचालय भएको | - शिक्षकहरुले प्राप्त गरेको तालिम कक्षाकोठामा प्रयोग नहुनु<br>- कक्षाकोठामा शैक्षिक सामग्रीहरुको अभाव तथा प्रयोग नहुनु<br>- वालविकास केन्द्रका शिक्षकहरुले तालिम नपाउनु ।<br>- वालविकासका सहयोगि कार्यकर्ता र विद्यालय कर्मचारीले थोरै पारिश्रमिकमा काम गर्नु पर्ने<br>- विद्यालयमा विद्युतको पहुँच नहुनु<br>- विद्यालय र अभिभावक विचको दुरी नजीक हुन नसक्नु ।<br>- अभिभावकमा जनचेतनाको कमी<br>- शैक्षिक पृष्ठपोषण सहितको सुपरिवेक्षणको अभाव<br>- अतिरिक्त क्रियाकलापमा कमी<br>- विद्यालय व्यवस्थापन समितिको योजना निर्माण तथा कार्यान्वयनको कमी | - बाबिके सका र कर्मचारीले काममा सक्रियता कम देखाउनु<br>- आइसिटिको प्रयोगमा समस्या हुनु<br>- कक्षा कोठामा **ICT** प्रयोग नहुनु | शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि समन्वयमा कमी<br>- शिक्षामा राजनीतिकरणको प्रभाव<br>- सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन कमजोर हुनु ।<br>- स्यानिटरी प्याड निर्माण सिप र व्यवस्थापन स्थल नहुनु । | | - सुचना प्रविधि भएका विद्यालयका शिक्षकलाई **ICT** सम्वन्धि तालिम प्रदान गर्ने ।<br>- शिक्षण सिकाई अनुदानको व्यवस्था ।<br>- निरन्तर विद्यार्थी मुल्याङ्कन पद्धतिलाई सुदृढ गर्ने ।<br>- विद्यालय र स्थानीय तहबाटै विशेष छात्रबृतिको व्यवस्था गर्ने<br>- कक्षाकोठा अपुग भएका विद्यालयमा कक्षाकोठा थप गर्ने<br>- एक विद्यालय एक खेलमैदानको स्थापना गर्ने<br>- एक विद्यालय एक पूस्तकालय स्थापना गर्ने ।<br>- बालमैत्रि विद्यालय निर्माण गर्ने<br>- वालकेन्द्रित शिक्षण सिकाइका क्रियाकलाप संचालन गर्ने ।<br>- विद्यालयमा सूचना प्रविधिको विस्तार र दक्ष प्राविधिकको व्यवस्थापन ।<br>- विद्यालय र अभिभावकहरु विच नियमित अन्तर्क्रिया गर्ने ।<br>- टोल स्तरमा अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने ।<br>- सवै विद्यालयमा छात्रा छात्रहरुको लागि सावुन पानी सहितको छुट्टा छुट्टै शौचालयको व्यवस्थापन गर्ने । |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - २ वटा विद्यालयमा वाल तथा अपाँगमैत्री खानेपानी र शौचालयको व्यवस्था भएको<br>- १ वटा विद्यालयमा घेरबार भएको<br>- १ वटा विद्यालयमा कम्प्युटर ल्याब भएको<br>- ४ वटा विद्यालयमा नियमित सह तथा अतिरिक्त क्रियाकलाप हुने गरेको<br>- २ वटा विद्यालयमा फुलवारी तथा करेसावारीको नियमित निर्माण गर्ने गरेको<br>- ४ वटा माविमा इन्टरनेट सुविधा भएको<br>- ९ वटा विद्यालयमा विद्युतको व्यवस्था भएको<br>- ४ वटा मा.वि.मा कार्ययोजना निर्माण तथा प्रयोग हुँदै आएको<br>- ५ वटा विद्यालयमा टकिङ टिचर कोर्ष संचालन भएको | - विद्यालयमा प्राथमिक उपचारको व्यवस्था नहुनु ।<br>- स्थानीय स्रोत साधन प्रयोगरी शैक्षिक सामग्री निर्माण र प्रयोगमा कमी<br>- वालिकाहरुलाई महिनावारीको समयमा आवश्यक स्यानीटरी प्याड प्रयोग र विसर्जनको समस्या ।<br>- कम उमेरको वालवालिका कक्षा एकमा भर्ना हुनु ।<br>- वालवालिकाको दिवा खाजा नास्ताको व्यवस्थापनमा समस्या<br>- देखि बिद्यालयसम्मको दुरी टाढा हुदा विच वाटोमै विद्यार्थी रहनु<br>- बिद्यालयमा रहेका गुनासो पेटीकाको ब्यवस्थापन तथा सम्बोधन हुन नसक्नु ।<br>- विद्यालयमा व्यवस्थित प्रयोगशाला नहुनु<br>- विद्यालयमा नियमित परामर्श समिति नहुनु<br>- शिक्षक विद्यार्थी अनुपात अनुसार | | | | - स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्ने ।<br>- सामुदायिक सिकाईकेन्द्रलाई व्यवस्थित तथा प्रभावकारी वनाउने ।<br>- एक वडा एक सिकाईकेन्द्रको स्थापना गर्ने ।<br>- विद्यालय व्यवस्थापन समितिको वैठकमा कम्तिमा एक शैक्षिक गुणस्तर सुधारको एजेण्डा राखी छलफल र योजना वनाउने ।<br>- शिक्षकको कार्यदक्षता मुल्याङ्कन गरी पूरस्कार र दण्डको व्यवस्था गर्ने ।<br>- शिक्षकहरुका लागि मागमा आधारित शैक्षिक तालिमको व्यवस्था गर्ने ।<br>- सामाजिक परिक्षण चौमासिक रुपमा गर्ने ।<br>- बिद्यालयमा बिद्यालय सँग सम्बन्धित गुनासो सुनुवाईको परिपाटिको विकास गर्ने ।<br>- साक्षरोत्तर शिक्षा तथा निरन्तर शिक्षालाई प्रवर्द्धन गर्ने ।<br>- खुला सिकाईलाई प्रभावकारी वनाउने ।<br>- माध्यामिक विद्यालयहरुमा विज्ञान,कम्प्यूटर प्रयोगशालाको स्थापना गर्ने । |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| | शिक्षक व्यवस्थापन नभएको<br>- विद्यालय गाभ्ने<br>- शिक्षक प्रोत्साहन नहुनु<br>- विद्यालय समुदाय सम्वन्ध कमजोर<br>- बिद्यालयमा राजनीति हावी हुनु<br>- बिद्यालय व्यवस्थापनमा फेरवदल र कमजोर व्यवस्थापन<br>- शिक्षा सम्बन्धि नीति नियममा अस्थिरता<br>- चार वटा मा.वि. बाहेकका १३ विद्यालयमा विद्यालय आचारसंहिता पालनामा कमि<br>- सवै विद्यालयमा भुकम्प प्रतिरोधात्मक भवनको अभाव<br>- प्रकोपको पुर्व तयारीका लागि कुनै पनि विद्यालयमा पुर्वाधार नहुनु<br>- वालमैत्री सिकाइ तथा पुर्वाधारको अभाव हुनु | | | | - बिद्यार्थीमा भएका सिर्जनशिलताको उजागर र हौसला बढाउने ।<br>- बिद्यार्थीहरुलाई स्व अध्ययन गर्न र स्व-अनुशासित हुन प्रोत्साहन गर्ने ।<br>- शिक्षक नै अविभावक<br>- बिद्यार्थीले बिद्यालयमा सिकेका कुरा दैनिक जीबनमा लागु गर्ने<br>- सामाजिक कुरुति र बिकृति हटाउन बिद्यार्थी मार्फत जनचेतना जगाउने ।<br>- परम्परागत परिक्षा प्रणालीमा सुधार ।<br>- कक्षाकोठामा श्रव्य दृश्य सामाग्रीको प्रयोग ।<br>- गुणस्तरीय शिक्षाको लागि बिद्यार्थी अबिभावक बिच सुचना सञ्चार प्रविधिको (ICT) को प्रयोग । |
| **स्वास्थ्य र पोषण** | | | | | |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - स्वास्थ्य चौकी ४ वटा र १ सामुदायिक स्वास्थ्य इकाई भएको र खार्पुनाथ सामुदायिक अस्पताल संन्चालनमा आएको<br>- स्वास्थ्य चौकीको ३ वटा भवन निर्देशिकाको मापदण्ड अनुसार भएको ।<br>- दरबन्दिको ७० प्रतिशत स्वास्थ्यकर्मिको पदपुर्ति भएको<br>- गाउपालिकाले थप २ जना स्वास्थ्यकर्मि करारमा नियुक्ति गरेको ।<br>- ३६ जना महिला स्वास्थ्य स्वयं सेविका<br>- ४ वटा चौविस घण्टे प्रसुतिगृह सञ्चालनमा<br>- ६ वटागाउँघर क्लिनीक<br>- १२ वटाखोप केन्द्र<br>- परिवारनियोजन सेवा ।<br>- समुदायमा आधारित वाल स्वास्थ्य शिसु सेवा कार्यक्रम<br>- सवै स्वास्थ्य संस्थामा स्टेचरको व्यवस्था ।<br>- वहुक्षेत्रिय पोषण योजना कार्यक्रम लागु<br>- मातृशिसु स्वास्थ्य सेवा<br>- पोषिलो पिठो वितरण कार्यक्रम<br>- विद्यालय स्वास्थ्य कार्यक्रम<br>- २ वटा स्वस्थ्य संस्थामा (लालि र छिप्रा) OTP सेवा भएको | - १ वटा स्वास्थ्य संस्था भवन जिर्ण भएको<br>- न्युनतम सेवा मापदण्डले तोके अनुसार फर्निचर र उपकरण नहुनु ।<br>- एम्वुलेन्स नहुनु<br>- तालिम प्राप्त स्वास्थ्यकर्मिको कमी<br>- आवश्यकीय निशुल्क औषधिको कमी<br>- खोपकेन्द्र र गाउँघर क्लिनीक नियमित संचालन नहुनु<br>- खोपकेन्द्र र गाउँघर क्लिनीकका लागि भवन तथा फर्निचरको अभाव<br>- स्वास्थ्य संस्थामा २४ सै घण्टा स्वास्थ्य सेवा प्रवाहको लागि पानीको कमी ।<br>- स्वास्थ्य संस्थामा शौचालयको कमी<br>- स्वास्थ्य चौकिमा बैकल्पिक उर्जाको अभाव ।<br>- गाउँघर क्लिनीक संचालन गर्दा आवश्यकीय औषधिहरुको कमी | - सेवाग्राहीले गुणस्तरिय सेवा नपाउनु<br>- मातृ तथा शिशु मृत्युदरमा बृद्धि ।<br>- रोगहरुको पहिचान हुन नसक्नु ।<br>- रोगको संक्रमण बढ्ने<br>- आकस्मिक उपचार सेवा नपाउनु ।<br>- बिशेषज्ञ सेवामा अभाव<br>- आर्थिक व्ययभार वढ्नु ।<br>- वाटैमा विरामीको मृत्यू ।<br>- विकलांग वालवालिका जन्मिनु ।<br>- समयमै वालवालिकाले खोप नपाउनु ।<br>- जन्मदरमा बृद्धि<br>- स्वास्थ्य संस्थामा फोहोरमैलाको बृद्धि<br>- आमा तथा बच्चामा कुपोषणको दर बढ्नु | - आवश्यक वजेटको अभाव<br>- समयमा मर्मत सम्भार नहुनु ।<br>- स्वास्थ्य सेवामा उपकरण तथा औजारको अभाव<br>- पूर्वाधार निर्माणका लागि माथिल्लो निकायसंग समन्वयमा कमी ।<br>- सम्वन्धित निकायवाट समयमै औषधि तथा खोप उपलव्ध नहुनु ।<br>- जनचेतनाको कमी<br>- परिवार नियोजनका साधनहरु प्रयोग नगर्नु/गर्न नचाहनु<br>- औषधि ढुवानी, भण्डारण र वितरणको उचित व्यवस्थापन नहुनु ।<br>- अत्यावश्यक औषधिको माग अनुसारको आपुर्ति हुन नसक्नु ।<br>- स्वास्थ्य चौकिमा आकस्मिक सेवा संचालनको नीतिगत व्यवस्था नहुनु । | आर्थिक रुपबाट सक्षम हुनको लागि स्वस्थ नागरिक भएको हुने । | - गाउपालिका स्तरमा १५ शैयाको अस्पतालको स्थापना ।<br>- स्वास्थ्य संस्था,गाउँघर क्लिनीक र खोप केन्द्रमा भौतिक पूर्वाधार निर्माण ।<br>- गाउपालिका स्तरमा एक वटाएम्वुलेन्सको व्यवस्था गर्ने ।<br>- स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्था ।<br>- निशुल्क तथा आवश्यकीय औषधिको समयमै आपुर्ति तथा व्यवस्थापन गर्ने<br>- स्वास्थ्य संस्था, गाउँघर क्लिनिक तथा खोप केन्द्रमा प्रयोगकर्तामैत्री पानी तथा शौचालयको व्यवस्था ।<br>- सवै स्वास्थ्य चौकीमा विद्युतलाइन, सौर्यउर्जाको व्यवस्था ।<br>- सवै स्वास्थ्य संस्थामा आकस्मिक सेवा संचालन<br>- स्वास्थ्य सम्वन्धि संचालित कार्यक्रमको नियमित अनुगमन र सुपरिवेक्षण गर्ने ।<br>- सवै स्वास्थ्य सस्थामा ई-हाजिरि तथा अनलाइन रिपोर्टिडको व्यवस्था<br>- समुदाय तथा विद्यालयहरुमा मासिक स्वास्थ्य सचेतना कार्यक्रम संचालन गर्ने ।<br>- पूर्ण पोषित घोषणा |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - ४ वटै स्वास्थ्य संस्थामा वहिरंग सेवा संचालन ।<br>- नव शिशु स्वास्थ्य सेवा<br>- गैर सरकारि सस्था (SIDC) र SSBH को कार्यक्षेत्र भएको | - विरामीहरुले स्वास्थ्यकर्मीसंग खुलस्त रुपमा समस्या नवताउनु ।<br>- स्वास्थ्य सेवाको समयमा विरामीहरुको सूचनामा कमी<br>- २४ घण्टे प्रसुति सेवा प्रवाहका लागि आवश्यक औजार तथा उपकरणको कमी<br>- कुपोषित बालबालिकाको संख्यामा कमि नहुनु<br>- संस्थागत सुत्केरीको संख्यामा कमि<br>- गुण्स्तरिय सेवा प्रवाहमा समस्या<br>- परिवार नियोजन उपयोग दरमा कमी<br>- स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीमा समस्या | | - औषधि खरिद गर्दा परिमाण,संख्या र प्रकार वारे स्वास्थ्य चौकीहरुसंग समन्वय नहुनु ।<br>- तोकिएका ७ प्रकारका अति आवश्यकीय औषधिको कहिलेकाही मौज्दात शून्य रहनु | | - सुन्य होम डेलिभरि<br>- सुनौला १००० दिनका आमा तथा बालबालिकाको पोषण स्थीतिमा सुधार<br>- संस्थागत सुत्केरी हुन आउने महिला कुरुवा र कर्मचारीलाई बास तथा खानाको व्यवस्था<br>- आवश्यकता अनुसार स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि गर्ने ।<br>- शारिरिक व्यायाम प्रवर्द्धनका निम्ति योग शिविर संचालन गर्ने । |
| **खानेपानी तथा सरसफाइ** | | | | | |
| - खुला दिसामुक्त क्षेत्र घोषणा<br>- प्रयाप्त खानेपानिको मुल भएको<br>- ९ वटाखानेपानी उपभोक्ता समिति जलस्रोत समितिमा दर्ता भएको । | - पानीमूल संरक्षणमा समस्या<br>- एक घर एक धारा नहुनु<br>- पक्की शौचालयको कमी | - शुद्ध पिउने पानीको अभाव ।<br>- पानीजन्य रोगहरुको संक्रमण वढ्ने ।<br>- गाउँघरमा फोहोरमैला वृद्धि<br>- रोगकिराको वृद्धि | - मूलहरु फोहोर हुनु<br>- खानेपानी योजनाहरु व्यवस्थित नहुनु ।<br>- पानी सुरक्षा योजना लागु नहुनु । | आधारभुत तहको खानेपानी, सरसफाइ तथा स्वच्छतामा पहुँच पुर्याई पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माण गर्ने | - पूर्ण सरसफाइ रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने<br>- राज्यबाट भएको एक घर एक धाराको नीतिलाई स्थानीय तहले अवलम्वलन गर्नु पर्ने । |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - ९ वटा खानेपानी उपभोक्ता समिति स्थानीय तह जलस्रोत समितिमा दर्ता प्रक्रियामा रहेका<br>- ९ वटा खानेपानी योजनाको लागि मर्मत सम्भार कोषको व्यवस्था भएको<br>- ९ वटा खानेपानी योजनामा खानेपानी सुरक्षा योजना तयार भएको ।<br>- ९ वटा खानेपानी योजनामाा मर्मत सम्भार कार्यकर्ताको व्यवस्था भएको<br>- अधिकांश विद्यालयहरुमा फिल्टरको व्यवस्था भएको ।<br>- १०० वटा घरधुरीमा चाङ , जुठेल्ना निर्माण हुद गरेको ।<br>- पूर्ण सरसफाइ अभियान संचालनमा रहेको ।<br>- २ वटाढुङ्गेधाराबाट पानीको प्रयोग हुदै आएको<br>- वडा नं १ मा ३३७ , वडा २ मा १७९ , वडा नं ३ मा २११ वडा नं ४ मा २४० र वडा नं ५ मा ३२७ गरि जम्मा १२९४ शौचालय निर्माण भइ प्रयोगमा आएका । | - खानेपानी शुद्धता परिक्षण नभएको ।<br>- खानेपानी आयोजनाहरु व्यवस्थीत नहुनु ।<br>- खानेपानी उपभोक्ता समिति निष्क्रीय भएको<br>- खानेपानी आयोजनाहरु नियमित मर्मत नहुनु ।<br>- अरुको मुख ताक्ने बानी<br>- खानेपानी आयोजनाको दिगोपना र सुचारुपनामा समस्या<br>- फोहोरको बर्गिकरण र ब्यबस्थापनमा समस्या<br>- ब्यबस्थित ढलको समस्या<br>- खानेपानी र सरसफाइ क्षेत्र निर्णयनिर्माणकर्ताको नजरमा कम पर्ने गरेको | - पिउनेपानी ल्याउनका लागि समय लाग्ने ।<br>- व्यक्तिगत तथा घरयासी सरसफाइमा कमी<br>- आर्थिक व्ययभार बढ्नुका साथै असुरक्षित पानी पिउन बाध्य<br>- झाडापखाला,आउ र पानीजन्य रोगहरुको संक्रमणको सम्भावना | - पानी शुद्धिकरण विधिवारे जानकारी नहुनु ।<br>- शुद्ध पानी पीउने वानीको विकास नहुनु ।<br>- मर्मत संभार कोष र चौकीदारको व्यवस्था नहुनु ।<br>- जमिनमुनी पाइप मापदण्ड अनुसारले नविछ्याउनु ।<br>- गुणस्तरिय सामग्रीको प्रयोग नहुनु ।<br>- दक्ष पलम्वर तथा प्राविधिकको कमी | | - वृहत खानेपानी आयोजना संचालन गर्ने ।<br>- पूर्ण सरसफाइका लागि स्थानीय तहले अनिवार्य रुपमा अगुवाइ गर्नु पर्ने ।<br>- सम्पन्न भएका खानेपानीका योजनाहरुका लागि मर्मत सम्भार कोष , मर्मत सम्भार कार्यकर्ता र औजारको अनिवार्य व्यवस्था हुनु पर्ने ।<br>- गाउँपालिकामा रहेका खानेपानीका मूलहरुको संरक्षण गर्ने ।<br>- आयोजना मार्फत बिद्यालय तथा सरकारी कार्यालय र सार्बजनीक स्थानहरुमा धाराको व्यवस्था ।<br>- संचालनमा आएका खानेपानी आयोजनाहरुको मर्मत संमार गर्ने ।<br>- सवै शौचालयलाई पक्की बनाउनुका साथै स्तर उन्नती गर्ने ।<br>- पानी शुद्धिकरणको व्यवस्था गरी सचेतना कार्यक्रम संचालन गर्ने ।<br>- मुल र पानी सुरक्षा योजना लागु गर्ने<br>- पूर्ण सरसफाइका सूचकहरु पुरा गर्ने । |
| **सामाजिक समावेशीकरण तथा सुरक्षा** | | | | | |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - गाँउस्तर र वडा स्तरमा महिला संजाल रहेको ।<br>- ४ महिला सहकारी समुह रहेको<br>- ३६ वटाआमा समुह रहेका ।<br>- महिला हिंसा घट्दो क्रममा<br>- छुवाछुत र छाउपडी प्रथा घट्दो क्रममा<br>- दलित संजाल गाँउ तथा वडा स्तरमा गठन भएको<br>- गाँउस्तरवाट दलित लक्षित कार्यक्रम रहेका<br>- गाँउस्तरमा सवै समिति गठनहुदा समावेशि रहनु<br>- विद्यालय तथा समुदायमा वालकलव गठन ।<br>- विद्यालय स्तरिय वालकलव संजालहरुको गठन<br>- स्थानिय तहको संरचनामा महिलाहरुको प्रतिनिधित्व रहेको | - समावेशिकरणको क्षेत्रमा प्रयाप्त वजेट नहुनु ।<br>- समिती तथा संजालहरु सक्रिय नुहुनु ।<br>- पराम्परागत पेशाहरु आधुनिकिकरण हुन नसक्नु ।<br>- छुवाछुतको अन्त्य हुन नसक्नु ।<br>- छाउपडि प्रथा कायमै रहनु<br>- संजालहरुको क्षमता विकास नहुनु ।<br>- घरेलु तथा वाह्य महिला हिंसा कायमै रहनु ।<br>- वालविवाह कायमै रहनु ।<br>- वालश्रमको अन्त्य हुन नसक्नु ।<br>- वालमैत्रि स्थानीय शासन प्रवर्द्धन नहुनु ।<br>- किशोर किशोरीहरुमा जिवन उपयोगी सिपको कमी<br>- अनाथ तथा टुहुरा वालवालिका लागि व्यवस्थापन नहुनु ।<br>- वृद्धवृद्धाहरुका लागि जमघट केन्द्र नहुनु । | - महिला तथा वालवालिका असुरक्षित हुनु ।<br>- अर्थपूर्ण समानुपातिक सहभागीता नहुनु ।<br>- लगानीको प्रतिफल नपाउनु ।<br>- पेशागत उपलब्धि प्राप्त नहुनु ।<br>- पारिवारिक कलह वढ्नु ।<br>- आमा र शिशु मृत्यूदर वढ्नु ।<br>- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादनमा कमी<br>- पूस्ता हस्तान्तरण नहुनु ।<br>- वास्तविक अपाङ्गहरुले सेवा सुविधावाट वञ्चित हुनु | - जातिय तथा लैङ्गीक विभेद अन्त्य हुन नसक्नु ।<br>- नाममात्रको समावेशिकरण गर्नु ।<br>- लक्षितवर्गको रकम, सदुपयोग नहुनु ।<br>- परम्परागत पेशालाई आधुनिकीकरण र व्यवशायिकरण गर्न नसक्नु<br>- परम्परागत सोच र कुरीति कायमै हुनु ।<br>- पृतिसतात्मक सोच<br>- गरिवी र आर्थिक कठिनाई ।<br>- पारिवारीक संरक्षणको अभाव ।<br>- स्थानीय स्तरमा नीतिनियम कडाइका साथ कार्यावयन हुन नसक्नु । | पछाडि पारिएका वर्गको शसक्तीकरण गरि निर्णायक तहमा सहभागीता अभिवृद्धि गर्ने । | - स्थानीय तह तथा समुहहरुमा समावेशि सहभागीतालाई सुदृढ गर्ने ।<br>- लक्षित समुहहरुका लागि आवश्यक वजेट विनियोजन गर्ने ।<br>- विभिन्न समुह तथा संजालहरुको क्षमता अभिबृदि गर्ने ।<br>- सामाजीक विभेद अन्त्यका लागि अभियानात्मक बिशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>- समावेशिकरणसंग सम्वन्धित शाखामा कर्मचारीहरुको व्यवस्था, क्षमता तथा जवाफदेहितामा वृद्धि गर्ने ।<br>- पैत्रिक सम्पतिमा महिलाहरुको हक स्थापित गर्ने ।<br>- छुवाछुत प्रथा अन्त्य गर्ने<br>- छाउपडि प्रथाको अन्त्य गने<br>- वालविवाह र वालश्रम न्यूनिकरणका लागि प्रभावकारी कार्यक्रम संचालन गर्ने ।<br>- वालमैत्रि स्थानीय शासन कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।<br>- वालवालिकाको हेरचाहका लागि अभिभावकहरुलाई सचेतना अभियान संचालन गर्ने ।<br>- अनाथ तथा असहाय वालवालिकाको संरक्षण गर्ने । |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| | - अशक्त वृद्धवृद्धाहरुको वृद्ध भत्ता वितरणमा कठिनाई<br>- अपाङ्गमैत्रि संरचना नहुनु ।<br>- वास्तविक अपाङ्गता भएका व्यक्ति पहिचाहनमा समस्या | | | | - वृद्धवृद्धाहरुकालागि दिवा जमघटकेन्द्रको स्थापना गर्ने ।<br>- अनुभवि पुस्ताको अनुभवलाई पछिल्लो पुस्तामा हस्तान्तरण कार्यक्रम संचालन गर्ने ।<br>- परम्परागत पेशा व्यवसायलाई आधुनिकिकरण गर्ने सिप तथा प्रविधि हस्तान्तरण गर्ने<br>- अपाङ्गहरुको सिप क्षमता अभिवृद्धि गर्ने । |
| **यूवा तथा खेलकुद** | | | | | |
| - राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता संचालन भएको ।<br>- गाँउपालिकावाट खेलकुदका लागि वजेट विनियोजन गरेको<br>- वडा तथा विद्यालयस्तरिय खेलकुद प्रतियोगिता संचालन<br>- युवा स्वरोजगार कार्यक्रम संचालन<br>- युवा कलव गाँउ तथा वडा स्तरमा रहेको ।<br>- प्रमाणपत्र धितो राखी ऋण लिने नीति तथा कार्यक्रम रहेको<br>- रंगशाला निर्माण प्रक्रिया अघि वढेको । | - खेलाडीहरुलाई प्रोत्साहन तथा तालिमको अभाव<br>- खेलकुदमा वजेट अप्रयाप्त रहेको<br>- गाँउस्तरिय खेलकुद समिति गठन नभएको<br>- यूवाहरुको विदेश पलायन ।<br>- खेलकुद प्रतियोगिता प्रयाप्त नहुनु<br>- युवाहरु दुर्व्यसनमा फस्नु ।<br>- वेरोजगारीको समस्या<br>- यूवाहरुमा सिप तथा उद्यमशिलतामा कमि<br>- यूवासूचना केन्द्र नभएका | - खेलाडीको अभाव<br>- खेलकुद सहभागिता र अवसरमा वञ्चित<br>- स्थानीय विकास तथा उत्पादनमा कमी<br>- वेरोजगारी वढ्ने ।<br>- सामाजिक कलह वढ्ने<br>- योजनावद्ध खेलकुद संचालन हुदैनन् । | - खेलकुद क्षेत्रमा आवश्यक लगानीको कमी<br>- खेलकुदका लागि प्रशिक्षण र प्रशिक्षकको अभाव<br>- खेलमैदानको अभाव<br>- यूवामा उद्यमशिल सिप, उद्योगको कमी<br>- खेलका प्रकार,महत्व, फाइदावारे अनविज्ञता<br>- यूवा लक्षित कार्यक्रम प्रभावकारी नहुनु ।<br>- व्यवसायिक शिक्षाको अभाव | युवा स्वरोजगार वृद्धि गर्ने एवं राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी तयार गर्ने । | - खेलकुदको विकासका लागि पिरामिड विधि अपनाउने ।<br>- खेलाडीहरुलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गर्ने ।<br>- खेलकुदका लागि गाउँस्तरिय रंगशाला निर्माण गर्ने ।<br>- गाँउस्तरिय खेलकुद समिति गठन तथा सक्रिय वनाउने ।<br>- वडा, विद्यालयस्तरिय तथा गाँउस्तरिय खेलकुद प्रतियोगिता संचालन गर्ने ।<br>- यूवाहरुलाई दुर्व्यसनीवाट जोगाउन अभियानहरु संचालन गर्ने ।<br>- यूवाहरुलाई उद्यमशिलता तालिम दिई स्वरोजगार वनाउने<br>- गाउँस्तरिय यूवा सूचना केन्द्रको स्थापना गर्ने ।<br>- यूवा श्रम सहकारी बैंक स्थापना गर्ने । |

| सवलपक्ष | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| | | | - रोजगारीका अवसरहरुको खोजीमा उदासिनता<br>- श्रम तथा वस्तु वजारको अभाव । | | - यूवा क्लवहरु गठन तथा क्रियाशिल बनाउने । |
| **कला संस्कृति** | | | | | |
| - स्थानीय बख्खु र रातो कम्मलको पहिरन भइरहेको<br>- मष्टो, भवानी र हिल्सो र लवासुर र गुराको पुजाको संस्कृति भएको ।<br>- देउडा नाच , मागल, भारी, धमारी ,ठाडी भाका, वालो नचाउने, चुड्कीला गीत, धामी नाच रहेको ।<br>- दमाह, सहनाई, ढोल, झ्याली, नरसिंहाँ (पंचेवाजा) , वासुरी, विनायो, हुड्को, भुकर, शंख आदि वाजा रहेको ।<br>- संकृति सम्वन्धि लेख रचना प्रकाशन | - कला संस्कृतिको जगेर्ना हुन नुसक्नु ।<br>- कला संस्कृति सम्वन्धि प्रतियोगीता न्यून हुनु ।<br>- कला संस्कृतिको अध्ययन अनुसन्धान तथा लिपिवद्ध हुन नसक्नु ।<br>- श्रृष्टाहरुको खोजि तथा सम्मानको वातावरण नहुनु ।<br>- परम्परागत कला, वाजा संस्कृतिको संरक्षण नहुनु ।<br>- कला संस्कृतिमा छुट्याईको वजेट न्यून तथा व्यवस्थित नहुनु । | - परमपरागत कला संस्कृतिको लोप हुनु ।<br>- प्रतिभाहरुको प्रस्फुटन र पहिचाहन नहुनु ।<br>- वाजाहरु र वजाउने सिप लोप हुनु<br>- स्थानीय पहिचान मेटिनु<br>- कला संस्कृतिको विकासमा वाधा | - पछिल्लो पूस्तामा परम्परागत कला सिपको ज्ञान हस्तान्तरण नहुनु<br>- पाश्चात्य कला संस्कृतिको सिको वढ्नु<br>- स्थानीय कला संस्कृतिको प्रयाप्त अनुसन्धान र प्रचार नहुनु ।<br>- स्थानीय भाषा तथा संस्कृतिको महत्व नबुझ्नु<br>- पराम्परागत भेषमूषाको प्रयोग नहुनु । | मौलिक कला संस्कृतिको जगेर्ना गर्ने | - विद्यमान कला संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने ।<br>- कला संस्कृति संरक्षणका लागि वजेटको निरन्तरता ।<br>- लोपोन्मुख कला संस्कृतिको जगेर्ना गर्ने ।<br>- श्रष्टाहरुको खोजि तथा प्रोत्साहन गर्ने ।<br>- कला संस्कृतिको अध्ययन, अनुसन्धान तथा लिपिवद्ध गर्ने<br>- सांस्कृतिक सङ्ग्रालयको स्थापना गर्ने ।<br>- बिभिन्न प्रतिस्पर्धात्मक मेलाहरुको आयोजना गर्ने |

## २.२.३.भौतिक पूर्वाधार विकास

यस गाउँपालिकाको समृद्धिका लागि पुर्वाधार तथा संरचनाको निर्माण र विकासको महत्वपूर्ण भूमिका रहन्छ। यस गाउँपालिका क्षेत्रमा कर्णाली करिडोर अन्तर्गत रहेको सिमकोट याङ्चु बगर सम्मको १४ किलोमिटर सडकमा ट्याक खोलेर गाडीहरु संचालनमा रहेका छन्। सडकको पूर्वाधार विकासका लागि विभिन्न वस्तीहरु जोड्ने ट्र्याकहरु खोलिँदै छन्। खापू दोभान देखि मारुघोर लेकसम्म सडक निर्माण कार्य तदारुकताका साथ भइरहेको छ। सडकको स्तरोन्नति र मर्मत सम्भार नहुँदा यातायातमा कठिनाइ उत्पन्न हुने गरेको छ। हाल कर्णाली करिडोर अन्तर्गत कर्णाली नदिमा पक्की पुल एवं बेली ब्रिज निर्माण नभए पनि सडक निर्माण कार्यले निरन्तरता पाइरहेको छ। कर्णाली नदीमा पक्की पुल नहुँदा यातायातमा असुविधा छ भने केही बस्तीहरुमा झोलुङ्गे पुलको पनि अभाव रहेको छ। हिल्दम जलविद्युत आयोजनाले यस गाउँपालिकाका केहि बस्तीहरुममा विद्युत आपूर्ति गरिरहेको छ भने बाँकी केहि बस्तीहरुमा लघु जलविद्युत आयोजनाको निर्माण भइ जलबिद्युत सेवा  सुचारु भइरहेको छ। विद्युत लाइन बिस्तार तथा आवश्यक ट्रान्सफर्मर नभएका कारण गाउँपालिकाको सबै क्षेत्रमा विद्युत सेवा विस्तार हुन सकिरहेको छैन। हालसालै यस गाउँपालिका र  ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना बिच साझेदारीमा घट्टे खोलामा १०० किलोवाट क्षमताको जलबिद्युत निर्माण गर्ने सम्झौता एवं सहमति भइसकेको छ।

यस गाउँपालिका एकीकृत बस्ती विकासको लागि नीति निर्माणको चरणमा रहेको छ। जनता आवास कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा ७२ वटा भन्दा बढी घरहरु निर्माण भइसकेका छन्। सबै वडाहरुमा आफ्नो वडा कार्यालय हुँदा गुणस्तरीय सेवा प्रवाहमा सहज देखिन्छ। यस गाउँपालिकामा दुई वटाटेलिफोन टावर रहेका छन् भने ११६१ जना मोबाइल प्रयोगकर्ता रहेका छन्। ४१३ जनाले रेडियो प्रयोग गर्छन् भने ७७ जनाले टिभीको प्रयोग गरिरहेका छन्। ल्यान्डलाइन टेलिफोनको सेवा नभएको यस गाउँपालिकामा द्रुत गतिको इन्टरनेट सेवा पनि उपलब्ध छैन। टेलिफोन लाइनको विस्तार, एफएम रेडियो तथा पत्रपत्रिका सञ्चालन, इन्टरनेट प्रयोगमा पहुँच बृद्धि गर्न सकेमा सूचना र सञ्चारको क्षेत्रमा यस गाउँपालिकाले फड्को मार्ने देखिन्छ।

तालिका ५ : भौतिक पूर्वाधार  विकास क्षेत्रको सवलपक्ष  समास्या सवाल र लिनुपर्ने मुख्य नितिहरु

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य नितिहरु |
|---|---|---|---|---|---|
| **सडक,पुल तथा यातायात** | | | | | |
| - खार्पुनाथ गाउपालिका क्षेत्रमा कर्णाली कोरीडोर ४ कि.मि. खण्ड रहेको<br>- खार्पु मारुघोर सडक खण्ड २ कि.मि ग्रामिण सडक ट्याक खोलेको<br>- खार्पू लेख ग्रामिण सडक १.७ कि.मि. ट्याक खोलेको | - सडकको स्तर उन्नति नहुँदा आवत जावतमा समस्या ।<br>- वडा अन्तरगतका वस्तिमा सडक सञ्जालले नछोएको<br>- सडकहरुमा पक्कि नाला नहुँदा बर्षा याममा अबरोध<br>- सडकहरुमा आवश्यकता अनुसार कलभर्ट, हिम पाईप नभएको<br>- निर्माणाधिन सडक आवश्यक मापदण्ड अनुरुप नबनेको<br>- केही ठाँउमा सडक अधिकार क्षेत्र मिचिएको<br>- सडकहरुको मर्मत सम्भार र संरक्षणमा कमी ।<br>- सडक वनाउदा आ.ई.ई र ई आई.ए.गर्नुपर्ने | - यातायातमा असुविधा<br>- उत्पादित वस्तु निर्यात तथा आवश्यकीय वस्तु आयात तथा निर्यात गर्न अप्ठ्यारो ।<br>- आर्थिक वृद्धि घट्नु<br>- मुल्य वृद्धि<br>- सडक दुर्घटना वढ्नु<br>- आवतजावतमा कठिनाई<br>- अपेक्षित सडक विस्तार नहुनु<br>- भुक्षय, वाडी, पहिरो जाने | - आर्थिक अभाव<br>- भौगोलिक विकटता<br>- सडक मापदण्डलाई पालना नगर्नु ।<br>- सडक मर्मत कोष नहुनु<br>- सडक अतिक्रमण हुनु | सडक संजालको विस्तार गरी यातायातमा पहुँच वृद्धी गर्ने । | - गाउँपालिका स्तरका सडक गुरुयोजना निर्माण गर्ने<br>- निर्माण भएका सडकहरुको स्तर उन्नति गर्ने ।<br>- सडक निर्माण गर्दा सडक मापदण्डलाई कडाइका साथ लागू गर्ने ।<br>- निर्माण सम्पन्न  सडकहरुको नियमित मर्मत संभार गर्ने<br>- सडकमा पर्ने साना खोलाहरुमा कलभर्ट, कजवे तथा  होम पाइपको व्यवस्था गर्ने  ।<br>- डि.पि. आर तयार आयोजनाहरुको तत्कालिन निर्माण गर्ने । |
| **पुल** | | | | | |
| - काठे पुल ३<br>- ५ वटा झोलुङ्गे पुल<br>- खार्पू कर्णाली नदिमा बेलि ब्रिज जडानको पहल | - कर्णाली नदीमा पक्कि पुल नहुँदा यातायातमा असुविधा<br>- बोक्चेगौडा,तुम्लिक कारङखोला,नल्ला खोला, लुट्पे खोलामा झोलुंगे तथा ट्रस्ट ब्रिज  नभएको | - आवतजावतमा कठिनाई<br>- खोलाले वगाएरु धनजनको क्षति<br>- सामान ओसार पसारमा समस्या | - लगानीको कमी<br>- पुल सम्बन्धि आयोजनाहरु प्राथमिकतामा नपर्नु<br>- पानीको वाहव निश्चित नहुनु | सडक तथा झोलुङ्गे पुलको निर्माण एवं व्यवस्थापन गरी आवात जावतमा सुगमता वृद्धि गर्ने । | - अत्तिआवश्यक ठाउँमा झोलुङ्गे पुल निर्माण गर्ने ।<br>- हाल निर्माण भएका पुलहरुको नियमित मर्मत सम्भार गर्ने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य नितिहरु |
|---|---|---|---|---|---|
| **विद्युत तथा वैकल्पिक उर्जा** | | | | | |
| - साना जलबिद्युत आयोजना खार्पुनाथ गा.पा., १ लाली ) मा २४ कि.वा. बाट बिद्युत आपुर्ति भएको<br>- साना जलबिद्युत आयोजना खार्पुनाथ गा.पा., ५ खर्पेलगाउ मा ) १२ कि.वा. बाट बिद्युत आपुर्ति भएको<br>- साना जलबिद्युत आयोजना खार्पुनाथ गा.पा.,५ अर्न्तगत याङ्चु ) २० कि.वा. बाट बिद्युत आपुर्ति भएको<br>- खार्पुनाथ गाउँपालिकाको याङ्चु खोला साना जल बिद्युत आयोजनाको डि.पि.आर. तयार भएको ।<br>- बिद्युत नपुगेको ठाँउमा सौर्य उर्जा उपलब्ध भएको ।<br>- १ वटा लिफ्ट सिंचाई आयोजना सञ्चालनमा रहेको । | - सबै वस्तिहरुमा बिद्युत विस्तार नभएको<br>- बिद्युत पुगेको ठाँउमा टार्न्सफर्मर नभएका कारण भोल्टेज कम भएको<br>- अधिकांश परिवार दाउरामा निर्भर रहनु परेको ।<br>- वडा नं २,३ मा बिद्युत विस्तार नभएको | - वस्तिहरु अध्यारोमा पर्नु<br>- उद्योगधन्दा नखुल्नु<br>- दाउराको खपत वढ्नु<br>- स्वास्प्रश्वास सम्वन्धि रोग लाग्नु<br>- सूचना प्रविधिमा पछाडि पर्नु<br>- वन जङगल नास हुनु<br>- भुक्षय तथा पहीरो आउनु | - विद्युत उत्पादनमा नहुनु<br>- वायो ग्याँस प्रविधि प्रचलनमा नल्याउनु<br>- राष्ट्रिय प्रसारणमा नजोडिनु | उज्यालो खार्पूनाथ अभियान अर्न्तगत सबै क्षेत्रमा उर्जाको व्यवस्थापन गर्ने । | - विद्युतको राष्ट्रिय प्रशारण लाइनसंग जोड्ने ।<br>- आवश्यक ठाउमा ट्रान्सफर्मरको जडान गर्ने ।<br>- लघु जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने<br>- हावावाट विजुलि निकाल्ने<br>- डि.पि. आर तयार भएका आयोजनाहरुको तत्कालिन निर्माण गर्ने ।<br>- वायो ग्याँस प्रविधिको विस्तार गर्ने ।<br>- सि.एफ. एल तथा LED बल्व प्रयोगलाई प्रोत्साहन गर्ने ।<br>- विद्युत प्राविधिकहरुको क्षमता विकास तथा व्यवस्था गर्ने<br>- मुख्य मुख्य सडकमा सडक वत्ति जोड्ने ।<br>- सार्वजनिक ठाउँमा वत्तिको व्यवस्था गर्ने |
| **आवास, वस्ती तथा विकास तथा भवन** | | | | | |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य नितिहरु |
|---|---|---|---|---|---|
| जनता आवास कार्यक्रमबाट ७२ वटा घर निर्माण भएका ।<br>गाउँपालिकामा आफ्नै भवन, चमेनागृह तथा आवास निर्माण भएको<br>गाउँपालिकामा अस्पताल भवनको व्यवस्था भएको<br>गाउँपालिका अर्न्तगत वडा नं. १,२,३ र ५ मा स्वास्थ्य चौकीको व्यवस्था भएको | वडा नं. ३,४ र ५ वाहेका अन्य वडामा वडा कार्यालयको भवन नभएको ।<br>वस्ति विकासको गुरुयोजना नभएको ।<br>वडा नं. ४ मा अस्पताल भवन नभएको<br>घर तथा भवनहरु भुकम्प प्रतिरोधि तथा भवन आचार संहिता प्रयोग गरी नबनेका ।<br>तालिम प्राप्त भवन निर्माण जनशक्ति नभएको<br>गेष्टहाउसको व्यवस्था नभएको ।<br>वसपार्क नभएको<br>एकीकृत वस्ति विकास नीति पास नभएको<br>गाउँपालिका स्तरका विद्यालयमा भुकम्प प्रतिरोधात्मक तथा वालमैत्रि भवन नभएको | सेवा प्रवाहमा कठिनाई<br>विकासका एकीकृत कार्यक्रमहरु संचालन गर्न कठिनाइ,<br>विकास निर्माण प्रकृया खर्चिलो,<br>विपद्को उच्च जोखिमको खतरा,<br>संरचनाहरु कमजोर हुने | आर्थिक कठिनाई<br>भौगोलिक बिकटता<br>भवन निर्माण संहिताको पूर्ण पालना नहुनु<br>चेतना स्तरको कमी तथा लापर्वाही<br>परम्परागत छरिएको बस्ति | एकीकृत र व्यवस्थित वस्ती निर्माण गरी समृद्ध र दीगो विकास निर्माण गर्ने । | भू-उपयोग नीति निर्माण गरी कार्यान्वयन गर्ने ।<br>एकीकृत वस्ति विकास गुरुयोजना निर्माण गर्ने ।<br>भवन संहिता, २०७२ लाई कडाईका साथ लागु गर्ने ।<br>सवै वडाहरुको वडा कार्यालय भवन निर्माण गर्ने ।<br>गाउँपालिका भित्र घर निर्माण गर्दा नक्सा पास अनिवार्य गर्ने ।<br>संघ र प्रदेशसंग समन्वय गरी जनता आवास कार्यक्रम संचालन गर्ने ।<br>भवन निर्माण सम्वन्धि आवश्यक जनशक्ति व्यवस्था गरी तालिमको व्यवस्था गर्ने ।<br>गाउँपालिकाका लागि अन्य आवश्यक भवन निर्माण गर्ने । |
| **सूचना तथा संचार प्रविधि** | | | | | |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने मुख्य नितिहरु |
|---|---|---|---|---|---|
| - इन्टरनेटका लागि वर्ड लिंकको टावर १ वटा<br>- गाउँपालिकामा wi-max द्वारा ईन्टरनेट सञ्चालनमा रहेको<br>- मोवाईल प्रयोगकर्ता ६९.५२ प्रतिशत<br>- ४.६१ प्रतिशतले टिभिको प्रयोग गरेका<br>- २४.७३ प्रतिशतले रेडियोको प्रयोग गरेका<br>- गाउँपालिकाका ३ वटा वडामा,३ वटा हे.पो.मा र माबि बिद्यालयहरुमा ंचार सुविधा पुगेको<br>- गाउँपालिकाको आफ्नो वेव साइट, मोवाइलएप्स र अन्य सामाजिक संजालहरुको एकाउण्ट भएको | - ल्याण्ड लाइन टेलीफोन सेवा नभएको ।<br>- एफ,एम रेडियो नभएको<br>- पत्रपत्रिका नभएको<br>- इन्टरनेटको सेवा वस्तीमा नपुगेको<br>- इन्टरनेटको गति एकदम बिस्तारै भएको ।<br>- सूचनाका माध्यमहरुका वारेमा जानकारी नभएको<br>- सूचना तथा संचार प्रविधि सम्वन्धि स्थानीय ऐन नियमहरु नवनेको<br>- सूचना तथा संचार प्रविधि विस्तारमा वजेटको व्यवस्था कम हुनु<br>- सूचना तथा संचार प्रविधिमा उदासिनता ।<br>- दक्षजनशक्तिको अभाव | - सूचना सम्प्रेसणमा वाधा<br>- राज्यको सेवा सूविधाबाट पछि पर्नु<br>- ज्ञान र सिपमा कमी हुनु<br>- सुसाशनमा कमी<br>- सूचनाकर्तावाट सूचना कसरी पाउने भन्ने अनविज्ञता वढ्नु | - सूचना क्षेत्रमा वजेट कम हुनु<br>- नियमित विद्युतको आपुर्ती नहुनु<br>- दक्षजनशक्तिको अभाव<br>- सूचना र संचार प्रविधिको महत्व नबुभ्नु | सूचना र संचार तथा प्रविधिको क्षेत्रमा गाउँपालिकावासीको पहुँच र प्रयोगमा बृद्धि गर्ने । | - टेलिफोन लाइनको विस्तार गर्ने<br>- इन्टरनेट प्रयोगमा पहुँच वृद्धि गर्ने<br>- इन्टरनेटको क्षमता बृद्धि गर्ने<br>- गाउँपालिकाको आवश्यक क्षेत्रमा FreeWifi को व्यवस्था गर्ने<br>- प्रत्येक वडा तथा गाउँपालिकामा सूचना प्रविधिअपरेटरको व्यवस्था गर्ने<br>- डिजिटल गाउँपालिकाको व्यवस्था गर्ने ।<br>- लेखा व्यवस्थापन सफ्टवेयर मार्फत गर्ने<br>- विद्युतिय सरकारको अवधारणा स्थापित गर्ने ।<br>- गाउँपालिका नागरिकहरुलाई सूचना प्रविधिसंग जोड्ने ।<br>- गाउँपालिका स्तरमा आवश्यक जनशक्तिको व्यवस्था गर्ने । |

## २.२.४.वन,वातावरण तथा विपद् व्यवस्थापन

यस गाउँपालिका जैविक विविधता, जलाधार र वातावरणको दृष्टिले सम्भावनायुक्त रहेको छ। ५९९१.९६ हेक्टर वनक्षेत्र रहेको र औषत वर्षा ४ सयदेखि ७ सय मिलिमिटर रहेको छ। यस गाउँपालिका क्षेत्रमा १२ वटा सामुदायिक वन र २६ वटा कबुलियती वन रहेका छन्। ठिगे सल्लो, धुपी सल्लो, बोक्रे सल्लो, उत्तीस, खयर जस्ता काठजन्य वनस्पतिहरु यस गाउँपालिकामा पाइन्छन्। यस गाउँपालिकामा औषधिजन्य वनस्पति घोडामच्चो, सतुवा,बुकीफूल, पाँचऔंले, पदमचाल,पाखनवेद प्रशस्तै पाइन्छन्। यस गाउँपालिका क्षेत्रमा स्याल, बाघ,कस्तुरी,नावर,झारल, घोरल, बाघ,भालु, गुनी, मृग जस्ता वन्यजन्तुहरु पनि रहेका छन्। जथाभावी वन फडानी, आगलागी नियन्त्रण तथा वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्न जरुरी छ। यस गाउँपालिका क्षेत्रमा कारङ खोला, छडी खोला,लाली खोला,चिसामुल,घट्टे खोला,ह्यामा खोला, लडेखोला, ताक्लाकोट कर्णाली र चुवाखोला कर्णाली नदी गरी नौवटामुख्य खोला तथा नदीहरु रहेका छन्। त्यसैगरी दुधे दह, राक्षस ताल जस्ता तालहरु र ७१.२२ बर्ग कि.मि. जति सिमसार क्षेत्र रहेको छ। स्वच्छताको क्षेत्रमा यस खार्पूनाथ गाउँपालिकासंग ग्रामीण जलश्रोत व्यबस्थापन परियोजनाले बिभिन्न खालका चेतनामुलक कार्यक्रम सञ्चालन भइरहेको छ। यी क्षेत्रहरुको संरक्षण र सम्बर्द्धन गरी दिगो वातावरणीय विकासको सम्भावना रहेको छ। यस गाउँपालिकाले बिपद् व्यवस्थापन कोषको स्थापना गरी बिपद् जोखिम न्युनीकरणको प्रयासलाई अगाडि बढाएको छ। बिपद् जोखिम न्युनीकरणका लागि बिपद् व्यवस्थापन समिति गठनका पहल हुनुका साथै बिपद् जोखिम पार्श्वचित्र पनि निर्माण गर्ने तयारीमा रहेको छ। बिपद्को अवस्था पहिचान गर्न सबै वडामा बिपद् जोखिम नक्साङ्कन गर्न आवश्यक छ। यस गाउँपालिका क्षेत्रमा जमिन कटान तथा पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोपहरुका कारण केही वस्तीहरु उच्च जोखिममा रहेका छन्। बिपद् पूर्व तयारीका लागि अपनाउनु पर्ने कार्यहरु गरी यस क्षेत्रका जोखिमपूर्ण बस्तीहरुलाई सुरक्षित गर्न सकिन्छ।

तालिका ६ : वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको सवलपक्ष, समस्या, सवाल र लिनुपर्ने मुख्य नीतिहरु

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| **वन र जैविक विविधता** | | | | | |
| - १३१.०७ वर्ग कि.मि.वनक्षेत्र भएको<br>- औषत वर्षा ४०० देखि ७०० मिलिमिटर,<br>- १२ वटासामुदायिक वन रहेका<br>- २६ वटाकबुलियती वन भएका<br>- घाँस पात जन्य : कोषे, विराल्चो , सिउतारो, काव्डो, इपिलीपी,तिमीलो,खर,सालिम, काँस,विराल्चो,औलिसो,वेडु, खडिक,खनायो,बाँस,निगालो<br>- दारकाठ जन्य वनस्पति : ठिगे सल्लो, धुपि सल्लो, गोब्रे सल्लो, देवदारको रुख, उत्तिस, खैर, चिउरो, खडिक, बाँज, खस्रु , ठिन्के, वकाइनो, पैयो, मेहेल,वैंस,<br>- औषधि जन्य वनस्पति : घोडामच्चो, सतुवा, बुकीफुल, मजिठो, लोक्ता, तितेपाति,निर्विसि,सिस्नु,बाजडी, अत्तिस, पाँचऔले, अल्लो,नारु,गदाल्नु, हढरा,बिसमारो,बोजो,खिरौला, तितो,कटुकी,रातो च्याउ,ताराचुक,ढटेल्लो,लौठो,वकाइनो,खैर,काउलो,तिरखुलो, भाँकेमिलो,अँयार,ओखर | - समुदायमा आधारित वनको भवन नहुनु ।<br>- वन फडानी हुनु,<br>- जथाभावी चरीचरन<br>- खुला वन हुनु,<br>- खडेरी, आगलागी,<br>- सामुदायिक तथा कवुलियती वनका समिति सक्रिय नहुनु ।<br>- जथाभावी चोरी सिकार गर्नु<br>- वृक्षारोपण नहुनु<br>- वन्यजन्तु तथा पंक्षिहरु संरक्षण नहुनु<br>- इन्धनको रुपमा दाउराको प्रयोग बढी हुनु<br>- वन जंगल सम्वन्धी नीतिनियमको पालना नहुनु<br>- वातावरणिय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणका कार्यहरु संचालन हुनु ।<br>- वनवाट कच्चा पदार्थको अव्यवस्थित संकलन तथा निकासीमा व्यवस्थापन नहुनु<br>- वन सम्वन्धि जनचेतनामुलक | - समिति अस्तव्यस्त हुनु ।<br>- समितिको नियमित वैठक वस्न समस्या हुनु, कागजपत्र सुरक्षित नहुनु ।<br>- पानीका मुहान सुक्नु<br>- वन विनास हुनु<br>- वन्यजन्तु लोपहुदै जानु ।<br>- वन सुरक्षित नहुनु ।<br>- व्यक्तिगत स्वास्थ्यमा समस्या हुनु<br>- वस्तीहरु जोखिममा पर्नु<br>- खेतियोग्य जमिन मासिनु ।<br>- प्राकृतिक सुन्दरता हराउदै जानु ।<br>- वजेटको सही सदुपयोग नहुनु ।<br>- आगलागी वढ्नु ।<br>- राजस्व संकलनमा ह्रास ।<br>- वनजंगल तथा वन्यजन्तुको महत्व नबुझ्नु । | - वन सम्वन्धि कार्यक्रम र वजेट तर्जुमा नहुनु ।<br>- सामुदायिक वन नीति, नियमको सही पालना नगर्नु ।<br>- सामुदायिक र कवुलियती वन उपभोक्ता समितिको भवन निर्माणको लागि वजेटको अभाव ।<br>- वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणका काम जथाभावी संचालन गरिनु ।<br>- वन्यजन्तु तथा वासस्थान संरक्षण संवन्धि कडाइका साथ लागु नगरीनु ।<br>- समिति र वन डिभिजन कार्यालय विच समन्वय नगरी वन क्षेत्रमा अस्थाई टहरा निर्माण गरेर वन अतिक्रमण गरीनु ।<br>- सामुदायिक वन हस्तान्तरण पछि नियमित अनुगमन, नियमन र क्षमता | - जैविक विविधता र वातावरणको संरक्षण गर्ने<br>- वनजन्य उत्पादनहरुको विकास र प्रवर्द्धन गर्ने | - एक वडा एक संरक्षित वन<br>- बहुउद्देश्य हाईटेक नर्सरी स्थापना गर्ने ।<br>- वन डिभिजन कार्यालयको स्थापना तथा आवश्यक जनशक्तिको व्यवस्था गर्ने<br>- वन संरक्षणका लागि वन समिति गठन, पुनर्गठन, सक्रिय र क्षमता विकास कार्यक्रमको व्यवस्था ।<br>- जंगली पशुपंक्षिहरुको संरक्षणका लागि व्यवस्था<br>- दुर्लभ पशुपंक्षिहरुको संरक्षण गर्ने ।<br>- जथाभावी वन फडानीमा रोक लगाउने<br>- डढेलो नियन्त्रण गर्ने ।<br>- वन्यजन्तु तथा काठदाउराको चोरी निकासीमा रोक लगाउने<br>- विकास सम्बन्धि क्रियाकलापमा वातावरणीय प्रभाव मूल्याङ्कन योजना लागु गर्ने ।<br>- वन, वातावरण संरक्षण सम्वन्धि जनचेतना अभिवृद्धि सचेतना कार्यक्रम संचालन गर्ने ।<br>- खालि वनक्षेत्र, पातलो वनक्षेत्रमा वृक्षारोपण गर्ने ।<br>- खोरिया फडानीलाई पुर्ण रुपमा रोक लगाउने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - अन्य रुख तथा वोटविरुवाहरु :गुराँस, पिपल, मालु<br>- जिवजन्तु : स्याल, वाघ, घोरल, भालु, गुनी, वाँदर, वद, मृग, व्वाँसो, दुम्सी, थार, वनकुकुर, मल्छाउरो, वँदेल, चितुवा, कस्तुरी<br>- पंछिजन्य : डाँफे, कालिज, च्याखुरा,गिद्ध,चिल,काग, लाटिकोसेरो,भँगेरा,भ्याकुर, तित्थो,न्याउलो,मालुवा,ढुकुर, परेवा,फग्रास | कार्यक्रम संचालन नहुनु । | | विकासका कार्यक्रम संचालन नगरीनु । | | - वन नर्सरी स्थापना<br>- औषधिजन्य वनस्पतिको संरक्षण, प्रवर्द्धन, संकलन, प्रसोधन केन्द्रको स्थापना गर्ने<br>- लोपोन्मुख औषधिजन्य वनस्पतिको संरक्षण गर्ने ।<br>- जडीबुटीको पहिचान, प्रशोधन र उचित बजारीकरण गर्ने । |
| **भुमी तथा जलाधार संरक्षण** | | | | | |
| - ११९१.९९ हेक्टर खेतियोग्य भूमि भएको ।<br>- छडिखोला,हयामा खोला, घट्टेखोला,पिनारा खोला,लाली खोला, चिसामुल,कारङ्खोला, कर्णाली नदी गरी ८ वटामुख्यखोला रहेका ।<br>- ८१५८७.३५ हेक्टर वन्जड जग्गा भएको<br>- २.२५ बर्ग कि.मि.तालतलैया क्षेत्रले ओगटेको<br>- ७१.२२ बर्ग कि.मि.सिमसार क्षेत्र भएको ।<br>- गडिमाले चरो, कालेखोडो, जस्ता चराचुरुङ्गी हरु सिमसार क्षेत्रमा रहेका | - जलाधार क्षेत्र, सिमसार क्षेत्र हरुको संरक्षण, घेरवार, समितिहरु नहुनु ।<br>- दह, सिमसार क्षेत्रहरु सुक्ने अवस्थामा हुनु ।<br>- सिमसार क्षेत्रहरु अधिकरणमा पर्नु<br>- खोला नालामा पानीको वहाव घट्दै जानु ।<br>- कम वर्षा हुनु<br>- खोलानाला प्रदुषित हुनु<br>- तालहरु पुरिने अवस्थामा हुनु । | - सिचाईमा समस्या<br>- पानीको अभाव<br>- जलप्राणिहरु लोप हुनु<br>- पर्यटकहरु घट्नु ।<br>- खडेरी पर्नु<br>- प्राकृतिक सुन्दरतामा ह्रास आउनु ।<br>- रोग किराको प्रकोप तथा महामारी फैलीनु ।<br>- तालतलैया पुरीनु ।<br>- सुख्खा पहिरो आउनु तथा जमिनको कटान वढ्नु । | - सिमसार क्षेत्र संरक्षणका लागि पूर्वाधार निर्माणमा आवश्यक जनशक्ति नहुनु ।<br>- सिमसार क्षेत्र संरक्षणमा आवश्यक वजेटको अभाव ।<br>- प्राकृतिक ताल, तलैया संरक्षण सम्वन्धि कार्यक्रम संचालन नगरीनु ।<br>- गाउँपालिकास्तरमा गिट्टी वालुवा, निकासी, पैठारी | जलाधार क्षेत्रको संरक्षण गरी दीगो पर्यावरणको विकास गर्ने | - जलाधार क्षेत्र एकिन गरी संरक्षण गर्ने<br>- सिमसार क्षेत्रहरुको पहिचान, प्रवर्द्धन र संरक्षण गर्ने ।<br>- दह,पोखरी, खोलानालाहरुको संरक्षण गर्ने<br>- खोलावाट निकालिने गिट्टी, वालुवा, ढुङ्गा निकासीलाई नियमन गर्ने ।<br>- छाडा चरीचरनलाई व्यवस्थित गर्ने<br>- सिमसार क्षेत्र अतिक्रमणलाई रोक लगाउने ।<br>- गाउँपालिकास्तरिय सिमसार क्षेत्र संरक्षण समिति गठन गरी क्रियाशील बनाउने |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| | - सिमसार क्षेत्रमा छाडा पशु बस्तुलाई छाडा छोडिनु<br>- माटोको उर्वराशक्ति घट्दै जानु ।<br>- खोलावाट गिट्टि, वालुवा, ढुङ्गा अव्यवस्थित तरिकाले निकालिनु<br>- खोलाको पानी सहि सदुपयोग नहुनु | - सिमसार क्षेत्र मासिनु<br>- भोकमरी पर्नु | सम्वधि आवश्यक नीति नियम नहुनु ।<br>- छाडा चरीचरनलाई व्यवस्थित नगरीनु | | - गाउँपालिकास्तरिय जलसंरक्षण ऐन, नियम वनाई लागु गर्ने ।<br>- कृतिम कुवा,पोखरीको निर्माण गर्ने । |
| **वातावरण तथा स्वच्छता** | | | | | |
| - खुला दिसामुक्त क्षेत्र घोषण भएको<br>- पूर्ण सरसफाइ अभियान संचालन भइरहेको<br>- ९८.०८% घरधुरीमा शौचालय भएका<br>- वृक्षारोपण कार्यक्रम संचालन<br>- स्वास्थ्य संस्था र विद्यालयमा शौचालय सहित फोहोर बिसर्जन गर्ने खाल्डो भएको<br>- सवै वडा कार्यलयहरु र विषयगत शाखाहरुमा डस्टविनको व्यवस्था भएको ।<br>- अधिकांश विद्यालयमा प्रयोगकर्तामैत्री व्यवस्थित शौचालय निर्माण गरिएको ।<br>- ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना मार्फत सरसफाइ अभियान संचालन । | - पानीको अभावले सरसफाइको कमजोर व्यबस्थापन ।<br>- प्लास्टिक,काँचजन्य बस्तु जथाभावी फाल्ने गरिएको ।<br>- फोहोर व्यवस्थापन नभएको ।<br>- वृक्षारोपण कार्यक्रम प्रभावकारी नहुनु<br>- फोहोरमैला विसर्जनको व्यवस्था नभएको<br>- फोहोरमैला व्यवस्थापनमा थ्रिआर सम्बन्धि सचेतनाको कमी<br>- गाईवस्तुहरुको मलमुत्र संकलन प्रविधि नहुनु । | - विरामी पर्नु ।<br>- वातावरणीय प्रदुषण वढ्नु ।<br>- टिटानसका रोगीको संख्या वढ्नु<br>- खडेरी पर्नु<br>- अक्सीजनको मात्रा घट्नु ।<br>- महामारी फैलीनु ।<br>- पहिरो आउनु ।<br>- खर्च अर्थात गरीवी वढ्नु ।<br>- उत्पादन घट्नु ।<br>- पशुवस्तुहरु विरामी पर्नु ।<br>- पूण सरसफाइ अभियान सफल नहुनु | - सफा र सुरक्षित पानी वितरण प्राणाली नहुनु ।<br>- प्लास्टिक तथा काँचजन्य ठोस फोहोर वस्तुको उचित विसर्जन नहुनु ।<br>- वृक्षारोपण सम्वन्धि कार्यक्रमहरु संचालन नहुनु ।<br>- गोठेमल सुधार कार्यक्रम संचालन नगरी परम्परागत तरिकाले मलको प्रयोग गरीनु ।<br>- सरसफाइ सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालनका लागि जनशक्ति र | जलवायू अनुकुल कार्यक्रम तथा पर्यावरणिय स्वच्छता कायम गर्ने । | - गाउँपालिकास्तरिय पूर्ण सरसफाइका सूचकहरुको पालना गर्ने ।<br>- फोहोर व्यवस्थापनको लागि फोहोर कम उत्पादन, पुन प्रयोग र प्रसोधन गर्ने व्यवस्था गर्ने<br>- टोलस्तरिय फोहोर डम्पिङ साइटको व्यवस्था गर्ने ।<br>- प्लास्टिकजन्य वस्तु तथा झोला प्रयोगमा कमी गर्ने ।<br>- फोहोरमैलाको वर्गिकरण गरी सड्ने र नसड्ने वस्तुहरु छुट्याई व्यवस्थापन गर्ने ।<br>- वजारक्षेत्रहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने ।<br>- ढल निकासको व्यवस्था गर्ने<br>- विद्यालय र स्वास्थ्य संस्थामा सूरक्षित शौचालय तथा फोहोर |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - जलबायु परिर्वतन सहयोग कार्यक्रम संचालन | - सवैघरमा जुठेल्नाको व्यवस्था नहुनु<br>- सरसफाइ अभियानले अपेक्षित रुपमा उपलब्धि हासील नहुनु<br>- जलबायु परीवर्तनको असर | | वजेटको निरन्तरता नगरीनु ।<br>- पूर्ण सरसफाइ सम्वन्धि सुचकहरुको प्रभावकारी पालन नगरीनु । | | व्यवस्थापन खाल्डोको निर्माण तथा मर्मत गर्ने ।<br>- समुदाय स्तरमा फोहोरमैला व्यवस्थापन सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने |
| **विपद पूर्व तयारी तथा व्यवस्थापन** | | | | | |
| - विपद व्यवस्थापन कोषको व्यवस्था भएको<br>- विपद व्यवस्थापन समितिको गठन ।<br>- विपद व्यवस्थापन सम्वन्धि गाउँपालिकावाट वजेटको व्यवस्था भएको ।<br>- एक एम्वुलेन्स भारतिय राजदुतावासबाट हस्तान्तरण भइ ढुवानीको प्रक्रियामा रहेको ।<br>- जोखिम स्थान र वस्तिको पहिचान गरिएको ।<br>- भवन निर्माण संहिताको मापदण्डलाई अवधारणाको रुपमा ल्याउने तयारी भएको । | - विपद व्यवस्थापन कोष निर्देशिका नभएको ।<br>- विपद व्यवस्थापन समिति सक्रिय नभएको<br>- जमिन कटान तथा पहिरो जाने ।<br>- घर भत्की धनजनको क्षतिहुने गरेको<br>- वडा नं १ देखि ५ सम्मका केही वस्ती उच्च जोखिममा रहेका<br>- भुकम्प प्रतिरोधि भौतिक पूर्वाधार नभएको<br>- सुरक्षित वास स्थानको व्यवस्था नभएको ।<br>- विपद् सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन नभएका ।<br>- विपदलाई प्रथमिकतामा नराखिनु ।<br>- घर आगलागी वढिहुनु | - राहत उपलव्ध गराउन नसकीनु ।<br>- उद्धारमा ढिलाई हुनु ।<br>- कोष परिचालन नहुनु<br>- धनजन तथा मानविय क्षति हुन ।<br>- उत्पादन घट्नु ।<br>- वनजंगल मासिनु<br>- वातावरण प्रदुषण वढ्नु ।<br>- प्राकृतिक सून्दरतामा ह्रास आउनु ।<br>- हिंसाका घटना वढ्नु ।<br>- चोरी, लुटपाट वढ्नु । | - स्थानीय तहमा राहतकोष वजेट परिचालन निर्देशिकाको अभाव ।<br>- भुकम्प प्रतिरोधी भवन तथा घर निर्माण निर्देशिका कार्यान्वयन नहुनु ।<br>- विपद् न्यूनीकरण सम्वन्धि पूर्वतयारीका क्रियाकलाप संचालन नगरीनु ।<br>- विपद् न्यूनीकरण सम्वन्धि पूर्व सूचना प्रणालीको प्रयोग नगरीनु ।<br>- जनसंख्याको वृद्धिले अतिक्रमण भई अनियन्त्रित वस्ति विस्तार हुनु ।<br>- वन संरक्षण संम्वन्धि कार्यक्रमहरु नियमित र | विपद्वाट हुने क्षतिलाई न्यूनिकरण गरी उत्थानशिल समाजको निर्माण गर्ने । | - गाउँपालिकास्तरिय विपद्कोष तथा संचालन निर्देशिका वनाई लागु गर्ने ।<br>- गाउँपालिकाका सवै वडामा विपद् व्यवस्थापन समिति गठन गरी सक्रिय गराउने ।<br>- घर निर्माण गर्दा नक्सा पासको नीतिलाई सवैले अवलम्वन गरी भवन निर्माण संहिताको मापदण्डलाई पालन गर्ने ।<br>- गाउँपालिका क्षेत्रका उच्च जोखिमका वस्तीहरुको पहिचान गरी अल्पिकरण योजना लागू गर्ने ।<br>- गाउँपालिकाका सवै वडामा सुरक्षित वासस्थान र भण्डारण स्थानको व्यवस्थापन गर्ने ।<br>- वन्यजन्तुबाट हुने क्षति नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गर्ने ।<br>- गाउँपालिकामा वर्षा मापन केन्द्रको स्थापना गर्ने |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| | - विपद् सुरक्षा योजना नभएको ।<br>- खडेरी पर्नु, असिना, हिमपातले वालिनाली नस्ट गर्नु ।<br>- वन्यजन्तुको आक्रमणले वालिनाली र मानविय क्षति हुनु<br>- जलवायु परिवर्तनले वालिनालीको उत्पादकत्वमा ह्रास आउनु ।<br>- समयमै राहत उपलब्ध नहुनु ।<br>- विपद पूर्व तयारीका लागि सुरक्षित भण्डारणको व्यवस्था नहुनु ।<br>- उद्धार समितिको व्यवस्था नहुनु ।<br>- विपद पूर्व योजना नभएको<br>- विकासमा विपद्को मूल प्रवाहीकरण नभएको ।<br>- विपद पूर्व तयारी र विपद पश्चातका क्रियाकलाप संचालनका लागि ज्ञान,सिप र योग्यताको कमी । | | प्रभावकारी कार्यन्वयन गर्न नसकिनु ।<br>- सूरक्षित वासस्थान निर्माणका लागि वजेटको अभाव ।<br>- वैकल्पिक सुरक्षित वास स्थानको छनोट नगरीएको ।<br>- मौषम अनुकुलका खेति प्रणालीको व्यवस्थापन नगरीनु ।<br>- वन्यजन्तु वाट हुने क्षति न्यूनीकरण सम्वन्धि कार्यक्रमहरु संचालन नहुनु । | | - वाढि, पहिरो जाने ठाउँमा तारजालीको व्यवस्थापन गर्ने ।<br>- भौतिक पूर्वाधारका सवै योजनामा विपदका दृष्टिकोणलाई मध्यनजरगरी संचालन गर्ने ।<br>- खडेरी क्षेत्रको पहिचाहन गरी उपयूक्त विउ विजन तथा वालिको व्यवस्था गर्ने ।<br>- विपद कार्यदलको गठन गरी आवश्यक तालिमको व्यवस्थापन गर्ने ।<br>- गाउँपालिकास्तरमा विपद् राहत सम्वन्धि गोदाम घरको निर्माण गर्ने ।<br>- पूर्व प्राथमिक कार्यदल गठनतथा तालिमको व्यवस्था गर्ने |

## २.२.५.संस्थागत विकास र सेवा प्रवाह

गाउँपालिकाको संगठनात्मक संरचनाका रुपमा गाउँसभा, गाउँकार्यपालिका, विषयगत समिति तथा विषयगत शाखा र वडा कार्यालय रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा वडा समितिका काम, कर्तव्य र अधिकारहरु तोकिएका छन् । यस गाउँपालिकामा स्थायी दरबन्दिमा  जना कर्मचारी र करारमा  जना कर्मचारीहरु कार्यरत रहेका छन् साथै अन्य विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरुले गाउँपालिकासंगको समन्वयमा सेवा प्रवाह गरिरहेका छन् ।

प्रचलित ऐन, नीति, नियम र मापदण्ड अनुसार गाउँपालिकाले सेवा प्रवाह गरिरहेको छ । संघीय शासन संरचना अनुरुप स्थानीय सरकारको सबैभन्दा तल्लो निकायका रुपमा वडा कार्यालयले स्थानीय विकासका साझेदारहरु (गैसस, विकास साझेदार, अन्तर स्थानीय तह, मिडिया, नीजी क्षेत्र र नागरिक समाज) बीच समन्वय तथा साझेदारी विकास गर्ने, विकासका संभावना र आवश्यकताको आधारमा गाउँपालिकाको आवधिक, बार्षिक तथा विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गर्ने, सभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने काम गरिरहेको छ ।

चुस्त र दुरुस्त सेवा प्रवाहका लागि गाउँपालिकाले बिद्युतिय शासनको अभ्यास गरिरहेको छ र कार्यालयले सम्पादन गर्नुपर्ने कतिपय कामहरु अनलाईन,सफ्टवेयर मार्फत संचालन भइरहेका छन् ।

यस गाउँपालिकाको संस्थागत क्षमता विकास, योजना तथा सेवा प्रवाह सम्बन्धी अधिकार क्षेत्रहरुको संभावना, समस्या तथा संभावना उपयोग रणनीतिलाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : संस्थागत विकास,सेवा प्रवाह र सुशासन क्षेत्रको सवल पक्ष  समस्या एवं सवाल र लिनुपर्ने मुख्य नीतिहरु

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| **संस्थागत संरचना तथा मानव संशाधन** | | | | | |
| - गाँउपालिकाको आफ्नै भवनमा गाँउ कार्यपालिकाको कार्यालय रहेको ।<br>- वडा नं. १, ४ र ५ को आफ्नै भवन र वडा नं. १, ३, ४ र ५ को आफ्नै जग्गा भएको ।<br>- गाँउपालिकाको नाममा ३ कित्ता जग्गा भइ २००० वर्ग मिटर जग्गा भएको ।<br>- गाँउपालिकाको स्वास्थ्य शाखा अन्तर्गत २ जना स्थायी, पशु सेवा शाखामा ५ जना स्थाई र कृषि शाखामा ४ जना स्थायी र गाँउपालिकामा १९ जना स्थायी कर्मचारीको दरबन्दी सिर्जना भएको ।<br>- १५ थान डेक्सटप गाँउपालिका भरि, २० थान ल्यापटप गाँउपालिका भरी, विभिन्न कुर्सिहरु २१ थान, स्टील दराज १२ ओटा, प्रिन्टर ९ थान, क्यानन क्यामरा ४ थान, लो वेन्च ५ थान, अफिस टेवल १३ थान, टि टेवल ८ थान, स्पिकर सेट १ थान, प्रोजेक्टर १ थान , सोलार व्याकअप ३०० वाटको २ सेट , रिभल्भिङ कुर्चि ७ थान, कम्प्यूटर टेवल १० थान, स्क्यानर मेशिन १ थान, सोफा सेट ५ सेट समाग्रीहरु रहेका । | - गाँउपालिकाको आफ्नै नाममा जग्गा तथा भवन नभएको ।<br>- गाँउपालिकाका ३ वटावडा वाहेक सवै वडा कार्यालयहरु भाडामा रहेका ।<br>- आवश्यक मात्रामा प्राविधिक तथा प्रशासनिक कर्मचारी नभएका ।<br>- गाँउपालिकामा रहेको स्रोत साधन अप्रयाप्त रहनुका साथै अव्यवस्थित भएको ।<br>- डिजिटल हाजीरी मेशिनको प्रभावकारी प्रयोग गाँउपालिकाभर नभएको<br>- गाँउपालिकामा कम्प्यूटर ल्याव र विद्युतिय भरपर्दो साधन नभएको ।<br>- आवश्यक सूचनाहरु समयमै उपलब्धतामा ढिलाई हुनु ।<br>- गाँउपालिकाभर भरपर्दो विद्युत र इन्टरनेट सेवा नभएको ।<br>- पावरव्याक अप्रयाप्त । | - सेवा प्रवाह प्रभावकारी हुन नसक्नु ।<br>- आर्थिक व्ययभार वढ्नु<br>- समयमै सेवा उपलब्ध नहुनु ।<br>- कार्यालय संचालन नियमित रुपमा नहुनु ।<br>- सेवा प्रवाहमा ढिला सूस्ती हुनु ।<br>- समयमै सूचना नपाउनु<br>- योजनाको गुणस्तर कायम नहुनु ।<br>- समयमै योजना सम्पन्न नहुनु ।<br>- कर्मचारीमा कार्यवोझ वढ्नु ।<br>- गाँउको कार्यसम्पादन मूल्याङ्कन घट्नु ।<br>- समयमै वजेट खर्च नहुनु ।<br>- दरबन्दी अनुसारको जनशक्तिको अभाव | - गाँउपालिकाको आफ्नै भवन निर्माणको लागि वजेटको अपुग ।<br>- गाँउ तथा वडा कार्यालयको नाममा जग्गा मापदण्ड अनुसार नहुनु ।<br>- दरवन्दि अनुसार कर्मचारी व्यवस्थापन नहुनु ।<br>- कार्यालय व्यवस्थापनका लागि आवश्यक स्रोत साधन अप्रयाप्त हुनु ।<br>- प्राविधिक जनशक्ति अप्रयाप्त हुनु ।<br>- कर्मचारीको सिप, क्षमता र दक्षता अभिवृद्धि गर्न सेवा प्रवेश, सेवा कालिन तथा पूनर्ताजगी तालिम संचालनमा कमी हुनु ।<br>- सेवा ग्राहीको चेतनामा कमी ।<br>- क्षतिपूर्ति सहितको नागरिक वडापत्रको वारेमा नागरीकहरुलाई सचेतना नहुनु । | गाँउपालिका र सवै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अभिवृद्धि गर्ने । | - गाँउपालिकाको केन्द्रमा मापदण्ड अनुसारको जग्गा व्यवस्था तथा कार्यालय भवन निर्माण गरी आवश्यक जनशक्ति सहितको सेवा प्रदान गर्ने ।<br>- गाँउपालिकामा रहेका स्रोत साधनहरुको समुचित प्रयोगका साथै थप आवश्यक सामग्रीहरुको व्यवस्था गर्ने ।<br>- गाँउपालिकामा दरवन्दी सहितका कर्मचारीहरुको सर्वेक्षण गरी पदपुर्तिका लागि संघिय एवं प्रदेश लोकसेवा आयोगमा पेश गर्ने ।<br>- डिजिटल हाजिरीको प्रभावकारी प्रयोगका साथै सेवा प्रवाहमा विद्युतिय शुसासनको प्रयोग गर्ने ।<br>- गाँउपालिकाको कार्यालय, वडा कार्यालयमा भरपर्दो पावर व्याकअप, व्यवस्थित कम्प्यूटर, स्क्यानर, टेलिफोन सेट, इन्टरनेट सेवा, प्रिन्टर, फोटोकपी मेशिन, राजश्व सम्वन्धि सफ्टवेयर, लेखा र तथ्याङ्क सम्वन्धि सफ्टवेयरहरु भएका लाई |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - १० वटासामुदायिक वन रहेका ।<br>- गाँउपालिका भरि ३६ वटाआमा समुह जसमा १३५ जना आवद्ध भएका ।<br>- ४ वटामहिला सहकारी संस्था रहेको ।<br>- साना किसान, कृषि सहकारी, वचत तथा ऋण सहकारी संस्था आदि गरी जम्मा ५४० जना आवद्ध रहेका ।<br>- इन्टरनेट सेवा ३ वटावडा , गाँउपालिकामा र ३ वटाविद्यालयमा जडान भएको ।<br>- गाँउपालिकाको वेवसाइट र मोवाइल एप संचालनमा रहेको ।<br>- ४ वटास्वास्थ्य संस्थाका आ-आफ्नै भवन भएका ।<br>- १७ ओटै विद्यालयका आफ्नै भवन तथा खेलमैदान भएका । | | | | | संचालन र नभएकोमा थप व्यवस्था गर्ने ।<br>- योजनाबद्ध मानव संसाधनको विकास गर्ने ।(दक्ष जनशक्ति उत्पादन)<br>- सकारात्मक सोचको लागि नियमित अभियान सञ्चालन गर्ने ।<br>- गाउँबाट बाहिरिएको जनशक्ति गाउँमा बस्ने वातावरण सृजना गरी गाँउको विकासमा सहभागि गराउने । |
| **वित्तिय स्रोत** | | | | | |
| - गाँउपालिकाको आन्तरिक आय स्रोत : ढुङ्गा, गिट्टी, बालुवा, काठ, दाउरा, जडिबूटी, पर्यटन सिफारिस दस्तुर , व्यवसायिक दस्तुर, व्यवसाय नविकरण दस्तुर गरेर जम्मा वार्षिक आम्दानी करिव ५-१० लाख सम्म भएको ।<br>- वित्तिय समानिकरण अनुदान एघार कारोड ६ लाख प्राप्त भएको । | - आन्तरिक आय न्यून भएको ।<br>- उत्पादन क्षेत्रमा लगानी कम हुनु ।<br>- करको दायरा वढाउने उद्योग व्यवसाय संचालन नभएको ।<br>- वित्तिय लगानीको लागि वैङ्कीङ कर्जा प्रवाह नभएको । | - गाँउपालिकालाई आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गर्न नसक्नु ।<br>- अत्यावश्यक सामग्रीहरु खरिद व्यवस्थापन गर्न नसक्नु ।<br>- लक्षित योजना तथा कार्यक्रमहरु संचालन गर्न कठिनाई । | - संक्रमणकालीन अवस्थाको प्रभाव ।<br>- कर्मचारी व्यवस्थापनको लागि आन्तरिक आम्दानीका स्रोतहरुको कमी ।<br>- राजश्व संकलनका स्रोतहरु प्रयाप्त नहुनु<br>- विकास साझेदारहरुलाई | - गाँउपालिकाको आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी आर्थिक वृद्धि गर्ने । | - बित्तिय साक्षरता सञ्चालन गर्ने ।<br>- सरल र सुलभ बित्तिय पहुँच पुर्याउने ।<br>- बित्तिय बैंक, निजि लगानीकर्ता र सहकारी लगायतका क्षेत्रमा अनिबार्य बचत प्रणाली अवलम्बन गर्ने<br>- श्रम रोजगार बैंक स्थापना गरि परिचालन गर्ने । |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - ससर्त अनुदान पाँच कारोड ५२ लाख अनुदान प्राप्त भएको ।<br>- राजस्व फाँटको स्थापना गरी कर,गैर कर,आन्तरिक आय आदि बिषयमा छलफल गर्ने गरीएको । | - विकास साझेदारहरुको लगानीमा कमी ।<br>- निजि लगानीकर्ता शुन्य भएको ।<br>- विकास निर्माणमा समुदायको सक्रियता नभएको ।<br>- जनताका आयमुलक कार्यक्रमहरु संचालन नभएका ।<br>- आवश्यक जनशक्तिको अभाव<br>- आम्दानिका स्रोतहरुको खोजी, अनुसन्धान र व्यवसायीकरण नभएको | - गाँउको आन्तरिक आय स्रोतमा कमी ।<br>- उद्योग, व्यापार, तथा व्यवसाय घट्नु ।<br>- भोकमरी पर्नु ।<br>- कुपोषणमा वृद्धि ।<br>- प्रति व्यक्ति आय न्यून हुनु ।<br>- आर्थिक वृद्धिदर न्यून हुनु ।<br>- कृषिमा व्यवसायीकरण गर्न नसकिनु । | लगानीमैत्रि वातावरण हुन नसक्नु ।<br>- जनताको सिप र क्षमता अभिवृद्धि गरी आयमुलक कार्यक्रमहरु संचालन नहुनु ।<br>- कृषि, उद्योग, व्यापार र पर्यटन क्षेत्रमा व्यवसायीकरण हुन नसक्नु । | | - गाँउक्षेत्र भित्रको सम्पति, व्यवसाय, वहाल, सेवा, शुल्क, दस्तुर जस्ता आम्दानीका स्रोतलाई संकलन र व्यवस्थित गर्ने ।<br>- आम्दानीका क्षेत्रको पहिचान गरी लगानीमा बृद्धि गर्ने ।<br>- घरेलु, साना तथा मझौला र ठुला उद्योगका क्षेत्रहरु पहिचान गरी आवश्यक लगानी गर्ने ।<br>- गै.स.स. विकास साझेदार, वित्तिय लगानीकर्ता र निजी साझेदार लगानीकर्ताहरुको लगानी वृद्धि गर्ने । |
| **योजना तर्जुमा, अनुगमन मूल्याङ्कन** | | | | | |
| - गाँउस्तरिय अनुगमन समिति गठन भएको ।<br>- बिस्तृत घरधुरी सर्वेक्षण गरी सूचना लिएको<br>- आ.व ०७४/०७५ मा आर्थिक ऐन लगायत अन्य २३ वटाऐन, कानून पास भई कार्यान्वयनमा रहेका ।<br>- गाउँपालिकाको बस्तुगत विवरण निर्माण भएको ।<br>- आवधिक योजना, वार्षिक योजना निर्माण र गुरु योजनालाई व्यवस्थित गर्न ५ वटाविषयगत समिति र उप-समिति गठन गरी | - वार्षिक योजना तर्जुमा व्यवस्थित र व्यवहारिक नभएको ।<br>- योजना कार्यान्वयनमा नियमित र प्रभावकारी अनुगमनको अभाव ।<br>- पूर्वाधार सम्वन्धि योजना तथा कार्यक्रम संचालनमा गुणस्तरियता कायम नभएको ।<br>- स्थानीय सरकारलाई स्थानीय सरकार संचालनमा विषय विज्ञको कमी । | - योजना छनौटमा मनोगत प्रवृति हावी हुनु ।<br>- निर्धारित समय भित्र योजना निर्माण सम्पन्न नहुनु<br>- लक्षित वर्गसम्म योजनाको पहुँच नपुग्नु ।<br>- आवश्यकता अनुसारका योजना छनोट नहुनु ।<br>- योजनामा अनियमितता, | - योजना छनौट प्रक्रिया सहभागितामुलक नहुनु<br>- योजना प्रति समुदाय र उपभोक्ता समिति जिम्मेवार र जवाफदेही नहुनु ।<br>- योजना अनुगमन तथा मूल्याङ्कन नतिजामुलक र सूचकको आधारमा नहुनु ।<br>- उपभोक्ता समिति गठन पहुँचका आधारमा हुनु ।<br>- समयमै रणनीतिक योजना तर्जुमा नहुनु । | स्थानीयस्तरको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सुदृढ एवं प्रभावकारि वनाउने । | - आमभेलाद्धारा योजना तर्जुमा तथा योजनाको प्राथमिकिकरण निर्धारण गर्ने ।<br>- योजना कार्यान्वयनको सुरुदेखि अन्त्यसम्म नियमित र प्रभावकारी अनुगमनका साथै आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।<br>- योजना तथा कार्यक्रमका निश्चित मापदण्डहरु निर्धारण गरी गुणस्तरियता कायम गर्ने |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| योजना तर्जुमा गर्न अभ्यासको थालनी भएको ।<br>- वार्षिक योजनाको मध्यावधि समिक्षा गरी उपलब्धि मापन गर्ने गरीएको ।<br>- वडादेखि गाँउसम्म तहगत अनुगमन पद्धतिको सुरुवात गरिएको<br>- सवै विषयगत समितिको अलग अलग वजेट विनियोजन र योजना तर्जुमा गर्ने गरिएको ।<br>- वस्ति स्तरदेखि गाँउसभासम्म योजना तर्जुमाका सात ओटै चरणहरु अवलम्वन गर्ने गरिएको | - निर्धारित समयमा गाँउ बस्तुगत विवरण र आवधिक योजना नवनेको ।<br>- विषयगत समितिको काम कर्तव्य र भुमिका वारे प्रस्ट नहुनु ।<br>- योजना छनौटमा जनसहभागिताको कमी ।<br>- वस्ति स्तरदेखि गाँउसभासम्म योजना तर्जुमाका सात ओटै चरणहरु प्रभावकारी तवरले अवलम्वन गर्न नगरेको । | ढिलासुस्ति र गुणस्तर हिन<br>- पूर्वाधार सम्वन्धि योजनाहरु टिकाउ नहुनु ।<br>- विषयगत योजना छनौट नभई कार्यान्वयन नहुनु ।<br>- क्षेत्रगत समस्या समाधान नहुनु ।<br>- योजनाले सर्वक्षेत्रको प्रतिनिधित्व गर्न नसक्नु ।<br>- योजनाको प्राथमिकताक्रम तोक्न नसक्नु ।<br>- गाँउपालिकालाई भावि योजनाको वारे जानकारी नहुनु । | - गाँउ बस्तुगत विवरण समयमै तयारी र अध्यावधिक नहुनु ।<br>- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्ति नहुनु ।<br>- ठुला योजनाहरुलाई मात्र प्राथमिकता दिनु<br>- योजना तथा कार्यक्रमहरु पारदर्शी नहुनु । | | - आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरी योजना अनुगमन, मूल्याङ्कन र गुणस्तरियता कायम गर्ने ।<br>- विषयगत समितिका सदस्यहरुको सिप तथा क्षमता अभिवृद्धि सम्बन्धि तालिमको व्यवस्था गर्ने । |
| **शुसासन** | | | | | |
| - सूचना अधिकारी तोकिएको<br>- विद्युतिय हाजिरी मेशिन रहेको<br>- विषयगत समिति वनेका<br>- स्थानीय सरकार संचालन ऐन, २०७४ बाट प्राप्त अधिकार क्षेत्रका आधारमा ऐन, नियम विनियम,नीति, निर्देशिका, कार्यविधि वनेका<br>- गाँउसभावाट ऐन, नियम निर्देशिका, स्विकृत भई कार्यान्वयन गरीएको । | - गाँउपालिका तथा वडा कार्यालयमा नागरीक वडा पत्रको व्यवस्था गरिएको ।<br>- विद्युतिय हाजिरी प्रयोग गरिएको ।<br>- इमेल, इन्टरनेट, वेवसाइट, सामाजिक संजाल, श्रवण सूचना पाटी मार्फत आवश्यक | - सेवाग्राहीलाई सेवा प्राप्तिमा कठिनाई ।<br>- सेवा प्रवाहवारे जानकारी नहुनु ।<br>- योजना टिकाउ नहुनु ।<br>- विषयगत समितिका योजनाहरुको पहिचान नहुनु ।<br>- सेवाग्राहीहरु सेवा प्रदायक प्रति सन्तुष्ट नहुनु । | - सेवा प्रवाह सम्वन्धि नागरीक वडा पत्र नभएको ।<br>- योजनामा नियमित अनुगमन र मूल्याङ्कनमा कमी<br>- राजनैतिक प्रभावका कारण योजना व्यवस्थापनमा कमी । | गाँउपालिकाको सेवा प्रवाहमा पारदर्शि,जवाफदेहिता वृद्धि गरि सुशासन कायम गर्ने । | - गाँउकार्यपालिकाका निर्णयहरु सार्वजनिक विद्युतिय संचार माध्यमद्वारा सार्वजनिक गर्ने ।<br>- गाँउपालिकाका सवै विषयगत शाखाका मासिक, चौमासिक, वार्षिक प्रगति प्रतिवेदन, आगामी योजना, लागत |

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उदेश्य | लिनुपर्ने मुख्य नीतिहरु |
|---|---|---|---|---|---|
| - विद्युतिय भुक्तानी, विद्युतिय वोलपत्र लागु भएको ।<br>- सूचना पाटिको व्यवस्था गरिएको<br>- इमेल,इन्टरनेट,वेवसाइट, सामाजिक संजाल, श्रवण सूचना पाटीको व्यवस्था भएको<br>- प्रत्येक योजना निर्माण सम्पन्न पश्चात रकम भुक्तानी पुर्व सार्वजनिक लेखापरिक्षण अनिवार्य गरिएको | सूचना नियमित प्रसारण नभएको ।<br>- सार्वजनिक लेखा परिक्षण र सार्वजनिक सुनुवाईमा आर्थिक पक्षलाई मात्र हेर्ने गरेको र गुणस्तरको पक्षलाई ध्यान नदिएको ।<br>- विषयगत समिति, उपसमितिको नियमित वैठक वसि आवश्यक छलफल नहुनु ।<br>- गुनासो सुनुवाई सम्यन्त्रको व्यवस्था नहुनु ।<br>- विषयगत शाखाको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन, योजना, वजेट प्रसारण तथा प्रवाहमा कमी<br>- राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्डको व्यवस्था नहुनु ।<br>- स्थानीय ऐन,कानुन,नीति,नियम, निर्देशिकाको कमी ।<br>- गाँउसभा, गाँउकार्यपालिका निर्णयहरु सार्वजनिक नहुनु । | - योजना तथा कार्यक्रममा अनियमितता वढ्नु<br>- सरोकारवालहरुलाई कार्यक्रमको बारेमा जानकारी नहुनु ।<br>- जनताका गुनासाहरुको वेलैमा सम्वोधन हुन नसक्नु ।<br>- लक्ष्य अनुसारको उपलब्धि हासिल गर्न नसक्नु ।<br>- राहत, उद्धार,संरक्षण र कार्यक्रममा लगानी नहुनु ।<br>- आर्थिक कारोवारमा वित्तिय अनुशासन कायम नहुनु । | - समुदाय, उपभोक्ता समिति, र कर्मचारी विच समन्वयको कमी<br>- त्रैमासिक,अर्धवार्षिक र वार्षिक समिक्षा एवं सुनुवाई समयमा नहुनु<br>- कर्मचारी, उपभोक्ता, र जननिर्वाचित पदाधिकारी विच मनमुटाव हुनु । | | प्रतिवेदन समयमै सार्वजनिक गर्ने ।<br>- इमेल, इन्टरनेट, वेवसाइट, लगायतका सामाजिक संजाल र श्रवण सूचना पाटी, मोवाइल एपमार्फत आवश्यक सूचना नियमित अध्यावधिक गर्ने व्यवस्था गर्ने ।<br>- कार्यमुलक लेखा परिक्षण प्रणालीको व्यवस्थालाई कार्यान्वयन गर्ने ।<br>- क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारि गरी गाँउपालिकाका सवै सरकारी कार्यालयमा कार्यान्वयन गर्ने ।<br>- तेस्रो पक्षद्धारा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गर्ने<br>- गुनासो सुनुवाई संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।<br>- स्थानीय स्तरका अधिकार क्षेत्रभित्रका विषयमा आवश्यकता अनुसार ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने ।<br>- योजना सफ्टवेयर, जिन्सी सप्टवेयर,स्थानीय सञ्चित कोष प्रणाली लागू गर्ने । |

२.३ योजना खाका

२.३.१ दीर्घकालिन सोच
स्पष्ट दीर्घकालिन सोचको निर्माणले गाउँपालिकाको योजनाबद्ध विकासलाई टेवा पुग्ने भएकाले भविष्यमा विभिन्न क्षेत्रगत योजनाहरु तर्जुमामा समेत स्पष्टता आइ चाहेको उपलब्धी हासिल गर्न सकिन्छ । यसप्रकार सोको लागि आवश्यक उपयुक्त नीति,सिद्धान्त,रणनीति तथा प्राथमिकताहरु पहिचान एवं परिभाषित भएमा योजनाले लक्षित गरेको सूचकहरु पुरा गर्न सकिन्छ । खार्पूनाथ गाउँपालिकाका विकासका प्राथमिकताका क्षेत्रहरुमा कृषि,जडिबुटि, पर्यटन तथा विद्युतको विकासमा केन्द्रित गरिएको छ । आवधिक विकास योजना (आवियो) मा पनि यसै बमोजिम गाउँ विकासको गति निर्धारण गरिएको छ । योजनावद्ध विकासको अर्को खुड्किलोको रुपमा गाउँपालिकाको समग्र पक्षलाई समेटी गाउँपालिकाको सुदूर भविष्यको परिकल्पनाका साथ वर्तमान अवस्था, भावी चुनौति र संभावनालाई दृष्टिगत गरी खार्पूनाथ गाउँपालिकाको आवधिक विकास योजना पूर्वतयारी गोष्ठी, विषयगत समूह छलफल तथा अन्तिम कार्यशाला गोष्ठीमा सहभागि बीचको छलफल तथा विषय विज्ञको सुझाव र परामर्शका आधारमा प्रथम पटक तय गरिएको यो आवधिक विकास योजनाको दीर्घकालिन सोच "खार्पूनाथ गाउँपालिकाको समृद्धिको आधार,कृषि,जडिबुटी,पर्यटन र भौतिक पूर्वाधार" रहेको छ ।

२.३.२. स्थानीय तहको लक्ष्य
सामाजिक न्यायसहितको मध्यम आय भएका गाउँपालिकाको स्तरमा पुग्ने ।

२.३.३ स्थानीय तहको उद्धेश्य

- ब्यबसायिक कृषि,पर्यटन,उर्जा,पशुजन्य उत्पादन, घरेलु उद्योग, सहकारी र पर्यटन क्षेत्रको विकास गरी गाउँपालिकावासीको रोजगारी र आयआर्जनमा बृद्धि गर्ने
- महिला, बालबालिका, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु तथा युवाहरुको जीवनस्तरमा सुधार ल्याउन प्रभावकारी स्वास्थ्य सेवा, आधारभूत तथा गुणस्तरीय शिक्षा, खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समानुपातिक तथा समावेशीको आधारमा गाउँपालिकाको समस्टिगत विकास गर्ने ।
- गाउँपालिकाभरी भौतिक पूर्वाधारको विकास गरी गाउँवासीहरुको आर्थिक तथा सामाजिक स्थितिमा पहुँच पुऱ्याउने
- वन, जैविक, जलाधार, विपत् तथा जलवायुसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरी उत्थानशील समाजको निर्माण गर्ने ।
- गाउँपालिकाको संरचना र मानव शंसाधनको उचित व्यवस्थापन,गैसस तथा सामाजिक संस्थाहरुको संस्थागत विकास गरी निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्दै मानव अधिकार तथा सुशासनको स्थितिमा सुधार ल्याउने ।

२.३.४ परिमाणात्मक लक्ष्य

- प्रतिव्यक्ति आय अमेरिकी डलर ७९४ बाट ८५० पुगेको हुने
- साक्षरता प्रतिशत ४७.९१ बाट ६० पुगेको हुने
- औसत आयु ६४.१५ बाट ७० पुगेको हुने
- वर्षै भरि सडक पहुँच भएका जनसंख्या प्रतिशत २ बाट १५ प्रतिशत हुने
- उर्जा स्रोतमा पहुँच पुग्ने जनसंख्या प्रतिशत ८९.३४ बाट ९५ पुगेको हुने
- सञ्चारका साधनहरुमा पहुँच पुगेको परिवार संख्या ६९ प्रतिशत बाट ८० प्रतिशत पुगेको हुने
- गाउँपालिकावासीको आर्थिक तथा सामाजिक स्थितिमा सुधार आएको हुनेछ ।
- मानव सुचाकाङ्क ०.३७६ बाट ०.४९० पुगेको हुनेछ
- जिल्लाको गरिवी दर ५१.२ प्रतिशतबाट ४० प्रतिशतमा झरेको हुनेछ ।
- जिल्ला गरिवी मापन ४९.०३ बाट ३०.१२ पुगेको हुनेछ ।

२.३.५ रणनीतिहरु
गाउँपालिकाले लिएको विषयगत लक्ष्यहरुलाई हासिल गर्न देहायअनुसार विषयगत लक्ष्य प्राप्तिका लागि रणनीति निर्धारण गरिएको छः

**आर्थिक विकास :**

- जैविक तथा वानस्पतिक विषादीको उत्पादन गरी हानीकारक रसायनीक विषादी र रसायनीक मलको अन्त्य गर्ने,
- एक वडा एक कृषि /पशू सेवा प्राविधिकको व्यवस्थागर्ने ।
- एक घर एक करेसाबारी बनाउन आवश्यक व्यवस्था गर्ने ।
- व्यवसायिक रुपमा कृषि, पशुपालन तथा स्थानीयउत्पादनमा आधारीत उद्योग संचालन गर्ने युवालाई विशेष प्रोत्साहन गर्ने ।
- टुक्रीएर रहेका जग्गाहरुलाई एकितृत गरी चक्लाबन्दी तथा पकेट क्षेत्रको रुपमा विकास गर्ने ।
- पम्परागत खेतीको अन्त्य गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी आधुनिक खेती प्रणालीको विकास गर्ने ।
- बजारिकरण व्यवस्थाको लागि प्रत्येक वडा स्तरमा शित भण्डारण केन्द्रको स्थापना गर्ने ।
- अर्गानीक उत्पादन, प्रमाणीकरण तथा बजारीकरण गर्ने ।
- एक टोल एक सिचाई कुलो निर्माण गरी बाह्रै महिना ब्यवसायिक खेति गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
- फलफुल खेतीमा प्रवर्द्धन गरी नमुना कृषि उत्पादन क्षेत्रको विकास गर्ने ।

**सामाजिक विकास :**

- स्थानिय तह र सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा आवश्यकतामुखी पुर्वाधार निर्माण गर्ने ।
- सक्रिय शिक्षण, वैज्ञानिक मुल्याङ्कन प्रणाली, आधुनिक शिक्षण प्रविधिको प्रयोग मार्फत सिकाई उपलब्धि सुधार गर्ने ।
- विद्यालय, शिक्षक विद्यार्थी अनुपात हेरी प्राथमिकताका आधारमा अन्तरक्रिया गरी सहमतिका आधारमा विद्यालय गाभ्ने र दरबन्दि मिलान गर्ने ।
- प्रत्येक वर्ष एक- एकका दरले चार वटै माविलाई आवश्यक मापदण्ड सहितको नमुना विद्यालय घोषणा गर्ने ।
- सरोकारवाला निकाय सङ्गको समन्वय सहकार्यमा विद्यालय वासका पुर्वाधार निर्माण, प्रयोग र प्रभावकारीता परीक्षणमा नियमितता दिने ।
- शिक्षक, कर्मचारी, जनप्रतिनधि तथा अन्य ब्यक्तित्वहरुका छोरा छोरीहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने ।
- प्रत्येक बस्तिमा अनिर्वाय अभिभाबक शिक्षा संचालन गर्ने ।
- अनिर्वाय आधारभुत शिक्षा, निशुल्क माध्यामिक शिक्षा, प्रारम्भिक कक्षा सिकाई अनिवार्य रुपमा कार्यन्वयन गर्ने ।
- बालमैत्रि, आपाङ्ग, लैङ्गीक तथा बातावरणमैत्री भौतिक संरचना निमार्ण गर्ने ।
- विद्यालय कार्य सम्पादन करार सम्फौता प्राथमिकता साथ कार्यान्वयन गर्ने ।
- अधारभुत तहमा कम्तीमा एक कक्षा एक शिक्षक र ४० बिद्यार्थी बराबर एक शिक्षक ब्यबस्थापन गर्ने ।
- कक्षा एकदेखि तिनसम्म चौतर्फि बिकासमा ध्यान दिई कक्षा शिक्षण र कक्षा ४ देखि १२ सम्म बिषय शिक्षणको ब्यबस्थापन गर्ने ।
- राष्ट्रिय मापदण्ड अनुसार विद्यालयमा खानेपानी तथा सरसफाइ सुविधा सुनिश्चित गरी तारे बिधी लागु गर्ने ।
- असहाय तथा टुहुरा बालबालिकाका भर्ना तथा निरन्तरताका लागि सहयोग गर्ने ।
- पूजीगत बजेटको २० प्रतिशत बजेट शैक्षिक क्षेत्रमा लगानी गर्ने ।
- सबै स्वास्य संस्था मार्फत संचालन गरिने सेवाको गुणस्तरीयता सुनिश्चित गरि स्वास्थ्य सुशासन कायम गर्ने ।
- आकस्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गरी तोकिएको बमोजिम कोष संचालन गर्ने ।
- समुदायको सहभागीता सुनिश्चित गर्दै स्वस्थ रहन नागरीकको जिम्मेवारीलाई स्वास्थ्य सचेतना मार्फत स्वस्थ जीवनशैली प्रबर्द्धन गर्ने ।
- एलोप्याथिक,आयूर्वेद र बैकल्पिक उपचार पद्धतिको एकीकृत सेवा प्रवाह गर्ने ।
- स्वास्थ्य/स्वास्थ्य सुचना प्रणालीलाई सुदृढिकरण गरि ई रिपोर्टिंग गर्ने ।
- खानेपानीका श्रोत तथा मूलहरुको संरक्षण, ब्यवस्थापन तथा पुनर्भरण गर्ने ।
- अनिवार्य रुपमा एक घर एक धारा निर्माण एवं पुर्ण सरसफाइ अभियान संचालन गर्ने ।

- निर्माण भएका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा व्यवस्थापन र सुधार विस्तार गरि खानेपानी सुरक्षा योजना लागु गर्ने ।
- उत्कृष्ट शैक्षिक संस्था, स्वास्थ्य संथा तथा उपभोक्ता समितिहरुलाई पुरस्कार तथा प्रोत्साहन गर्ने ।
- विपन्न तथा पछाडि पारीएका वर्गहरुलाई निर्णायक तहमा पहुँच अभिवृद्धि गर्ने ।
- एकल महिला तथा लक्षित वर्गहरुका लागि सिप विकास तथा आयआर्जनका कार्यक्रम संचालन गर्ने ।
- युवा स्वरोजगार तथा प्रवर्द्धन कार्यक्रम संचालन गर्ने ।
- बाल विबाह, छाउपडी, महिला हिंसा, छुवाछुत जस्ता सामाजिक कुरुतीहरुको अन्य गर्ने ।
- मदिरालाई सधैका लागि निषेधित गर्ने ।
- बाल श्रमलाई अन्त्य गरि बाल श्रम कानुनी कार्वाही गर्ने

**भौतिक पूर्वाधार विकास :**

- सबै बस्तीहरुमा सडक संजाल विस्तार गर्ने तथा गोरेटो घोरेटो बाटोमा लगानी घटाउने ।
- भौतिक संरचना निर्माण गर्दा विपद् जोखिम न्यूनीकरणलाई अनिवार्य समावेश गर्ने ।
- खार्पुनाथ गाउँपालिकामा उज्यालो अभियान लागु गरि विधुतिकरण गर्ने ।
- एकीकृत वस्ती तथा स्मार्ट शहरको स्थापना तथा व्यवस्था गर्ने
- नयाँ घर निर्माण गर्दा अनिवार्य रुपमा सुरक्षित घरको नक्सा पास गरि निर्माण गर्ने ।
- खार्पुनाथ गा.पा.लाई सुचना तथा संचार प्रविधिमा समायोजन गर्ने ।
- सडक संजाललाई प्रत्येक वस्ति वस्तिमा लिङ्क रोड जोड्न गाउँपालिका स्तरबाट बजेट विनियोजन गर्ने
- गाउँपालिका यातायात गुरुयोजना,एकीकृत शहरी विकास योजना,खानेपानी,सरसफाइ तथा स्वच्छता सम्बन्धि रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने

**वन, वातावरण तथा विपद् व्यवस्थापन :**

- पाखो र नाँगो क्षेत्रलाई बृक्षारोपण गरी हरीयाली बनाउने ।
- प्रत्येक वनमा बृहत हाइटेक नर्सरी स्थापना गर्ने ।
- २०१७ साल भन्दा पछि अतिक्रमण गरेका वनलाई खारेज गर्ने ।
- मुहानको पहिचान तथा संरक्षण सहित स्वच्छ खानेपानीको व्यवस्था गर्ने ।
- बस्तीबाट निस्कने फोहोरको उचित व्यबस्थापन गर्ने ।
- जलाधार तथा सिमसार क्षेत्रको संरक्षण गर्ने ।
- भवन निर्माण आचार संहिता अनिवार्य रुपमा लागु गर्ने ।
- जोखिम पार्श्वचित्रको आधारमा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति, कानुन बनाई लागु गर्ने ।

**सस्थागत विकास तथा सेवा प्रवाह :**

- गाँउपालिकाको केन्द्रमा मापदण्ड अनुसारको जग्गा व्यवस्था तथा कार्यालय भवन निर्माण गरी आवश्यक जनशक्ति सहितको सेवा प्रदान गर्ने ।
- गाँउपालिकामा करको दायरा फराकिलो गर्ने ।
- गै.स.स., विकास साझेदार, वित्तिय लगानीकर्ता र निजी साझेदार लगानी कर्ताहरुको लगानी वृद्धि गर्ने
- आमभेलाद्धारा योजना तर्जुमा तथा प्राथमिकिकरण निर्धारण गर्ने ।
- योजना कार्यान्वयनको सुरुदेखि अन्त्यसम्म सुचकमा आधारित नियमित र प्रभावकारी अनुगमनका साथै आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।
- गाँउपालिकाका सवै विषयगत शाखाका मासिक, चौमासिक, वार्षिक प्रगति प्रतिवेदन, आगामी योजना, लागत प्रतिवेदन समयमै सार्वजनिक गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन तेस्रो पक्षद्धारा गर्ने व्यवस्था गर्ने ।

## २.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

### २.४.१ आर्थिक बृद्धिदर

खार्पूनाथ गाउँपालिका नीतिगत स्थायित्वको दिशामा अगाडि बढेसंगै योजना अवधिमा सुशासनमा उल्लेख्य रूपमा सुधार भएमा निर्माणाधीन अधिकांश बृहत् प्रकृतिका आयोजना र बृहत् प्रकृतिका कार्यक्रम तथा आयोजना सम्पन्न गर्न सहज हुन जान्छ । साथै, ऊर्जा उत्पादनमा उल्लेख्य वृद्धि भएमा उर्जाको खपत तथा उपयोगमा बृद्धि भएको हुन्छ । उल्लेखित प्रयासहरूबाट कृषि,उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भएमा आर्थिक बृद्धि हुनेछ। आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न लगानीमा उच्च वृद्धिका अतिरिक्त श्रमशक्तिको उत्पादनशील उपयोग र जलस्रोत, भूमि, वन सम्पदा,खनिज पदार्थ लगायतका प्राकृतिक स्रोत साधनको दिगो परिचालन गर्न आवश्यक देखिन्छ । आर्थिक वृद्धिका लागि कृषि तथा वन,खानि तथा उत्पादनमलूक उद्योग, विद्युितीय ऊर्जा, निर्माण, पर्यटन,यातायात तथा सचूना प्रविधि,शिक्षा र स्वास्थ्य प्रमुख क्षेत्र हुन् र यो  हासिल गर्नको लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै लगानी आकर्षण तथा परिचालन अपरिहार्य छ ।

### २.४.२ लगानीको आवश्यकता र श्रोत

नेपाल संघीय स्वरुपमा गए पश्चात् समृद्धिको दिशामा अगाडि बढ्नका लागि स्थानीय तहदेखि नै विकास र समृद्धि आवश्यक छ। तसर्थ यस गाउँपालिकाका सम्पूर्ण बस्ती,वडा तहसम्म यातायात,सञ्चार,शिक्षा तथा स्वास्थ्य र सार्वजनिक सेवा सम्बन्धि पूर्वाधारको निर्माण तथा बिस्तार गर्नका लागि लगानीको टड्कारो आवश्यकता छ। उच्च गुणस्तरको स्वास्थ्य,शिक्षा र पोषण सहितको मानव पुजी निर्माण,कृषकमा नविनतम् ज्ञान तथा सीप विकास,यान्त्रीकरण,सिंचाइ,भूमि विकास,चक्लाबन्दी र उच्च मूल्यका कृषि तथा वन पैदावारको विकास गरी कृषि क्षेत्रमा उत्पादकत्वमा बृद्धि गर्न आवश्यक छ। उर्जाको सहज र सुलभ उपलब्धता,आधुनिक प्रविधिको अवलम्बन र उच्च प्रविधि तथा ज्ञानमा आधारित सेवा प्राप्त गर्न लगानीको आवश्यकता पर्ने देखिन्छ ।

उपरोक्त प्रकृतिका भौतिक पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहका लागि गाउँपालिकाले सम्भव भएसम्म आन्तरिक आयमा बृद्धि,राजस्व तथा गैरकर राजस्व संकलनमा तदारुकता देखाई श्रोत संकलनमा योगदान दिन सक्छ। यसका अलावा पर्यटन क्षेत्रलाई बढोत्तरी गर्दै आन्तरिक तथा बाह्य पर्यटकबाट लाभ लिन सकिन्छ साथसाथै वनपैदावार र जडिबुटीको प्रचुर सम्भावना रहेको यो क्षेत्रमा उपयुक्त तरिकाले दोहन गर्न सकेमा गाउँपालिकालाई आवश्यक पर्ने श्रोतको लागि अन्य क्षेत्रसंगको परनिर्भरता हटाउन सकिन्छ ।

## २.४.३ सार्वजनिक श्रोत ब्यवस्था

आधारभूत सार्वजनिक सेवा प्रवाह,आवधिक योजनाको लक्ष्य तथा दिगो विकास लक्ष्य र अन्य लक्ष्य हासिल गर्ने दिशामा अग्रसर हुन सरकारी लगानी तथा खर्चको महत्वपूर्ण भूमिका हुन्छ। घरपरिवार,नीजि क्षेत्र,सहकारी तथा सामुदायिक क्षेत्रको लगानी आकर्षण गरी योजनाको निर्धारित लक्ष्य हासिल गर्न समेत सार्वजनिक श्रोतको आवश्यकता पर्दछ। उक्त श्रोतको ब्यवस्थाका लागि,राजस्व,आन्तरिक ऋण,बैदेशिक सहयोग,आन्तरिक आम्दानी आदि क्षेत्रबाट सार्वजनिक श्रोतको ब्यवस्था गर्नुपर्ने हुन्छ ।

तालिका नं : सार्वजनिक श्रोतको प्रक्षेपण

| बजेटका श्रोतहरु | आ.व. | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम (रु. हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| १.आन्तरिक आय | १००० | ११००।०० | १२१०।०० | १३३१।०० | १४६४।१० | ६१०५।१० |
| २.राजश्व | ४८०५०।०० | ५००००।०० | ५५०००।०० | ६००००।०० | ६५०००।०० | २७८०५०।०० |
| ३.बैदेशिक सहायता | | | | | | |
| बैदेशिक अनुदान | ०० | ०० | ०० | ०० | ०० | ०० |
| बैदेशिक ऋण | ०० | ०० | ०० | ०० | ०० | ०० |
| आन्तरिक ऋण | ०० | ०० | ०० | ०० | ०० | ०० |
| कुल जम्मा | ४९०५०।०० | ५११००।०० | ५६२१०।०० | ६१३३१।०० | ६६४६४।१० | २८४१५५.१ |

## २.४.४ अन्तर सरकारी वित्त

आवधिक योजना कार्यान्वयन गर्न निर्धारित गरिएका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको आन्तरिक स्रोत, संघ र प्रदेशबाट प्राप्त हुने सबैखाले अनुदान तथा विकास साझेदार र गैसस तथा समुदायमा आधारित संस्था एवं समुदाय एवं

नीजि क्षेत्रको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोत निर्धारण र योजना कार्यान्वयनका लागि देहायअनुसार स्रोत अनुमान गरिएको छ ।

अन्तर सरकारी वित्त ब्यबस्थापनतर्फ योजना अवधिमा कुल रकम रु १ अर्ब ९० करोड ५१ लाख ३३ हजार ८६ रुपैयाँ हस्तान्तरण हुने प्रक्षेपण गरिएको छ। जसमध्ये राजश्व बाँडफाँट तर्फ रु २९ करोड ३३ लाख ५० हजार ६० रुपैयाँ,अनुदान तर्फ रु १ अर्ब ६० करोड ५६ लाख ७७ हजार ९ सय ३० रुपैयाँ रकम हस्तान्तरण हुने अनुमान गरिएको छ जसको विस्तृत विवरण तालिका मा प्रस्तुत गरिएको छ।

तालिका १० : प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट

| बजेटका श्रोतहरु | आ.व. | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम (रु. हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| आन्तरिक आय | १००० | ११००।०० | १२१०।०० | १३३१।०० | १४६४।१० | ६१०५।१० |
| संघीय संरकारको अनुदान | | | | | | |
| वित्तीय समानीकरण अनुदान | ६८१०० | ७४९१०।०० | ८२४०१।०० | ९०६४१।१० | ९९७०५।२१ | ४१५७५७३१ |
| सशर्त अनुदान | १८११०० | १९९२१०।०० | २१९१३१।०० | २४१०४४।१० | २६५१४८।५१ | ११०५६३३।६१ |
| समपुरक अनुदान | ० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| विशेष अनुदान झो.पु.,साना सिंचाइ, पुर्वाधार,विद्यालय पुर्वाधार | | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| सडक वोर्ड | ० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| प्रधानमन्त्रि रोजगार कार्यक्रम | २७५० | ३०२५।०० | ३३२७५० | ३६६०।२५ | ४०२६।२८ | १६७८९।०३ |
| | | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| प्रदेश सरकाको समानिकरण अनुदान | ९८२१ | १०८०३।१० | ११८८३।४१ | १३०७१।७५ | १४३७८।९३ | ५९९५८।१९ |
| गैसस र सुमदाय आधारित संस्था | | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| वहुषेत्रिय पोषण | १२३५ | १३५८।५० | १४९४।३५ | १६४३।७९ | १८०८।१६ | ७५३९।८० |
| युनिसेफ | ० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| नीजि क्षेत्र | ० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| समुदाय/जनसहभागिता | | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| जम्मा | **२६३००६** | २८९३०६।६० | ३१८२३७२६ | ३५००६०।९९ | ३८५०६७०८ | १६०५६७७९३ |
| राजश्व बाडफाट | | | | | | |
| प्रदेश | २५० | २७५।०० | ३०२।५० | ३३२।७५ | ३६६।०३ | १५२६।२८ |
| संघ | ४७८०० | ५२५८०।०० | ५७८३८।०० | ६३६२१।८० | ६९९८३।९८ | २९१८२३।७८ |
| ७५।७६ को मौज्दात | ० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| कुल जम्मा | **३१२०५६** | **३४३२६१।६०** | **३७७५८७७६** | **४१५३४६।५४** | **४५६८८१।१९** | **१९०५१३३।०९** |

## २.४.५ श्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु :

यो आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्नेगरी स्रोत साधनको बाँडफाड तथाँ परिचालन गर्नु आवश्यक छ । समृद्धिको आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्य तथा परिपूरक भूमिका एवम आपसी सहकार्यबाट उल्लेख्य उपलब्धि हासिल हुनेगरी स्रोत साधनको बाँडफाँड तथा परिचालन गर्नु पर्दछ। आवधिक योजनाले निर्धारण गरेका लक्ष्य र उद्बेश्य कार्यान्वयनमा आवश्यक स्रोत साधनको बाँडफाँट तथा परिचालन गर्नुपर्नेछ। बिषय क्षेत्रगत रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनीतिक हस्तक्षेप गरेमा लगानीको उच्चतम् प्रतिफल हासिल हुनेछ । स्थानीय स्तरका कार्यक्रम र आयोजना स्थानीय तहबाट नै सम्पन्न गर्ने गरी श्रोत साधनको बाँडफाँट गर्नुपर्दछ। योजनाले लिएको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन,औद्योगिक पूर्वाधार निर्माण र पूर्वाधार निर्माण जस्ता जस्ता क्षेत्रमा लगानी केन्द्रित गर्नु आवश्यक हुन्छ। मानव पुजी निर्माण र सोको उच्चतम् उपयोगले उत्पादकत्व अभिबृद्धि,उच्च आयको आधार निर्माण र सुखको अनुभुती हुन सक्छ साथै पर्यावरण संरक्षण,सभ्य र न्यायपूर्ण समाज निर्माण तथा

सुशासनलाई थप सुदृढ बनाउनेगरी सार्वजनिक, निजि तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालन आवश्यक छ। यसका साथसाथै श्रोत साधनको बाँडफाट गर्दा समग्र क्षेत्र,बर्ग,जातजाति,बर्ण,लिङ्गको प्रतिनिधित्व हुने गरी सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप चाँडो प्रतिफल प्राप्त हुने,गरिबी निवारण हुने र स्थानीय श्रोत साधनको उच्चतम उपयोग हुने क्षेत्रमा श्रोत साधनलाई परिचालन गर्नु आवश्यक छ।

# परिच्छेद ३-समष्टिगत आर्थिक नीति

## ३.१ सार्वजनिक वित्त

### ३.१.१ सार्वजनिक खर्च

उपलब्ध स्रोत र साधनको कुशल तथा प्रभावकारी उपयोग गरी अर्थतन्त्रको आधार निर्माण गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ। नागरिकका बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही सम्बोधन गर्नुपर्ने अवस्था छ। साथै संविधानलें प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन गर्न बनेका आर्थिक दायित्वहरूको व्यवस्थापन गर्न सार्वजनिक खचर्को आवश्यकता पर्छ। संघीयं प्रणाली अनुरूप सार्वजनिक खर्चको संरचनां र खर्च गर्ने भूमिका एवं जिम्मेवारीमा परिवर्तन भएकोले स्थानीय तहले आफ्नो जिम्मेवारी बमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपने हुन्छ। सार्वजनिक खर्च प्रणालीलाई पारदशी,जवाफदेहि नतिजामूलक बनाउन सार्वजनिक खर्चको प्रभावकारी उपयोग गर्न आवश्यक छ।

चालुखर्चको तुलनामा पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नु,विनियोजन कुशलता र कार्यान्वयन दक्षताको कमी हुनु,प्रतिबद्यता अनुरुप विकास कार्य सञ्चालन हुन नसक्नु र आर्थिक अनुशासनको पालनामा कमी हुनु सार्बजनिक खर्च ब्यबस्थापनका प्रमुख समस्या हुन्। खर्च गर्ने क्षमताभन्दा बढी बजेट माग हुनु,निर्धारित समय,लागत,परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुनु,क्रमागत आयोजनाको संख्या बढी हुनु,भौतिक पूर्वाधार निर्माणमा मात्र ध्यान जानु र आयोजनको सुशासन कायम हुन नसक्नु थप समस्याका रुपमा रहेका छन्।

गाउँपालिकाको दीर्घकालिन सोच, आवधिक योजनाको लक्ष्यको मार्गचित्र र बार्षिक योजनाको लक्ष्य हासिल हुने गरी सार्बजकि खर्च व्यवस्थापन गर्नु,सार्वजनि खर्चको बढ्दो मागलाई कुशलतापूवक व्यवस्थापन गर्दै वित्तीय सघीयता कार्यान्वयन गर्नु विनियोजन कुशलता र खर्च गर्ने दक्षता अभिवृद्धि गर्नु चालु खर्चलाई वाञ्छित सीमामा राखी पुजीगत खर्चमा बृद्धि गर्नु,गाउँपालिकाको आवश्यकता र उपलब्ध श्रोत र साधनबिच सन्तुलन कायम राख्नु सार्बजनिक खर्चका प्रमुख चुनौतीको रुपमा रहेका छन्। सार्वजनिक खर्च प्रणालीमा भएका नीतिगत,कानूनी,प्रक्रियागत एवं प्रविधिजन्य सुधार,स्थानीय तहमा निर्वाचित सरकारको क्रियाशिलता,स्थानीय श्रोत र साधनको उच्चतम् परिचालनको सम्भावना,स्थानीय तहले स्थानीय रुपमै कानून बनाउन पाउने नीतिगत प्रावधान प्रमुख अवसर हुन्।

रणनीति

१.स्थानीय तहको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी नतिजामुलक बनाउने

२.सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने।

३.गाउँपालिकाको विकासको आवश्यकतालाई सम्बोधन गर्ने गरी न्यायोचित, सन्तुलित र परिपूरक रूपमा अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने।

४.सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने।

कार्यनीति

१.सार्वजनिक खर्च प्रणालीसंग सम्बन्धित कानूनको तर्जुम तथा कार्यान्वयनमा ल्याउने।

२.आवधिक योजना र वार्षिक योजना तथा बजेटबीच तादात्म्य कायम गर्न,कार्यक्रम र आयोजनाको प्राथमिकीकरण र स्रोतको सुनिश्चिता गर्न र सार्वजनिक खर्चलाई नतिजासंग आबद्ध गर्न मध्यमकालीन खर्च संरचनालाई संस्थागत गर्ने।

३.आर्थिक वर्षको सुरुवतादेखि नै पुँजीगत खर्च गर्न प्रोत्साहनको व्यवस्था गर्ने।

४.वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने।

५.बजेट र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनसंग सम्बन्धित कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।

६.चालु खर्चलाई पुँजीगत खर्चको उत्पादनशील क्षमता अभिवृद्धि गर्न आबद्ध गर्ने।

७.राजस्वको आधार वृद्धि गर्ने एवम् उच्च प्रतिफल दिने र उत्पादन वृद्धिसंग सम्बन्धित पूर्वाधारका क्षेत्रमा सार्वजनिक स्रोतको विनियोजन गर्ने

८.शिक्षा, स्वास्थ्य,खानेपानी तथा सरसफाइ र सामाखिक सुरक्षा एवं संरक्षणमा आवश्यक बजेट बिनियोजन गरी सामाजिक विकासमा जोड दिने।

९.विकास कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आयोजना व्यवस्थापन निर्देशिका तर्जुम गरी कार्यान्वयन गर्ने।

१०.सार्वजनिक भुक्तानी ब्यबस्थालाई बिद्युतीय प्रणालीमा विकास गर्ने।

### ३.१.२ राजस्व

आवधिक तथा बार्षिक गाउँ विकास योजनामा उल्लेख भएका नीति,रणनीति,कार्यनीति तथा कार्यक्रमको कार्यान्वयन गर्न, गाउँपालिकाको विकास र समद्धिको लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पुरा गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ। विगतका वर्षको तुलनामा राजस्वको बृद्धि र परिचालनतर्फ योजना निर्देशित छ।

राजस्वको ठूलो हिस्सा अन्य गाउँपालिकामा निर्भर रहनु , राजस्वमा आय करको अंश अपेक्षित रूपमा बढाउन नसक्न,अपेक्षिता राजस्व संकलन गर्न नसक्नु,करको दायरा अपेक्षित रूपमा विस्तार हुन नसक्नु तथा सम्भावना र क्षमता अनुरूप राजस्व परिचालन गर्न नसक्नु यस क्षेत्रका समस्या हुन्।

सम्पूर्ण आर्थिक कारोबारहरूलाई करको दायरामा ल्याउनु, कर सङ्कलन लागत र करदाताको कर परिपालन लागत घटाउँदै कर कानूनको पूर्ण पालना गराउनु,करदाता तथा कर प्रशासन दुवै पक्षमा व्यावसायिकता, पारदर्शिता र सदाचारिता कायम गर्नुयस क्षेत्रका चुनौती हुन् र गाउँपालिकाको कार्यक्षेत्र बमोजिम राजस्व परिचालनको सम्भावना वृद्धि हुनु, करदाताको पहुँचमा वृद्धि हुनु यस क्षेत्रका अवसरको रुपमा लिन सकिन्छ।

रणनीति

१.सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने।

२. कर प्रणालीलाई थप लगानी र व्यबसायीमैत्री बनाउने

३.कर संरचना र दरमा सुधार गरी कर प्रणालीलाई सरल र समन्यायिक बनाउने

कार्यनीति

१.कर सम्बन्धी नवीनतम अवधारणा तथा अभ्यास अवलम्बन गरी कर प्रणालीलाई थप प्रगतिशिल बनाउने

२.गैरकर राजस्वको क्षेर विस्तार एवम् करका दरहरूलाई लागत प्रभावी हुने गरी समय सापेक्ष परिमार्जन गर्ने

३.गाउँपालिकाको राजस्व संङ्कलन, कार्यकुशलता तथा कराधार पहिचान र विस्तार सम्बन्धी क्षमता अभिवृद्धिको लागि आवश्यक समन्वयात्मक र सहयोगात्मक भुमिका निर्वाह गर्ने।

### ३.१.३ वैदेशिक सहायता परिचालन

यस आवधिक योजनाले लिएको दीर्घकालिन सोच,लक्ष्य,उद्धेश्य, प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतको न्यूनता पुर्ती गर्न,नवीनतम् ज्ञान र प्रविधिको हस्तान्तरण मार्फत विकास गर्न वैदेशिक सहायता आवश्यक पर्दछ। बैदेशिक सहयोगको स्वीकार्यता र परिचालनका लागि सम्पूर्ण अधिकार क्षेत्र संघीय सरकारमा भए पनि यसको प्रभावकारी परिचालनका लागि क्षेत्र,लक्ष्य र उद्धेश्य बिच मेल खाएमा गाउँपालिकाका बिभिन्न क्षेत्रमा समपुरक स्वरुप परिचालन गर्न सकिन्छ तथापि वैदेशिक सहायता स्थानीय तहको प्राथमिकता तथा प्रणालीमा आवद्ध हुन नसक्ने अवस्था प्रमुख समस्याको रुपमा रहेको छ। संघ,प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रुपमा विकास सहायता परिचालन गर्नु,सञ्चालन गरिने कार्यक्रमहरुको खण्डीकरणमा कमी ल्याउनु,सहायता व्यबस्थापनमा अपनत्व,आवद्धता,जवाफदेहिता,उत्तरदायित्य,पारदर्शिता सुनिश्चित गर्नु प्रमुख चुनौतीका रुपमा रहन सक्छन्। यति हुदाहुदै गाउँपालिका क्रियाशिल रहेको खण्डमा योजनाको लक्ष्य प्राप्ति र दीर्घकालिन सोच साकार पार्न विकास सहायता प्रवाह गर्न विकास साझेदार तत्पर रहनु वैदेशिक सहायता परिचालनका लागि अवसरको रुपमा लिन सकिन्छ।

### ३.१.४ सार्वजनिक ऋण

गाउँपालिकाको न्यून वित्त परिचालन, आर्थिक स्थायित्व, प्रविधिको उपयोग र नागरिक बिच समता कायम गर्न,सार्वजनिक ऋणको महत्वपूर्ण भूमिका रहेको छ। स्थानीय आवश्यकता र प्राथमकितका क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्नु आवश्यक हुन्छ। बढ्दो सार्वजनिक खर्च र सीमित राजस्व तथा अनुदानका बीचमा तादाम्यता कायम गर्न गाउँपालिकाले संघीय सरकारको जमानतमा ऋण लिन पाउने ब्यबस्था छ। दिगो र उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गरी उच्च प्रतिफल प्राप्त गर्न केन्द्रित हुनुपर्दछ।

सावजनिक ऋण व्यवस्थापन सम्बन्धी नीति नहुनु र स्थानीय आवश्यकता तथा प्राथमिकताका क्षेत्रमा अपेक्षित रूपमा सार्वजनिक ऋण परिचालन हुन नसक्नु प्रमुख समस्या हुन् साथै प्रतिबद्धता बमोजिम ऋण प्राप्त गर्न नसक्नु,सहुलियतपूर्ण ऋणको अंश क्रमशः कम हुदै जानु,ऋणको परिचालन र उपयोग क्षमतामा कमी हुनु पनि समस्याका रुपमा रहेका छन् ।

रणनीति

१.गाउँपालिकाले धान्न सक्ने गरी उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने

२.सार्वजनिक ऋण ब्यबस्थापन सम्बन्धि स्थानीय नीति तर्जुमा गरी कार्यान्वयन गर्ने

कार्यनीति

१.उत्पादनशिल तथा पूर्वाधार निर्माणका क्षेत्रमा उपयोग गर्ने

२.सार्वजनिक ऋण ब्यबस्थापन कार्यलाई आधुनिक,सूचना प्रविधिमैत्री र अनुसन्धानमुलक बनाउने

३.गाउँपालिकाको आर्थिक सम्भावना र वीत्तिय क्षमता,अपेक्षित प्रतिफलको आधारमा सार्वजनिक ऋण परिचालन गर्ने

## ३.२ सार्वजनिक,निजी र सहकारी साझेदारी

विकास र समृद्धिको लक्ष्य हासिल गर्न आवश्यक लगानी जुटाउन सांवजनिक,निजी र सहकारी क्षेत्रको साझेदारी अपरिहार्य हुन जान्छ । सहकारी क्षेत्रले छरिएर रहेको श्रम,सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन,उत्पादकत्व र रोजगारी बृद्धिमा योगदान गर्न सक्दछ । सार्वजनिक,निजी र सहकारी क्षेत्रको साझेदारी मार्फत लगानीको वातावरण तयार गरी त्यसको प्रविधियुक्त व्यवस्थापनबाट यस अवधारणालाई अगाडि बढाउन जरूरी छ । सार्वजनिक लगानीलाई यहाँका नागरिकको आधारभत सेवा प्रदान गर्न केन्द्रित गरिनुपर्छ । निजी क्षेत्र एक्लैले लगानी गर्न नसक्ने अवस्थामा सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहकार्य,साझेदारी र सहभागिताका आधारमा लगानी जुटाई थप स्रोत व्यवस्थापन गर्न सकिन्छ ।

सघीयतामा तीन तहका सरकारकाबीचमा स्रोतको बाँडफाँट तथा हस्तान्तरण गरिने हुँदा लगानीको स्रोतको व्यवस्थापनका लागि अन्तरसरकार, निजी क्षेत्र तथा सहकारी समेतको साझेदारीमा आयोजना कार्यान्वयन गर्न आवश्यक हुन्छ । सार्वजनिक,निजी र सहकारी साझेदारीको लगानीलाई भौतिक तथा शहरी पूर्वाधार निर्माण र सञ्चालन,सेवा क्षेत्र व्यवस्थापन, कृषि तथा वन र औद्योगिकीकरणमा प्राथमिकता दिनुपर्दछ । साथै,जलविद्युत, सिँचाई,प्रविधि पूर्वाधारको क्षेत्रमा पनि सार्वजनिक,निजी र सहकारी साझेदारीको लगानीबाट आयोजनाको विकास तथा निर्माण गर्न सकिन्छ ।

विकासका लागि गाउँपालिकामा वित्तीय स्रोतको कमी हुनु र सार्वजनिक,निजी र सहकारी क्षेत्रबीचमा आकर्षण बढ्न नसक्नु र यस सम्बन्धि कानून एवं नीतिगत संरचना प्रयाप्त नहुनु समस्याको रूपमा रहेको छ ।

आवधिक विकास योजनाले निर्धारण गरेका लक्ष्य र उद्धेश्य हासिल गर्न उल्लेख्य रूपमा थप लगानीको परिचालन गर्नका लागि लगानीको उचित वातावरण सिर्जना गर्नु,लगानी सुरक्षाको प्रत्याभूति दिई आर्थिक विकासमा परिचालन गर्ने कार्य चुनौतीपूण हदाहुदै विकासमा निजी क्षेत्रको भखमकू अभिवृद्धि गर्न स्थानीय सरकार,निजी क्षेत्र र सहकारी बीचको सहकार्यद्वारा सामाजिक आर्थिक रूपान्तरणको अवसर पनि छ ।

रणनीति

१.सार्वजनिक,निजी र सहकारी साझेदारीको लागि नीति,कानून र संस्थागत संरचनाको प्रवन्ध गर्ने

२.गाउँपालिकाले सार्वजनिक,निजी र सहकारी साझेदारी प्रवर्द्धन गरी लगानीको बृद्धि गर्न लगानी वातावरण र लगानी सुरक्षाको प्रत्याभूति गर्ने

३.सार्वजनिक,निजी र सहकारी साझेदारीको लगानीमा स्थानीय पुँजी परिचालनलाई प्राथमिकता दिने

४.सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने

५.सहकारीको माध्यमबाट गरिब तथा विपन्न बर्गको संलग्नतामा सञ्चालन हुने ब्यबसायिक आयोजनालाई वित्तिय र प्राविधिक सहयोग उपलब्ध गराउने

६.सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने

कार्यनीति

१.उद्यमशिलता विकास र स्थानीय पर्यटन प्रवर्द्धनमा सहकारीको भूमिकालाई बढाउदै लग्ने

२.उत्पादनमूलक क्षेत्रमा क्रियाशिल रहेका प्रत्येक वडाका कम्तिमा १ वटा सहकारी संस्थालाई नमूना सहकारी संस्था बनाउने
३.सहकारी संघ संस्था मार्फत उत्पादित बस्तुको प्रशोधन,भण्डारण,बजारीकरण र विविधिकरण सम्बन्धि आयोजनाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने
४.सहकारी संघ संस्थाबाट उत्पादित बस्तुको प्रयोगलाई प्रोत्साहन गर्ने
५.सार्वजनिक,नीजि र सहकारी क्षेत्रको साझेदारीमा सञ्चालन हुने आयोजनाका लागि आन्तरिक ऋण प्रवाहको लागि पहल गर्ने

## ३.३ वैदेशिक लगानी

आन्तरिक पुँजी परिचालन र विदेशी सहायताले मात्र लगानीको आवश्यकता र उपलब्ध स्रोत-साधनबीचको अन्तरलाई पुर्ति गर्ने नदेखिएकोले ठूला परियोजनाहरूमा प्रत्यक्ष विदेशी लगानी परिचालन गर्नु अपरिहार्य छ । आवधिक योजनाले लिएको लक्ष्य र गाउँपालिकाको बार्षिक लक्ष्य हासिल गर्न पूर्वाधारयुक्त ठूला परियोजनाहरू र प्रविधिको क्षेत्रमा विदेशी लगानी परिचालन गर्नुपर्ने हुन्छ । लगानीसंग सम्बन्धित नीति, कानुन एवम संरचना तयार गरी समयानकूल परिमार्जन,सुविधा सम्पन्न पुर्वाधार निर्माण, प्रक्रियागत सरलीकरण र लगानी सुरक्षाको प्रत्याभूति गरी लगानीमैत्री वातावरण सिर्जना गर्न सकेमा वैदेशिक लगानीकर्ताको रोजाइमा यो गाउँपालिका पर्न सक्ने सम्भावना छ । लगानीका प्रशस्त सम्भावना भए पनि वैदेशिक लगानी कम आकर्षित हुनु,वैदेशिक लगानी सम्बन्धी कानुनको तर्जुमा नहुनु औद्योगिक पूर्वाधारको विकास नहुनु, सेवा, सुविधा र सहुलियत उपलब्ध गराउन कठिनाई हुनु,पर्याप्त दक्ष जनशक्तिको अभाव हुनु  प्रमुख समस्याका रूपमा रहेका छन् ।

तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका क्षेत्रको पहिचान गरी लगानीयोग्य आयोीना समावेश गरी आयोजना समावेश गरी आयोजना बैंक तयार गर्नु, यातायात अथवा परिवहन सुविधाको सीमित उपलब्धता  हुनु,दक्ष जनशक्ति उपलब्ध गराउनु,लगानीको लागि पुँजीको सुनिश्चितता हुनु चुनौतीका रूपमा रहेका छन् ।

# परिच्छेद ४:आर्थिक क्षेत्र

आर्थिक विकासका प्रमुख समस्या, अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु, अपेक्षित उपलब्धीहरु र नतिजा खाका देहाय बमोजिम रहेका छन् ।

## ४.१ कृषि

### १.पृष्ठभूमि

जनसङ्ख्याको अधिकांश संख्या हिस्सा रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवम् कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ। सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ । कतिपय स्थानमा सुख्खा खडेरीले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव परेको छ । नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हककारूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ । गाउँपालिकाको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोतसाधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र स्थानीय आवश्यकता तथा गाउँपालिकाले जिल्लास्तरमा गरेका सम्झौता, प्रतिबद्धता, लक्ष्य तथा नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा,व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ। साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ। बढ्दो जनसङ्ख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ। तथापि गाउँपालिकामा हरेक वर्ष कृषिजन्यवस्तुहरूको आयातलाई अपेक्षित मात्रामा न्यूनीकरण गर्न सकिएको छैन। वैदेशिक रोजगारीका लागि युवा जनशक्तिको पलायन, कृषि सामग्री आपूर्तिको कमजोर स्थिति, माटोको उत्पादकत्वमा ह्रास, कृषिमा यान्त्रिकीकरणको अभाव र बढ्दो लागत, आयातित कृषिजन्य वस्तुहरूसँगको प्रतिस्पर्धा, कृषिभूमिको अत्याधिक खण्डीकरण, अव्यवस्थित बसोबासले भू-उपयोगमा भइरहेको परिवर्तन र जलवायु परिवर्तनजस्ता कारणले कृषि क्षेत्रमा आशातीत उपलब्धि हासिल हुन सकेको छैन ।

### २.प्रमुख समस्या

कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिंचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन् । कृषिजन्य उत्पादनमा आशातित उपलब्धि हासिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। यसको अतिरिक्त जमिनको तिव्र खण्डीकरण प्रमखु समस्याको रूपमा रहेको छ। कृषि प्रविधि पर्याप्त मात्रामा विस्तार नहुनु,कृषि पकेट क्षेत्र नतोकिनु पनि यस क्षेत्रको कृषिको समस्याको रुपमा रहेको छ। यसै गरी बर्षौ देखिको एकै प्रकारको बाली उत्पादन तरिका र बाली,कमशल खालको मल, भिरालो जमिन र आकाशे पानीको भरमा खेती गर्नु पनि कृषि क्षेत्रको समस्याको रुपमा रहेका छन् ।

### ३.अवसर तथा चुनौतीहरु

**अवसर**

भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति तय गरेर कार्यान्वयन गर्न सकिने,प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात हुनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, जैविक कृषि र कृषि वनप्रति किसानहरूको आकर्षण बढ्नु, व्यापारको पहुँच एवम् ठूला संस्थागत र अन्य निजी क्षेत्रहरू समेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा,नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् ।

**चुनौतीहरु**

अधिकांश कृषकहरू साना र मझौला स्तरका भएको हुँदा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु र वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहोरो भू-स्वामित्वको स्थिति र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनुपर्ने चुनौती छ । स्थानीय बालीनालीमा कमी र स्थानीय खानेकुराको उपयोगमा सोचेअनुसार प्रगति हुन नसक्नु अर्को चुनौती हो । त्यस्तै कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि र कृषिजन्य वस्तुहरूको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावी बनाउनु, गुणस्तर एवम् स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनु र कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु पनि चुनौतीपूर्ण छन् ।

## ४.सोच, लक्ष्य तथा उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रम

### ४.१ सोच

कृषिमा आधुनिकिकरण सहितको व्यबसायीकरण र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

### ४.२ लक्ष्य

दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आयआर्जन उन्मुख बनाउने ।

### ४.३ उद्देश्य

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
- कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

### ४.४ रणनीति

- कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनबाट आधारभूत आय हासिल गर्ने
- कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने ।
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने,
- सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने ।

### ४.५ कार्यनीति

- माटोको स्वस्थता कायम गरी उर्वराशक्ति दीर्घकालीन रुपमा कायम राख्न गोठेमल, कम्पोष्ट मल, पशुमुत्र संकलन, जैविक मल, हरियो मलको प्रयोगमा जोड दिईनेछ ।
- गाउँपालिका भित्रै श्रोत केन्द्रको विकास गरी कृषि उत्पादनको लागि आवश्यक उन्नत वीउ-विजन, वेर्ना आदिमा गाउँपालिकालाई आत्म निर्भर बनाइनेछ ।
- गरिव तथा साना कृषक/लक्षित वर्गको पारिवारिक पोषण तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउन जलवायु परिवर्तनसंग अनुकुलन हुने खालको जैविक विविधतामा आधारित खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

- खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउन स्थानीय वालीहरुको उत्पादन र प्रयोगमा जोड दिईनेछ ।
- व्यवसायिक कार्यक्रमबाट समेटिन नसकेका कृषक समुदायका लागि साधारण कृषि कार्यक्रम संचालन गरि आयआर्जन हुन सक्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिन तथा दीर्घकालिन कृषि विकासको निम्ति रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै बाली उपचार शिबिर संचालन, एकीकृत जीव व्यवस्थापन, जैबिक तथा वनस्पतिक बिषादी निर्माण पद्धतिमा जोड दिईनेछ ।
- दीर्घकालिन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं सम्वर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिबृद्धि गरिनेछ ।
- बजारमुखी उत्पादनमा जोड दिने र कृषि वस्तुहरुको व्यवसायिक उत्पादन नजिक संकलन केन्द्रको व्यवस्था गरी बजारीकरणमा सहयोग पु¥याइनेछ ।
- कृषिक्षेत्रको व्यवसायीकरण र विविधीकरण गरी रोजगारका अवसर बढाउन सरकारी गैर सरकारी एवं नीजि क्षेत्रसँगको सहकार्यमा दक्ष जनशक्ति विकास गरिनेछ ।
- कृषि ऋणको पहुँचबृद्धि गर्न विशेष पहल गरिनेछ ।
- कृषि व्यवसायमा महिला, दलित र अन्य लक्षित वर्गको संलग्नतालाई विशेष जोड दिइनेछ ।
- कृषि व्यवसायीकरणका लागि अगुवा कृषक विकास र परिचालनमा जोड दिइनेछ ।
- साना र सीमान्त कृषकलाई समूह/सहकारीमा आवद्ध गराई कम आयतन र उच्च मूल्य (Low Volume and High Value) का बाली/वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।
- निर्माणाधिन सडकको आसपासमा व्यवसायिक खेती प्रणालीको मूल्य अन्तरसम्बन्ध (Value Chain) विकास गरी प्रवर्द्धन गरिनेछ ।
- व्यवसायिक तरकारी खेती तथा फलफुल उत्पादनमा नीजि क्षेत्रलाई अग्रसर गराईनेछ ।
- कृषिका विभिन्न चरणका गतिविधिहरु बीच अन्तरसम्बन्ध (Value Chain System) कायम गरी कृषि व्यवसायको विकास गरिनेछ ।
- कृषकको परम्परागत ज्ञान, सिप, प्रविधि र अभ्यासहरुको हकहितको संरक्षण तथा संवर्द्धन गरिनेछ ।
- सम्भाव्यताको आधारमा पकेट छनौट तथा कृषक समूह गठन गरी उपलव्ध साधन र श्रोतलाई प्राथमिकता क्रममा परिचालन गरी कृषि तथा पशुजन्य उत्पादन बढाईनेछ ।
- दीगो कृषि क्षेत्र विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, तथा मुल्यांकन प्रक्रियामा विकेन्द्रिकृत र सहभागितात्मक कृषि प्रसार प्रणाली अवलम्वन गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

क. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि

- उत्पादन सामग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत बिउ बिजन, सिँचाइ,मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागतसहभागिताको आधारमा अनुदानको व्यवस्था ।
- समूहमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित सानासिँचाइ पूर्वाधार निर्माण, प्लास्टिक पोखरी निर्माण गरी सिञ्चित क्षेत्र विस्तार ।
- महिलाकरण हुँदै गएको कृषि र श्रमको अभावलाई सम्बोधन तथा कृषि व्यवसायीकरण गर्न यान्त्रिकीकरणमा प्रोत्साहन ।
- कृषि यन्त्र औजार उपकरणमा अनुदान दिने र कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्यलाई सहजीकरण गर्न सामुदायिक सेवाकेन्द्र स्थापना ।
- कृषक समूह तथा सहकारीहरूलाई बिउ भण्डारण घर, उपकरण खरिद सहयोग, थ्रेसिङ फ्लोर निर्माण र बिउबिजन आत्मनिर्भर कोष स्थापनामा सहयोग ।
- उन्नत जातको धान उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन ।
- मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग
- बिउ आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष सहयोगी कार्यक्रम सञ्चालन ।

- आगामी १० वर्षभित्र फलफूलमा आत्मनिर्भरताका लागि फलफूल दशक घोषणा गरी आवश्यक कार्यक्रमहरू सञ्चालन। ह्रास भएका स्याउ बगैंचाहरूको सुदृढीकरणका लागि प्याकेज कार्यक्रम सञ्चालन।
- तरकारी खेती, मत्स्यपालन, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत
- कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान।
- नर्सरी स्थापना, बगैंचा व्यवस्थापन र प्रशोधनमा सहयोगी कार्यक्रम सञ्चालन।
- कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष उत्कृष्ट कृषक पुरस्कार वितरण।
- उत्कृष्ट पुरस्कृत कृषकहरूलाई जिल्ला स्तरिय तथा राष्ट्रिय कृषि मेला तथा कार्यक्रमहरूमा सहभागी गराउने।
- बाली, पशुधन तथा मत्स्य बिमासम्बन्धी सचेतनाको कार्यक्रम सञ्चालन।
- स्थानीय स्तरमा रहेको कृषि प्रविधिलाई आधुनिक प्रविधिसंग अन्तरघुलनका लागि बिषय विज्ञबाट छोटो अवधिको तालिम,गोष्ठी तथा अन्तरक्रियाको संचालन गर्ने।

ख. कृषिजन्य वस्तुहरूको व्यवसायीकरण र बजारीकरण

- शीतभण्डार र शीतघर निर्माणमा बाली वस्तुको किसिम, भौगोलिक स्थान, सम्भावित जोखिम र लागत सहभागिताको आधारमा अनुदान दिने।
- सार्वजनिक निजी साझेदारीमा 'एक गाँउ एक उत्पादन' कार्यक्रम सञ्चालन।
- कृषि उपज सङ्कलन केन्द्रहरू, हाट बजार, थोक बजार र कृषि उपज बजार पूर्वाधार विकास। फलफूल तथा तरकारी थोक बजारको निर्माण।
- बजारको जानकारीका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग र कृषि उपज मूल्य सङ्कलन तथा लाभ लागत अध्ययन।
- कृषि भूमिको उर्वरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रलाई पकेट क्षेत्रमा वर्गीकरण गरी उक्त क्षेत्रहरूमा उन्नत र गुणस्तरीय बिउ, बेर्ना, बिरुवाका अतिरिक्त कृषि यन्त्र उपकरण र औजारको सेट, स्रोत केन्द्र स्थापना, कृषि उपज सङ्कलन केन्द्र, कृषि हाट बजार केन्द्र, प्रशोधन केन्द्र, शीतभण्डार, गोदाम घर र व्यावसायिक तालिम केन्द्र, प्राङ्गारिक मल कारखाना, जैविक विषादी उत्पादन केन्द्र, फ्लोर मिलको निमार्णका लागि पुँजीगत अनुदान।

ग. कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम

- एकीकृत सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना र कृषकको घरदैलोमा आधुनिक कृषि प्रविधि पुऱ्याउन हरेक वडामा कृषि प्राविधिकको व्यवस्था।
- सामाजिक उद्यमशीलताको अवधारणालाई पनि व्यापक उपयोग गर्ने गरी कृषक तथा प्राविधिकहरूको प्राविधिक तथा व्यावसायिक क्षमता अभिवृद्धि।
- कृषि तथा ग्रामीण विकासमा स्नातक अध्यनरत विद्यार्थीहरूलाई छात्रबृति कार्यक्रम कार्यान्वयन।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यावसायिक कृषि तथा पशुपालन सम्बन्धी आधारभूत ज्ञान र सीप अभिवृद्धि गराउन तालिम कार्यक्रम सञ्चालन।

घ. कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण

- कृषि अनुसन्धान केन्द्रको स्थापना।
- कृषि तथा पशुपन्छीसम्बन्धी आधारभूत तथ्याङ्क नियमित रूपमा सङ्कलन तथा प्रकाशन।

ङ. गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना

- विषादी न्यूनीकरण अभियान कार्यक्रम तथा तरकारी बालीमा विषादीको अवशेष तथा जोखिम विश्लेषण गरी प्रतिवेदन सार्वजनिक तथा सचेतना कार्यक्रम सञ्चालन।
- कृषि व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कृषि क्षेत्रमा हुने विभिन्न विपद् तथा जोखिम सम्बन्धमा पूर्व जानकारीको व्यवस्था।

- मुख्य बजार केन्द्रहरू र बृहत् व्यवसायिक उत्पादन क्षेत्रमा विषादी द्रुत परीक्षण प्रयोगशाला र घुम्ती प्रयोगशाला स्थापना तथा प्रयोग,विषादी तथा गुणस्तर मापन प्रयोगशालाको स्थापना गर्ने दक्ष जनशक्तिको विकास गर्ने ।

**५.अपेक्षित उपलब्धि**

आधार वर्ष २०७५/७६ मा धान,मकै, गहुँ, दलहन, तरकारी, फलफूल, आलुको वार्षिक उत्पादन न्यून रहेकोमा योजना अवधिको अन्तिम वर्ष २०८०/८१ मा धान, मकै, गहुँ, दलहन, तरकारी, फलफूल, आलु वार्षिक उत्पादनमा बृद्धि भएको हुनेछ । भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकीकरण तथा कृषि प्रविधिको विकास, प्रसार र अनुसरण भएको एवम् कृषिजन्य उद्योगका लागि आवश्यक कच्चापदार्थ उत्पादन, प्राङ्गारिक कृषि वस्तुहरूको उत्पादन र कृषि वस्तुहरूको भण्डारण क्षमता, सङ्कलन केन्द्रहरूलगायत बजार पूर्वाधार वृद्धि भएको हुनेछ ।

**६.नतिजा खाका :**

आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ४.२ पशुपन्छी

**१. पृष्ठभूमि**

पशुपन्छीपालन यस गाउँपालिकाको सम्भावित विकासको आधार रहेको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रही आएको छ । पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय प्रगति हासिल गर्नका लागि उन्नत नस्ल, पशु आहार, पशु स्वास्थ्य र व्यवसायीकरणका क्षेत्रमा थप अनुसन्धान र विकास गर्न आवश्यक छ । त्यस्तै दिगो विकास लक्ष्यमा उल्लिखित भोकमरीको अन्त्य, खाद्य र पोषण सुरक्षाजस्ता लक्ष्य प्राप्त गर्न पशुपन्छी विकास कार्यक्रमको ठूलो भूमिका रहन्छ । गाउँपालिकामा हाल प्रतिवर्ष दूध,मासु, अन्डाा उत्पादन भई प्रतिवर्ष दूध, मासु र अन्डाको उपलब्धतामा बृद्धि भइरहेको छ । पशुजन्य पदार्थहरूको उपभोगबाट न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष दूध ९१ लिटर, मासु १४ किलोग्राम र अन्डा ४८ वटाहुनुपर्नेमा हाल दूध उत्पादन ३० प्रतिशतले, मासु उत्पादन १७ प्रतिशतले र अन्डा उत्पादन ७ प्रतिशतले न्यून रहेको देखिन्छ ।

**२.प्रमुख समस्या**

पशुपन्छी विकास स्थानीय तहको प्राथमिकतामा नपर्नु एउटा प्रमुख समस्या हो । स्थानीय जनप्रतिनिधिहरुको रोजाइमा यो क्षेत्र नपर्दा विकास क्रियाकलापमा ओझेल परेको भान हुन्छ । पशु सेवा केन्द्रको अभाव, पशु सेवा केन्द्रमा कृषकको सहज पहुँच हुन नसक्नु, पशुपालनको उत्पादकत्वमा कमी,दुध र दुग्धजन्य उत्पादनले सहज बजार नपाउनु, पशु उत्पादनको बजारीकरण नहुनु,पशुपन्छीको नश्ल सुधार नभइ रैथाने जातका पशुपन्छीहरुको पालन गर्नु प्रमुख समस्याको रुपमा रहेका छन् ।

**३.चुनौती तथा अवसर**

**चुनौती**

कृषिप्रसार कार्यक्रम मार्फत कृषकको थलोमा सेवा सुविधा पुर्‍याउनु, कृषक समूह/समितिको सङख्यामा वृद्धि भए अनुरूप संस्थागत विकास, व्यावसायिक दक्षता, स्रोत परिचालन र कारोबार आदिमा गुणात्मक विकास गर्दै लैजानु, चरन तथा खर्क क्षेत्रको विकास एवम् व्यवस्थापन गरी उपयोगसम्बन्धी उपयुक्त नीति कार्यान्वयनमा ल्याउनु, कृषि तथा पशु विकास कार्यक्रमहरू कार्यान्वयनमा विभिन्न सेवाग्राहीहरूबीच समन्वय कायम गर्नु, प्रविधिको विकास,अनुसन्धान र बजार पूर्वाधार एवम् बजार संरचना विकासमा निजी क्षेत्रको सहभागिता बढाउनु, स्थानीय स्तरमा गुणस्तरीय पशुजन्य उत्पादन एवम् उपभोगप्रति जनचेतना वृद्धि गर्नु र पशु सेवामा संलग्न प्राविधिकहरूलाई उपयुक्त वातावरण तयार गरी गाउँपालिकामै काम गर्न प्रोत्साहित गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । शहर बसाइको मोह, आय आर्जनमा भएको वृद्धि, खाद्य व्यवहार परिवर्तन आदिले गर्दा दूध, मासु तथा अन्डाको माग बढिरहेको सन्दर्भमा विद्यमान उत्पादन वृद्धिले धान्न सकेको छैन । पशुजन्य उत्पादनको स्वच्छता तथा गुणस्तर कायम गराउन चुनौती छ । पशुपन्छी उत्पादन प्रणालीलाई प्रतिस्पर्धी बनाउन उच्च उत्पादन लागतले समस्या परेको छ ।

**अवसर**

पशुपन्छी सम्बन्धी छुट्टै शाखा स्थापना भई यस क्षेत्रमा विशेष ध्यान पुग्ने स्थिति सिर्जना हुनु, गाउँपालिकास्तरमा पशुसेवा प्रसार संयन्त्र र पशु सेवा प्राविधिकहरूको बढ्दो उपलब्धताबाट पशु विकासको व्यापक सम्भावना हुनु, पशुपन्छी विकास क्षेत्रमा निजी क्षेत्रको बढ्दो आकर्षण हुनु, पशुपन्छी विकास गतिविधिप्रति कृषक तथा सर्वसाधारण जागरूक हुनु र प्रोटिनजन्य वस्तुको माग बढ्दै जानु यस क्षेत्रका अवसर हुन् । साथै विभिन्न कारणहरूले गर्दा यहाँका बासिन्दाहरूको क्रयशक्ति बढ्नु खानपानको व्यवहारमा भएको परिवर्तनले पशुजन्य उत्पादनको माग तीव्र गतिमा बढ्नु र छिमेकी पालिकाका बजारमा पहुँच पाउनुले यस क्षेत्रको विकासमा अवसरहरू प्रदान गरेको छ । व्यावसायिक पशुपालनमा पशु बिमाको आकर्षण बढ्दै जानु, सडक, विद्युत, सञ्चारजस्ता पूर्वाधारको विस्तारले पशुपन्छीपालनमा यान्त्रिकीकरण, प्रविधिको अवलम्बन, आधुनिकीकरण र व्यवसायीकरणमा लाग्ने वातावरण बन्दै जानुलाई अवसरको रूपमा लिन सकिन्छ ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रम

### ४.१ सोच

पशुपालन आय आर्जनको प्रमुख आधार,खार्पूनाथबासीका लागि बहार ।

### ४.२ लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट गाउँपालिकालाई खाद्यमा आत्मनिर्भर बनाउने ।

### ४.३ उद्देश्य

- खार्पूनाथ गाउँपालिकालाई पशुपन्छीजन्य उत्पादनमा बृद्धि गरी कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु ।
- पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यवसायिक र प्रतिस्पर्धी बनाई पशुपन्छीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।
- पशुपन्छी पालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।
- पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्न स्वस्थ पशुपन्छी उत्पादन गर्नु ।

### ४.४ रणनीति

- पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवम् निजी उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय सेवा उपलब्ध गराउने ।
- पशुपन्छीजन्य व्यवसायमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने ।
- पशुपन्छीजन्य मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधारका साथै पशुपन्छीजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानीय, क्षेत्रीय,राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमुखी पशुपन्छी पालन पद्धतिको विकास गर्ने ।
- पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने ।

### ४.५ कार्यनीति

- सम्भाव्यताको आधारमा गाउँपालिकालाई गाई,भैसी,जुमा पालन, बाखा तथा भेडा पालन, घोडा पालन,गधा तथा खच्चर पालन,कुखुरापालन, बंगुरपालन लगायतका पकेट क्षेत्रमा विभाजन गरी पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
- पशुजन्य उत्पादनको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउन उपलव्ध प्रविधि सरल र सुलभ रुपमा कृषक समक्ष पुऱ्याईनेछ ।
- भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाका आधारमा बृहत उत्पादन क्षेत्रहरुको स्थापना, विकास तथा सुदृढिकरण गर्दै व्यवसायिक पशु पालनका लागि सरकारी, सहकारी तथा नीजि क्षेत्र वीचको साझेदारी र सहकार्यलाई दीगो तुल्याईनेछ ।
- सम्भाव्यताको आधारमा पकेट छनौट तथा कृषक समूह गठन गरी उपलव्ध साधन र श्रोतलाई प्राथमिकता क्रममा परिचालन गरी पशुजन्य उत्पादन बढाईनेछ ।

- पशु विकास कार्यक्रमलाई नीजी स्तरमा सञ्चालन गराउन आवश्यक सेवा उपलब्ध गराईनेछ ।
- पशुपालन व्यवसायमा महिला, दलित र अन्य लक्षित वर्गको संलग्नतालाई विशेष जोड दिइनेछ ।
- अगुवा पशु कृषक विकास र परिचालनमा जोड दिइनेछ ।
- व्यवसायिक रुपमा बाखा, भेडा, कुखुरा पालन फर्म संचालन गर्ने कृषकलाई कृषि विकास बैंक तथा जिल्लामा संचालित अन्य बैंकबाट ऋण लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- पशु स्वास्थ्यबारे  कृषकहरुलाई तालिम उपलब्ध गराउने र आधुनिक प्रविधिको प्रयोगद्वारा कृषकहरुको आय र रोजगारी अभिवृद्धि गर्न जोड दिईनेछ ।
- सामुदायिक पशु विमा मार्फत पशुपालन व्यवसायलाई अभिबृद्धि गरिनेछ ।
- गाउँपालिकामा स्थानीय श्रोत व्यक्तिलाई (अनुभवी अगुवा कृषक) परिचालन गरिनेछ ।
- गाउँपालिकालाई अन्डा, मासु र दूधमा क्रमशः एक, दुई र तीन वर्षभित्रमा आत्मनिर्भर बनाउन दूध, मासु र अन्डा विशेष मिसन कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।
- पशुपन्छीको नस्ल सुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्ष पक्षलाई समानान्तर रूपमा अगाडि बढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गाई, भैंसी, जुमा,बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।
- गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ ।
- पशुपन्छी पालक साना किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ । युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा आकर्षित गर्ने गरी युवालक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- उन्नत नश्लका पशुपंक्षीको उपलब्धता सरल र सुलभ तुल्याउनुको साथै नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याईनेछ ।
- दुध,मासु, अण्डा र अन्य पशु उत्पादनको बृद्धि गर्न भूगोल सुहाउँदो उन्नत जातको व्यवसायिक पशुपालन प्रवर्द्धन गरिनेछ ।
- जलवायु परिवर्तनको प्रभावसंग अनुकुल हुने पशु जातको बृद्धि र वितरणलाई प्रथमिकता दिईनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

क. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आधार तयार तथा सुदृढीकरण उन्नत नस्लका पशुको उपलब्धतामा वृद्धि

- गाई, भैंसी, जुमा,बाखा र बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नस्लका पशुहरूको सङ्ख्या वृद्धि र नस्ल सुधार अभियान कार्यक्रम ।
- कृत्रिम गर्भाधान सेवा नपुगेको क्षेत्रमा प्राकृतिक गर्भाधानको लागि राँगो, साँढे, बोका, थुमा तथा वीर वितरण ।
- उन्नत नस्लका गाई,भैंसीको स्रोत केन्द्र स्थापना कार्यक्रमको विस्तार ।

पशु आहाराको उपलब्धतामा वृद्धि

- घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न अभियानको रूपमा कार्यक्रम सञ्चालन ।
- एक गाउँ एक घाँस स्रोत केन्द्र स्थापना गरी घाँसको विकास र विस्तार ।
- चरन विकास, डाले घाँस, भुँइ घाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उपपदार्थहरूको सदुपयोगलाई प्रोत्साहन ।
- खेर गइरहेका सार्वजनिक वा अनुत्पादक वन क्षेत्रको जग्गा कबुलियत गरी करारमा उपलब्ध गराउन आवश्यक समन्वय ।

पशु स्वास्थ्य सेवाको संस्थागत विकास र सुदृढीकरण

- खोरेत, पी.पी.आर, रेबिज, स्वाइन फिबर, रानीखेतजस्ता रोगको रोकथामका लागि प्रयोगका क्षेत्रमा थप लगानी, पूर्वाधारको विकास तथा स्तरोन्नति ।
- पशुरोग अन्वेषणका लागि आधारभूत प्रयोगशालाको स्थापना ।

**५.अपेक्षित उपलब्धि**

सम्पूर्ण कृषकहरुले आफ्नो आवश्यकता परिपुर्तिको लागि दूध,दही,घ्यूको उत्पादन गरेता पनि यीनीहरुको बजारीकरण फस्टाएको छैन । उत्पादित दुग्धजन्य पदार्थ स्थानीय बजारमा अवस्थित होटेल र पसलले प्रयोगमा ल्याएका हुनेछन् । गाउँपालिकाका केहि वडाहरुको वरिपरी दुग्ध उद्योगको स्थापना,दुध बजार सञ्चालन भइ दुध,मासु,अन्डाको उत्पादनमा गाउँपालिका आत्मनिर्भर भएको हुनेछ । पशुपन्छी क्षेत्रबाट योजना अवधिका पाँच वर्षमा अनुमानित थप १ हजार प्रत्यक्ष रोजगारी सिर्जना भएको हुनेछ ।

**६.नतिजा खाका**

आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ४.३ उद्योग

**१.पृष्ठभूमि**

उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुऱ्याउँदछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । यस गाउँपालिकामा औद्योगिक लगानीमैत्री वातावरण नहुनु, विद्युत्को आपूर्तिमा कमी हुनु, औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास नहुनु, आवश्यक  जनशक्ति पलायन हुनु आदिले गर्दा औद्योगिक विकासले गति लिन र अपेक्षित रूपमा अर्थतन्त्रको विस्तार हुन नसकिरहेको अवस्था छ ।

**२.प्रमुख समस्या**

उद्यमशील सोचको विकास हुन नसक्न, उत्पादनशील क्षेत्र र उद्योगमा पुँजीको परिचालन र उपलब्धता हुन नसक्नु,औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धी तथा गुणस्तरीय नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । लघु घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी,सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकीकरणमा नवीन प्रविधि र उपकरणको प्रयोग गर्न नसकिनु दक्ष औद्योगिक प्राविधिक जनशक्ति पर्याप्त मात्रामा नहुनु,स्वदेशी कच्चा पदार्थको कम उपयोग हुनु, उद्योगी एवं लगानीकर्तालाई प्रोत्साहित गर्न सहुलियत प्रदान गर्न नसक्नु,औद्योगिक पूर्वाधारको कमी हुनु यस क्षेत्रका अन्य समस्या हुन् ।

**३.चुनौती तथा अवसर**

**चुनौती**

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्न नसक्नु, औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति चौबिसै घण्टा हुने अवस्था सिर्जना गर्नु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गर्नु, प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, युवाहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु,सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्थानीय स्तरमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु औद्योगिक विकासका लागि अवसरहरू हुन् ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण गर्नु ।

### ४.२ लक्ष्य

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी राष्ट्रिय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
- औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु ।

### ४.४ रणनीति

- उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।
- स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।
- अन्तर गाउँपालिका तथा जिल्ला बीचको औद्योगिक अन्तरसम्बन्ध सुदृढ गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।
- लगानीकर्ता तथा स्थानीय व्यापारीलाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत व्यवस्था गर्ने ।
- लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने ।

### ४.५ कार्यनीति

- औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्नेगरी औद्योगिक रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- उद्योगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चितता गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- उद्योगलाई आवश्यक विद्युत् र अन्य ऊर्जाको व्यवस्था गरिनेछ ।
- उद्योगहरूलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाको क्षमता विकास गरिनेछ ।
- औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइनेछ ।
- 'एक गाउँ एक विशेष उत्पादन'सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु, साना तथा मझौला उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ ।
- गाउँपालिकामा उपलब्ध बहुमूल्य प्राकृतिक श्रोतबाट अधिकतम फाइदा लिन प्रशोधन केन्द्रको स्थापनामा विशेष जोड दिइनेछ ।
- घरेलु तथा साना उद्योग स्थापना र संचालनमा स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालनमा जोड दिइनेछ ।
- लघु तथा घरेलु उद्यमीको उत्पादन प्रवर्द्धनका लागि वार्षिक रुपमा मेला तथा प्रदर्शनीको आयोजना गरिनेछ ।
- लघु, घरेलु तथा साना उद्योग, वाणिज्य, संस्कृति र पर्यटन प्रवर्द्धन र विकासको लागि एकद्वार प्रणाली अनुसार कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा योगदान पुऱ्याउन आवश्यक कानूनी व्यवस्था, संस्थागत संरचना तथा पूर्वाधारहरुको निर्माणमा विशेष पहल गरिनेछ ।
- जडिबुटी लगायत स्थानीय कच्चा पदार्थ, सीप, श्रम, श्रोत र प्रविधिको उपयोग गर्ने उद्योगको स्थापना र सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।
- सञ्चालित उद्योग व्यवसायहरुमा महिला, लक्षित वर्ग र समुदायलाई समावेशी र समानुपातिक रुपमा सहभागिता गराइनेछ ।

**४.६ प्रमुख कार्यक्रमहरू**

क. औद्यौगिक पूर्वाधार विकास कार्यक्रम

- विशेष आर्थिक क्षेत्र स्थापना तथा सञ्चालन
- पाँच ओटै वडामा सार्वजनिक-निजी साझेदारीमा कम्तीमा एक/एक वटाउद्योग स्थापना ।

ख. घरेलु तथा साना उद्योग विकास कार्यक्रम

- युवा लक्षित कार्यक्रम, समावेशी क्षमता विकास कार्यक्रमजस्ता कार्यक्रमहरू सञ्चालन ।
- उद्यमीहरूका लागि तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण ।
- महिला उद्यमशिलता विकास कोष स्थापना गरी महिला उद्यमीहरूलाई कर्जामा पहुँच वृद्धि ।

ग. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

- लघु उद्यम विकास कार्यक्रमको स्थापना गरी पाँच वटै वडामा लागु ।
- घरेलु तथा साना उद्योग विकास कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम मार्फत ५० जनालाई तालिम प्रदान ।

घ. ग्रामीण विकास उद्यम तथा विप्रेषण कार्यक्रम

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई उद्यमी बन्न उत्प्रेरित गर्ने खालका तालिम कार्यक्रमहरू सञ्चालन तथा प्राविधिक सहयोग ।
- उद्योग स्थापना गर्नका निम्ति आधार तथ्याङ्क सङ्कलन गर्ने एवम् बजार नक्साङ्कन तयार ।

ङ. वातावरणीय क्षेत्र सहयोग कार्यक्रम

- अधिक वातावरण प्रदूषण गर्ने उद्योगमा कोइलाको वैकल्पिक उपयोगको सम्भाव्यता सम्बन्धी अध्ययन ।
- प्लास्टिक झोलाको विकल्पसम्बन्धी अध्ययन ।

**५.अपेक्षित उपलब्धि**

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको, आधुनिक प्रविधिको अधिकतम प्रयोगसँगै गुणस्तरीय वस्तुहरूको उत्पादनद्वारा व्यापार बढ्न गई औद्योगिक एवम् बौद्धिक सम्पत्तिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ । आगामी पाँच वर्षभित्र उद्यमीहरूलाई तालिम दिइएको हुनेछ भने साना तथा मझौला उद्योगहरू स्थापना भएका हुने छन् । लघु उद्यमी सृजना भई उद्योग क्षेत्रमा रोजगारी सिर्जना भएको हुनेछ ।

**६.नतिजा खाका**

आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ४.४ वाणिज्य

**१. पृष्ठभूमि**

वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र गाउँमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हुन सक्दछ । स्थानीय स्तरमा उत्पादित वस्तुको व्यापार साथै सेवाको व्यापारबाट स्थानीय अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी वाणिज्य क्षेत्रको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको विकास र विस्तार गर्ने उद्देश्यका साथ वाणिज्य क्षेत्रको प्रवर्द्धनमा जोड दिनु पर्ने हुन्छ । तर स्थानीय व्यापारले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी भई आयातमा वृद्धि हुन नसकी निर्यात कमजोर हुने भएकाले प्रत्येक वर्ष बस्तु उत्पादन बढाउदै जानु पर्ने देखिन्छ ।

**२.प्रमुख समस्या**

यहाँका नागरिकको क्रयशक्ति वृद्धिसंगै उपभोग्य सामग्री र विलासिताका वस्तुको मागमा उच्च विद्ध भए पनि उक्त माग धान्नेगरी आन्तरिक उत्पादन बढ्न नसक्न,वैकल्पिक ऊर्जा उत्पादन गर्न नसक्नु,कृषि क्षेत्रलाई यान्त्रिकीकरण, औद्योगिकीकरण

तथा व्यवसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यनू हुन गई कृषिजन्य आयात बृद्धि हुनु,औद्योगिक लगानीमा भन्दा आयात व्यापारमा व्यवसायिक आकर्षण बढ्दै जानु प्रमुख समस्याका रुपमा रहेका छन् ।

## ३.चुनौती तथा अवसर

### चुनौती

स्थानीय वस्तुले लाभ लिन सक्ने बजारको खोजी गर्नु, वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङसम्बन्धी क्षमता अभिवृद्धि गर्नु, विशेष आर्थिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा ल्याउनु, मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु एवम् कमजोर औद्योगिक श्रम सम्बन्धजस्ता विषयहरू सम्बोधन गर्नु, पेट्रोलियम पदार्थ, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयातमा उच्च रूपमा भएको वृद्धि निरुत्साहित गर्नु वाणिज्य क्षेत्रका प्रमुख चुनौती हुन् । त्यस्तै बस्तु निकासीप्रयोगमा ल्याउनु, आयात हुने वस्तुहरूको स्थानीय स्तरमै उत्पादन बढाउनु, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्दै व्यापार बढाउन पर्याप्त पूर्वाधार विकास गर्नु,सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु पनि यस क्षेत्रका चुनौती हुन् ।

### अवसर

वाणिज्य क्षेत्रमा स्थानीय नीति, ऐन, नियमहरू निर्माण गरी निर्यात प्रवर्द्धन र आन्तरिक उत्पादन वृद्धिमा ठोस सहयोग पुग्ने अवसर वाणिज्य क्षेत्रमा प्राप्त छ । त्यस्तै छिमेकी गाउँहरुको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा यस गाउँपालिकाले लाभ लिन सक्ने अवस्था हुनु,ब्यापारमा अन्तरसम्बन्ध बढदै जानु, ऊर्जा सङ्कट समाधान गर्न सरकार प्रतिबद्ध रहनुले वाणिज्य क्षेत्रमा थप अवसर सृजना गरेको छ.। त्यस्तै, नयाँ सञ्चार तथा यातायात प्रविधिहरूको जगमा उत्पादित बस्तुको व्यापार हुने क्रम बढ्ने अवसर छ । स्थानी लगानी र व्यापारलाई एकीकृत ढङ्गले हेर्ने नीतिगत व्यवस्थाका साथै आन्तरिक कनेक्टिभिटीमा व्यापक लगानी एवम् गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु अनिवार्य छ ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम

### ४.१ सोच

वाणिज्य क्षेत्रको विकास र विस्तार गरी आर्थिक समृद्धि प्राप्त गर्नु ।

### ४.२ लक्ष्य

आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारी वृद्धि गर्दै लैजाने ।

### ४.३ उद्देश्य

- आन्तरिक व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत,साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु ।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाउनु ।

### ४.४ रणनीति

- वाणिज्य क्षेत्रलाई आय आर्जनको प्रमुख सम्भागको रूपमा स्थापित गर्न यस क्षेत्रको स्थानीय व्यापार र लगानीलाई एकीकृत दृष्टिले सहजीकरण गर्ने ।
- निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशील आयात र व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने ।
- निर्यात व्यापारका लागि पहिचान गरिएका र गरिने वस्तुको वस्तुगत व्यापार विविधीकरण गर्ने ।
- वाणिज्य सम्बद्ध विद्यमान संरचना, पूर्वाधार एवम् आधारहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै यसको अधिकतम उपयोग गर्ने ।

### ४.५ कार्यनीति

- निर्यातका लागि सम्भाव्य मुख्य-मुख्य वस्तु तथा सेवाको निर्यात रणनीति तयार गरिनेछ ।
- उच्च मूल्य र कम आयतन भएका वस्तु र सेवाहरूको निकासी बढाइनेछ ।

- निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा स्थानीय श्रम, सीप र प्रविधिको उपयोग गर्दै पृष्ठ तथा अग्र सम्बन्धहरू सुदृढ गरिनेछ ।
- निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि निजी क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन, गुणस्तर सुधार र निर्यात प्रवर्द्धन गरिनेछ ।
- उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण एवम् विस्तार गर्न वाणिज्य नीति निर्माण गरिनेछ ।
- बाह्य लगानीलाई व्यापारिक वस्तु उत्पादन र रोजगारी वृद्धिमा प्रोत्साहन गरिनेछ ।
- स्वस्थ व्यापार व्यवसायको अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- परम्परागत सीप र कौशल भएका वस्तु तथा सेवाको उत्पादनलाई संरक्षण प्रवर्द्धन र व्यवसायीकरण गरिनेछ ।
- आन्तरिक बजार तथा वस्तु र सेवाको बजारीकरणको संरचना र क्षमता अभिवृद्धि गरिनेछ ।
- स्थानीय उत्पादनको बिक्रिबाट लाभ लिन संस्थागत व्यवस्था तथा पूर्वाधार विकास गरिनेछ ।
- बजार केन्द्र तथा नाकाहरुलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न प्रयास गरिनेछ ।
- लघुवित्त प्रदायक संस्थाहरुसँगको सम्पर्कको विकास र बजारसँगको सम्बन्ध विस्तार गरी गरीव तथा पिछडिएका वर्ग, द्वन्द्वपीडित समूहलाई समेत लक्षित गरी लघु उद्यमलाई विस्तार गरिनेछ ।
- लघुउद्यम तथा साना उद्योग मार्फत स्वरोजगार व्यवसाय सिर्जना र विकासका लागि लघु कर्जा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकामा थप नयाँ बैंक स्थापनामा विशेष पहल गरिनेछ ।
- लघु उद्यमी व्यवसायिक सहकारीको विकास गरिनेछ ।

## ४.६ प्रमुख कार्यक्रमहरू

क. वस्तु विकास कार्यक्रम

- तुलनात्मक तथा निर्यातयोग्य वस्तुहरूको उत्पादन वृद्धि, गुणस्तर सुधार तथा समग्र मूल्य श्रृङ्खलाको विकास ।
- निजी क्षेत्रसँगको लागत साझेदारीमा उच्च मूल्य कम तौल भएका वस्तुहरू जस्तैः सिस्नो,च्याउ,लोक्ता,अल्लोलगायतका उच्च निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादन वृद्धि र गुणस्तर सुधारमा सहयोग ।
- भण्डारण गृहहरू र प्रशोधन केन्द्रहरू निर्माण ।
- कृषिमा आधारित कच्चा पदार्थका लागि आर्थिक एवम् प्राविधिक सहयोग ।
- ब्रान्डिङ, प्याकेजिङ र लेवलिङमा सहयोग पुग्ने कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन ।

ख. व्यापार सम्बद्ध क्षमता विकास कार्यक्रम

- निजी क्षेत्रको व्यापारजन्य क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन ।
- निर्यातयोग्य वस्तुहरूको कटिङ, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङका तालिमहरू सञ्चालन ।
- महिला उद्यमीहरूलाई उपयुक्त घरेलु उद्यमसम्बन्धी तालिम सञ्चालन ।
- लोक्ता,सिस्नो,च्याउ,अल्लो जस्ता उच्च मूल्य कम आयतन भएका वस्तुहरूको प्रशोधन गर्ने नयाँ प्रविधिको हस्तान्तरण ।

## ५.अपेक्षित उपलब्धि

गाउँपालिकागत रुपमा व्यापार विविधीकरण भएको,योजना अवधिको अन्तिम वर्ष कुल उत्पादनसँग वस्तु निकासी अनुपात ० प्रतिशतबाट १ प्रतिशत र वस्तु तथा सेवा निकासीको अनुपात ० प्रतिशतबाट ० प्रतिशत पुगेको हुनेछ । साथै व्यापारले स्थानीय रोजगारीको सृजना एवं कर संकलनमा सघाउ पुग्ने देखिन्छ । गाउँपालिकामा कम्तिमा १ वटा बाणिज्य बैंक तथा निजि बैंक र सहकारी बैंकको स्थापना भएको हुनेछ ।

## ६.नतिजा खाका

आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ४.५ पर्यटन

### १. पृष्ठभूमि

प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट हुम्ला नेपालकै एक प्रमुख पर्यटकीय गन्तव्य जिल्ला हो । पवित्र तिर्थस्थल मानसरोवर र कैलाशको प्रवेशद्धारको रुपमा रहेको यस जिल्लामा पर्यटनका प्रशस्त सम्भावना बोकेका स्थलहरु थुप्रै भेटिन्छन् । मानसरोवर पछि दोस्रो ठूलो तिर्थस्थलको रुपमा खार्पूनाथ शिव मन्दिर पर्दछ । यस्ता पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ ।आन्तरिक पर्यटकहरुको वृद्धिले सिर्जित अवसरबाट लाभ प्राप्त गरी पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, राजनैतिक सङ्क्रमणको अन्त्य नभएका कारणले पर्यटन आगमन, बसाइ र उनीहरूले गर्ने खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन ।

### २.प्रमुख समस्या

हुम्लाको पर्यटन विकासमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु,राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन अपेक्षित रूपमा गर्न नसकिनु,पर्यटन पूर्वाधारको कमी हुनु,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणं सम्वर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु,पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकासलाई जोड्न नखकिनसु,पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

### ३.चुनौती तथा अवसर

**चुनौती**

जिर्ण पुरातात्विक सम्पदाहरूलाई पुनर्निर्माण गरी पहिलेको अवस्थामा पुनर्स्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती हो । भूकम्प तथा अन्य प्राकृतिक प्रकोपहरुबाट पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवर्द्धन गर्दै यस क्षेत्रको पुनरूत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्नु, सडक यातायातलाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकासमार्फत पर्यटकीय उपजको विकासगरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नु समेत चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

यस गाउँपालिकामा खार्पूनाथ,दुधे दह,भिम दुलो पर्यटन विकास समेतका पूर्वाधार अध्ययन तथा सोचको विकास हुनु,अद्बितीय पर्यटकीय क्षेत्र रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास हुँदै जानु, होमस्टेको सोच अगाडी बढ्नु,स्थानीय पर्यटकहरुको उच्च चापबाट मध्यम आयवर्गको वृद्धि तीव्र हुँदै जानु, पर्यटन पूर्वाधार वृद्धिमा सरकारको जोड रहनु र निजी क्षेत्रको पर्यटन क्षेत्रमा लगानी वृद्धि हुनु यस क्षेत्रको विकासका अवसरका रूपमा रहेका छन् ।

### ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम

#### ४.१ सोच

आर्थिक समृद्धिका लागि पर्यटन विकास ।

#### ४.२ लक्ष्य

पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

### ४.३ उद्देश्य

- गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।
- पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्नु ।
- गाउँपालिका अन्तर्गतका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु ।

### ४.४ रणनीति

- पर्यटन प्रवर्द्धन र विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।
- ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने ।
- सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।
- स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधीकरण गर्न बाह्य लगानी आकर्षित गर्ने ।

### ४.५ कार्यनीति

- प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्गमार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।
- पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।
- प्रत्येक वडामा एक/एक पर्यटक गन्तव्य तोकी ती स्थानहरूमा पूर्वाधार विकास गरिनेछ ।
- पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभलाई न्यायोचित वितरण गर्नसमेत पर्यटकीय गन्तव्यको विविधीकरण गरिनेछ ।
- प्रतिपर्यटक खर्च वृद्धिका लागि पर्यटकको बसाइ अवधि लम्ब्याउने र यसका लागि पर्यटकीय सेवा सुविधा तथा सुरक्षाको प्रत्याभूति बढाउने वातावरण निर्माण गरिनेछ ।
- पर्यटन प्रवर्द्धन गर्न पर्यटन गन्तव्यहरूको व्यापक रूपमा प्रचार एवम् प्रवर्द्धन गरिनेछ ।
- पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुऱ्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रूपमा विकास गरिनेछ ।
- धार्मिक प्रतिष्ठानहरूको प्रवर्द्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी स्थानीय स्तरको सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिनेछ ।
- छिमेकी जिल्ला र गाउँपालिकाहरूलाई केन्द्रित गरी निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- पर्यटन विकास गुरुयोजना बनाई योजनाबद्ध विकासमा जोड दिईनेछ ।
- पर्यटकीय मार्ग तथा स्थलहरु पहिचान गरी तिनको सुधार र व्यवस्थित गर्न प्रयास गरिनेछ ।
- सार्वजनिक निजी साझेदारीको नीतिअनुसार पर्यटन व्यवसायको विकास तथा बिस्तार गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

क. पर्यटन पूर्वाधारहरूको विकास

- प्रमुख पर्यटकीय स्थलहरूसम्म आवश्यक पूर्वधारहरू (विश्रामस्थल, चमेना गृह, शौचालय,पोर्टर सेल्टर, पर्यटक संरचना केन्द्र आदि) सहित सहज पहुँच हुने गरी स्थानीय तह,समुदाय तथा निजी क्षेत्रको सहकार्य र सहभागितामा पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन ।

ख. नीतिगत तथा संस्थागत सुधार

- पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित ऐन, नियमहरू तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा ।
- पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सुदृढीकरण ।

ग. पर्यटन प्रवर्द्धन

- पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुऱ्याई गरिबी न्यूनीकरणमा सघाउन पर्या- पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् निजी होमस्टेको स्तरवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रम ।
- पर्यटन प्रवर्द्धनका लागि निजी तथा अन्य क्षेत्र समेतको सहभागितामा प्रचारप्रसार अभियान कार्यक्रमहरू सञ्चालन ।
- पर्वतीय पर्यटनको विकासका लागि हिमालहरूको सहज रूपमा सूचना प्राप्त हुने गरी हिमालचुलीहरूको पिक प्रोफाइल तयार ।

**५.अपेक्षित उपलब्धि**

योजनाको अन्त्यमा विदेशी पर्यटन आगमन सङ्ख्या वार्षिक १ सय, विदेशी पर्यटकहरूको सरदर बसाइ अवधि ५ दिन र सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुगेको हुनेछ । यसै गरी आन्तरिक पर्यटकहरुको संख्यामा बृद्धि भई पर्यटन क्षेत्रबाट पहिलो,दोस्रो र तेस्रो वर्ष क्रमशः ५० जना , ७० जना  ८५ जनाको रोजगारी सिर्जना भएको हुनेछ ।

**६.नतिजा खाका**

आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको र सहकारी क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ४.६ सहकारी

**१.पृष्ठभूमि**

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक-सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहन्छ। सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ। यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट समग्र अर्थतन्त्रमा योगदान दिन सक्दछ। खासगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ। सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यसको विकास, विस्तार र प्रवर्द्धन आवश्यक रहेको छ । हाल यस गाउँपालिकाका सहकारी क्षेत्रमा  विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू,जिल्ला सहकारी सङ्घ, विषयगत सहकारी सङ्घहरू र दुई हजार भन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता र नेतृत्वमा महिलाको पहुँच बढी छ। यस क्षेत्रले नागरिकहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गर्दछ। यस क्षेत्रले विपन्न वर्ग, नजाति, दलित, अपाङ्ता भएका व्यक्ति,सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ ।

**२.प्रमुख समस्या**

सहकारीको लक्ष्य एवं उद्धेश्य र यसका सिद्धान्तहरुको बारेमा जानकारी नभइ बचत संकलन  गर्ने उद्धेश्यले स्थापना भएका सहकारी संस्थाहरुको  निष्कृयता, लागानीमा विस्तार नहुनु, ब्यापार र व्यवसाय नफस्टाउनु, लगानीको लागि पूँजीको कमि, उद्योग स्थापना गर्न कठिनाई, उपयूक्त प्रविधिको विकास हुन नसक्नु आदि प्रमुख समस्याको रुपमा रहेका छन् ।

**३.चुनौती तथा अवसर**

**चुनौती**

सहकारी सम्बन्धी ऐन-नियममा समयसापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौती रहेका छन् ।

**अवसर**

सहकारिताका माध्यमबाट उत्पादन तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, सहकारीमा सहभागीहरूको शिक्षा तथा क्षमता अभिवृद्धि गर्ने, स-साना बचतलाई परिचालन गरी पुँजी निर्माणमा योगदान पुऱ्याउने, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास गर्ने र स्थानीयस्तरमा वित्तीय अन्तरसम्बन्ध कायम गर्ने अवसर रहेका छन् ।

## ४.सोच,लक्ष्य,उद्देश्य,रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम

### ४.१ सोच

स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालनमार्फत आर्थिक-सामाजिक रूपान्तरण ।

### ४.२ लक्ष्य

उपलब्ध स्थानीय स्रोत, श्रम, सीप र पुँजीको सामूहिक रूपमा परिचालन गरी सामाजिक सशक्तीकरण गर्ने ।

### ४.३ उद्देश्य

- सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी गाउँपालिकाको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउनु ।
- सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्नु ।

### ४.४ रणनीति

- सहकारी संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने ।
- सहकारीको माध्यमबाट आर्थिक-सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।
- अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

### ४.५ कार्यनीति

- सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।
- सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।
- कृषि तथा ग्रामीण सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुऱ्याउन विभिन्न बजार तथा बजार सूचना केन्द्रको विकास गरिनेछ ।
- स्थानीय निकाय, विकास साझेदार र सामुदायिक संस्थाहरू समेतबाट सहकारी क्षेत्रमा वित्तीय तथा प्राविधिक सहायता परिचालन गरिनेछ ।
- सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाइनेछ ।
- सहकारी सूचना प्रणालीको विकास गरी सोको प्रयोगबाट अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सहकारीका बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति गर्न बचत सुरक्षण (बिमा) को व्यवस्था गरिनेछ ।
- वित्तीय अवस्था र कारोबार आकारको आधारमा सहकारी संस्थाको वर्गीकरण गरिनेछ ।
- सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठन संरचनाको निर्माण गरिनेछ ।
- कृषि उपजहरुको उत्पादन,प्रसोधन र बजारको विकासमा सहकारी संस्थाहरुको परिचालन र योगदानमा बृद्धि गरिनेछ ।
- गाउँपालिकामा रहेका कृषि तथा पशु सम्बन्धि सहकारीलाई कृषक समूह, सामुदायिक समितिको लागि आबश्यक प्राबिधिक, बिउ, बिजन उपलब्ध गराईनेछ ।
- कृषकद्वारा उत्पादित बस्तुहरुको बजारीकरणलाई गाउँपालिकाको कृषि, वन तथा वाताबरण समिति मार्फत क्षमता अभिबृद्धि गरि परिचालन गरिनेछ ।
- कृषि तथा पशुजन्य उपजहरुको बजारीकरणमा सहकारी एवं निजी क्षेत्रलाई परिचालन गरिनेछ ।
- सहकारीमा संलग्न कृषक, सहकारी र समूहको संस्थागत तथा क्षमता विकासमा जोड दिईनेछ ।

- सक्रिय सहकारी संस्थाहरुको माध्यमद्वारा कृषि सेवाको प्रचारप्रसार एवं कृषि उपजको बजारीकरण गर्न कृषि सहकारी प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ ।
- सहकारी शिक्षा, तालिम,सूचना प्रणालीलाई व्यापक बनाइनेछ ।

## ४.६ प्रमुख कार्यक्रमहरू

क. सहकारी क्षेत्रको प्रवर्द्धन कार्यक्रम

- कृषि, उद्योग र सेवाको क्षेत्रमा रोजगारीको सिर्जना तथा उत्पादन वृद्धि ।
- स्थानीय प्राथमिकताका क्षेत्रहरूको विकासका लागि प्रोत्साहन तथा सहभागितामा आधारित पुँजीगत अनुदान ।
- लक्षित समूह सहकारी प्रवर्द्धन र पहुँच अभिवृद्धि कार्यक्रमः सहकारी सचेतना, संस्था गठन, विकास, शिक्षा र तालिम तथा आयोजना सञ्चालनका लागि क्षमता विकास, बिउ पुँजी, प्राविधिक सहयोग वा सहभागितामा आधारित पुँजीगत अनुदान उपलब्ध गराउने ।

ख. उद्यमशीलता तथा क्षमता विकास

- सहकारी सङ्घ-संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र नेतृत्व विकासका तालिम ।
- प्रशिक्षक तथा प्रशिक्षण विधि, पाठ्यपुस्तक पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूको स्तरोन्नति र सुधार ।

## ५.अपेक्षित उपलब्धि

सहकारी संस्थाको सङ्ख्या २० बाट बृद्धि भइ ५०  पुगेको र सहकारी सदस्य सङ्ख्या वृद्धि भई  १००० पुगेको हुनेछ । सहकारी सङ्घसंस्थामा महिला सदस्यको प्रतिनिधित्व ५० प्रतिशत र सहकारी क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या ५० पुगेको हुनेछ । तालिम प्राप्त सहकारीकर्मीहरूको सङ्ख्या १,०० पुगी नेतृत्व विकास व्यवस्थापन सीप विकास भएको हुनेछ । बचत तथा ऋण सहकारी संस्थाको विश्वसनीयता बढेको हुनुका साथै सहकारीको माध्यमबाट सम्भाव्य आर्थिक क्षेत्रमा लगानी अभिवृद्धि भई गाउँपालिकाको समग्र अर्थ व्यवस्थामा टेवा पुगेको हुनेछ ।

## ६.नतिजा खाका

आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको र सहकारी क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## आर्थिक क्षेत्रको नतिजा तालिका

गाउँपालिकाको एकीकृत विकास तथा समृद्धि हासिल गर्न निर्धारित सोच तथा लक्ष्य प्राप्तिका लागि नतिजामूलक योजनाको ढाँचामा आवधिक योजना तर्जुमा गरिएको छ। जसका लागि विषयगत क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास तथा सेवा प्रवाह)अनुसार सूचकहरु निर्धारण गरी वर्तमान आधार रेखालाई आधार बनाई योजनाको अन्त्यसम्मको लक्ष्यहरु निर्धारण गरिएको छ। जसलाई देहायअनुसारको नतिजा तालिकामा राखिएको छ :

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७५/७६) | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| लक्ष्य : १.कृषि, पशुजन्य, औद्योगिक तथा पर्यटकीय उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गरि रोजगारीको सुनिश्चितता तथा खाद्य सुरक्षामा सुधार गर्ने | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ५०.३४ | ६० | ७० | ८० | ९० | १०० | – गाउँ वस्तुगत विवरण<br>– कृषि विकास शाखाको वार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदनहरु | – सिँचित क्षेत्र विस्तार भएको हुनेछ<br>– लगानिमा वृद्धि भएको हुनेछ। |
| | खाद्यान्न उत्पादन (वासलात) धान चामल | क्वीन्टल | १०० | १५० | २०० | २५० | ३०० | ३५० | | |
| | प्रति व्यक्ति खाद्यान्न उत्पादन वार्षिक | केजि | १०० | १२० | १५० | २०० | २५० | ३०० | | |
| | आम्दानीको २/३ तिहाईभन्दा बढी खर्च खानामा गर्ने जनसंख्या | प्रतिशत | ४९ | ४५ | ४० | ३० | २० | १० | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | हजारमा | ३५००० | ३५००० | ४०००० | ४५००० | ५०००० | ६०००० | | |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | क्वीन्टल | ३०० | ३५० | ४०० | ४५० | ५०० | ६०० | | |
| | वैदेशिक रोजगारीमा गएकाको संख्या | संख्या | १२ | १० | ८ | ५ | २ | ० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | ३५ | ६० | ८० | ९० | १२० | १५० | | |
| | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | १४१ | २०० | २५० | ३०० | ३५० | ५०० | | |
| असर १ : कृषि, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमूलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि भएको हुनेछ। | कृषि तथा पशुपालन व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ८० | ३५ | ४० | ५० | ६० | ७० | | - राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ।<br>- सिँचित क्षेत्र विस्तार भएको हुनेछ<br>- लगानिमा वृद्धि भएको हुनेछ। |
| | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) हजार | रु. | २००००० | १३०००० | १४०००० | १५०००० | १६०००० | १७०००० | | |
| | पशुपंक्षी र सोजन्य उत्पादन मूल्य (बार्षिक) हजारमा | रु. | ५००००० | ५५०००० | ६००००० | ७००००० | ५०० | ५५००० | | |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ० | १० | २० | ३० | ४० | ५० | | |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ५ | १० | १५ | २० | २५ | ३० | | |
| प्रतिफल १.१: कृषि उपजको व्यवसायीकरण र | आलु व्यवसायिक उत्पादन क्षेत्र | ह्ल | ४५ | ५० | ७५ | ८५ | ९५ | १०० | – गाउँपालिका वस्तुगत विवरण | – कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ। |
| | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | ह्ल | १४ | २० | ५० | ६० | ७५ | ८० | | |
| | सक्रिय अगुवा वा व्यवसायिक कृषक | संख्या | १० | १५ | २० | २५ | ३० | ४० | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७५/७६) | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| उत्पादन बृद्धि भएको हुनेछ । | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | १६ | २० | २५ | ३० | ३५ | ४० | –कृषि विकास शाखाको बार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदनहरु | –सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ । –कृषि सेवा तथा प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ । |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | १ | ५ | १० | १५ | २० | २५ | | |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | ४१ | ५० | ६० | ७० | ८० | ९० | | |
| | तरकारी उत्पादन | मे.ट. | ५ | १० | १५ | २० | २५ | ३० | | |
| | फलफुल उत्पादन | मे.ट. | २ | ३ | ५ | १० | १५ | २० | | |
| | दुध उत्पादन | लीटर | ४१७७ | ५००० | ५५०० | ६००० | ६५०० | ७००० | | |
| | मह उत्पादन | के. जी. | १०९ | १५० | २५० | ३०० | ३५० | ४०० | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ० | २ | ३ | ५ | ८ | १२ | | |
| | कृषि सहकारी संस्था | संख्या | १ | ५ | १० | १५ | २० | ३० | | |
| | सहकारीमा आवद्ध कृषक | संख्या | ४८० | ९०० | १२०० | १५०० | १८०० | २५०० | | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | सेलार स्टोर | संख्या | ० | १ | ० | ० | ० | १ | | |
| | कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | ० | १ | - | २ | ३ | ४ | | |
| प्रतिफल १.२: खेती योग्य जमीनमा सिंचाई सुविधा उपलब्ध भएको हुनेछ । | बाह्रै महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ९५ | १०० | १५० | १६० | १६५ | १७० | | |
| | प्रयोगमा आएका सिचाई प्रविधि (सतह,पोखरी,ड्रिप, लिफ्ट आदि) | प्रकार | सतह | सतह | सतह | सतह | सतह | सतह | | |
| | सुचारु सिंचाई आयोजना | संख्या | ८ | १० | १२ | १४ | १६ | २० | | |
| प्रतिफल १.३ आधुनिक पशुपालन व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ । | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ० | ४ | ६ | ८ | १० | १५ | –गाउँ वस्तुगत विवरण –पशु विकास शाखाको बार्षिक प्रगति प्रतिवेदन तथा अन्य | - आवश्यक बजेटको व्यवस्था हुने - सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुने - पशु नश्लको उत्पादनमा व्यवसायीको संलग्नता हुनेछ । |
| | पशुजन्य उत्पादन विक्रि गर्ने परिवार | संख्या | २०० | २५० | ३०० | ३५० | ४०० | ४५० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ० | १० | १५ | २५ | ३५ | ४० | | |
| | सक्रिय पशुपालन समूह | संख्या | १०० | ३० | ३५ | ४० | ४५ | ५० | | |
| | चरन क्षेत्र | संख्या | ७ | २० | २१ | २२ | २३ | २५ | | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | १९ | २० | २५ | ३० | ३५ | ४० | | |
| | पशुपालन सम्बन्धी उपलब्ध प्रविधि, (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने घरपरिवार | संख्या | १२५० | १२५५ | १२७५ | १२८० | १२८५ | १३०० | | |
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | ० | - | २ | — | ३ | | |
| प्रतिफल १.४: स्थानीय कच्चा | चालु लघु उद्योग | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | –संघीय र स्थानीय कानून तथा नीति |
| | चालु घरेलु उद्योग | संख्या | ० | ३ | ४ | ५ | ६ | ७ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७५/७६) | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| पदार्थमा आधारित उद्योगको स्थापना एवं वजारको विकास भएको हुनेछ। | सुचारु व्यापार व्यवसाय | संख्या | ३३ | ५० | ८० | १०० | १२० | १५० | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– अनुगमन प्रतिवेदन<br>– उद्योग बाणिज्य संघको रेर्कड प्रतिवेदन | तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ।<br>– निजी क्षेत्रको लगानी र स्वस्थ्य प्रतिस्पर्धा हुनेछ। |
| | निकासीजन्य कच्चा पदार्थको परिमाण | क्विन्टल | ० | ३०० | ५०० | ६०० | ८०० | १००० | | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | १ | ५ | १० | १५ | २० | २५ | | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम | संख्या | १० | २० | ३० | ४० | ५० | ६० | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | २५ | ३० | – | ३५ | – | ४० | | |
| प्रतिफल १.५:पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको प्रवर्द्धन भइ पर्यटकको आवागमनमा वृद्धि हुनेछ। | व्यवस्थित पर्यटकीय स्थल | संख्या | १ | ३ | ४ | ५ | ६ | ७ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– अनुगमन प्रतिवेदन | – पर्यटन प्रवर्द्धनको गुरुयोजना निर्माण भइ कार्यान्वयन हुनेछ।<br>– सरकारी तथा नीजि तवरबाट लगानीमा बृद्धि हुनेछ। |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | १ | – | २ | – | ३ | | |
| | भमण गर्ने बाार्षिक पर्यटक (वाह्य) | संख्या | १५ | ३० | ४० | ५० | ८० | १०० | | |
| | भ्रमण गर्ने बार्षिक पर्यटक (आन्तरिक) | संख्या | २००० | ५००० | | | | १०००० | | |
| | पर्यटन,सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ० | १० | १५ | २० | २५ | ३० | | |
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार | संख्या | ० | १ | – | – | – | २ | | |
| | पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ० | १ | – | २ | – | ३ | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | – | – | – | २ | | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | ५ | – | ८ | – | १० | | |
| | व्यवस्थित वनभोज तथा पार्क | संख्या | ० | १ | – | – | – | २ | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | ० | २ | ३ | ४ | – | ७ | | |
| | तालिम प्राप्त कुक तथा वेटर | संख्या | ० | २ | ३ | ५ | ८ | १० | | |
| | संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | ० | ५ | ९ | १२ | १५ | २० | | |
| प्रतिफल १.६: वित्तीय सेवा तथा सुविधाको पहुँचमा अभिबृद्धी हुनेछ। | सुचारु वित्तीय संस्था र सहकारी | संख्या | १६ | १२ | – | – | – | १५ | | |
| | उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | घरपरिवार | १० | १८०० | २००० | २२०० | २४०० | २५०० | | |
| | सेवा सुचारु वैक शाखा तथा वित्तीय सेवा प्रदायक | संख्या | १ | – | – | ५ | – | १० | | |
| | उपलब्ध कारोबारको किसिम (बचत र लगानी, रेमिट, मुद्रा सटही, ब्यसायिक परामर्श) | संख्या | ३ | ४ | – | – | – | ४ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७५/७६) | लक्ष्य (सम्मको अवस्था) | | | | | | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| | वैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | २५ | ३० | ३५ | ४० | ५० | ६० | | |

# परिच्छेद ५ : सामाजिक क्षेत्र

सामाजिक विकासका पृष्ठभूमि, प्रमुख समस्या,अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,अपेक्षित उपलब्धीहरु, नतिजा तालिका देहाय बमोजिम रहेका छन् ।

## ५.१.शिक्षा

१. पृष्ठभूमि

नेपालको संविधान,२०७२ ले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउनसमेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् । आर्थिक वर्ष २०७३/७४ सम्ममा कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ६२.४ प्रतिशत, प्राथमिक तह (१-५) को खुद भर्ना दर ९६.६ प्रतिशत, आधारभूत तह (१-८) को खुद भर्ना दर ८९.४ प्रतिशत तथा माध्यमिक तह (९-१२) को खुद भर्नादर ३७.७ प्रतिशत पुगेको छ । कक्षा १-१० को टिकाउ दर ३७.९ प्रतिशत, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेको छ । यसैगरी खुद भर्नादरमा लैङ्गिक समानतामा पनि उल्लेखनीय प्रगति भएको छ । यस्तो समानता प्राथमिक तहमा ०.९९, आधारभूत तहमा १.०० र माध्यमिक तहमा ०.९९ रहेको छ । १५ देखि २४ वर्ष उमेरको साक्षरता ८३.१६ प्रतिशत पुगेको छ ।

### २. प्रमुख समस्या

सबैका लागि गुणस्तरिय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु,विशेष तथा लक्षित समुहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु,भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु,तहगत, क्षेत्रगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या कम हुनु,बजारको माग अनसार जनशक्ति उपलब्ध नुहनु,उत्पादित जनशक्तिले पनि योग्यता अनुसारको राजेगारी प्राप्त गर्न नसक्नु,शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभुति गर्न नसकिन,सार्वजनिक लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन, प्रतिभाको पलायन नियन्त्रण जस्ता विषयहरू शिक्षा क्षेत्रमा प्रमुख समस्याका रूपमा रहेकाछन् ।

### ३.चुनौती तथा अवसर

चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने,सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी कक्षा १-१० को ३७.९ प्रतिशत रहेको टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेकाले यी दरहरूलाई घटाउने साथै गत वर्ष गएको महाभूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन र पुनर्निर्माण गर्ने चुनौती पनि रहेको छ ।

अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गताभएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ । यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ,वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका

लागि आधारशिला तयार भएको साथै शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, मानव पुँजीको विकास ।

### ४.२ लक्ष्य

- सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।
- गाउँपालिकाको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने ।
- रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने ।

### ४.३ उद्देश्य

- शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु ।
- वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु ।

### ४.४ रणनीति

- जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- उच्च शिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।
- सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउने ।

### ४.५ कार्यनीति

- साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरोकारवालाहरूसँग सहकार्य गरिनेछ ।
- अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ । यसका साथै निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता स्वयंसेवक परिचालन गरिनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ ।
- शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने तथा कक्षा १-३ को पाठ्यक्रम स्थानीय रूपमा विकास गरिनेछ
- निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ ।

- पूर्वप्राथमिक कक्षा र प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरूप बनाइनेछ ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा स्थानीय भाषिक नीति अवलम्बन गरिनेछ ।
- विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ ।
- विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिनेछ ।
- शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ ।
- जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरी पुनर्संरचना गरिनेछ ।
- सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ । विद्यार्थीहरूको सिकाइमा विपद् व्यवस्थापन विषयहरू समावेश गरिनेछ ।
- दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ ।
- आधारभूत तहको परिक्षालाई मर्यादित बनाउन स्थानीय सहकार्य एवं सहमति निर्माण गरिनेछ ।

**४.६ प्रमुख कार्यक्रमहरू**

क. प्रारम्भिक बालशिक्षा

- चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन ।
- समुदाय केन्द्रित गरी नयाँ पूर्व-प्राथमिक विद्यालय विस्तार ।
- प्रारम्भिक बालशिक्षालाई व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था ।
- पूर्वप्राथमिक शिक्षकको क्षमता विकास तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दिगो तथा गुणात्मक विकासका लागि सहकार्य ।

ख. आधारभूत शिक्षा

- आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन ।
- तोकिएका क्षेत्रहरूमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरू, वैकल्पिक शैक्षिक कार्यक्रम ।
- समयमै निःशुल्क पाठ्यपुस्तक वितरण ।
- गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण ।
- शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, शिक्षक तालिम ।
- बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा ।
- पुस्तकालय तथा सिकाइ कुना स्थापना ।

ग. माध्यमिक शिक्षा

- माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन ।
- माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमूना विद्यालयको विकास तथा सञ्चालन ।
- विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदीय व्यवस्था ।

- शिक्षक तालिम, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ।
- कक्षा ९ देखि नै व्यवसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार ।

घ. अनौपचारिक शिक्षा

- सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै वडालाई साक्षर घोषणा गर्ने कार्यक्रम ।
- सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन ।
- अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण ।

ङ. शैक्षिक व्यवस्थापन

- शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरू विभिन्नखाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्रदेखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन ।

**५.अपेक्षित उपलब्धि**

योजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर १०० प्रतिशत पुगेको हुनेछ ।कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरूको सङ्ख्या १०० प्रतिशत पुगेको र आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९८ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ९५  प्रतिशत पुगेको हुनेछ । साथै, कक्षा ८ र १० को टिकाउ दर क्रमशः ९० र ८० प्रतिशत पुगेको हुनेछ । सबै वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछ । गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ ।

**६.नतिजा खाका**

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ५.२ स्वास्थ्य र पोषण

**१. पृष्ठभूमि**

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको फलस्वरूप शिशु मृत्युदर  र नवजात शिशु मृत्युदर घटेको छ । साथै पाँच वर्षमुनिको बाल मृत्युदर ३८ तथा मातृ मृत्युदर २५८ मा झरेको छ । यसैगरी परिवार नियोजनको साधन प्रयोग दर ७७.३४ प्रतिशत रहेको छ भने कुल प्रजनन दर २.२ रहेको छ । तौल नपुगेका बच्चाको प्रतिशत घटेर २८.८ पुगेको छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ ।

**२.प्रमुख समस्या**

जनताले अपेक्षा गरेअनुरूप गुणस्तर सहितको स्वास्थ्य सेवाको पहुँच र एकरूपता कायम गर्न नसक्नु,सेवामुलक तथा जनस्वास्थ्य प्रति उत्तरदायी सेवा तथा जनशक्ति प्रयाप्त विकास गर्न नसक्नु,स्वास्थ्य सेवामा लगानी अनुसारको प्रतिफल प्राप्त गर्न नसक्नु,आवश्यकता अनसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सहरूको अभाव हुनु,सर्ने तथा नसर्ने रोगहरू,कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्या विद्यमान रहनु प्रमुख समस्या हुन् । जलवायु परिवर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले हुने मानवीय स्वास्थ्य समस्याहरू उत्पन्न हुनु,मातृ मृत्यृदर घट्नेक्रममा भए पनि गति न्यून रहनु, ५ वर्ष मुनिका करिब एक तिहाइभन्दा बढी बालबालिका र प्रजनन उमेर समुहका महिलामा न्यून पोषण हुनु जस्ता समस्या समेत रहेका छन् ।

**३. चुनौती तथा अवसर**

चुनौती

संविधानले व्यवस्था गरेको सङ्घीय स्वरूप, भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निःशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु, सबैको लागि स्वास्थ्य बिमा लागु गर्नु, वैदेशिक सहयोगको परिचालन तथा उपयोगलाई प्रभावकारी बनाउन समन्वय कायम गर्नु र स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सुचारु गर्नु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

अवसर

स्वास्थ्य संस्थाहरूको सञ्जाल तयार हुनु, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरणहरूको उपलब्धता, सर्वसाधारणहरूको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि गरिएको विभिन्न नीतिगत व्यवस्थाका कारण स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास ।

### ४.२ लक्ष्य

सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने ।

### ४.३ उद्देश्य

- सबै वर्ग र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु
- स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

### ४.४ रणनीति

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने ।
- पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यससम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पुऱ्याउने ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।
- स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।
- गाउँपालिकामा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने ।

### ४.५ कार्यनीति

- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्नसक्ने व्यवस्था मिलाइनेछ ।
- आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।
- स्वास्थ्य तथा पोषणबारे व्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- स्वास्थ्य व्यबस्थापन समिति तथा स्वास्थ्यसँग सम्बन्धित निकायहरूलाई सक्षम तथा जवाफदेही बनाइनेछ ।
- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।

- आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधी उत्पादनमा जोड दिइनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

क. सेवा प्रवाहमा सुधार

- बाल स्वास्थ्य तथा पोषण ।
- परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व ।
- नसर्ने रोगको रोकथाम तथा उपचार ।
- अन्य कीटजन्य रोग नियन्त्रण एवम् प्राकृतिक प्रकोप व्यवस्थापन ।
- विद्यालय स्वास्थ्य कार्यक्रममार्फत निःशुल्क आँखा जाँच ।
- थप स्वास्थ्य सेवाहरूको विस्तार ।
- रक्त सञ्चार सेवाको स्थापना तथा विस्तार ।
- वडास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताको सुनिश्चितता ।

ख. भौतिक पूर्वाधार विकास तथा सुधार

- गाउँपालिका तहमा १५ शैयाको सुविधा सम्पन्न अस्पताल स्थापना ।
- मापदण्ड अनुरूप भूकम्पलगायत अन्य विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री स्वास्थ्य संरचनाहरूको निर्माण, मर्मतसम्भार एवं स्तरोन्नति
- असुरक्षित संरचनाहरूको निर्माण, पुनर्निर्माण तथा मर्मतसम्भार ।

ग. औषधी, औजार तथा उपकरण व्यवस्था

- बहुवर्षीय सम्झौताका आधारमा औषधी खरिद ।
- गुणस्तरीय अत्याधुनिक स्वास्थ्य औजार उपकरणको व्यवस्था, अभिलेखीकरण, योजनाबद्ध मर्मतसम्भार तथा प्रतिस्थापन ।

घ. जनशक्ति विकास तथा गुणस्तरीय स्वास्थ्य सेवा

- सबै स्वास्थ्य संस्थाहरूमा दरबन्दीबमोजिम चिकित्सकको व्यवस्था ।
- क्षमता विकासको एकीकृत कार्यक्रम ।
- अस्पतालजन्य फोहोर मैलाको व्यवस्थापनसम्बन्धी अनुसन्धान ।

ङ. पोषणसम्बन्धी कार्यक्रम

बहुक्षेत्रीय पोषण कार्यक्रमको निरन्तरता र गुणस्तरियता ।

### ५.अपेक्षित उपलब्धि

योजना अवधिमा पाँच वर्षमुनिको बाल मृत्युदर घटेर ३० पुगेको, मातृ मृत्युदर १४५ पुगेको, नवजात शिशु मृत्युदर घटेर २० पुगेको, कुल प्रजनन दर २.१ पुगेको, ८७ प्रतिशत क्षयरोगी बिरामीहरू पत्ता लागेको र पाँच वर्षमुनिका बच्चाहरूमध्ये पुड्कोपना भएका बच्चाहरूको प्रतिशत घटेर ३२ पुगेको हुनेछ ।

### ६.नतिजा खाका

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ। खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ। हाल आधारभूत स्तरको खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्या ८७.०१ प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या ६९.७१ प्रतिशत पुगेको छ। उच्च/मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या १५ प्रतिशत रहेको छ। खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ। खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने,साविकका गाविसहरु खुला दिसामुक्त घोषणा भइसकेको सन्दर्भमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त क्षेत्रको रुपमा घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ।

### २.प्रमुख समस्या

विभिन्न प्राकृतिक तथा मानविय कारणले पानीका स्रोतहरूमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ। अपेक्षा अनरूप खानेपानी सेवालाई सुरक्षित, भरपदो र दिगो बनाउन सकिएको छैन। मानव बस्तिको विस्तार र विकासंगै मानव मलमुत्रजन्य फोहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, नदीनाला,जलाशय तथा वातावरण क्रमश प्रदुषित हुदैगएका छन्।

### ३.चुनौती तथा अवसर

चुनौती

वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो जनसंख्याका कारण खानेपानीको अत्यधिक माग रहनु,बस्तीमा ढलनिकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु एवम् खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। साथै सरसफाइलाई दिगोपना कायम राख्नु र समग्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त पालिकाको रुपमा घोषणा गर्नु चुनौतीको रुपमा देखिएका छन्।

अवसर

छुट्टै विशिष्टीकृत शाखाको रूपमा खानेपानी तथा सरसफाइ शाखा रहनु, पानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय सरोकारवाला निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले गर्दा यस क्षेत्रमा आशातीत सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ।

### ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

#### ४.१ सोच

खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार।

#### ४.२ लक्ष्य

सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने।

#### ४.३ उद्देश्य

- गाउँपालिका भित्रको सबै जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु।
- मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु।

## ४.४ रणनीति

- आधारभूत स्तरको खानेपानी सेवा सबै जनसङ्ख्यालाई उपलब्ध गराउने ।
- सबै जनसङ्ख्यालाई आधारभूत स्तरको सरसफाइ तथा शौचालयको सुविधा पुऱ्याउने ।
- जलवायु अनुकूलन आयोजनाको निर्माण, जलाधार क्षेत्र तथा परम्परागत स्रोतको संरक्षण र भूमिगत पानीको पुनर्भरणको व्यवस्था गर्ने ।
- ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

## ४.५ कार्यनीति

- खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी रणनीतिक योजना तर्जुमा गरिनेछ ।
- खानेपानी,सरसफाइ तथा स्वच्छता निर्देशिका,२०७४ बमोजिम गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त घोषणाका लागि कार्यक्रमहरु तय गरेर कार्यान्वयन गरिनेछ ।
- पूर्ण सरसफाइका १+५+१ सूचकहरु कार्यान्वयनका लागि क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- खानेपानी आयोजनाको दिगो सुचारुपनाका लागि उपभोक्ता समितिहरुको क्षमता विकासमा जोड दिइनेछ ।
- खानेपानी सम्बन्धी महसुललाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- 'एक घर एक शौचालय' को अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।
- सञ्चालनमा रहेका सबै खानेपानी तथा सरसफाइ आयोजनाहरू सम्पन्न गरिनेछ ।
- सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- खानेपानी र अन्य प्रयोजनको लागि पानीको विवेकशील प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिनेछ ।
- खानेपानी आयोजनाहरुको सुचारुपना तथा दिगोपनाका लागि खानेपानीका स्रोतहरू एवं संरचनाहरुको अभिलेखन,क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा खानेपानी, ढल निकास तथा प्रशोधन आयोजनाहरूको अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- पानी सुरक्षा योजना लागु गरी कार्यान्वयन गरिनेछ ।

## ४.६ प्रमुख कार्यक्रमहरू

क. आधारभूत खानेपानी सेवा

- क्रमागत रूपमा सञ्चालन भइरहेका खानेपानी आयोजनाहरूको 'एक घर एक धारा' अवधारणामा आधारित भई निर्माण एवम् विस्तार ।
- गाउँपालिका क्षेत्रमा खानेपानी सेवा विस्तार, निर्माण र सञ्चालनका कार्यक्रमहरू सञ्चालन ।
- सुख्खाग्रस्त क्षेत्रमा खानेपानी आयोजनाहरू निर्माण ।
- वर्षात्को पानी सङ्कलन तथा उपयोग खानेपानी आयोजनाहरू सञ्चालन ।

ख. खानेपानी गुणस्तर तथा सेवास्तर अभिवृद्धि

- खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना, पानी प्रशोधन प्रविधि लगायतका गुणस्तर सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
- बढी जनघनत्व भएका वडाहरूमा ठूला तथा साना खानेपानी आयोजनाहरू सञ्चालन ।

ग. मर्मतसम्भार, पुनर्निर्माण तथा पुनर्स्थापना

- विगतमा सम्पन्न भई हाल आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त आयोजनाहरू मर्मत सुधार ।
- खानेपानी आयोजनाहरू दिगो रूपमा सञ्चालन हुने गरी पुनर्निर्माण तथा सेवा पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन ।
- ठूला, मझौला र साना सबै प्रकारका खानेपानी तथा सरसफाइ आयोजनाहरूको मर्मतसम्भार व्यवस्थापन योजना तयार तथा कार्यान्वयन ।

घ. सरसफाइ सुविधा र सेवा स्तर अभिवृद्धि

- सामाजिक अभियानको रूपमा सञ्चालन गरिने वातावरणीय सरसफाइ आयोजना अन्तर्गत पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन ।
- सार्वजनिक स्थान र संस्थागत क्षेत्रमा सफा शौचालय कार्यक्रम ।

ङ. क्षमता अभिवृद्धि तथा संस्थागत सुधार

- संस्थागत सुधार तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
- खानेपानी सेवा नियमन तथा अनुगमन र सूचना व्यवस्थापनलाई सबलीकरण ।
- स्थानीय सरोकारवालम निकाय, उपभोक्ता समिति, सामुदायिक संघ संस्था, गै.स.स. र सम्बद्ध निकाय तथा आयोजनाका कर्मचारीहरूको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि ।
- खानेपानी सेवा नपुगेको क्षेत्रहरूका पहिचान गरी सेवा पहुँच विस्तार ।
- खानेपानी चुहावट हुने स्थानहरूको पहिचान गरी व्यवस्थापन कार्यक्रमहरू सञ्चालन ।

**५.अपेक्षित उपलब्धि**

योजनाको प्रथम वर्षमा ८६ प्रतिशत, दोस्रो वर्षमा ८८ प्रतिशत र तेस्रो वर्षमा ९० प्रतिशतखानेपानी सेवा पुगेको हुनेछ । आधारभूत सरसफाई सेवामा प्रथम वर्षमा ८४ प्रतिशत, दोस्रो वर्षमा ८७प्रतिशत र तेस्रो वर्षमा ८९ प्रतिशत जनताको पहुँच पुगेको हुनेछ । उच्च/मध्यमस्तरको खानेपानी सेवाको पहुँच प्रथम वर्षमा २० प्रतिशत, दोस्रो वर्षमा २५ प्रतिशत र तेस्रो वर्षमा ३० प्रतिशत जनतामा पुगेको हुनेछ भने निर्माण भएर पनि सञ्चालनमा नरहेका खानेपानी आयोजनाहरूको मर्मतसम्भार तथा पुनर्स्थापना भई सञ्चालनमा आएको हुनेछ । पूर्ण सरसफाइयुक्त गाउँ,टोल घोषणा हुनेछन् ।

**६.नतिजा खाका**

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ५.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**१. पृष्ठभूमि**

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हकप्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । विविध सरकारी प्रयासका कारण महिला घरमूली ४६.५२ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व ८.५० प्रतिशत, महिला साक्षरता ६४.१० प्रतिशत र श्रम सहभागिता दर ५० प्रतिशत पुगेको छ । अहिले पनि लैङ्गिक हिंसा र बालविवाह महिला विकासको अवरोधको रूपमा रहेको छ। आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, स्थानीय सरकारका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने महत्वपूर्ण हक अधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएको छ। त्यसैगरी सामाजिक समावेशीकरणको सवालमा नेपालको संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । यसैगरी संविधानमा समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग,आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ । महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्गजस्ता बञ्चितमा परेका

तथा पारिएका समुदाय तथा व्यक्तिहरूको लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएका भए तापनि विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको अन्तरको अन्त्य गर्नु आवश्यक भएको छ ।

**२.प्रमुख समस्या**

महिलामाथि हुने दुर्व्यवहार र विभेद हट्न नसक्नु,अशिक्षा,हानिकारक अभ्यास, लैङ्गगक लैङ्गिक विभेद् तथा हिंसालाई बढावा दिने सामाखिक संरचना, सोच, मूल्य मान्यता, प्रथा, परम्परा कायमै रहनु,महिला तथा बालबालिकहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, लैङ्गिक समानता प्रष्ट्याउने पर्याप्त खण्डीकृत तथ्याङ्कको कमी हुनु,सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्णरूपमा संरक्षण,पुनर्स्थापना,सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु,सरकारी तथा विकास साझेदार संस्थाहरूबाट हुने कार्यक्रममा समन्वयको कमी हुनु यस क्षेत्रका समस्या हुन् । महिला, दलित,जनजाति, अपाङ्ग व्यक्तिहरूको लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु समस्याको रुपमा रहेको छ ।

**३. चुनौती तथा अवसर**

चुनौती

आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुषकै हाराहारीमा ल्याउनु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिलाहरूबीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्नु, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु र बालविवाह, दाइजो प्रथा र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु लैङ्गिक समानता क्षेत्रका चुनौतीहरू हुन् । लक्षित समुदायमा गरिबी व्याप्त हुनु, विभिन्न समुदायहरू तथा वर्गहरूबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा निकै ठूलो अन्तर रहनु, स्रोतसाधन तथा सेवा सुविधामा यस्ता समुदायको न्यायोचित पहुँच हुन नसक्नु, नकारात्मक सामाजिक मूल्य-मान्यता हुनु, प्रशासनिक संरचनामा न्यून प्रतिनिधित्व रहनुजस्ता चुनौतीहरू रहेका छन् ।

अवसर

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि राष्ट्रिय स्तरमा विभिन्न खाले ऐनहरु बनिसकेका र उक्त ऐनको आधारमा बिभिन्न खाले प्रावधान जस्तै सबै सरोकारवाला निकायहरूमा लैङ्गिक सम्पर्क विन्दुहरूको स्थापना, घरेलु हिंसाबाट पीडित महिलाहरूका लागि सुरक्षित अल्पकालीन आश्रयस्थलको व्यवस्था हुनु, सामुदायिक सेवा केन्द्र सञ्चालन हुनु, लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालन हुनु, अदालतमा लैङ्गिक हिंसासम्बन्धी सुनुवाइका लागि छिटोछरितो प्रक्रिया अवलम्बन गरिनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र सङ्घदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, लैङ्गिक हिंसालाई महिला समानता र सशक्तीकरणको बाधकको रूपमा राज्यद्वारा स्वीकार गरी त्यसको निराकरणको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गरिनुलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ । त्यसैगरी नेपालको संविधानले विभिन्न जाति, वर्ग र पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न पहलहरु भएको, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि भएको र राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा यस्ता समुदायहरूको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रियालाई प्रभावकारी बनाउने अवसर सिर्जना भएको छ ।

**४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति र प्रमुख कार्यक्रमहरु**

**४.१ सोच**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत सबै नागरिकको मर्यादित, न्यायपूर्ण र अर्थपूर्ण सहभागितामा मुलुकको समावेशी विकास ।

**४.२ लक्ष्य**

सामाजिक आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायहरूको जिवनस्तरमा सुधार  गर्ने ।

### ४.३ उद्देश्य
र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणका माध्यमबाट सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु ।

- लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु ।
- राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।
- आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट बञ्चितिमा परेका दलित, जनजाति,पिछडा वर्ग,सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यका लागि उपलब्ध साधनस्रोत, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

### ४.४ रणनीति
- गाउँपालिकामा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित तथा अपाङ्गता भएका व्यक्तिको पहुँच बढाउने ।
- निर्णय प्रक्रिया तथा अन्य संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने ।
- सीप विकास तालिम प्रदान गरी रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउने ।
- आदिवासी जनजाति, दलित वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरण गर्दै स्थानीय स्तरका प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने ।
- महिलाहरूको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तीकरण गर्ने ।
- मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

### ४.५ कार्यनीति
- महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक नयाँ स्थानीय कानुनहरूको निर्माण र प्रभावकारी कार्यान्वयन एवम् सोको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- विकास कार्यक्रम/आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजनाका सबै चरणमा लैङ्गिक पद्धतिहरूको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ ।
- सबै निजी र गैरसरकारी क्षेत्रको नीति निर्माण, कार्यक्रम कार्यान्वयन लगायत प्रतिफलमा महिलाको सारभूत प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
- लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्न न्यायिक समिति र सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ ।
- लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको अध्ययन अनुसन्धानको थालनी तथा लैङ्गिक हिंसामुक्त गाउँपालिकाको घोषणा गर्नको लागि सूचकहरूको विकास गरिनेछ ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम र नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँचयोग्य बनाइनेछ
- आर्थिक सामाजिक रूपले विपन्न एवम् एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।
- अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी, उद्यमशीलता विकास गर्न सहुलियत ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ ।
- महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको विकास र प्रयोगमा जोड दिइनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट विनियोजन गर्दै यो प्रणालीलाई संस्थागत गरिनेछ भने लैङ्गिक उत्तरदायी बजेट परिक्षणलाई एक अभिन्न अंगको रुपमा विकास गरिनेछ ।
- गाउँपालिकामा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलितहरूको पहुँच बढाइनेछ र यी बर्गहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ र नागरिकहरूलाई सीप विकास तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- समुदाय सशक्तिकरण, नागरिक संलग्नता तथा सामाजिक परिचालन अवधारणा, अभ्यास र प्रभाव अध्ययन तथा विश्लेषण गरी साझा अवधारणा तयार तथा कार्यक्रममा एकरुपता ल्याउन प्रयास गनिरेछ ।
- विद्यमान उपलब्ध लैससास (GESI) संबन्धी नीति, रणनीतिको कार्यान्वयन गरिनेछ ।
- गरीब, महिला तथा लक्षित वर्ग र समुदायलाई बढी भन्दा बढी लाभ पुग्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

## ४.६ प्रमुख कार्यक्रमहरू

क. महिला विकास कार्यक्रम

- आर्थिक तथा सामाजिक रूपले पछाडि परेका विपन्न महिलाको वैयक्तिक, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समुदाय तहमै सामाजिक परिचालन ।
- महिला समिति अन्तर्गत व्यवसायिक समूहको विकास र गरिबी विरुद्ध महिला अभियान ।
- बालबालिकाउपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावकीय सचेतना ।
- विपद् जोखिमसम्बन्धी आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन ।
- मानव बेचबिखन नियन्त्रणको लागि गाउँस्तरीय समिति गठन, सामुदायिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

ख. लैङिगक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम

- ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्न महिला तथा बालबालिकामाथि हुने हिंसाको रोकथामका लागि वर्तमान कानुनी अवस्थाबारे सचेतना अभिवृद्धि ।
- महिला तथा बालबालिकाका संविधान प्रदत अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तन सम्बन्धी जानकारीमूलक कार्यक्रम
- एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिवृद्धि ।

ग. सीपमूलक कार्यक्रम

- दलित, आदिवासी जनजाति,अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित नागरिक र आर्थिक रूपले विपन्न खस आर्यहरूलाई रोजगारमूलक सीप विकाससम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि ।

घ. पेशा, भाषा तथा संस्कृतिको संरक्षणसम्बन्धी कार्यक्रम

- दलित, आदिवासी जनजाति समुदायका परम्परागत पेशाहरूको विकास, संरक्षण र संवर्द्धन तथा पेशाको आधुनिकीकरण
- भाषा एवम् संस्कृतिको संरक्षण र संवर्द्धन ।

ङ. लक्षित कार्यक्रम

महिला, आदिवासी जनजाति, दलित, किसान, श्रमिकहरूको आर्थिक तथा समाजिक विकासका लागि लक्षित कार्यक्रमहरूको माध्यमबाट उपलब्ध रोजगारीका अवसरहरूको उपयोग गर्न सक्षम बनाउने

## ५.अपेक्षित उपलब्धि

आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको, स्थानीय तहको बिभिन्न संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २५ प्रतिशत पुगेको, महिला विकास कार्यक्रममार्फत समूह सदस्य सङ्ख्यामा बृद्धि भएको, लैङ्गिक हिंसा घटेको, हिंसा पीडित महिलाहरूको लागि पुनर्स्थापना केन्द्र स्थापना भई तिनीहरूको पुनर्स्थापना भएको हुनेछ । निर्णय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित भएको हुने, उपलब्ध स्रोतसाधनहरूमा समुदायको पहुँच बढेको हुने, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता भएको हुने र आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन भएको हुनेछ ।

### ६. नतिजा खाका

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ५.५ युवा तथा खेलकुद

### १.पृष्ठभुमी

गाउँपालिकाको विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक,सामाजिक,सांस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्बाङ्गीण विकास,सशक्तिकरण र उद्यमशिलताका लागि शिक्षा,स्वास्थ्य,रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था कार्यान्वयनका लागि एकीकृत कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन एकतिर आवश्यक छ भने अर्कोतिर युवा  व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकुदले सामाजिक एकता सुदृढ गर्ने र पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रुपमा रही आएको छ । नागरकिलाई रोजगारको अवसर सिर्जना गर्न,खेल पर्यटनको माध्यमबाट दिगो शिक्षा,स्वास्थ्य, लैंङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् यससंग सम्बन्धित पूर्वाधार निर्माण गरी "युवाका लागि खेलकुद" अभियानलाई सार्थकता दिन आवश्यक छ ।

### २.प्रमुख समस्या

युवा लक्षित नीति,योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु,बजारको माग र जनशक्तिको आपुर्ति बिच सामान्जस्य नहुनु,युवा विकासको लागि ठोस योजना नहुनु,युवासंग सम्बन्धित तथ्याङ्कीय आधार नहुनु,युवाको सर्बाङ्गीण विकास,उद्यमशिलता र रोजगारीका अवसर सिमित हुनु,ठूलो संख्यामा युवा शक्ति विदेश पलायन हुनु,विभेद,कुरीति र अन्धविश्वासजन्य चिन्तन तथा अभ्यास समाजमा रहनु युवा विकासका प्रमुख समस्या हुन् भने  खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार तथा खेल सामाग्रीको कमी हुनु,विद्यमान पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, खेलकुद प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्न नसक्नु,खेलकुदलाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसक्नु खेलकुद क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३.चुनौती तथा अवसर

युवा क्षमताको विकास गर्नु,युवा प्रतिभा पलायनलाई रोक्नु,युवा लक्षित जीवनोपयोगी,प्राविधिक र व्यबसायिक
शिक्षा सर्वसुलभ रुपमा उपलब्ध गराउनु,रोजगारीका अवसर बृद्धि गर्नु,युवामा सकारात्मक सोचको निर्माण गरी स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु,वित्तिय श्रोतमा युवाको सहज पहँच सुनिश्चित गर्नु,युवा सशक्तिकरण गर्दै गाउँपालिकाको सामाजिक,सांस्कृतिक तथा आर्थिक रुपान्तरण गर्नु प्रमुख चुनौती हुन् । गाउँपालिकामा मापदण्ड अनुकुलका सुविधा सम्पन्न भौतिक पूर्वाधारहरूको निर्माण गर्नु समयसापेक्ष प्रतियोगिताको व्यवस्था गरी स्वच्छ खेलाडीको विकास, प्रोत्साहन तथा सम्मान गर्ने,खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरुमा नयाँ शिल्प र विज्ञान प्रविधिको प्रयोग गर्ने,खेलकुदको विकासमा लगानी अभिवृद्धि गर्ने,गैरसरकारी र निजीक्षेत्रको लगानी आर्कषित गरी ,खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा स्थापित गर्दै व्यवसाय र रोजगारीको रूपमा विकास गर्नु  खेलकुद विकासका प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

### ४.क्षेत्रगत सोच,लक्ष्य, उद्देश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु

#### ४.१सोच

युवाको सर्वाङ्गीण विकासका लागि स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकुदमा अभिवृद्धि ।

#### ४.२ लक्ष्य

खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित,उद्यमशील,अधिकार प्रति सचेत र कर्तव्यप्रति प्रतिवद्ध युवा शक्तिको विकास र परिचालन गर्ने ।

### ४.३ उद्देश्य

- युवामा दक्षता र क्षमताको विकास गर्नु ।
- युवालाई उद्यमशिल,रोजगारमुलक र स्वरोजगार बनाउनु ।
- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु ।
- खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।
- सबै क्षेत्रमा युवा र खेलकुदलाई मुलप्रवाहीकरण गर्नु ।

### ४.४ रणनीति

१. सबै संगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण गरिनेछ ।
२. खेलकुद पूर्वाधारको विकास,संचालनमा युवालाई प्रोत्साहित गर्ने ।
३.युवा तथा खेलकुद विकासमा आवद्ध निकाय तथा संघसंस्थाहरुको क्षमता विकास गर्ने ।
४.प्रतिभावान युवा खेलाडिको पहिचान,क्षमता विकास तथा प्रोत्साहनको व्यबस्था गर्ने ।
५.आर्थिक तथा सामाजिक विकासका लागि युवा र खेलकुद गतिविधिलाई प्राथमिकता दिने ।

### ४.५ कार्यनीति

१. प्रत्येक वडामा वडास्तरीय रङ्गशाला र सुविधा सम्पन्न खेलकुद पूर्वाधारको निर्माण,संरक्षण र स्तरोन्नति गरिनेछ ।
२.खेलकद सम्बन्धी अध्ययन तथा विकासका लागि छुट्टै शैक्षिक संस्थाको स्थापना गरिनेछ ।
३.वडा स्तरदेखि नै प्रतियोगिताहरू आयोजना गरी प्रतिभावान् खेलाडिहरुको पहिचान तथा क्षमता विकास गरिनेछ ।
४.खेलकुद क्षेत्रमा अक्षय कोषको व्यवस्था गरी खेलाडीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ ।
५.युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक खेलकुद विकास,प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरु

- खेलकुदको विकासका लागि पिरामिड विधि अपनाउने ।
- युवा खेलाडिहरुलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गर्ने ।
- खेलकुदका लागि गाँउस्तरिय रंगशाला निर्माण गर्ने ।
- गाँउ स्तरिय खेलकुद समिति गठन गरी यूवाहरुलाई सक्रिय वनाउने ।
- वडा, विद्यालय स्तरिय तथा गाँउस्तरिय खेलकुद प्रतियोगिता संचालन गर्ने ।
- यूवाहरुलाई दुर्व्यसनवाट जोगाउन अभियानहरु संचालन गर्ने ।
- यूवाकलवहरु गठन तथा क्रियाशिल बनाउने ।

## ५.अपेक्षित उपलब्धि

सबै वडामा एक एक वटा सुविधा सम्पन्न रङ्गशाला निर्माण भई संचालनमा आएका हुनेछन् । युवामा लागि खेलकुद प्रतियोगिताको आयोजना गरी सबैलाई सहभागी हुने अवसर सिर्जना भएको हुनेछ । प्रतिभावान युवा खेलाडीको पहिचान गरी प्रविधिहरूको माध्यमबाट प्रशिक्षण दिई खेलाडीको खेल कौशलमा स्तरोन्नति भई जिल्ला स्तरिय पदको हासिल दर वृद्धि भएको हुनेछ । युवा खेलकुदमा उल्लेखनिय सुधार आइ युवा सहभागिताको बृद्धि र कामको लागि विदेशिने युवाको संख्यामा कमि आएको हुनेछ ।

## ६.नतिजा खाका

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ५.६ सामाजिक सुरक्षा तथा संरक्षण

### १.पष्ठभूमि

गरिबी न्यूनीकरण, मर्यादित जीवन र सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षा र संरक्षण अपरिहार्य छ । यस खार्पूनाथ गाउँपालिकामा आर्थिक,सामाजिक, प्राकृतिक र पर्यावरणीय जोखिमको सामना गर्नु परिरहेको छ। लोक कल्याणकारी राज्यको अवधारणा बमोजिम कजजोर, विपन्न र विभिन्न जोखिममा रहेका समुदायको जीवन यापनलाई सहज बनाउन र सबै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरिय बनाउन सामाजिक सुरक्षा उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व हो । नेपालको संविधानले पनि सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरेअनुरूप सबै नागरिकको गुणस्तरिय जीवन सुनिश्चिततताका लागि राज्यले सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्बन गरेको छ ।

आर्थिक तथा सामाजिक वञ्चीतिकरण र जोखिममा परेका नागरिकहरूको सामाजिक संरक्षणका लागि विभिन्न लक्षित समुहहरूलाई खाद्यान्न, पोषण स्वास्थ्य, शिक्षा, कृषि, श्रम तथा राजेगारीका क्षेत्रमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम संचालित छन् । सामाजिक सुरक्षा वापत् जेष्ठ नागरिक,एकल महिला,अपाङ्ग व्यक्ति र बालबालिकाहरुलाई मासिक रुपमा रकम उपलब्ध हुदै आइरहेको छ साथै अन्य संरक्षणका कार्यक्रमहरु पनि संचालन हुदै आइरहेका छन् ।

### २.प्रमुख समस्या

सामाजिक सुरक्षा योजनालाई स्थानगत बनाउन नसकिनु, सामाजिक सुरक्षा योजना लगानीको आकलन गर्न आवश्यक पर्ने सूचना र तथ्याङ्कको कमी हुनु,विभिन्न निकाय र तहबाट प्रदान गरिने सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूमा एकीकृत ढाँचा नहुदा दोहोरो र असामञ्जस्य हुनु,नागरिकहरूको सामाजिक सुरक्षा कार्यक्रमहरूमा सहज पहुँच स्थापना गर्न नसकिनु र सामाजिक सुरक्षा वितरण प्रणाली प्रभावकारी नहनु र कार्यान्वयनमा विभिन्न क्षेत्रहरूबीच समन्वय नहनु समस्याको रुपमा रहेका छन् । अत्याधिक महङ्गी र विभिन्न सुविधाहरुको अभावका कारण राज्यबाट प्रदान गरिने सामाजिक सुरक्षा प्रभावहिन जस्तै देखिन्छ ।

### ३.चुनौति तथा अवसर

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबैको आबद्धता बढाउनु, सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजनालाई वित्तीय रूपमा दिगो बनाउनु,सामाजिक सुरक्षालाई आर्थिक,सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमहरूसंग आबद्ध गर्नु,वास्तविक वञ्चितीकरण र जोखिममा रहेका वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूमा उनीहरूको सहज पहुँच सुनिश्चित गर्नु,जेष्ठ नागरिकको जनसंख्याको हिस्सा बढ्दै जाँदा राज्य कोषमा पर्ने थप सामाजिक सुरक्षा दायित्वलाई सम्बोधन गर्नु ,सामाजिक सुरक्षा र संरक्षणमा राज्यको असीमित दायित्व र सानो वित्तीय क्षमताबीच सन्तुलन कायम गरी सामाजिक सुरक्षा योजना र कार्यक्रमको दिगो प्रणाली स्थापना गर्नु प्रमुख चुनौती रहेका छन् । सामाजिक सुरक्षा सम्बन्धी काननी व्यवस्था भई कार्यक्रम प्रारम्भ हुनु,सामाजिक सुरक्षा कोष लगायत विभिन्न कोषको स्थापना हुनु र सामाजिक सुरक्षा सम्बन्धी खर्चमा राज्यको उल्लखनीय वृद्धि हुनु र जोखिम वहनका लागि बिमा क्षेत्रको विविधीकरण र बजार विस्तार हुनु प्रमुख अवसर हुन् ।

### ४. क्षेत्रगत सोच,लक्ष्य, उद्देश्य,रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रमहरु

#### ४.१ सोच

सबैका लागि दिगो सामाजिक सुरक्षा प्रणाली र समतामुलक समाज ।

#### ४.२ लक्ष्य

सामाजिक सुरक्षा र सरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिकको हकको कार्यान्वयन गनेर स्थानीय सरकार प्रति नागरिकको विश्वास सुदृढ गर्ने ।

#### ४.३ उद्देश्य

१. सबै नागरिकलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु ।
२. आर्थिक, सामाखिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षणं प्रदान गर्नु ।
३. सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकहरूको आर्थिक,सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु ।

#### ४.४ रणनीति

१.सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक,सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र,लिङ्ग, वर्ग र समुदायको पहुचँ बढाउने ।

२.योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने ।
३.सामाजिक सुरक्षा, सहयोग र संरक्षणलाई स्थानीय तहमा प्रभावकारी बनाउन सूचना प्रणालीको विकास गर्ने ।

### ४.५ कार्यनीति

१.जीवनयापन गर्न आयस्रोत नभएका, सरकारले तोकेको भन्दा न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय,एकल महिला, अपाङगता भएका,बालबालिका,आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ ।
२.बहुक्षेत्रीय पोषण योजना, सुरक्षित आमा कार्यक्रम, बाल संरक्षण अनुदान लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई पहुँचयोग्य बनाई गाउँपालिकाव्यापी रूपमा विस्तार गरिनेछ ।
३.विपद्बाट सिर्जना हुने सम्भावित जोखिम र प्रकोपको सामना गर्न सक्ने गरी सामाजिक सुरक्षा कार्यक्रमलाई विपद् संवेदनशील बनाइनेछ ।
४.सामाजिक सुरक्षा सम्बन्धी विषयलाई सहज र पारदर्शी बनाइनेछ ।
५.सामाजिक सुरक्षा एकीकृत सूचना प्रणालीको विकास गरिनेछ । सामाजिक सुरक्षा योजना विवरणको प्रतिवेदन प्रणाली विकास गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरु

- सामाजिक सुरक्षा कोषको स्थापना
- सामाजिक सुरक्षा रकम प्राप्त गर्ने व्यक्तिहरुको तथ्याङ्क संकलन,अद्यावधिक र अनलाइनबाट सेवा
- सामाजिक सुरक्षा वापतको रकमलाई बैंकिङ प्रणाली मार्फत भुक्तानी
- प्राप्त रकमलाई बचत वापत संकलन एवं लगानी
- सामाजिक सुरक्षालाई बिमाको अभिन्न अंगको रुपमा विकास गर्नु ।

### ५.अपेक्षित उपलब्धि

कुल जनसख्याको करिव ४० प्रतिशत हिस्सा आधारभूत सामाजिक सुरक्षामा आबद्ध भएको हुनेछ । गाउँपालिकाको बजेटमा सामाजिक सुरक्षा खर्च बृद्धि भएको हुनेछ । आर्थिक, सामाजिक वञ्चितीकरण र जोखिममा परेका वर्ग,क्षेत्र,लिंग र समुदायलाई गाउँपालिकाबाट सामाजिक संरक्षण प्रदान गरिएको हुनेछ ।

### ६.नतिजा खाका

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७४/७५ ) | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| लक्ष्य : २ आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण गर्ने । असर २: : स्वास्थ्य, शिक्षित ,सशक्त, सक्षम तथा सीपयुक्त मानव संशाधनको विकास भएको हुने छ । | १५ देखि ६० वर्षसम्मका साक्षर जनसंख्या | प्रतिशत | ६३ | ७० | ७५ | ८० | ८५ | ९० | – जिशिसईका सर्वेक्षण ( प्रोफाइल) – सस्थलगत सर्वेक्षण – प्रगति/अनुगमन प्रतिवेदन – विद्यालय सुधार योजना प्रतिवेदन – गाउँ शिक्षा शाखाको बार्षिक प्रतिवेदन | -आवश्यक खोप तथा औषधिहरु समयमै प्राप्त हुनेछ । -स्वास्थ्य संस्थाहरुमा आवस्यक उपकरण र दक्ष जनशक्तिको व्यवस्थापन हुनेछ । |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ४३ | १०० | १५० | २०० | २५० | ३०० | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २२५ | २४५ | २८५ | ३४० | ४२० | ४५० | | |
| | ३० मिनेटभित्र स्वास्थ्य सेवामा पहुँच भएका जनसंख्या (घरधुरी) (गाउँघर क्लिनिकको सेवा समेत) | प्रतिशत | ८३ | ८८ | ९८ | १०० | ० | ० | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औषत समय | घण्टा | ०.५ | - | - | - | - | ०.५ | | |
| | पाइपप्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | प्रतिशत | ८५.९८ | ९० | ९५ | १०० | - | - | | |
| | स्नातक तह उतीर्ण अपाङ्ग | संख्या | ७ | ८ | ९ | १० | ११ | १३ | | |
| | स्नातक तह उत्तिर्ण गर्ने महिला | संख्या | २३ | २८ | ३३ | ३८ | ४१ | ४४ | | |
| | स्थानीय समिति/संरचनाको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | संख्या | १७५ | १८५ | १९५ | २०५ | २१५ | २२५ | | |
| | छाउगोठमा वस्ने छुइहुने उमेर समुहका महिला | प्रतिशत | ११ | ८ | ५ | ३ | २ | १ | | |
| | जिल्ला/क्षेत्रीयस्तर व्यवसायिक खेलाडी | संख्या | ० | १ | २ | ५ | ८ | १० | | |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ४० | ५० | ६० | ८० | ९० | १०० | | |
| | जीवनपयोगी सीप प्राप्त तथा क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | १५० | २०० | २५० | ३०० | ३५० | ४०० | | |
| प्रतिफल २.१: जीवन उपयोगी गुणस्तरीय आधारभूत, प्राविधिक तथा उच्च शिक्षामा समावेशी समातामुलक पहुच वृदि भई | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | संख्या | ६० | ५० | ४० | ३० | २० | १० | – गाउँ वस्तुगत विवरण – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन – विद्यालय सुधार योजना प्रतिवेदन | – अभिभावक तथा स्थानीय सरोकारवालाको, चासो ,प्रतिबद्धता र सहभागितामा अभिवृद्धि हुनेछ । – सरकारी, गैर सरकारी र निजी |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | संख्या | ६९० | ७०० | ७१० | ७२० | ७३० | ७४० | | |
| | कक्षा ८ को उतिर्ण दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | कक्षा १० को जिपिए औषत | संख्या | २.० | २.१ | २.२ | २.३ | २.४ | २.६ | | |
| | कक्षा १२ को जिपिए औषत | संख्या | २.१ | २.२ | २.३ | २.४ | २.५ | २.६ | | |
| | कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ८५ | ८७ | ८९ | ९० | ९१ | ९२ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ७१ | ७३ | ७५ | ७७ | ७९ | ८२ | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ५४ | ५६ | ५८ | ६० | ६२ | ६४ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | इकाई | आधार रेखा (आ.व. ०७४/७५ ) | लक्ष्य (सम्मको अवस्था) ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दक्ष जनशक्ति उत्पादन भएको हुनेछ । | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ४७ | ५० | ५५ | ६० | ६५ | ७० | – <br>– गाउँ शिक्षा शाखाको बार्षिक प्रतिवेदन | क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ <br>– विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्चतहमा हासिल भएको हुनेछ , |
| | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | प्रतिशत | २५ | २७ | ३० | ३४ | ३८ | ४२ | | |
| | छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | ९२२ | ९४० | ९५० | १००० | १०५० | ११०० | | |
| | वालक्लव गठन भएका विद्यालय | संख्या | १५ | १७ | ० | ० | ० | ० | | |
| | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माध्यामिक) | संख्या | १ः२० | १ः२१ | १ः२२ | १ः२३ | १ः२४ | १ः२५ | | |
| | महिला शिक्षकको अनुपात | प्रतिशत | १२।५ | १२ः६ | १२ः७ | १२ः८ | १२ः९ | १३ | | |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | १५१ | १६१ | १७१ | १८१ | १९१ | २१० | | |
| | प्राविधिक विद्यालय | संख्या | १ | ० | २ | ० | | ० | | |
| | उच्च शिक्षा क्याम्पस | संख्या | ० | ० | ० | ० | ० | १ | | |
| प्रतिफल २.२: गुण्स्तरिय आधारभुत स्वास्थ्य सेवाको पहुच अविबृद्धि भइ मातृ शिशु तथा बाल मृत्यू दर घटी स्वस्थ समाजको सृजना भएको हुनेछ ॥ | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० | १०० | – गाउँ वस्तुगत विवरण <br>– नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण <br>– राष्ट्रिय, क्षेत्र तथा जिल्ला स्तरिय स्वास्थ्य सर्वेक्षण । <br>– जिल्ला स्वास्थ्य कार्यालय तथा गाउँ स्वास्थ्य शाखाको प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । <br>– आवश्यक खोप तथा औषधिहरु समयमै प्राप्त हुनेछ । <br>– स्वास्थ्य संस्थाहरुमा आवस्यक उपकरण र दक्ष जनशक्तिको व्यवस्थापन हुनेछ । |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | ०.१७ | ०.१५ | ०.१० | ०.५ | ० | ० | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ६६.७ | ७० | ७५ | ८० | ८५ | ९० | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ५८० | ५०० | ४०० | ३०० | २०० | १०० | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | जना | ५२७ | ५०० | ४५० | ४०० | ३०० | २०० | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | १७ | २० | २६ | २८ | २८ | २८ | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | १२ | २० | ३० | ३५ | ४० | ५० | | |
| | स्वास्थ्य विमा गर्ने परिवार | प्रतिशत | ० | ७० | १०० | १०० | १०० | १०० | | |
| | स्वास्थ्य शिविर | पटक | २ | ३ | ४ | ५ | ७ | ९ | | |
| | मासिक रुपमा फलोअपमा आएका विरामी | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ | ४० | | |
| | स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम सेवा सुविधा | प्रकार | १२ | १५ | १७ | १७ | १७ | १७ | | |
| | निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | प्रतिशत | ७० | १०० | १०० | १०० | १०० | १०० | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | धुवारहित चुल्हो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | १०० | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७४/७५ ) | लक्ष्य (सम्मको अवस्था) | | | | | | |
| | विवरण | इकाई | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ४ | ० | ५ | - | - | - | | |
| प्रतिफल २.३: सुरक्षित खानेपानी तथा सरसफाइ सुबिधामा सबैको न्यायोचित पहुँच भई पूर्ण सरसफाइ उन्मुख नगरपालिकाको रुपमा बिकास भएको हुनेछ । | सुरक्षित खानेपानी सहित निजी धारा जडान भएका घर परिवार | संख्या | ० | २०० | ५०० | १००० | १२०० | १३०० | – गाउँ वस्तुगत विवरण<br>– RM-WASH CC को सर्वेक्षण प्रतिवेदन<br>– अनुगमन प्रतिवेदन | – सर्व घरधुरिमा स्वच्छ पिउने पानीको व्यवस्था भएको हुनेछ ।<br>– पुर्ण सरसफाइमा समुदायको चेतना अभिवृद्धि हुनेछ ।<br>– सरोकारवालाको प्रतिवद्धता र सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | पाइप प्रणालीबाट वितरित सुरक्षित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८५.९८ | ९० | ९५ | १०० | १०० | १०० | | |
| | राम्रोसंग संचालित तथा व्यवस्थित खानेपानी आयोजना | संख्या | ३२ | ३५ | ४० | ४५ | ५० | ५५ | | |
| | खानेपानी सुरक्षा योजना लागु भएका खानेपानी योजना | संख्या | ० | ५ | १० | २० | २५ | ३० | | |
| | खानेपानी प्रशोधन प्रणाली जडान भएका खानेपानि आयोजना | संख्या | ० | ० | १ | १ | २ | ३ | | |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | ६ | १५ | २० | ३० | ३५ | ५५ | | |
| | पुर्ण सरसफाइ उन्मुख युक्त वडा घोषणा | वडा | ० | ० | १ | २ | ३ | ४ | | |
| | सुधारीएको शौचालय भएका घरधुरी ( सरसफाइमा पहुँच) | प्रतिशत | ९६.९३ | १०० | | | | | | |
| | सार्वजनिक शौचालय | संख्या | ३ | ४ | ५ | ७ | ९ | १० | | |
| | जोखिमयुक्त अवस्थामा साबुनपानीले हात धुने जनसंख्या | प्रतिशत | २५ | ३० | ४५ | ६० | ८० | १०० | | |
| प्रतिफल २.४: महिला, बालबालिका, दलित,जेष्ठ नागरीक, एकल महिला, फरक क्षमता तथा पछाडि पारिएका वर्ग शसक्त भई निर्णायक तहमा | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | ४ | ५ | १० | २० | ३० | ४० | – गाउँ वस्तुगत विवरण<br>– लक्षित वर्ग सम्बन्धी काम गरेका गैससको तथ्यांक,<br>– महिला तथा बालबालिका | – संघ, प्रदेश र स्थानीय नीति एवं कानून तर्जुमा हुनेछ<br>– संघ, प्रदेश,गाउँपालिका र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ० | १० | १५ | २० | ३० | ४० | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ७५ | ९० | १०५ | १२० | १३५ | १५० | | |
| | उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | |
| | लक्षितवर्गबाट उजुरी गुनासो (बार्षिक) | संख्या | ० | १० | २० | ३० | ५० | १०० | | |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ९३६ | १००० | ११०० | १२०० | १३०० | १५०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक विवरण | इकाई | आधार रेखा (आ.व. ०७४/७५ ) | लक्ष्य (सम्मको अवस्था) ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सहभागीताको वृद्धि भएको हुनेछ। | घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | ९१ | १०० | १५० | २०० | २५० | ३०० | शाखाको बार्षिक प्रतिवेदन<br>– अनुगमन प्रतिवेदन | – सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ। |
| प्रतिफल २.५: आत्मनिर्भर तथा सिर्जनशिल युवाशक्तिको विकास तथा उत्पादनमूलक कार्यमा युवा सहभागिता बृद्धि भएको हुनेछ। | वैदेशिक रोजगारीमा गएका युवा | संख्या | १२ | १० | ८ | ५ | ३ | २ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – युवा स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा सन्चालन हुनेछ। सरोकारवालाको प्रतिवद्धता र साझेदारीमा बृद्धि हुनेछ।<br>– युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ। |
| | युवाक्लब, संजाल तथा संस्था | संख्या | १० | ११ | १५ | २० | २५ | ३० | | |
| | युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | संख्या | ० | ३ | ५ | ८ | ८ | १० | | |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | १ | ५ | ३० | ४० | ५० | ६० | | |
| | कवर्डहल तथा खेलकुद मैदान | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| | गाउँपालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | १ | २ | २ | २ | २ | २ | | |
| | प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | |
| | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ० | १ | ५ | ७ | १० | १५ | | |
| प्रतिफल २.६: स्थानीय संस्कृति तथा साहित्यको जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ। | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | २ | ५ | १० | १५ | २० | २५ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ |
| | संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | १ | २ | ४ | ६ | ८ | १० | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ३ | ४ | ४ | ५ | ५ | ६ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | २ | ३ | ४ | ५ | ७ | १० | | |

# परिच्छेद ६ : पूर्वाधार विकास

पूर्वाधार विकासका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,कार्यान्वयन कार्ययोजना,अपेक्षित उपलब्धीहरु र नतिजा खाका देहाय बमोजिम रहेका छन् ।

## ६.१ सडक

### १. पृष्ठभूमि

गाउँपालिकाको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् गाउँपालिकागत तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । विगतका आवधिक योजनाहरूले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन् । खार्पूनाथको आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्वका सडकहरूलाई विशेष जोड दिइँदै आएको छ । आ.व. २०७५/७६ को अन्त्यसम्ममा गाउँपालिकाका ५ वटै वडाहरुमा कच्ची सडक पुऱ्याउने योजना भएपनि २ वटा वडाहरु अन्य गाउँपालिका तथा जिल्ला सदरमुकाम सडक सञ्जालसँग जोडिएका छन् । यसका अतिरिक्त स्थानीय स्तरबाट निर्मित करिब ४ कि.मि. सडकमध्ये ४ कि.मि. सडक नै यातायातयोग्य भएकोमा ४ कि.मि.सबै कच्ची सडक बाह्रै महिना सञ्चालनयोग्य रहेको छ । सबै वडाहरूमा कच्ची सडकको सञ्जाल पुऱ्याउन यस आवधिक योजनामा सडक उप-क्षेत्रमा भएका विगतका प्रयासहरूका साथसाथै केही नवीनतम प्रयत्नहरूलाई पनि प्राथमिकता दिइनेछ ।

### २.प्रमुख समस्या

यातायातका पूर्वाधारको अपेक्षित एकीकृत विकास नहुनु,मापदण्ड बिना आयोजना पहिचान तथा छनोट हुनु, आवश्यक पूर्वतयारी बिना आयोजना कार्यान्वयनमा लैजानु,दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्तिको उपलब्धतामा कमि रहनु र गुणस्तरिय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्राधिकारमा रहेको नदीजन्य निर्माण सामाग्रीको सहज उपलव्धता हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् साथै बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, संस्थागत व्यवस्थापकीय तथा प्राविधिक संशाधन क्षमतामा अपेक्षाकृत वृद्धि नहुनु,सडकप्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु,आयोजना व्यवस्थापनमा सुशासन कायम राख्न गर्नुपने उपायहरूको अबलम्बन नहुनु,ठेक्का व्यवस्थापनमा पर्याप्त कमजोरी रहनु,सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भएअनरूप स्रोत व्यवस्थापन नहुनु,जग्गा अधिग्रहण कार्यमा अन्तरनिकाय समन्वयको अभाव रहनु,सडक विस्तारमा सडक सीमा विवाद तथा मुआब्जाको लागि स्थानीय जनताबाट अवरोध हुनु र अनुगमन र मूल्याङ्कनलाई नतिजासंग आबद्ध गर्ननसक्नु लगायतका समस्या समेत विद्यमान छन् ।

### ३. चुनौती तथा अवसर

चुनौती

कठिन भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्नु, निर्मित संरचनाहरूको मर्मतसम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोत-साधनको पर्याप्त व्यवस्था गर्नु, अत्याधिक मागका कारण स्रोत साधनको प्राथमिकीकरण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गरी प्रभावकारिता वृद्धि गर्नु र निजी क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

अवसर

गाउँपालिकाको विकासको लागि सडक सञ्जालको विकास एवम् सुदृढीकरणको रणनीति तयारीका लागि पहल हुनु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्याधिक उत्साह र माग रहनु, सडक उपक्षेत्रलाई जिल्ला विकासको उच्च प्राथमिकतामा राखिनु र विकास साझेदारहरूको उल्लेख्य सहयोग रहनु सडक क्षेत्रका अवसरहरू हुन् ।

## ४. सोच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

सडक यातायातको विकासमार्फत आर्थिक समृद्धि ।

### ४.२ लक्ष्य

स्थानीय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार विस्तार एवम् विविधीकरण तथा अन्तर गाउँपालिका स्तरिय सम्बन्ध सुदृढीकरणमा टेवा पुऱ्याउने ।

### ४.३ उद्देश्य

- प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु ।
- वडा र गाउँपालिकाहरुबीच, गाउँपालिका-गाउँपालिकाबीच, गाउँपालिका र जिल्लाबीच तथा छिमेकी गाउँपालिकाहरूसँगको व्यापारिक सम्बन्ध विस्तार गर्नु ।

### ४.४ रणनीति

- आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुविधा विस्तार गर्ने ।
- कृषि, उद्योग, व्यापार, जलविद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी यातायात विस्तार गर्ने ।
- अन्तरगाउँपालिका एवं जिल्लाका नाका र यातायात सञ्जाल जोड्ने सडकहरूको विकास, विस्तार र सुदृढीकरण गर्ने ।

### ४.५ कार्यनीति

- गाउँपालिका यातायात गुरु योजनालाई अवलम्बन गरी सडक यातायातको कामलाई अघि बढाइने छ ।
- रणनीतिक महत्वका मुख्य सडकहरुलाई बाह्रै महिना यातायात सन्चालनयोग्य अवस्थामा ल्याइनेछ ।
- जलविद्युत र पर्यटन उद्योगलाई सहयोग पुऱ्याउने तथा कृषि, शिक्षा र स्थास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्ने सडकहरुको निर्माण र स्तरोन्नति गरिनेछ ।
- ठूला मेशीनको प्रयोगलाई कम गर्दै सडक यातायात निर्माणमा श्रममूलक प्रविधि अपनाइनेछ ।
- सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुनेगरी गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- आधारभूत सडक सञ्जाल विस्तार
- व्यापारिक एवम् महत्वपूर्ण सडकहरूको विकास
- व्यापारिक नाका जोड्ने सडकहरूको विकास
- सडक सञ्जालको मर्मत सम्भार
- सडक तथा पुलहरूको निर्माण तथा मर्मतसम्भारबाट सामाजिक एवम् वातावरणीय पक्षमा पर्ने नकारात्मक असर न्यूनीकरण
- परम्परागत विधिका अतिरिक्त सार्वजनिक-निजी साझेदारी, डिजाइन एन्ड विल्ड, निर्माण सञ्चालन तथा हस्तान्तरण प्रक्रियाबाट पूर्वाधार विस्तार ।

## ५.अपेक्षित उपलब्धि

सडक संरचनाहरूको १०० कि.मि. र पुलहरू निर्माण र मर्मत सम्भार भएको हुनेछ । थप १०० कि.मि. नयाँ सडक निर्माण भएको, २०० कि.मि. सडकको स्तरोन्नति भएको, १० कि.मि. सडकको आवधिक मर्मत भएको र ३० कि.मि. सडकको नियमित

मर्मत भएको हुनेछ । २ वटा नयाँ सडकपुलको निर्माण कार्य थालनी भएको हुनेछ । गाउँपालिकादेखि सदरमुकामसम्म ग्राभेल सडकको पहुँच पुगेको र सम्पूर्णवडाहरूमा सडक सञ्जाल पुगेको हुनेछ ।

**६.नतिजा खाका**

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यबस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ६.२ यातायात व्यवस्था

**१. पृष्ठभूमि**

आर्थिक गतिविधि विस्तारका लागि लागत-प्रभावी, कुशल र भरपर्दो यातायात सेवाको भूमिका महत्वपूर्ण हुन्छ । तर यो क्षेत्र आवश्यक पूर्वाधारको अभाव र आयातित पेट्रोलियम पदार्थ माथिको निर्भरताका कारण भरपर्दो र दिगो हुनसकेको छैन । सडक यातायात खनिजजन्य इन्धनमा पूर्ण रूपमा निर्भर रहेको हालको अवस्थामा ऊर्जाका अन्य विकल्पहरूबाट सञ्चालन गर्न सकिने अवस्था आइसकेको छैन । साथै, यस क्षेत्रलाई थप व्यवस्थित तथा मर्यादित बनाई सुलभ तरिकाबाट नागरिकले जिल्लाको कुनै पनि भूभागमा आवतजावत गर्न पाउने मौलिक अधिकारलाई संरक्षण गर्नु यस क्षेत्रसँग संलग्न सबैको कर्तव्य हो। सडक सञ्जालको विस्तार र सवारी साधनहरूको उपलब्धताले मात्र सार्वजनिक यातायात व्यवस्थित हुन नसक्ने हुँदा सर्वसुलभ, सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री सेवाको लागि सरकारी निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका साथै निजी क्षेत्रका यातायात व्यवसायीहरूको भूमिकालाई अझै बढी जिम्मेवार र यात्रुमैत्री बनाउनु आवश्यक छ । सुरक्षित हवाई यातायातको विकल्प नभएकाले सडक यातायातलाई प्राथमिकतामा राखी विकास र विस्तार गर्न बाञ्छनिय छ ।

**२.प्रमुख समस्या**

सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक यातायात पूर्णतः व्यवस्थित, सर्वसुलभ, सुरक्षित र भरपर्दो नहुनु,जिर्ण तथा पुराना सवारी साधनका कारण दुर्घटना बढ्नु,व्यवसायिक तालिम प्राप्त सवारी चालक र तिनको श्रम समय सीमा नियमन गर्ने मापदण्ड नहुनाका कारण दुर्घटना बढ्नु,अत्याधिक भार वाहनको कारण सडक छिटोछिटो बिग्रनु,ट्राफिक नियम परिपालना नहुनु,संस्थागत क्षमता तथा प्रविधिमैत्री कार्यप्रणाली नहुनु,सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु प्रमुख समस्याको रूपमा रहेका छन् ।

**३. चुनौती तथा अवसर**

चुनौती

सवारी साधनको वृद्धिसँगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटना, सवारीबाट हुने ध्वनि तथा वायु प्रदूषणको स्तर,पुराना सवारी साधनहरूको व्यवस्थापन र अनियन्त्रित आयात नियन्त्रण गर्नु, सार्वजनिक यातायातलाई गुणस्तरीय एवम् पहुँचयोग्य तुल्याउनु, अदृश्य रूपमा कायमै रहेको सिन्डिकेट प्रणाली हटाउनु, यातायात क्षेत्रमा सम्बद्ध निकायबीच समन्वय कायम गर्नु, यातायातको अनुगमन कार्यलाई थप प्रभावकारी तुल्याउनु, कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिकमैत्री बनाउनु र जनताको विश्वास हासिल गर्नु यातायात क्षेत्रको चुनौतीका रूपमा रहेका छन् ।

अवसर

आधुनिक र सुविधा सम्पन्न सवारी साधनहरूमा वृद्धि हुनु, वातावरणमैत्री सवारी साधन सञ्चालनको थालनी हुनु, सार्वजनिक यातायात पहुँचयोग्य हुँदै जानु तथा यातायात व्यवस्थापनबाट प्रदान गरिने सेवाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि हुनु प्रमुख अवसरहरू हुन् ।

**४. सोच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु**

**४.१ सोच**

कम खर्चिलो, भरपर्दो, सुरक्षित यातायात प्रणालीको सुनिश्चितता ।

### ४.२ लक्ष्य
यातायात सेवालाई पहुँचयोग्य, सुरक्षित, सर्वसुलभ, व्यवस्थित र वातावरणमैत्री बनाउने ।

### ४.३ उद्देश्य
सर्वसाधारणको आवागमन तथा ढुवानीलाई पहुँचयोग्य, सुरक्षित र व्यवस्थित बनाउनु ।

### ४.४ रणनीति
- यातायात व्यवस्थापनमा प्रक्रियागत सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- सार्वजनिक यातायातलाई स्तरीय, समावेशी तथा नागरिकमैत्री बनाउने ।
- यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउँदै नियमन प्रणालीलाई सुदृढ गराउने ।
- सवारी साधनहरूलाई वातावरणमैत्री बनाउने ।

### ४.५ कार्यनीति
- ज्येष्ठ नागरिकलाई सिट आरक्षण तथा भाडामा सहुलियतका साथै अपाङ्गता भएका व्यक्ति र महिलालाई सिट आरक्षण हुने व्यवस्था मिलाइनेछ ।
- यातायात क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवारी दुर्घटना न्यूनीकरण तथा सेवाको गुणस्तर सुधार गर्न सवारी अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक यातायात प्रवर्द्धन गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू
- रणनीतिक स्थानहरूमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण गरी स्थापित ।
- ट्राफिकसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन ।
- पुराना सवारी साधनहरूको व्यवस्थापन ।
- यातायात प्रशासनको संस्थागत क्षमता अभिवृद्धिका लागि कार्यालयको जग्गा खरिद तथा भवन निर्माण ।
- कर्मचारीहरूको क्षमता र उत्प्रेणाको स्तरमा अभिवृद्धि ।

## ५.अपेक्षित उपलब्धि
सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी अनुगमन प्रणाली संस्थागत भएको, सिन्डिकेट प्रणालीको अन्त्य भएको र समग्र यातायात क्षेत्रको गुणस्तरमा सुधार भएको हुनेछ ।

## ६.नतिजा खाका
भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यबस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ६.३ सिंचाई

### १. पृष्ठभूमि

सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिँचाइ पूर्वाधारको विकासको साथै सम्पन्न सिँचाइ प्रणालीहरूको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन योजनाबद्ध ढङ्गबाट प्रयास भइरहेको छ शतप्रतिशत हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पु¥याउन बाँकी रहेको छ ।

### २.प्रमुख समस्या

अधिका। करिब ६ हजार हेक्टर कृषियोग्य जमिनमध्ये परम्परागत प्रविधि र आर्थिक दृष्टिकोणबाट करिब ०.१ ह्जार हेक्टरमा मात्र सतह जलस्रोतबाट सिँचाइ सुविधा पु¥याउन सकिने अवस्था रहेको छ । आ.व. २०७५/७६ को अन्त्यसम्ममा बिभिन्न निकायको सहयोगमा बढी भन्दा बढी हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। यसअनुसार अझै पनि करिब

ंश सिंचाइ योजना प्राकृतिक खोला प्रणाली अवधारणामा निर्माण गरिएकाले बर्षैभरी एकैनाशले सिंचाइको भरपर्दो सुविधा उपलब्ध हुन नसक्नु,निर्माण सम्पन्न भइसकेका सिंचाइ प्रणालीको पर्याप्त मर्मत सम्भार हुन नसक्नु,सिंचाइ सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा खण्डिकरण र अब्यस्थित घर बन्नु,सिंचाइको उपयोग नहुनु,प्राकृतिक मुल तथा मुहानहरु सुक्दै जानु,उपलब्ध पानीको श्रोत माथिको चाप बढ्नु,सिंचाइ तथा जलउपयोग क्षमता न्यून हुनु,ठूला तथा बहुउद्धेश्यीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ३.चुनौती तथा अवसर

चुनौती

यस गाउँपालिका अन्तर्गत सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने सिँचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि साना र मझौला खालका नदीहरूको जल तथा भूमिगत जल उपयोग गर्ने दीर्घकालीन रूपमा ठूला नदीहरूको जल स्थानान्तरणद्वारा जलाशययुक्त योजना निर्माण गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित राख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्नु सिँचाइ क्षेत्रका चुनौती हुन् ।

अवसर

सतही जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिँचाइ विकास र विस्तारका लागि उपयुक्त प्रविधि र जनशक्ति जिल्लामै उपलब्ध हुनु, सिँचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै गाउँपालिकामा सिँचाइ शाखाको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिँचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

#### ४.१ सोच

सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा ।

#### ४.२ लक्ष्य

कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने ।

#### ४.३ उद्देश्य

- सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु ।
- विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दिगोपन बढाउनु ।
- सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाध रूपमा पानीको उपलब्धता बढाउनु ।

### ४.४ रणनीति

- बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ, बहुउद्देश्यीय र जलाशययुक्त सिँचाइ आयोजनाहरूलाई अघि बढाउने ।
- उच्च क्षमतामा सञ्चालन गर्न प्राविधिक एवम् आर्थिक दृष्टिकोणले उपयुक्त एवम् नयाँप्रविधिमा आधारित सिँचाइको विकास गर्ने ।
- निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
- सिँचाइ विकासको गुरुयोजना, कृषि विकास रणनीतिका लक्ष्यहरूको परिपूर्ति र जलवायुपरिवर्तन अनुकूलन हुने गरी सिँचाइ प्रणालीको विकास एवम् विस्तार गर्ने ।

### ४.५ कार्यनीति

- सिँचाइ आयोजना सञ्चालन गर्दा तत्काल सम्पन्न हुने र तुलानात्मक लाभको आधारमा गरिने छ ।
- सिंचाई कार्यक्रममा स्थानीय वातावरणमैत्री, तालतलैया, पोखरी, मूल र सिमसारहरुको संरक्षण र संवर्द्धन गर्न सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ ।
- सिंचाई सुविधा विस्तारमा सहकारी तथा सिंचाई विशेष कोषको अवधारणालाई प्रोत्साहित गरिने छ ।
- बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरण पक्षबाट सम्भाव्य मझौला, ठूला सतह सिँचाइ एवम् अन्तरजलाधार र जलाशययुक्त बहुउद्देश्यीय आयोजनाका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- आकाशे पानी सङ्कलन, भण्डारण तथा प्रभावकारी उपयोग प्रविधिको विस्तार गर्दै सीमान्त कृषिभूमि, चरन क्षेत्र एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा, फोहोरा जस्ता प्रविधि उपयोग गरिनेछ ।
- सिँचाइ प्रणालीहरूको मर्मत-सम्भार एवम् पुनर्स्थापनाका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न सिँचाइ विकास कोषको स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- सिँचाइ योजनाको छनोट एवम् कार्यान्वयन समन्यायिक ढङ्गले सीमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी गरिनेछ ।
- सिंचाई निर्माण, दीगो संचालन तथा उपयोगका लागि उपभोक्ता समिति निर्माण गर्दा क्षेत्रगत, लैगिंक, जातीय समानुपातिक प्रतिनिधित्व नीति अवलम्वन गरिनेछ ।
- सिंचाई योजना निर्माणमा लक्षित वर्ग (महिला, जनजाति, गरिव, दलित) लाई प्राथमिकता दिइनेछ ।
- रोजगारी सिर्जना गर्ने र तुरुन्त प्रतिफल दिने, थोपा सिंचाई, स्प्रीकलर सिंचाई तथा साना सिंचाई आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गरिने छ ।
- परम्परागत सिंचाई प्रविधि संभाव्य नभएका क्षेत्रमा सीमान्त कृषकहरुलाई लक्षित गरी नयाँ प्रविधिमा आधारित सिंचाईका कार्यक्रम (थोपा, फोहोरा, सिंचाई, करेसाबारी) कार्यान्वयन गरिनेछ । .
- सिंचाई आयोजना मर्मत संभार तथा दीगो संचालनको लागि स्थानीय तहको संस्थागत तथा क्षमता विकास गरिनेछ ।
- आयोजना छनौट तथा तर्जुमा, कार्यान्वयन र दीगो संचालनमा कृषक उपभोक्ता तथा स्थानीय जल उपभोक्ता समितिको संस्थागत विकास तथा परिचालन गरिनेछ ।
- सिंचाई सम्बन्धी प्रविधि विकास, विस्तार र समुदाय परिचालनमा गैससलाई परिचालन गरिनेछ ।
- सिंचाई आयोजना तथा कार्यक्रमसँग कृषि विकासका अन्य कार्यक्रमहरु साथसाथै सञ्चालन गरिनेछ ।
- सिंचाई आयोजनाहरुमा पानीको बाँडफाँड गर्दा समन्यायिक सिद्धान्तको अवलम्वन गरिनेछ ।
- पूर्वाधार विकास व्यावस्थापनमा स्थानीय सरोकारवालाको क्षमता विकासलाई प्रथमिकता दिईने छ ।
- पूर्वाधार विकास आयोजनाहरुमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण मार्फत पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्व बृद्धि गराउने नीति अवलम्वन गरिने छ ।

- निर्माण गरिएका योजनाहरुमा अनिबार्य रुपमा मर्मत संभार कार्यकर्ताको उपलब्धतालाई सुनिश्चित गरिनेछ र प्रभाबकारी संचालनका लागि उनीहरुको क्षमता अभिबृद्धि गर्दै लगिनेछ ।

**४.६ प्रमुख कार्यक्रमहरू**

- बृहत् सिचाई कार्यक्रम तथा आयोजनाहरू
- मूल नहर निर्माण तथा नहर अन्तर्गतका शाखा र प्रशाखा नहरहरूको संरचना निर्माण तथा कमान्ड क्षेत्र विकास ।
- अविकसित क्षेत्रमा सिँचाइ प्रणाली र अति आवश्यक मर्मत संभार एवम् सञ्चालनको काम हेक्टरमा सतह सिँचाइ सुविधा एवम् नयाँ प्रविधिबाट थप सिँचाइ सुविधा ।
- विभिन्न उप-आयोजनाहरूबाट करिब २० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने ।

**५. अपेक्षित उपलब्धि**

सतही जलाधार योजनाको कार्यान्वनबाट सतह सिँचाइतर्फ घट्टे खोला,ह्यामा खोला,कारङ खोला,लाली खोला,छडी खोला सिंचाईबाट केहि हेक्टरजमिन र नयाँ प्रविधि सिँचाइतर्फ केहि हेक्टरमा सिंचाई गरी थप जमिनमा सिँचाइ सुविधा पुऱ्याइनेछ । मर्मत सम्भार तर्फ कृषकबाट सञ्चालित र सरकारबाट व्यवस्थित सिंचाई गरी सिँचाइ प्रणालीको मर्मत सुधार भएको हुनेछ ।

**६.नतिजा खाका**

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यबस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ६.४ भवन

**१. पृष्ठभूमि**

निजी क्षेत्रसमेतको सक्रियतामा सबैका लागि क्षमतानुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा प्रकोपको जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ । दैवी प्रकोपबाट हुने क्षतिलाई समेत मध्यनजर गरी भवन संहिता निर्माण गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकतानुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ । प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने संवैधानिक प्रावधानअनुसार समेत सबैका लागि सुरक्षित, पर्याप्त र औकातअनुसारको आवास उपलब्ध गराउने दूरदृष्टिसहितको राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ । बिस्तृत घरधुरी सर्भेक्षण, २०७५ अनुसार यस खार्पूनाथ गाउँपालिकामा कुल १२६८ घर/भवन रहेका छन्, जसमा १३०५ परिवार बसोवास गर्दछन् । आवासीय घरहरूमध्ये ९६.१३ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वको घरमा बस्दछन् । अति विपन्न लक्षित वर्गका लागि सरकारबाट जनता आवास कार्यक्रम र व्यावसायिक क्षेत्रमा आवास एकाइ निर्माण कार्य अघि बढेको छ । स्थानीय निर्माण सामग्री र प्रविधि प्रयोग गरी बनाइएका सरकारी भवनहरूको प्रारूप तयार गरी किफायती आवासका विभिन्न नमुनाहरू तयार भएका छन् ।

**२. प्रमुख समस्या**

सुरक्षित भवन निर्माणको जागरुकता बढेपनि सुरक्षित भवन निर्माणले संस्थागत रुप लिन नसक्न,गुणस्तरिय निर्माण सामाग्रीको आपुर्ती व्यबस्था कमजोर हुनु,स्थानीय भवन संहिता पालनामा सरोकारवालाहरुको अपेक्षित सहभागिता नहुनु,भवन संहिता कडाइका साथ लागु गर्न प्राविधिक जनशक्ति पर्याप्त मात्रामा नहुनु र कम लागतका नयाँ निर्माण प्रविधिबारे पर्याप्त अध्ययन अनुसन्धान नहुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन् ।

**३.चुनौती तथा अवसर**

चुनौती

सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउनु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु,सबै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सरकारी भवनको निर्माण कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोवासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि सम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु र गराउनु प्रमुख चुनौती रहेको छ।

अवसर

सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा सम्बन्धमा नीतिगत निर्णय हुनु, संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० स्वीकृत गरी कार्यान्वयन गरिनु, संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्ड तयार गरिनु, भवन मर्मत सूचना प्रणाली सफ्टवेयर विकास गरिनु प्रमुख अवसरहरू हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

सबै नागरिकको सुरक्षित, सुलभ र व्यवस्थित आवासमा पहुँच।

### ४.२ लक्ष्य

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने।

### ४.३ उद्देश्य

- व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु।
- सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु।

### ४.४ रणनीति

- विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने।
- सार्वजनिक-निजी साझेदारी समेतमा वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित बस्ती विकास तथा भवन निर्माणलाई प्रोत्साहित गर्ने।
- सरकारी सेवालाई एकीकृत, सुलभ र सहज बनाउन एकीकृत प्रशासनिक क्लस्टर तथा भवनको विकास गर्ने।
- सबै प्रकारका विपद् जोखिम न्यूनीकरण गर्न आवास र बस्ती विकास गर्ने।

### ४.५. कार्यनीति

- प्रमुख बजारकेन्द्रलाई विशेष आर्थिक क्षेत्रको रुपमा विकासगर्न वस्ती योजना एवं पूर्वाधारमा लगानी गरिनेछ।
- सेवा प्रवाहलाई व्यस्थित गर्न एकीकृत रुपमा वस्ती विकास गरिनेछ।
- बजार केन्द्रहरुमा एकीकृत शहरी विकास तथा पूर्वाधार योजना तर्जुमा गरी सो अनुरुप कार्यान्वयन गरिनेछ।
- सार्वजनिक भवनहरु निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री हुने कुरामा जोड दिइने छ।
- द्वन्द्व पीडित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक र जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ।
- छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहितको नमुना एकीकृत बस्ती विकासको कार्य अगाडि बढाइनेछ।
- 'सबैका लागि सुरक्षित र सुलभ आवास' लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ।
- सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ।
- स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ।

- घरजग्गा बहाललाई व्यवस्थित गर्न तथा निजी तथा सहकारी लगानीमा ‘बहाल भवनहरू’ निर्माण र सञ्चालन गर्न घरजग्गा बहालसम्बन्धी कानुनको निर्माण गरिनेछ ।
- सुरक्षित आवास एवं भवन निर्माणका लागि सिकर्मी र डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- सुरक्षित आवास सम्बन्धी नीति तथा निर्देशिका तर्जुमा ।
- छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहित नमुना एकीकृत बस्ती विकास ।

### ५.अपेक्षित उपलब्धि

जेष्ठ नागरिक आवास र सामुदायिक आवास निर्माण भएको हुनेछ । पूर्वाधार सहितको २ वटानमुना एकीकृत बस्ती विकास भएको हुनेछ । गाउँपालिकामा ७ वटाएकीकृत सरकारी कार्यालय भवन, २ वटासभाहल निर्माण भएको हुनेछ ।

### ६.नतिजा खाका

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यबस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ६.५ साना जलविद्युत्

### १. पृष्ठभूमि

नेपालको लागि जलविद्युत् नै ऊर्जाको महत्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा  विकासको मेरूदण्ड भएकोले आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आउनु पर्छ । सरकारी, निजी र सामुदायिक लगानीका साथसाथै विदेशी लगानीमार्फत जलविद्युत् क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न सकिन्छ । कुल जलविद्युत् जडानमा बृद्धि भइ विद्युत्मा जनसङ्ख्याको पहुँच ६०.५३ प्रतिशत छ । हाल गाउँपालिकाका ३ वटा वडामा विद्युतीय पूर्वाधार पुगेको छ । अतः ऊर्जामा आत्मनिर्भर हुन साना जलविद्युत् तथा ठूला आयोजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आवश्यक छ ।

### २.प्रमुख समस्या

धेरै जिलविद्युत आयोजना प्राकृतिक खोला,नदी प्रणालीमा आधारित रहनु, सुख्खा याममा विद्युतको माग पुरा हुन नसक्नु,विद्युत वितरण प्रणालीको सुदृढीकरण हुन नसक्नु,विद्युत आपुर्ति भरपर्दो र गुणस्तरिय नहुनु, वातावरणीय प्रभाव मुल्यांङ्कन प्रभावकारी नहुनु,जग्गा प्राप्ति सम्बन्धी कठिनाइले आयोजना कार्यान्वयनमा ढिलाई हुनु,अन्तर निकाय समन्वयमा कमी हुनु, प्रसारण लाइन निर्माणका लागि आवश्यक निजी जग्गा प्राप्ति तथा वन क्षेत्रमा निर्माण कार्यमा ढिलाइ र व्यवस्थापनमा कठिनाइ हुनु,आयोजना व्यवस्थापनका पूर्वचरणमा गर्ने कार्य समयमै सम्पन्न हुन नसक्नु,आयोजनाको लागतमा बढोत्तरी हुनु र आयोजना बैंकको अभाव हुनु र जलविद्युत आयोजना निर्माणमैत्री पूर्वाधारको कमी हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### ३.चुनौती तथा अवसर

चुनौती

गाउँपालिकामा भइरहेको आधुनिकीकरण र औद्यौगिकीकरणसँगै तीव्र वृद्धि हुन थालेको जलविद्युत्को माग पूरा गर्नु,आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्नु, आयोजना सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय गर्नु, नियामक तथा वितरण निकायको वितरण प्रणाली विस्तार रसुदृढीकरण गर्नु एवम् जलविद्युत् उत्पादनमा निजी क्षेत्रको योगदान सीमित रहनु जलविद्युत् विकासका प्रमुख चुनौतीहरू हुन् ।

अवसर

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्ममका रूपमा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्र तथा स्थानीय जनताको सेयर लगानी बढ्दै गई जनताको स्वामित्व कायम हुनु जलविद्युत् क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

साना जलविद्युत्को तीव्र विकासमार्फत गाउँपालिकाको विकास र समृद्धि ।

### ४.२ लक्ष्य

ऊर्जा सुरक्षासहितको जलविद्युत् विकासबाट विद्युत्मा आत्मनिर्भरता हासिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

### ४.३ उद्देश्य

साना जलविद्युत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।

### ४.४ रणनीति

- साना जलविद्युत्मा लगानी बढाई विद्युत् उत्पादनमा वृद्धि गर्ने ।
- विद्युत्को प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।
- वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने ।

### ४.५ कार्यनीति

- नेपाल सरकारको सन् २०१७ सम्ममा देशका सम्पूर्ण घरधुरीहरूमा स्वच्छ ऊर्जाका प्रविधिहरू पुऱ्याई घरभित्रको धुवाँमुक्त गर्ने" अभियानमा आधारित भई विद्युत विस्तार तथा वैकल्पिक ऊर्जा कार्यकम अन्तर्गत सोलार तथा सुधारिएको चुलो कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको जलस्रोतलाई अधिकतम उपयोग गरी आन्तरिक उर्जा मागलाई पूरा गर्न साना जलविद्युत आयोजना तथा वाह्य निकासी गर्ने ध्येयले ठूला विद्युत आयोजनाहरुको निर्माण र सञ्चालन गर्न पहल गरिने छ ।
- विद्युत सेवा वितरणका लागि राष्टिय प्रसारण लाइनसँग गाउँपालिका भित्रका मुख्य वस्तीलाई जोड्ने प्रसारण लाइन सम्वन्धी कार्यलाई उच्च प्राथमिकतामा राखिने छ ।
- विद्युत तथा वैकल्पीक उर्जा उत्पादन र वितरणमा सार्वजनिक निजी साझेदारीलाई अघि बढाईने छ ।
- लघु जलविद्युत उपभोक्ता समितिको सञ्जाल बनाई परिचालन गरिनेछ ।
- जलाशययुक्त जलविद्युत् उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रम/आयोजना सञ्चालन गरिनेछ ।
- निर्माणाधीन अवस्थामा रहेका विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरूलाई समयमा नै सम्पन्न गरिनेछ ।
- ग्रामीण विद्युतीकरणलाई विस्तार गरी आर्थिक क्रियाकलापसँग आबद्ध गरिनेछ ।
- जलविद्युत् आयोजना विकास गर्दा अनिवार्य रूपमा जलवायु परिवर्तनबाट पर्ने असरलाई ध्यान दिइनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- जलाशययुक्त तथा ठूला जलविद्युत् आयोजनाहरूको निर्माण तथा विकास
- साना जलविद्युत् आयोजनाहरूको अध्ययन
- जलाशययुक्त आयोजनाहरूको गुरु योजना विकास ।

- क्रमागत आयोजनाहरूको निर्माण
- निजी क्षेत्रबाट प्रवर्द्धित निर्माणाधीन साना जलविद्युत् आयोजनाहरूको अनुगमन तथा आवश्यक निर्णय प्रक्रियामा तदारुकता अपनाई निर्धारित समयमै निर्माण सम्पन्न ।
- प्रसारण लाइन आयोजनाहरू
- नदी बेसिनमा आधारित उच्च क्षमताका विद्युत् प्रसारण लाइनहरूको सम्भाव्यता अध्ययन ।
- वर्तमान ऊर्जा सङ्कट न्यूनीकरण गर्न अन्य वैकल्पिक ऊर्जास्रोतको सम्भाव्यता अध्ययन एवम् उत्पादन ।

### ५.अपेक्षित उपलब्धि
जलविद्युत् जडित क्षमता हालको बाट बढेर १० औं मेगावाट पुगेको, केहि मे.वा. क्षमताका विद्युत् आयोजनाहरू निर्माण प्रक्रियामा भएको, नयाँ प्रसारण लाइन निर्माण भएको,राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा प्राप्त गर्ने जनसङ्ख्या अनुपात बढेको, थप वडामा विद्युत् सेवाको पहुँच पुगेको, प्रसारण लाइन निर्माण र विस्तार गरिएको, राष्ट्रिय प्रसारण लाइनबाट थप ५०० घरधुरीमा विद्युत् सेवा पुगेको र प्रतिव्यक्ति विद्युत् खपत ५ कि.वा. प्रति घण्टा पुगेको हुनेछ ।

### ६.नतिजा खाका
भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यबस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ६.६ वैकल्पिक ऊर्जा

### १. पृष्ठभूमि
दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न वैकल्पिक क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका वैकल्पिक ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ । यस अन्तर्गत बायोग्यास प्लान्टको जडान, सौर्य ऊर्जा प्रणाली र हावाबाट बिद्युत उत्पादन गरी उर्जा क्षेत्रमा राहात पुग्ने देखिन्छ ।

### २.प्रमुख समस्या
ऊर्जा सुरक्षाको आधारको रूपमा रहेको वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु,तुलनात्मक रूपमा सुरुवाती लागत बढी हुने वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन र विस्तारका लागि आवश्यक सहुलियत ऋण,जोखिम व्यवस्थापन तथा बिमा सम्बन्धी आवश्यक व्यवस्था नहुनु,निजी क्षेत्रले ग्रामीण क्षेत्रमा अपेक्षाकृत लगानी गर्न नसक्नु,स्थानीय तहमा वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन त्था प्रयोग सम्बन्धमा क्षमताको कमी हुनु,वैकल्पिक ऊर्जा सम्बन्धी केन्द्रीय सूचना प्रणाली व्यवस्थित नहुनु र वैकल्पिक ऊर्जा घरायसी आधारभूत आवश्यकता परिपुर्तिमा मात्र केन्द्रित रहनु यस क्षेत्रका समस्या रहेका छन् ।

### ३.चुनौती तथा अवसर
चुनौती

वैकल्पिक ऊर्जाको माग र आपूर्तिबीच सन्तुलन कायम राख्नु, लक्षित समूहलाई ऊर्जाको पहुँचमा वृद्धि गर्नु, जनताको कमजोर आर्थिक स्थितिका कारण अत्याधिक अनुदान माग हुनु, कार्यक्रमको दिगोपना, प्रविधि हस्तान्तरण, राष्ट्रिय प्रसारण लाइन पुगेपछि वैकल्पिक ऊर्जाबाट उत्पादित विद्युतको उचित सदुपयोग, उपभोक्तालाई सहज रूपमा कर्जाको व्यवस्था गर्नु तथा दिगो विकासको लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु वैकल्पिक ऊर्जा क्षेत्रका चुनौतीहरू हुन् । वैकल्पिक ऊर्जाका लागि चाहिने अधिकांश उपकरणहरू आयात गर्नुपर्ने र महँगो हुनु थप चुनौती हुन् ।

अवसर

न्यून आय भएका जनसमुदायमा वैकल्पिक ऊर्जाको पहुँचमा वृद्धि हुनु तथा ग्रामीण क्षेत्रमा सौर्य ऊर्जाप्रतिको आकर्षण बढ्दै जानु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, स्वच्छ ऊर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, वैकल्पिक ऊर्जा प्रविधिहरूलाई स्वच्छ विकास संयन्त्रको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी सम्भाव्य प्रविधिहरूलाई क्रमशः कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु लगायतका अवसरहरू विद्यमान छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

वैकल्पिक ऊर्जाको प्रयोगबाट आर्थिक विकासमा टेवा ।

### ४.२ लक्ष्य

स्वच्छ र वैकल्पिक ऊर्जाको माध्यमबाट परम्परागत र पेट्रोलियम ऊर्जामाथिको निर्भरतालाई कम गर्ने ।

### ४.३ उद्देश्य

- स्वच्छ र वैकल्पिक ऊर्जाको उत्पादन बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु ।
- राष्ट्रिय विद्युत् प्रसारण लाइन नपुगेका तथा पुऱ्याउन लागत प्रभावकारी नभएका क्षेत्रहरूमा वैकल्पिक विद्युत् सेवाको पहुँच बढाई आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउनु ।

### ४.४ रणनीतिहरू

- वैकल्पिक ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको उल्लेख्य अंशको रूपमा यसलाई विकास गर्ने ।
- पहुँच नपुगेका क्षेत्र, वर्ग र समूहसम्म वैकल्पिक ऊर्जा र यसको प्रविधिको पहुँच बढाउने ।
- वैकल्पिक ऊर्जामा जनताको पहुँच बढाई जीवनस्तरमा सुधार र रोजगारीमा वृद्धि गर्ने ।

### ४.५ कार्यनीति

- दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।
- बैङ्क तथा वित्तीय संस्थाहरूलाई वैकल्पिक ऊर्जा क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।
- सम्भाव्य ठाउँमा वायु तथा सौर्य ऊर्जाबाट विद्युत् उत्पादन र विस्तार गरिनेछ ।
- लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा, जैविक ऊर्जा तथा वायु ऊर्जाजस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास एवम् विस्तार गरिनेछ ।
- गरिब तथा विपन्न वर्गसम्म वैकल्पिक ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- सौर्य ऊर्जा कार्यक्रम
- जलविद्युतको सम्भावना कम भएका ठाउँहरूमा सौर्य विद्युत् प्रणाली जडान ।
- सामुदायिक संस्थाहरूमा संस्थागत सौर्य विद्युत् प्रणाली जडान, सौर्य ड्रायर जडान गर्नुका साथै सौर्य मिनि ग्रिडमार्फत विद्युत् सेवा ।
- लघु तथा साना जलविद्युत् आयोजनाहरूमार्फत विद्युत् उत्पादन ।

- बायोग्यास, सुधारिएको चुलो तथा बायोब्रिकेटको व्यापक प्रवर्द्धन तथा विस्तार गर्न घरायासी बायोग्यास प्लान्ट, ठूला बायोग्यास प्लान्ट र सामुदायिक एवम् संस्थागत बायोग्यास प्लान्ट निर्माण तथा सुधारिएको चुलो जडान ।
- बायोब्रिकेटहरू उत्पादन तथा वितरण, जैविक इन्धन उत्पादनसम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन र सहरी क्षेत्रमा उत्पादन हुने फोहोर, खेर गएका कृषि तथा वनजन्य पदार्थहरू प्रयोग गरी विद्युत् उत्पादन एवम् यातायात क्षेत्रमा बायो इथानोल र बायोडिजेलको प्रयोग ।
- वायु ऊर्जा कार्यक्रम
- वैकल्पिक ऊर्जा प्रविधिको विकास र प्रवर्द्धनलाई प्रभावकारी रूपमा अघि बढाउन तथा जनचेतना जगाउन वैकल्पिक ऊर्जाका प्रविधिहरू जडान गरी उपयुक्त ठाउँमा वैकल्पिक ऊर्जा पार्क स्थापना ।

**५.अपेक्षित उपलब्धि**

लघु तथा साना जलविद्युत्बाट ५ मेगावाट, साना तथा घरायसी सौर्य विद्युत् प्रणालीबाट ०.५ मेगावाट र वायु ऊर्जाबाट ०.०५ मेगावाट विद्युत् उत्पादन भई  करिब २५ प्रतिशत जनतालाई विद्युत् सेवा पुगेको हुनेछ। १०० वटाघरायसी बायोग्यास प्लान्ट र १००० वटा सुधारिएको चुलो जडान भएको हुनेछ । समग्र वैकल्पिक ऊर्जा प्रविधिसँग गाँसिएका व्यवसाय तथा उत्पादनमूलक प्रयोगबाट  नयाँ उद्यम सृजना तथा रोजगारी सिर्जना भएको हुनुका साथै अधिकांश घरधुरीमा विभिन्न आयआर्जनका क्रियाकलापहरू पनि सञ्चालन भएको हुनेछ ।

**६.नतिजा खाका**

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यबस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सूचक** | | **आधार रेखा** | **लक्ष्य (सम्मको अवस्था)** | | | | | **पुष्ट्याईका आधारहरु** | |
| | **विवरण** | **इकाई** | (आ.व. ०७४/७५ ) | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| लक्ष्य ३ : सडक ,पुल, विधुत, संचार सहितको व्यवस्तीत वस्ती विकास भई यातायात, आयत निर्यातमा सहज आई आर्थिक उत्पादनमा वृद्धि र जिवन यापनमा सहजता ल्याउने । | प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | ० | ० | २ | २ | २ | २ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति प्रतिवेदन | – समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| असर ३: भौतिक पुर्वाधारमा विकास भई सुगमता र समृद्ध गाउँपालिका हुनेछ । | सुरक्षित वस्तीमा बसोबास गर्ने | संख्या | २०० | २०० | २५० | ३०० | ३३० | ३५० | | |
| प्रतिफल ३.१: सडक एवं सहायक पूर्वाधारको विस्तार र विकास एवं यातायात सुचारु भएको हुनेछ । | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | २ | ३ | ४ | १० | १५ | २० | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | संघ, प्रदेश र गाउँपालिका तथा विकास साझेदारको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ० | ० | १ | १ | २ | २ | | |
| | यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | संख्या | १ | २ | ४ | ५ | ७ | ८ | | |
| | कालोपत्रे सडक | किमी | ० | ० | ० | ० | ० | ० | | |
| | ग्राभेल सडक | किमी | ० | ० | ० | ० | २० | ३० | | |
| | धुले सडक | किमी | ० | १६ | २० | २५ | ३६ | ४५ | | |
| | पक्की पुल (वेली व्रिज समेत) | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | गाउँपालिका क्षेत्रमा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | ० | १ | ४ | ५ | ६ | ८ | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | ० | २ | ४ | ८ | १२ | १४ | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | ० | ० | ३ | ६ | १२ | १४ | | |
| प्रतिफल ३.२ आवास,वजार,वस्ती एकिकृत,व्यवस्थित र सूरक्षित भएको हुनेछ । | प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र | स्थान | ० | ० | ० | ० | ३ | ३ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन | – लाभान्वित समुदायको प्रतिवद्धता र सहभागिता एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | मापदण्डअनुसार बनेका आवास घर | संख्या | ० | ० | १ | १० | २० | ४० | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | ० | ० | ५ | १० | १५ | २० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ० | ० | १ | ५ | १५ | २० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड । आवास घर | संख्या | ० | ० | १ | ४ | ५ | १० | –प्रगति प्रतिवेदन | |
| | आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | ० | ० | १ | ३ | २ | २ | | |
| प्रतिफल ३.३: विद्युत र वैकल्पिक उर्जाको विस्तार , उपलव्धता तथा उपयोगमा वृद्धि भएको हुनेछ । | स्थानीय विद्युत उत्पादन | कि.वा | ५६ | १५६ | २०० | २५० | ३०० | ५०० | – वस्गाउँतुगत विवरण<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति/अनुगमन प्रतिवेदन | –नेपाल सरकार र दातृनिकायहरुको सहयोग निरन्तर उपलव्ध हुनेछ ।<br>–लाभान्वित समुदायको प्रतिवद्धता र सहभागिता एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | विद्युत ट्रान्समिसन तथा वितरण लाइन विस्तार | कि.मि. | ० | ६ | ८ | १० | १५ | २५ | | |
| | सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | ३७२ | २०० | १५० | १०० | ५० | ० | | |
| | सुधारिएको उर्जा (वायोग्यास/एलपि) प्रयोग गर्ने परिवार | संख्या | ० | ० | ० | ५ | ५ | १० | | |
| | जडान सौर्य होम प्रणाली | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | ७४.३२ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| प्रतिफल ३.४: सूचना र संचार प्रविधिको पहुँच र प्रयोगमा बृद्धि भएको हुनेछ । | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ६ | २० | ३० | ५० | ६० | ६५ | –गाउँ वस्तुगत विवरण<br>–सर्वेक्षण प्रतिवेदन<br>–प्रगति प्रतिवेदन | |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | २ | ५ | १० | १५ | २० | ३० | | |
| | मोबाइल प्रयोगकर्ता | प्रतिशत | ६९.५२ | ७५ | ८० | ८५ | ९० | ९५ | | |
| | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ० | ५ | १० | २० | ३० | ४० | | |

# परिच्छेद ७: वन,वातावरण तथा विपद् ब्यबस्थापन

वन,वातावरण तथा विपद् ब्यबस्थापनका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु, अपेक्षित उपलब्धीहरु र नतिजा तालिका देहाय बमोजिम रहेका छन् ।

## ७.१ वन तथा भू-संरक्षण

### १. पृष्ठभूमि

गाउँपालिकाको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहिआएको छ । गाउँपालिकामा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घासपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र स्थानीय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । हालैको वनस्रोत सर्वेक्षणअनुसार वनले ढाकेको क्षेत्र कुल भू-भागको १३.७८ प्रतिशत पुगेको छ। विशेष गरी वन क्षेत्रले ढाकेको भूभागमा वृद्धि भएको छ भने झाडी बुट्यानले ढाकेका क्षेत्रहरू वन क्षेत्रमा रूपान्तरित हुनुका साथै वन क्षेत्रबाहिरको भू-भागमा समेत वनको वृद्धि भएको छ। राष्ट्रले अवलम्बन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ। त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप, २०७२ जारी भई यिनीहरूको कार्यान्वयनको चरण सुरु भएको छ। साथै संवत् २०७१-२०८० लाई 'समृद्धिका लागि वन' भन्ने नारा तय गरी 'वन दशक' घोषणा गरी विशेष कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यसर्थ पहाडी यस गाउँपालिकामा वन संरक्षणका लागि प्रयासरत रहि संघीय सरकारद्धारा तय गरिएका प्रारुप,निर्देशिका र नीतिहरुको कार्यान्वयनका लागि खार्पूनाथ गाउँपालिकाको पनि योगदान रहनेछ ।

### २.प्रमुख समस्या

एकीकृत र योजनाबद्ध विकास नहुनु,जनसंख्याको बढ्दो चाप,अव्यबस्थित बसोबास,पूर्वाधार विकास र वन तथा भुसंरक्षण बिचको असन्तुलन हुनु,खोरिया र जंगल फडानी,पशुबस्तुको चरन क्षेत्रको रुपमा वनलाई प्रयोग गरिनु वन तथा भूसंरक्षण क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन् । सामुदायिक वन र कबुलियती वनको प्रभावकारी कार्यान्वयन नहुनु,सडक निर्माणका क्रममा प्रयोग हुने डोजर जस्ता मेशीनरी उपकरणको प्रयोगबाट हुन जाने भूक्षय वन तथा भूसंरक्षण क्षेत्रका समस्याका रुपमा रहेका छन् ।

### ३.चुनौती तथा अवसर

चुनौती

नयाँ संघीय संरचना बमोजिम सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण, मूलप्रवाहीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नु, वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्न शासकीय सुदृढीकरण गर्दै स्थानीय जनताको आधारभूत आवश्यकताहरू (काठ,दाउरा, घाँस, स्याउला)को आपूर्ति व्यवस्थापनलाई समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म व्यवस्थापन गर्नुका साथै सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौती हुन् । हिमाली क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट यहाँका बासिन्दाको जीवन आधारमा परेको जोखिम न्यूनीकरण गर्नु, गाउँपालिकामा बसोवास गर्ने वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु तथा गाउँपालिकाको भौतिक एवम् आर्थिक-सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । यसका अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु थप चुनौतीहरू हुन् ।

अवसर

वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, विश्व उष्णीकरण र जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् । जैविक तथा हरित वस्तुहरूको स्वदेश तथा विदेशमा माग बढ्दै गएकाले वनजन्यस्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिक सेवाको माग बढ्ने सम्भावना देखिन्छ । साथै वनस्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी वनस्रोतको उचित र दिगोव्यवस्थापन गर्नु यस क्षेत्रको अवसर हो ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

विविधतायुक्त वनस्रोत समृद्ध जलाधार,पर्यापर्यटन रोजगारीको प्रमुख आधार

### ४.२ लक्ष्य

वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, गरी रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार  गर्ने ।

### ४.३ उद्देश्य

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

### ४.४ रणनीति

- विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
- दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।
- वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

### ४.५ कार्यनीति

- वैज्ञानिक वन व्यवस्थापनको माध्यमद्वारा वनको संरक्षण र वन पैदावारको उपयोग गरिने छ ।
- वन व्यवस्थापनमा समुदायको सहभागितालाई जोड दिइने छ ।
- गाउँपालिकामा वातावरणमैत्री स्थानीय शासनलाई सक्रिय रुपमा अवलम्बन गरिनेछ ।
- वन क्षेत्रको साङ्गठनिक तथा नीति नियमहरूको समयसापेक्ष सुधार गरिनेछ ।
- वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र आकाशे पानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।
- निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबैखाले वनहरूमा आन्तरिक पर्यापर्यटन प्रवर्द्धन गर्न जैविक विविधता र सिमसार (पानीको मुहान, कुवा, इनार) क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ ।
- गाउँ र गाउँको वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ ।
- जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।
- स्थानीय अनुकूलन योजना निर्माण गरी समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ ।
- वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।
- सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधीकरण र प्रविधि विकास एवम् हस्तान्तरण गरिनेछ ।
- विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ ।
- सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि साधनस्रोत र व्यवस्थापकीय क्षमताको अभिवृद्धि । वन डढेलो लगाउने अपराधीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने गरी संस्थागत विकास र डढेलो नियन्त्रणमा हुने मानवीय क्षतिको उचित राहत र सम्मान ।
- प्राकृतिक तालतलैयाहरूको संरक्षण, जलाधार संरक्षण, सुक्खा क्षेत्रहरूमा पोखरीहरूको निर्माण साथै सुराकी परिचालन एवम् वन अतिक्रमण नियन्त्रण ।
- सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण तथा सुशासनको लागि वन कार्ययोजना ।
- वन उद्यम तथा वन पैदावरको व्यवसायीकरण ।
- वनहरूको दिगो र वैज्ञानिक व्यवस्थापनको लागि क्षमता वृद्धि कार्यक्रमहरू सञ्चालन ।
- गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय वृद्धिमा योगदान हुने गरी कबुलियती वन कार्यक्रमको विकास र विस्तार
- वनको दिगो व्यवस्थापन गरी वनपैदावारको सहज आपूर्ति एवम् स्थानीय रोजगारी तथा राजस्वमा योगदान ।
- वन पैदावारको उत्पादन गरी वन क्षेत्रमा हुने चापलाई न्यूनीकरण गर्दै कृषि तथा पशु विकासमा टेवा पुऱ्याउन र स्थानीय वातावरणीय सन्तुलनसम्बन्धी कार्यक्रम सञ्चालन ।
- निजी वन, स्थानीय स्तरमा सञ्चालन भइरहेको पारिवारिक वन, सार्वजनिक स्थानहरूमा वृक्षरोपण, नर्सरी र वनजन्य उद्यम स्थापनाका लागि प्रवर्द्धन र सहयोगात्मक कार्यक्रम ।
- निजी नर्सरीबाट बिरुवा खरिद,जडीबुटी उद्यमी तथा निजी नर्सरीलाई सहयोग,जडीबुटी तथा हरित उद्यमी, उत्पादक समूह र सहकारी संस्थालाई परिचालन गरी उत्पादन, भण्डारण तथा प्रशोधन गराउन पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन
- वनस्रोतको प्रयोग वा बिक्रीबाट प्राप्त आम्दानीको केही अंश सोही क्षेत्रमा लगानी गर्ने व्यवस्थाको प्रभावकारी कार्यन्वयन सुनिश्चितता तथा अनुगमन ।
- स्थानीयलाई प्रत्यक्ष लाभ प्राप्त हुने गरी कृषि र पशुपन्छी क्षेत्रसँगको समन्वयमा  विशेष आयआर्जनका कार्यक्रम सञ्चालन ।

## ५.अपेक्षित उपलब्धि

विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, विविधता र उत्पादकत्वमा गुणात्मक वृद्धि भएको, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएका र वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको विविधीकरणसहित उक्त वस्तु तथा सेवाहरू विपन्न तथा वञ्चित समूहहरूसम्म पुगेको हुनेछ । साझेदारी तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट दाउरा उत्पादन

भई काठ दाउराको उत्पादन बढेको, आपूर्ति सहज भएको र राजस्व वृद्धि भएको हुनेछ । समुदाय तथा निजी क्षेत्रबाट काठको आपूर्ति भएको हुनेछ । सामुदायिक वन व्यवस्थापनबाट सम्पुर्ण घरधुरीलाई काठ, दाउरा लगायत अन्य वन पैदावारको आपूर्ति सहज भएको हुनेछ । कबुलियती वन कार्यक्रमबाट वन र वातावरण संरक्षणको साथै गरिब घरधुरीको जीविकोपार्जन तथा आयआर्जनमा वृद्धि भएको हुनेछ । वन डढेलोजस्ता प्राकृतिक प्रकोपको नियन्त्रणमा टेवा पुगी जलवायु परिवर्तन न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरणमा विशेष योगदान पुगेको हुनेछ ।

**६.नतिजा खाका**

वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा विपद् व्यवस्थापन्,वातावरण तथा जलवायु परिवर्तन क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ७.२ वातावरण तथा विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

खार्पूनाथ गाउँपालिका विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यतः अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, आगलागी, खडेरी, महामारी हुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ । यसैगरी आउँ, झाडा पखाला र स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । विपद्का समयमा आश्रय स्थलका लागि खुल्ला क्षेत्र आवश्यक पर्ने भएकाले गाउँपालिका क्षेत्रमा खुल्ला क्षेत्र कायम गर्ने कार्य अगाडी बढाउनु पर्ने हुन्छ । जिल्लामा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना भए जस्तै गाउँपालिका स्तरमा पनि सञ्चालन गर्नु पर्ने आवश्यकता छ । विपद्को समयमा नदीहरूले पुल बगाई वा भाँचिई बाटो र सडक अवरुद्ध भएमा तत्काल सडक यातायात सुचारु गर्न तत्काल प्रयोग गर्न सकिने गरी अस्थायी पुल राख्नु पर्ने हुन्छ । विपद्पछि लेखाजोखामा एकरुपता कायम गर्न विपद् लेखाजोखा निर्देशिका जारी गर्नु पर्ने,गाउँ विपद् पूर्वतयारी प्रतिकार्य योजना तयार गर्नुका साथै अद्यावधिक गर्नु पर्ने, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा रहेको अवस्था छ । आपत्कालीन अवस्थामा स्थानीय दैवी प्रकोप समितिहरू सक्रिय हुनुपर्ने अवस्था छ । विपद्को समयमा मानवीय सहायताका कार्य गर्ने विभिन्न सङ्घ संस्थाहरूको सहयोग लिने गरिएको छ । विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागु गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी छ ।

### २.प्रमुख समस्या

एकीकृत र योजनावद्ध विकास नहुनु,जनसंख्याको बढ्दो चाप,अब्यबस्थित शहरीकरण बढ्नु,पूर्वाधार विकास र वातावरण बिचको असन्तुलन हुनु,औद्योगिक क्षेत्र,अस्पताल र शहरी क्षेत्रबाट निष्काशन हुने रेडियोधर्मी,बिद्युतीय,चुम्बकीय,अस्पताल लगायतका बिभिन्न प्रदुषण र कृषि क्षेत्रमा प्रयोग हुने रासायनिक मल र बिषादी,जोखिमपूर्ण रसायनको मापदण्डको अभाव र कार्यान्वयन क्षमता कमजोर हुदा बायु,ध्वनी,जल तथा जमिनमा प्रदुषणको मात्रा बढ्नु,विभिन्न सरोकारवालाहरु बिच वातावरणसंग सम्बन्धित बिषयमा समन्वय र सहकार्य हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

चुनौती

विपद्का सबै कारणहरूको असर तथा प्रभावको वैज्ञानिक अनुसन्धान गरी क्षेत्रगत विकास योजना तर्जुमा गर्ने, भौतिक विकासको स्वरूपलाई भविष्यको आर्थिक विकासको बाधक बन्न नदिन स्थानीय तहका सेवाकेन्द्र तथा बस्तीहरूको आर्थिक-सामाजिक तथा भौतिक सम्पर्कलाई आर्थिक उत्पादनसँग जोड्ने, सुरक्षित बस्ती विकासको अवधारणाभित्र बस्ती विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने,सम्पूर्ण भौतिक पूर्वाधारसहितको विपद् उत्थानशील एकीकृत बस्ती विकास गर्ने चुनौती रूपमा रहेका छन् । त्यसरी नै विपद् प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिकबीचको अन्तरसम्बन्ध कायम गरी

समन्वय गर्ने विषयमा चुनौती देखिएको छ । पीडितको पहिचान, पीडितलाई तत्काल राहत तथा पुनर्स्थापना सम्बन्धी कार्यमा एकरूपता ल्याई दोहोरोपना सिर्जना हुन नदिनुसमेत चुनौती हुन् ।

अवसर

विगत्का सिकाइलाई समेत आधार लिई दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने; स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ति विकास कार्यलाई तालमेल हुने गरी विकास गर्ने, आर्थिक-सामाजिक रूपान्तरणका लागि जनजीविकामा सुधार भएको विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्नेजस्ता अवसरहरू रहेका छन् । विपद्लाई विकाससँग जोडी योजना प्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरी मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्को लागि पूर्वतयारी गर्ने परिपाटीको प्रारम्भ, प्रतिकार्यको लागि गाउँ विपद् प्रतिकार्य कार्ययोजना तर्जुमा लगायतको पूर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरूको तयारी र केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत व्यवस्थाहरूलाई अवसरको रूपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील गाउँको रूपमा विकास गर्ने ।

### ४.२ लक्ष्य

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

### ४.३ उद्देश्य

विकासका सबै चरणमा विपद् व्यवस्थापनलाई समाहित गराई विपद्बाट हुने मानवीय एवम् भौतिक लगायतका क्षतिलाई न्यूनीकरण गर्नु ।

### ४.४ रणनीति

- विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकीकृत रूपमा सञ्चालन गर्ने ।
- आपत्कालीन खोज,उद्धार,उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने ।

### ४.५ कार्यनीति

- विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय क्षमता अभिबृद्धि गरिनेछ ।
- गाउँपालिकाको जोखिम नक्सांकनका आधारमा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु वार्षिक योजनमा समावेश गरिनेछ ।
- अन्तर वडा तथा अन्तर गाउँपालिका जल व्यवस्थापन नीति अवलम्बन गरिनेछ ।
- गाउँ विपद् व्यवस्थापन रणनीतिलाई स्थानीय विपद् व्यवस्थापन भित्र संस्थागत गरिनेछ ।
- विपद् व्यवस्थापन कार्यलाई गाउँपालिका तहबाट व्यवस्थापन गर्न वडातहसम्म संरचनाको व्यवस्था गरिनेछ ।
- स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाइ प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ।
- विपद् व्यवस्थापनको सबै तहमा जलवायु परिवर्तन अनुकूलनको अवधारणालाई आत्मसात गरी जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- स्थानीय आवश्यकता, सम्भावित विपद्लाई समेटेर विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार।
- विपद्को पूर्वानुमान, अनुगमन र तत्कालीन उद्धारसम्बन्धी कार्यलाई चुस्त र संस्थागत बनाउन विपद् व्यवस्थापनको लागि आवश्यक सबै सरकारी निकाय, निजी तथा सामुदायिक क्षेत्र र नागरिक समाजसमेत सम्मिलित स्थानीय समन्वय तथा उद्धार निकायको व्यवस्था।
- जनचेतना अभिवृद्धि र आपत्कालीन खोज तथा उद्धारको लागि आवश्यक पर्ने जनशक्तिको विकास र औजार उपकरणको व्यवस्था।

### ५.अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनसँग सम्बन्धित कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बन्धित क्षेत्रगत योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुनेछ। मापदण्ड तय गरी लागु भएको, पुनर्निर्माणको लागि योजना तर्जुमा भई लागु भएको साथै जलवायु परिवर्तनबाट सिर्जना हुने विपद्को जोखिम न्यूनीकरण भएको हुनेछ। विपद्का नयाँ आयाम र सिकाइहरू प्रतिविम्बित हुने गरी विपद् व्यवस्थापनसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ। विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य लगायत विपद् व्यवस्थापनका विविध पक्षहरूलाई समेटी नीतिगत व्यवस्थामा समसामयिक परिवर्तन तथा कार्यविधिहरूको संशोधन, परिमार्जन र तर्जुमासमेत गरी कार्यान्वयनमा ल्याइनेछ।

### ६.नतिजा खाका

वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा विपद् व्यवस्थापन्,वातावरण तथा जलवायु परिवर्तन क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ।

## ७.३ वातावरण तथा जलवायु परिवर्तन

### १. पृष्ठभूमि

जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण सवाललाई मध्यनजर गरी स्थानीय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ। वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गरिएको छ। जलवायु परिवर्तनका क्षेत्रमा लगानी यकिन गर्न जलवायु परिवर्तन बजेट सङ्केतको व्यवस्था गरी विगत योजना अवधिदेखि नै कार्यान्वयनमा आइसकेको छ। स्थानीय अनुकूलन कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय अनुकूलन कार्यक्रम कार्यान्वयन भइरहेको छ। वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आबद्ध गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ।

### २.प्रमुख समस्या

जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य भए पनि जलवायु पारिवर्तनको अत्याधिक प्रभावित र जोखिमपूर्ण राष्ट्रहरुको सूचिमा रहनु,जलवायु परिवर्तन बहुपक्षीय विषय भएको तर अन्तर क्षेत्रगत निकायहरूबीच समन्वयमा कमी र बुझाईमा एकरूपता नहुनु,जलवायु परिवर्तनका संभावित असर र प्रभाव,जलवायुजन्य प्रकोपबाट हुने क्षति सम्बन्धमा अध्ययन अनुसन्धान र आधारभुत तथ्यांकको कमी हुनु,जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मूलप्रबाहीकरण हुन नसक्नु, समस्या सम्बोधनको लागि समग्र संस्थागत क्षमता, आवश्यक वित्त, प्रविधि, ज्ञानको कमी रहनु प्रमुख समस्या हुन्।

### ३. चुनौती तथा अवसर

चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर तथा हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु वित्तमा पहुँच बढाई नतिजामूलक कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु र जलवायु परिवर्तनका विषयमा साझा आवाज स्थापित गर्नु चुनौती रहेका छन् ।

अवसर

दिगो विकासका लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समुदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नेजस्ता नयाँ अवसर हुन् ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

स्वच्छ एवम् स्वस्थ वातावरण ।

### ४.२ लक्ष्य

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.३ उद्देश्य

- वातावरण संरक्षण गराउनु ।
- प्रदुषण न्यूनीकरण गराउनु ।
- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु

### ४.४ रणनीति

- वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने ।
- जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने ।

### ४.५ कार्यनीति

- जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ ।
- वातावरणमैत्री योजनाअनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गरिनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना मार्फत राष्ट्रिय अनुकूलन कार्ययोजनालाई वडा तहमा कार्यान्वयन गरिनेछ ।
- वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- वातावरण संरक्षण तथा जलवायु परिवर्तन क्षेत्रमा संस्थागत क्षमता सुदृढीकरण र जनशक्ति विकास ।
- वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन र प्रचारप्रसार, वातावरणीय सरसफाइ ।
- जलवायु अनुकूलित गाउँ (Climate Smart Village) को स्थापना र विकास ।

- प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन ।
- विद्युतीय, लामो समयसम्म असर रहने विषादी तथा हानिकारक फोहोरमैला व्यवस्थापन ।

**५.अपेक्षित उपलब्धि**

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको र स्थानीय अनुकूलन योजना तयार भइ कार्यान्वयन भएको हुनेछ । वातावरणीय प्रभाव मूल्याङ्कन भएका आयोजनाहरूको परीक्षण भएको, वातावरणीय शिक्षा र सचेतना अभिवृद्धि भएको हुनेछ ।

**६.नतिजा खाका**

वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा विपद् व्यवस्थापनु,वातावरण तथा जलवायु परिवर्तन क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सूचक** | | **आधार रेखा** (आ.व. ०७४/७५) | **लक्ष्य (सम्मको अवस्था)** | | | | | **पुष्ट्याईका आधारहरु** | |
| | **विवरण** | **इकाई** | | **०७६/७७** | **०७७/७८** | **०७८/७९** | **०७९/८०** | **०८०/८१** | | |
| लक्ष्य ४ : वन, जैविक, जलाधार , विपद् तथा जलवायु सम्बन्धित नीति बनाएर कार्यान्वयन गरी उत्थानसिल समाजको निमार्ण गर्ने<br><br>असर ४: वन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण र दिगो उपयोगमा बृद्धि हुनेछ । | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | हेक्टर | ५००० | ५००० | ५१०० | ५२०० | ५२०० | ५३०० | – गाउँ वस्तुगत विवरण<br><br>– सर्वेक्षण प्रतिवेदन<br><br>– प्रगति/अनुगमन प्रतिवेदन | – वन सम्वन्धि स्थानीय नीति र कानून तर्जुमा भइ कार्यान्वयन हुनेछ ।<br><br>– वन, वातावरण नीतिको पालना हुनेछ । |
| | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | ३०० | ४०० | ५०० | ६०० | ७०० | ८०० | | |
| | संरक्षित चरन क्षेत्र | वटा | ० | ४ | ८ | १२ | १६ | १८ | | |
| | उत्पादित दाउरा | भारी | १८०००० | १६०००० | १३०००० | १००००० | ९०००० | ८०००० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | केजी | ५०००० | ७०००० | १००००० | १२०००० | १३०००० | १५०००० | | |
| | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | १० | १२ | १५ | २५ | ३५ | ४० | | |
| | व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | वटा | २७ | ३० | ३० | ३० | ३२ | ३५ | | |
| प्रतिफल ४.१: वन तथा जैविक विवपधताको व्यबस्थापन गरीएको हुनेछ । | निजी वन क्षेत्र | हेक्टर | ० | १ | २ | ४ | ५ | ६ | – गाउँ वस्तुगत विवरण<br><br>– सामुदायिक वन समुह तथा वन डिभिजनको प्रगति/अनुगमन प्रतिवेदन | – वन सम्वन्धि स्थानीय नीति र कानून तर्जुमा भइ कार्यान्वयन हुनेछ ।<br><br>– वन, वातावरण नीतिको पालना हुनेछ । |
| | आयमूलक कार्य संचालित वन क्षेत्र | वटा | ७ | ८ | १० | १२ | १३ | १५ | | |
| | जैविक विविधता युक्त क्षेत्र | वटा | १ | २ | ३ | ३ | ३ | ३ | | |
| | गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती | वटा | ० | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल ४.२: जलाधार संरक्षण तथा भुमिको एकीकृत व्यवस्थापन र उचित | संरक्षित पानी मुहान क्षेत्र | वटा | ० | ५ | १० | १५ | २० | ३० | – गाउँ वस्तुगत विवरण<br><br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | ० | २०० | ३०० | ५०० | ८०० | १००० | | |
| | नदी नियन्त्रण लम्बाई | किमी | ० | ,५ | १ | २ | ३ | ४ | | |
| | संरक्षित गल्छी र पहिरो | वटा | ० | १ | २ | ३ | ४ | ५ | | |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | वटा | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | वटा | ० | १ | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सदुपयोग भएको हुनेछ। | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | १ | २ | ५ | १० | २० | ३० | | प्रतिवद्धता र सहभागिता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | वटा | ० | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल ४.३: जलवायू अनुकुल पर्यावरणिय स्वच्छता अभिवृद्धि भएको हुनेछ। | प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | वटा | ० | २ | ३ | ५ | ८ | ९ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>– स्थानीय समुदायको सरसफाइमा चेतना वृद्धि हुनेछ। |
| | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | वटा | ० | २० | ५० | १०० | १५० | २०० | | |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | वटा | २५०० | २३०० | २००० | १५०० | १००० | ५०० | | |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | वटा | ५०० | ७०० | १००० | १३०० | १६०० | २००० | | |
| | घरभित्रको धुवाँमुक्त घरधुरी | वटा | ३५० | ५०० | ८०० | १२०० | १६०० | २००० | | |
| | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | वटा | १ | १ | १ | १ | १ | १ | | |
| | सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास | वटा | ० | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल ४.४: विपदवाट हुने क्षतिलाइ न्यूनिकरण गरी उत्थानशिल समाजको निर्माण भएको हुनेछ | वस्ती अयोग्य स्थानमा बसोबास गरेका परिवार | वटा | २५० | २१० | २३० | २०० | १७० | १५० | – विपद जोखिम पार्श्वचित्र<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ।<br>– समुदायलाइ विपद जोखिम न्युनिकरण वारे जानकारि र विपद उत्थानशिल समुदाय निर्माण भएको हुनेछ।<br>– विपद जोखिम न्यूनीकरण हुनेछ। |
| | विपदबाट भएको बार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | हेक्टर | ५०० | ४५० | ३०० | २५० | २२० | २०० | | |
| | सुरक्षित खुल्ला क्षेत्र र स्थान | वटा | ० | १ | ३ | ५ | ८ | ९ | | |
| | तालिम प्राप्त स्वयंसेवक | जना | ४ | १० | ३० | ५० | ८० | १०० | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु | १००० | १५०० | २००० | २५०० | ३००० | ३५०० | | |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | वटा | ४ | ५ | – | ६ | – | ७ | | |

# परिच्छेद ८: संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य

संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य क्षेत्रका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,कार्यान्वयन कार्ययोजना ,अपेक्षित उपलब्धीहरु र नतिजा खाका देहाय बमोजिम रहेका छन् ।

## ८.१ मानव अधिकार

### १. पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि मानव अधिकारको स्थापना, सम्मान, संरक्षण र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय प्रयासको थालनी भएको हो । मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो, जसमा पहिलो पटक मानवका जन्मसिद्ध एवम् नैसर्गिक अधिकारहरूलाई मानव अधिकारका रूपमा परिभाषित गरिएको थियो । संयुक्त राष्ट्रसङ्घको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी संयुक्त राष्ट्रसङ्घद्वारा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू जारी हुँदै आएका छन् । मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका विरूद्ध अनुसन्धान गरी पीडकलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन स्थानीय सरकारलाई सिफारिस गर्ने, सीमान्तकृत समुदायका लागि इन्टर्नसीप कार्यक्रम सञ्चालन गर्ने, मावन अधिकार सम्बन्धमा अभिमुखीकरण तालिम सञ्चालन गर्ने जस्ता कार्यक्रमहरु संचालन हुदै आएका छन् ।

### २.प्रमुख समस्या

समाजमा रहेको भेदभाव, छुवाछुत, लैंगिक हिंसा जस्ता कुप्रथा, गाउँपालिकाको भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकारको प्रत्याभूतिका लागि प्रमुख समस्याको रूपमा रहेका छन् । मानव अधिकार प्रतिको सचेतनामा अभिवृद्धि भएको भए तापनि सेवाग्राही नागरिक अधिकारका बाहक हुन् भन्ने मानव अधिकार संस्कृतिको विकास हुन नसक्नु, राजनीतिक, सामाजिक लगायतका मानव अधिकार सम्बन्धी आधारभूत ज्ञान, मूल्य मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु, संरचनागत रूपमा रहेको सामाजिक विभदेलाई अन्त्य गर्न नसक्नु जस्ता प्रमुख समस्याको रुपमा रहेका छन् ।

### ३.चुनौती तथा अवसर

चुनौती

संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप संस्थागत र संरचनागत तथा पर्याप्त स्रोतसाधनको व्यवस्था गरी आम नागरिकलाई मानव अधिकारको पूर्ण प्रत्याभूति दिलाउनु चुनौतीपूर्ण कार्य रहिआएको छ ।

अवसर

नेपाल सरकारका क्षेत्रगत कार्यक्रमहरूमा मानव अधिकारलाई प्राथमिकतामा राख्नु, मानव अधिकारसम्बन्धी जनचेतना बढाउनु, नेपाल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका विभिन्न मौलिक हकहरू मानव अधिकारको संरक्षण तथा संवर्द्धनका निम्ति अवसर हुन् ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

#### ४.१ सोच

सबै प्रकारका विभेदहरू अन्त्य गरी समावेशी र समतामूलक समाजको विकास ।

#### ४.२ लक्ष्य

मानव अधिकारसम्बन्धी संस्थाहरूबीच समन्वय, सहकार्य र सहभागिता बढाई मानव अधिकार संस्कृतिको विकास गर्ने ।

**४.३ उद्देश्य**

मानव अधिकारप्रतिको प्रतिबद्धतालाई व्यवहारिक रूपमा सुनिश्चित गर्नु ।

**४.४ रणनीति**

- मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने ।
- मानव अधिकारलाई विकासका मुद्दाहरूसँग संरचनागत र कार्यात्मक रूपले जोड्ने ।

**४.५. कार्यनीति**

- मानव अधिकार अवस्थाको नियमित रूपमा अनुगमन गरिनेछ ।
- विपन्न, सीमान्तकृत एवम् पिछडिएका वर्गका अधिकार सुनिश्चित गरिनेछ ।
- मानव अधिकारका क्षेत्रमा कार्यरत स्थानीय संस्थाहरूलाई सुदृढ गर्दै मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा टेवा पुर्‍याइनेछ ।

**४.६.प्रमुख कार्यक्रमहरू**

- संविधानले प्रत्याभूत गरेको मानव अधिकारको सुनिश्चितताका लागि सम्बन्धित निकायहरूको संस्थागत सुदृढीकरण ।
- स्थानीय स्तरका नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा अधिकारमा आधारित पद्धति अवलम्बन गर्ने र सोका लागि जनशक्तिको क्षमता विकास ।
- मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जवाफदेहिता अभिवृद्धि ।

**५.अपेक्षित उपलब्धि**

मानव अधिकारसम्बन्धी कानुनहरू पुनरावलोकन भई नयाँ स्थानीय कानुनहरूको निर्माण भएको र मानव अधिकारसम्बन्धी स्थानीय संस्थाहरू सुदृढ भएका हुनेछन् । त्यसैगरी मानव अधिकारका विषयहरू स्थानीय  नीतिहरूमा संरचनात्मक र कार्यात्मक रूपमा समाहित भएको र मानव अधिकार संस्कृतिको प्रवर्द्धन भएको हुनेछ ।

**६.नतिजा खाका**

मानव अधिकार, स्थानीय तथ्याङ्क क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ८.२ स्थानीय तथ्याङ्क

**१. पृष्ठभूमि**

तथ्याङ्क, योजना र विकासको त्रिआयामिक सुदृढ सम्बन्धले यथार्थपरक योजना तर्जुमा, कार्यान्वयन र सोको अनुमगन तथा मूल्याङ्कन सम्भव भई दिगो विकासमा टेवा पुग्नसक्दछ ।  समयसापेक्ष, विस्तारित, खण्डीकृत, भरपर्दो र मागसापेक्ष तथ्याङ्कको नियमित आपूर्ति र उच्चतम प्रयोगले नै तथ्यमा आधारित विकास अवधारणालाई साकार पार्न सकिने हुँदा योजनामा तथ्याङ्कलाई गाउँपालिका र विषयगत क्षेत्रका योजना तथा नीति तर्जुमामा उपयोग गरिनेछ ।

**२.प्रमुख समस्या**

स्थानीय शासन पद्धति सापेक्ष तथ्याङ्क प्रणाली स्थापित हुन नसक्नु, तथ्याङ्क सम्बन्धी ऐन नियमको सामयिक परिमार्जन नहुनु र परस्पर बाझिने कानुनी प्रावधान एकैसाथ लागू भइरहनु, तथ्याङ्कीय क्रियाकलापबीच प्रभावकारी समन्वय हुन नसक्दा विसंगत तथ्याङ्कको उत्पादन विद्यमान रहनु, प्रचलित तथ्याङ्कीय मानक र असल अभ्यासहरूको सीमित प्रयोग हुनु, तथ्याङ्क प्रणालीका लागि अत्यावश्यक भौतिक, प्राविधिक र वित्तीय पूर्वाधार कमजोर हुनु मुख्य समस्याका रूपमा देखिएका छन् । तथ्याङ्कीय क्रियाकलापमा

सूचना प्रविधि लगायत नवीन प्रविधिरूको न्यून प्रयोग हुनु, प्रशासनिक अभिलेखहरूबाट सीमित किसिमका मात्र तथ्याङ्क उत्पादन हुनु, माग अनुसार खण्डीकृत स्वरूपका तथ्याङ्क उपलब्ध हुन नसक्नु, सर्वेक्षण अनुमति प्रणाली पूर्ण रूपमा लागू हुन नसक्नु, तथ्याङ्कीय निकायको सांगठनिक र कार्य प्रणालीगत सुधार हुन नसक्नु जूस्ता समस्या समेत विद्यमान छन् ।

## ३.चुनौती तथा अवसर

चुनौती

समयसापेक्ष तथ्याङ्क ऐनको तर्जुमा गर्नु,स्थानीय स्तरका तथ्याङ्कीय क्रियाकलापहरूमा समन्वय गर्नु, स्थानीय निकायहरूको तथ्याङ्क व्यवस्थापन र संरचना निर्माण गर्नु, उत्पादित तथ्याङ्कमा दोहोरोपना हटाउनु, तथ्याङ्कको उपयोग वृद्धि गर्नु, जनशक्तिको दक्षता वृद्धि गर्नु र अनाधिकृत तथ्याङ्कको प्रयोग हटाउनु प्रमुख चुनौती हुन् ।

अवसर

तथ्याङ्क प्रणालीमा मूलतः माग र प्रयोगमा विस्तार हुनु, देखिएको बढ्दो एवम् विस्तारित जागरूकता हुनु, नयाँ-नयाँ तथ्याङ्कीय प्रविधिहरूको विकास हुनु, विकास साझेदारहरूबाट तथ्याङ्कीय विकासमा चासो र सहयोग हुनु, नयाँ तथ्याङ्क ऐनको अपरिहार्यता महसुस हुनु, सम्बन्धित निकायहरूमा तथ्याङ्कीय जनशक्तिले आर्जन गरेको पेशागत विज्ञता विद्यमान हुनु मुख्य अवसर हुन् ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

प्रभावकारी र क्रियाशील स्थानीय तथ्याङ्क संकलन ।

### ४.२ लक्ष्य

योजना तथा विकासका नीतिका लागि आवश्यक पर्ने तथ्याङ्क तथा तथ्याङ्कीय सेवा उपलब्ध गराउने ।

### ४.३ उद्देश्य

- तथ्यमा आधारित उच्च गुणस्तरीय तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने ।
- तथ्याङ्क उत्पादनका सबै सम्भाव्य विधि र स्रोतहरूको उपयोग गर्ने ।
- स्थानीय नीति निर्माणार्थ परिमाणजनक र परिणामजन्य तथ्याङ्क उत्पादन गरी सबै तहका प्रयोगकर्ताहरूको माग र आवश्यकता सम्बोधन गर्नु ।
- लागत-प्रभावी तथ्याङ्कीय विकास र गतिविधिहरूका लागि सान्दर्भिक नीति, अभ्यास र क्षमता विकास गर्नु ।

### ४.४ रणनीति

- संरचना अनुसार तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.५ कार्यनीति

- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रयोगकर्ताहरूको मागको अधिकतम सम्बोधन हुने गरी तथ्याङ्कको उत्पादन गरिनेछ ।
- आधिकारिक तथ्याङ्कका उत्पादकहरूको भूमिका र अधिकार क्षेत्रलाई सुस्पष्ट गरिनेछ ।
- तथ्याङ्क प्रणालीभित्र मापदण्ड, अवधारणाहरू, परिभाषाहरू, वर्गीकरणहरू र प्रचलित एवम् समुचित तथ्याङ्कीय विधिहरूलाई एकाकार गरिनेछ ।
- तथ्याङ्क प्रणालीलाई एकीकृत ढङ्गमा क्रियाशील तुल्याइनेछ ।
- योजना अवधिमा तथ्याङ्क बैंकको स्थापनार्थ प्रारम्भिक तयारीहरू सम्पन्न गरिनेछ ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- संविधानमा व्यवस्था भए बमोजिमको तथ्याङ्क सम्बद्ध अधिकारको आधारमा स्थानीय स्तरमा रहने तथ्याङ्क कार्यालयहरूको सङ्गठन संरचना तथा कार्यक्षेत्र निर्धारण गरी विस्तृत कार्यविधि तयार ।
- स्थानीय तथ्याङ्क ऐन र नियमावली तर्जुमा ।
- तथ्याङ्क उत्पादन गर्ने विभिन्न निकायहरूबीच कम्प्युटर सञ्जालको माध्यमबाट एकीकृत सूचना आदानप्रदान संयन्त्र स्थापना ।
- राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तन तथा राष्ट्रिय लेखा प्रणाली, २००८ अनुकूलहुने गरी लेखाहरू तयार ।
- स्थानीय तह तथा विधागत रूपमा दिगो विकासका लक्ष्य सूचकहरूको निर्धारण, उत्पादन तथा प्रकाशन ।
- जनगणना, कृषि गणना आर्थिक गणना, औद्योगिक गणना र जलवायु परिवर्तन सर्वेक्षण, वार्षिक घरपरिवार सर्वेक्षणलगायत अन्य सर्वेक्षणहरूलाई दृष्टिगत गरी गणना क्षेत्र नक्साङ्कन ।
- स्थानीयस्तरमा प्रयोगकर्ता लक्षित तथ्याङ्क साक्षरता ।

### ५.अपेक्षित उपलब्धि

तथ्याङ्कको विकासका लागि स्थानीय रणनीति कार्यान्वयनमा आएको एवं तथ्याङ्क प्रणालीको कानुनी र संस्थागत विकास भएको हुनेछ । तथ्याङ्कीय जनशक्तिको क्षमता विकास भएको, नवीन तथ्याङ्कीय विधि र प्रविधिको अनुसरणसहित गुणस्तरीय तथ्याङ्कको माग, आपूर्ति र प्रयोगमा वृद्धि भएको एवम् नीति निर्माण र योजनाका लागि तथ्याङ्क अपरिहार्य तत्वका रूपमा स्थापित भई गाउँपालिकाको विकाससँग एकीकृत भएको हुनेछ ।

### ६.नतिजा खाका

मानव अधिकार, स्थानीय तथ्याङ्क, मानव संसाधन विकास क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ८.३ मानव संसाधन विकास

### १. पृष्ठभूमि

गुणस्तरीय मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुऱ्याउन सघाउ पुग्छ। गाउँपालिकाको कुल जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत रहेको छ। मानव संसाधनको विकास र उपयोगका लागि विगतमा कार्यक्रमहरू सञ्चालन नगरिएकाले पनि अपेक्षित उपलब्धि हुन सकेको छैन । श्रम शक्तिमा वृद्धि भएअनुरूप स्थानीय स्तरमा रोजगारीका अवसरहरूमा वृद्धि हुन नसक्दा ठूलो सङ्ख्यामा युवाहरू विभिन्न मुलुकमा रोजगारीका लागि विदेशिने गरेका छन् । यीमध्ये अधिकांश अदक्ष कामदारका रूपमा रहेका छन् । यस्ता युवाहरूलाई व्यवसायिक तथा प्राविधिक शिक्षा तथा सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त तथा क्षमतायुक्त जनशक्तिमा परिणत गरी गाउँपालिका,जिल्ला तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन जरुरी देखिएको छ । गाउँपालिका भित्रै उत्पन्न रोजगारीका अवसरहरू गाउँबासीले नै उपयोग गर्नसक्ने वातावरण पनि सिर्जना गर्नुपरेको छ ।

### २.प्रमुख समस्या

गाउँपालिकामा विद्यमान जनशक्ति उत्पादनको अवस्था र भविष्यमा आवश्यक पर्ने विविध क्षेत्रेका जनशक्तिको आकलन गर्ने प्रणाली हालसम्म पनि स्थापना हुन नसक्नु, उत्पादित जनशक्ति र श्रम बजारको मागबीच तालमेल नहुनु, आन्तरिक श्रम बजारमा आवश्यक दक्ष जनशक्तिको अभाव हुनु, ठूलो संख्यामा अदक्ष कामदार विदशेमा सस्तो ज्यालामा जोखिमपूण काम गर्ने अवस्था सिर्जना हुनु, विश्वविद्यालयबाट उत्पादित दक्ष जनशक्ति समते विदशे पलायन हुनु, सिमित व्यक्तिका लागि मात्र लामो अवधिका प्राविधिक र व्यवसायिक सीप विकासका अवसर उपलब्ध हुनु,प्राविधिक शिक्षाको गुणस्तर बजारको माग बमोजिमको हुन नसक्नु, अभिभावक, शिक्षक, शैक्षिक संस्था, विद्याथी सबलैाई श्रम बजारको माग सम्बन्धमा अनुमानको आधारमा जोखिम लिनुपर्ने बाध्यता

रहिरहनु, ज्ञान तथा सीप र कामको बीच तालमेल नभई बेरोजगारी झन् बढ्नु तथा विकास र समृद्धि हुन नसक्नु र गरिबी निवारण र उच्च आर्थिक विकासको मुख्य आधार ठानिएको मानव संसाधनको विकास प्राथमिकतामा पर्न नसक्नु जस्ता समस्या रहेका छन् ।

## ३.चुनौती तथा अवसर

चुनौती

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरूको जिल्लामा कमी हुनु,उत्पादित जनशक्तिमा अपेक्षित गुणस्तर कायम हुन नसक्नु, जीवन उपयोगी शिक्षाको कमी हुनु, वैदेशिक रोजगारीमा जाने युवाहरूमध्ये अधिकांश अदक्ष हुनु,अर्धदक्ष तथा दक्ष जनशक्तिको सङ्ख्यामा निकै वृद्धि भए तापनि क्षेत्रगत⁄जातिगत विषमता निकै रहनु; मानव संसाधनको विकास र उपयोगको लागि योजना नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

अवसर

जनसङ्ख्याको उमेरगत संरचनाअनुसार आश्रित जनसङ्ख्याको अनुपात निकै कम भएको र काम गर्ने उमेर समूहको जनसङ्ख्या बढेको, स्थानीय श्रमबजारमा सीपयुक्त जनशक्तिको माग बढ्दै गएको, तीव्र रूपमा आर्थिक विकास गर्दै गएका छिमेकी गाउँपालिकाहरु र स्थानीय बजारमा दक्ष जनशक्तिको माग बढ्दै गएको, उच्चस्तरीय र मध्यमस्तरीय प्राविधिक सीप विकास गर्ने संस्थाहरूको स्थापना हुने क्रम बढेकोले गाउँपालिका भित्र गुणस्तरीय मानव संसाधनको विकास गर्ने र सोको उपयोग गर्ने अवसर रहेको छ ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

मानव संसाधनको विकासमार्फत उच्च आर्थिक वृद्धि ।

### ४.२ लक्ष्य

अर्थतन्त्रको विकास हुनेगरी मानव संसाधनको विकास गर्ने ।

### ४.३ उद्देश्य

गाउँपालिकाको विकासका लागि स्थानीय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम मानव संसाधनको विकास गर्नु ।

### ४.४ रणनीति

- गाउँपालिका भित्र आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगको निम्ति मानव संसाधन योजना तयार गर्ने ।
- वैज्ञानिक, प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीपमूलक तालिममा जोड दिने ।
- मानव संसाधनको विकास र उपयोगमा सरकारी, सामुदायिक र निजी क्षेत्रबीच सहकार्य गर्ने ।

### ४.५ कार्यनीति

- गाउँ विकासका लागि आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्ति विकास र त्यसको व्यवस्थित उपयोगका निम्ति निजी क्षेत्रको समेत सहभागितामा एकीकृत मानव संसाधन विकास योजना तयार गरिनेछ ।
- उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरू उपलब्ध गराएर श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय जनशक्ति तयार गरिनेछ ।
- लक्षित समूहको क्षमता विकासका लागि छात्रवृत्ति लगायतका सुविधाहरू उपलब्ध गराइनेछ ।

- निजी क्षेत्रका प्राविधिक एवम् व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरूलाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकासका लागि प्रोत्साहित गरिनेछ ।
- उत्पादित जनशक्ति र श्रमबजारमा उपलब्ध रोजगारीका अवसरबीच तादाम्य सम्बन्ध कायम गरिनेछ ।

**४.६ प्रमुख कार्यक्रमहरू**

- मानव संसाधन व्यवस्थापन स्थानीय नीति तथा एकीकृत कार्ययोजना तयार ।
- मानव संसाधनको उत्पादन र विकाससम्बन्धी कार्यमा संलग्न सरकारी, गैरसरकारी, निजी र शैक्षिक संस्था तथा निकायहरूबीच समन्वय ।
- तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन ।
- अनुभवको आदानप्रदान र असल व्यवहारको प्रयोग ।
- अभिमुखीकरण तथा क्षमता विकास ।

**५.अपेक्षित उपलब्धि**

मानव संसाधनको विकास तथा उपयोगका निम्ति एकीकृत योजना तयार भएको, ज्ञान र सीपयुक्त जनशक्ति उत्पादन भएको, मानव विकास र उपयोगमा सरकारी र निजी क्षेत्रबीच सहकार्य गरिएको हुनेछ ।

**६.नतिजा खाका**

मानव अधिकार, स्थानीय तथ्याङ्क, मानव संसाधन विकास,श्रम तथा रोजगारी क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

## ८.४ श्रम तथा रोजगारी

**१. पृष्ठभूमि**

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । यस गाउँपालिकामा कुल जनसङ्ख्याको करिब ३५.४ प्रतिशत रोजगार,२८.९९ प्रतिशत अर्धबेरोजगार रहेको र ३५.६१ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ । गाउँपालिकाको कुल जनसङ्ख्यामा ६९.८३ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेको छ । जसमध्ये गाउँपालिकामा उद्योग र सेवा क्षेत्रको विकास उपयुक्त रूपमा हुन नसकेकाले कृषि क्षेत्रमा बढी आश्रित हुनुपर्ने अवस्था रहेको छ । साथै कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ । गाउँपालिका भित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले ठूलो सङ्ख्यामा युवाहरू रोजगारीका लागि बाहिरिनु परिरहेको छ । रोजगारको व्यवस्थाको लागि रोजगार नीतिको तर्जुमा अपरिहार्य छ । बेरोजगारहरूको लगत सङ्कलन, न्यूनतम ज्यालादर निर्धारण, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्धार, रोजगारसम्बन्धी स्थानीय कार्ययोजनाको तर्जुमा रहनु यस क्षेत्रका सकारात्मक प्रयासहरू हुन् ।

**२.प्रमुख समस्या**

श्रम, सीप र उत्पादनबीच तादात्म्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलता विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, विभिन्न प्रकृतिको बालश्रम विद्यमान रहनु, सकारात्मक औद्योगिक श्रम सम्बन्धको विकास गरी रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु मुख्य समस्या हुन् ।

**३.चुनौती तथा अवसर**

चुनौती

श्रम बजारमा प्रवेश गर्ने युवालाई पर्याप्त रोजगारी सिर्जना गर्नु, बेलाबखत हुने प्रकोपबाट सृजित असहज परिस्थितिलाई सम्बोधन गरी थप रोजगारी सृजना गर्नु, रोजगारमूलक कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपना हटाउनु, रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, श्रमबाट प्राप्त अधिकांश रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, श्रम बजारमा रहेको सीपयुक्त श्रमको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु,सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, मर्यादित रोजगारी सुनिश्चित गर्नु र रोजगारी सूचनालाई प्रभावकारी बनाउनु प्रमुख चुनौतीहरू रहेका छन् ।

अवसर

पर्यटन, कृषि, पूर्वाधार विकास जस्ता श्रम-सघन क्षेत्र स्थानीय प्राथमिकतामा पर्नु, रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढनु, अन्तर्राष्ट्रिय बजारमा नेपाली कामदारहरूको मागबढनु, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू सीपयुक्त र कामप्रति समर्पित हुनु,सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु र श्रम बजारमा दक्ष जनशक्तिको माग बढ्दै जानु श्रम तथा रोजगारका लागि अवसर हुन् ।

## ४.सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

दक्ष, सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा पर्याप्त रोजगारी एवम् स्वरोजगारका अवसरहरू सृजना ।

### ४.२ लक्ष्य

गाउँपालिका भित्रै वार्षिक करिब ४ सय रोजगारी सिर्जना गर्ने ।

### ४.३ उद्देश्य

- रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्नु
- रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्नु ।
- रोजगारीलाई बढी उत्पादक, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै जानु ।

### ४.४ रणनीति

- लगानीमैत्री वातावरण सृजना गरी गाउँपालिकामै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व-रोजगारीका अवसर सिर्जना गर्ने ।
- सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै स्थानीय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने श्रम शक्तिको उत्पादन गर्ने ।
- श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने ।
- रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने र प्राप्त पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

### ४.५ कार्यनीति

- श्रमप्रधान उत्पादन क्षेत्रको विस्तार र प्रविधिको उपयोगबाट रोजगारी बढाइनेछ ।
- रोजगारसम्बन्धी माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- सीप प्रदायक तालिम केन्द्रहरू स्थापना गरी एकै ठाऊँबाट सीप विकास तालिम दिइनेछ। प्रत्येक वडामा एउटा विषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ ।
- सीप र सूचना उपलब्ध गराई वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई तालिमको व्यवस्था गरिनेछ ।

- सीपयुक्त जनशक्तिलाई तालिमपछिका सेवाहरू जस्तैः उद्यमशीलता विकास, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनको गुणस्तर परीक्षण र बजार सहज पहुँचसम्बन्धी व्यवस्था गरिनेछ।
- रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यवस्था गरिनेछ।
- वैज्ञानिक मापदण्डका आधारमा विभिन्न क्षेत्रका कामदारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गरिनेछ।
- विभिन्न क्षेत्रमा रहेका अनौपचारिक मजदुरहरूको औपचारिकीकरण गरिनेछ।
- बाल श्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ।
- बाह्य श्रोतलाई औपचारिक माध्यमबाट गाउँमा ल्याउने व्यवस्था गर्ने र सोको उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- श्रम व्यवस्थापनलाई प्रभावकारी तुल्याउन श्रम अध्ययन प्रतिष्ठानको स्थापनाका लागि अध्ययन।
- घरेलु श्रमिकको पेसालाई मर्यादित र सुरक्षित गराउन तथाङ्क सङ्कलन र विश्लेषण।
- सूचना प्रविधिमा आधारित रोजगार सूचना प्रणालीको विकास।
- वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई सीप र सही सूचना उपलब्ध गराउन विशेष तालिम।
- सामाजिक शिक्षाका शिक्षकहरूको लागि वैदेशिक रोजगारीसम्बन्धी सूचनामूलक तथा चेतनामूलक कार्यक्रम।
- बालश्रम निवारणको लागि गुरुयोजनाको तर्जुमा र कार्यान्वयन।
- निकृष्ट प्रकृतिका बालश्रमको अन्त्य गर्न चेतना अभिवृद्धि र गाउँपालिका मार्फत बालश्रम प्रयोगको निरीक्षण तथा अनुगमन।
- बालश्रमिकहरूको उद्धार एवम् पुनर्स्थापनाका लागि केन्द्रहरूको स्थापना।
- सामाजिक सुरक्षासम्बन्धी जनचेतना तथा प्रचारप्रसार।

### ५.अपेक्षित उपलब्धि

गाउँपालिका भित्रै वार्षिक ४ सय रोजगारी सिर्जना भएको र श्रम बजारको मागअनुरूप दक्ष एवम् प्रतिस्पर्धी श्रमशक्ति तयार भई श्रमिक आपूर्ति भएको हुनेछ। बेरोजगारी र अर्धबेरोजगारी दर घटेको हुनेछ। असल श्रम सम्बन्धको विकास भएको हुनेछ। निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन भएको हुनेछ। वार्षिक दुईसय युवालाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीपविकास तालिम प्रदान गरिएको र जिल्ला भित्रै स्वरोजगारको अवसर वृद्धि भएको हुनेछ।

### ६.नतिजा खाका

मानव अधिकार, स्थानीय तथ्याङ्क, मानव संसाधन विकास,श्रम तथा रोजगारी क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ।

## ८.५ शासकीय सुधार/प्रशासकीय सुशासन

### १. पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ। सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन्। संघिय तहमा हेलो सरकार तथा गुनासो व्यवस्थापन, भ्रष्टाचारविरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ। संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई तदारूकताका साथ अगाडि बढाउन प्रशासकीय पुनर्संरचना आयोगको प्रतिवेदनमा भएका सिफारिसहरूको कार्यान्वयनका अतिरिक्त आवश्यक पर्ने कानुनहरूको तर्जुमा कार्यअगाडि बढाइएका छन्।

सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही जिल्ला स्थित कार्यालयहरू र गाउँपालिका अन्तर्गतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु गरिएको छ। सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार गरिएको छ। हरेक सरकारी कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यबस्था,सुझाव पेटिकाको व्यबस्था आदि भएको पाईन्छ।

## २.प्रमुख समस्या

संघीय शासन व्यबस्थाको अवलम्बन पश्चात् जनतासंग प्रत्यक्ष सम्बन्धित सेवाप्रवाह र विकासको व्यबस्थापन तथा सञ्चालनको दायित्व प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिबृद्धि नहुनु,सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम् विकास एवं प्रविधिको समुचित उपयोग गर्न नसक्नु,पारदर्शिता र जवाफदेहिताको प्रणाली पूर्णरुपमा विकास भइनसक्नु,विभिन्न तहबिच प्रयाप्त समन्वय हुन नसक्नु,सुशासन र सार्वजनिक उत्तरदायित्व अपेक्षित रुपमा बहन हुन नसक्नु प्रमुख समस्या रहेका छन्।

## ३.चुनौती तथा अवसर

चुनौती

संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै सङ्क्रमण कालको प्रभावकारी व्यवस्थापन गरी जनताका घरदैलोमा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, अन्तर निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनुजस्ता चुनौती रहेका छन्।

अवसर

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन/नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

जनमुखी, स्वच्छ, जवाफदेही स्थानीय शासन व्यवस्था।

### ४.२ लक्ष्य

सम्पूर्ण सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा विकासमैत्री बनाउने।

### ४.३ उद्देश्य

सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु।

### ४.४ रणनीति

- सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन प्रणालीअनुरूप प्रशासन संयन्त्रलाई चुस्तदुरुस्त पार्ने।
- सार्वजनिक निकायका काम कारबाहीसम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने।
- राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने।

### ४.५ कार्यनीति

- सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ।
- जनताका अत्यावश्यक स्थानीय सेवाहरू स्थानीय तहबाट व्यवस्थित रूपमा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको बडापत्र क्रमशः कार्यान्वयन गरिनेछ।
- जनगुनासोलाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ।
- सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ।
- आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ।

### ४.६ प्रमुख कार्यक्रमहरू

- सूचना प्रविधिको विकास र विस्तारद्वारा विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी स्वचालित कार्यप्रणालीको विस्तार,
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई निजको कार्यालयको कार्य प्रगतिसँग आबद्ध।
- जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाइ ट्र्याकिङ पद्धतिको विकास।
- नागरिक बडापत्रलाई स्थानीय भाषामा समेत निर्माण गरी सूचना प्रविधिको उपयोगमार्फत प्रयोग एवम् क्षतिपूर्तिसहितको नागरिक बडापत्रको प्राथमिकताका आधारमा सेवा प्रवाह।

### ५.अपेक्षित उपलब्धि

सूचना प्रविधिको विकास र विस्तारद्वारा सार्वजनिक प्रशासनलाई विद्युतीय शासन प्रणालीको रूपमा अघि बढाई सबै सरकारी कार्यालयहरूमा स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ। सेवा प्रवाहमा न्यून लागत, उच्च गुणस्तर र सरलपहुँचको सुनिश्चतता भएको हुनेछ। राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ।

### ६.नतिजा खाका

मानव अधिकार, स्थानीय तथ्याङ्क, मानव संसाधन विकास,श्रम तथा रोजगारी,शासकिय सुधार/प्रशासनिक सुशासन,भ्रष्टाचार नियन्त्रण क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ।

## ८.६. भ्रष्टाचार नियन्त्रण

### १. पृष्ठभूमि

सरकारी कार्यप्रणालीमा जनअपेक्षा अनुरूपको सुधार गर्दै जनतामा प्रवाहित हुने वस्तु र सेवा पारदर्शी, उत्तरदायी, जनमुखी र कानुनसम्मत रूपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र रूपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त, नैतिकवान् एवम् सुसंस्कृत नेपालीसमाजको निर्माण गर्न आवश्यक व्यवस्था गर्नुपरेको छ। सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता, ढिलासुस्ती तथा अनिर्णयजस्ता विकृतिहरूको निराकरण गर्न स्थानीय सरकारले सेवाग्राही, नागरिक समाज, सञ्चार जगत् तथा आम जनसमुदायसँग यथार्थपरक सूचना, जानकारी उपलब्ध गराउनका लागि टेलिफोन, फ्याक्स, ईमेल र टोल-फ्री नम्बरको व्यवस्था गर्नुपर्ने हुन्छ। भष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तर्क्रिया तथा जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गरिने योजना रहेको छ।

### २.प्रमुख समस्या

समाजमा आर्थिक अपराध बिरुद्धको जनमतलाई बलियो बनाउन नसकिनु,निजी क्षेत्रको आर्थिक अनियमिततालाई कानुनी कारबाहीको दायरामा पूर्ण रुपमा ल्याउन नसकिनु,छानविन तथा अनुसन्धानको सबल प्रणालीको विकास गर्न नसकिनु,सार्वजनिक सेवा बिशेष गरी खरिद तथा नागरिकसंग प्रत्यक्ष सरोकार रहने निकायबाट सम्पादन हुने कामकारबाहीलाई

अनलाईन प्रणालीमा पूर्ण रुपमा आवद्ध गर्न नसकिनु र सबै स्थानीय वडामा बिस्तार गरी सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउन नसकिनु प्रमुख समस्या हुन् ।

## ३.चुनौती तथा अवसर

चुनौती

भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्नु, भ्रष्टाचारजन्य अपराधले नयाँ-नयाँ स्वरूप र आयाम लिँदै गएकोमा सोअनुरूपको अनुसन्धान र तहकिकातसम्बन्धी क्षमता विकास गर्नु, भ्रष्टाचारको उजुरी दिने, साक्षी बस्ने व्यक्ति तथा अभियोजन कर्मचारीहरूको उचित संरक्षण गर्नु, दक्ष जनशक्तिको कमी रहनु आदि चुनौतीका रूपमा रहेका छन् ।

अवसर

भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज तथा सञ्चार जगत्लगायत सामाजिक सञ्जालहरूको बलियो सहयोग र सहकार्य रहेको;भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न क्षेत्रको सहयोग, सहकार्य र समन्वयका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापनाले भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसर प्राप्त भएको छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा प्रमुख कार्यक्रमहरु

### ४.१ सोच

भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी स्वच्छ समाज निर्माण ।

### ४.२ लक्ष्य

भ्रष्टाचारजन्य कार्यको शून्य सहनशीलताको नीतिमार्फत सुशासन प्रवर्द्धन गर्ने ।

### ४.३ उद्देश्य

भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासन कायम गर्न सहयोग गर्नु ।

### ४.४ रणनीति

- सबै भ्रष्टाचारजन्य कामकारबाही अपराध हुने कानुनी व्यवस्था गरी सोको कार्यान्वयनका माध्यमबाट त्यस्तो भ्रष्टाचारजन्य काममा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।

### ४.५ कार्यनीति

- भ्रष्टाचार विरुद्ध आवाज र जनमत सिर्जना गर्ने नागरिक समाज/गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र सञ्चार क्षेत्रबाट भएका सत्प्रयासको उचित कदरसहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाइनेछ ।
- सबै सेवाका राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्ना व्यावसायिक निष्ठासहित कार्यस्थलमा सादा जीवन र सहयोगी व्यवहारसहित सेवाग्राहीमैत्री सेवा प्रवाह गर्न प्रेरित गरी सोको अनुगमन गरिनेछ ।

४.६ प्रमुख कार्यक्रमहरू

- भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनहरूको परिपालना र कार्यान्वयनको लागि साझेदारी, समन्वय र सङ्गठित प्रयासलाई अभिवृद्धि गर्न आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्था ।
- भ्रष्टाचार विरुद्धको नागरिक सचेतना अभिवृद्धिका लागि वडातहसम्म भ्रष्टाचार विरुद्ध निरोधात्मक कार्यक्रम ।
- भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रको पहिचानको लागि आधारभूत सूचकको निर्धारण गरी आवश्यक अध्ययन र अनुसन्धान

- सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायहरूलाई कामको गुणस्तरप्रति उत्तरदायी बनाउन प्राविधिक परीक्षण र विस्तार ।
- असल व्यवहारहरूको प्रयोग, नैतिक मूल्य र मान्यतामा जोड, सामाजिक आडम्बरमा नियन्त्रण, जनचेतना अभिवृद्धि र सुशासन प्रवर्द्धन ।

**५.अपेक्षित उपलब्धि**

भ्रष्टाचार नियन्त्रणमा आपसी सहयोग र सहकार्यको वातावरण निर्माण भएको, भ्रष्टाचार विरुद्ध नियोजित रूपमा अभियान सञ्चालन भई यसका सबै सार, रूप र रङ्गको नियन्त्रण भएको हुनेछ । यसका साथै सरकारको भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बल मिलेको, भ्रष्टाचार नियन्त्रणको खबरदारीमा नागरिक समाज, गैरसरकारी संस्था तथा सामुदायिक संस्थासँग सहकार्य वृद्धि भएको र भ्रष्टाचार विरुद्धको कारबाहीमा आवश्यक समन्वय एवम् सूचना आदानप्रदानमा प्रभावकारिता आएको हुनेछ ।

**६.नतिजा खाका**

मानव अधिकार, स्थानीय तथ्याङ्क, मानव संसाधन विकास,श्रम तथा रोजगारी,शासकिय सुधार/प्रशासनिक सुशासन,भ्रष्टाचार नियन्त्रण क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | आ.व. ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | |
| लक्ष्य ५: गाउँपालिकाको संरचना र मानव संसाधन व्यवस्थित गरेर योजना तर्जुमालाई सुदृढ गरि सुशासन कायम गर्ने | प्रतिव्यक्ति बार्षिक बजेट लगानी (रु.हजारमा) | रु | ३००० | ५००० | ८००० | १००० | १२००० | १५००० | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | लक्षितवर्ग, सशक्तिकरण र क्षमता विकास विपन्न र पिछडिएको वर्ग | घरधुरी | २०० | ४०० | ५०० | ६०० | ८०० | १००० | | |
| | गाउँपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | ४४ | ५० | ६० | ८० | ९० | १०० | | |
| असर ५: गाउँपालिकाको कार्यसम्पादनको स्तर वृद्धि भएर सेवाग्राहि सन्तुष्ट भइ सुशासन कायम हुनेछ । | गाउँपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार | संख्या | ५ | १२ | १५ | १६ | १८ | २० | | |
| प्रतिफल ५.१: **स्थानीय कानुन तर्जुमा भई पूर्ण रुपमा कार्यान्वयन भएको हुनेछ ।** | गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति, ऐन | संख्या | ४ | ६ | ८ | १२ | १६ | २० | – सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, |
| | • नियम तथा विनियम | संख्या | ४ | ५ | ७ | ९ | १२ | १५ | | |
| | • निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ४ | ५ | ७ | ९ | ११ | १५ | | |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र ( विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | ५ | ५ | ७ | ९ | १० | १२ | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदि) | प्रकार | ० | ५ | ८ | १० | १२ | १५ | | |
| | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु | प्रकार | ० | २ | ५ | ७ | ९ | १० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (संचार माध्यम,सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल आदि) | | | | | | | | सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | गाउँपालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख | प्रतिशत | ० | २० | ४० | ३५ | ३० | १५ | | |
| | गाउँपालिकामा पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो अभिलेख | प्रतिशत | ० | १० | ३० | ५० | ८० | १०० | | |
| प्रतिफल ५.२: गाउँपालिका र सबै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अभिवृद्धि भएको हुनेछ। | गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ७५ | ८० | ९० | १०० | ११० | १२० | – नगर वस्तुगत विवरण ( प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | गाउँपालिका तथा वडा कार्यालयका आफ्नै भवन | संख्या | १ | ४ | ६ | ९ | ९ | १० | | |
| | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | ६ | ७ | ८ | १० | १२ | १५ | | |
| | गाउँपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | ० | ३ | ५ | ८ | १० | १२ | | |
| | संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम ( गापा आफै) | पटक | ० | २ | ४ | ६ | ८ | १० | | |
| | जवाफदेहिता क्षमता विकास र अभिबृद्धि कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | जना | ३० | ५० | ६० | ८० | १०० | १५० | | |
| प्रतिफल ५.३: गाउँपालिकाले आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी आर्थिक वृद्धि भएको हुने छ | गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | २५०० | ४००० | ४६०० | ५२९० | ६०८३ | ६९९५ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन<br>– वित्तीय प्रतिवेदन | – संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ । |
| | संघीय सरकारबाट राजस्व बाँडबाँडबाट प्राप्त रकम | रु. हजारमा | | ४८०२८ | ५०००० | ५५००० | ६०००० | ६५००० | | |
| | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | | १६६ | ४०० | ७०० | १२०० | १५०० | | |
| | वित्तिय समानिकरण अनुदान (संघ) | रु. हजारमा | | १०५६८० | १२१५३२ | १३९७६१ | १६०७२५ | १८४८३३ | | |
| | वित्तिय समानीकरण (प्रदेश) | रु. हजारमा | | ५०४७ | ६०५६ | ७२६७ | ८७२० | १०६६४ | | |
| | शसर्त अनुदान (संघ) | रु. हजारमा | | १०७४०० | १२३५१० | १४२०३६ | १६३३४१ | १८७८४२ | | |
| | गाउँपालिकाको कूल बार्षिक बजेट (हजारमा) | रु. | | ३८३२७५.३४५ | ४२८१७८ | ४९५१३१ | ६०५१६२ | ७६९९६१ | | |
| | गाउँपालिकाको बार्षिक वास्तविक खर्च रकम ( प्रतिशत) | प्रतिशत | २१ | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु. | ९८०० | | | | | | | |
| | गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा) | रु. | १००००० | | | | | | | |
| | समुदायको लगानी तथा योगदान रकम (हजारमा) | रु. | ० | | | | | | | |
| | निजी क्षेत्रको लगानी (हजारमा) | रु | ० | | | | | | | |
| | गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | | | | | | | | |
| प्रतिफल ५.४: शुसासन वहाली भई योजना तर्जुमा कार्यान्वयन, अनुगमन प्रभावकारी भएको हुनेछ | खण्डीकृत विषयगत तथा श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | १ | १ | १ | १ | १ | १ | – गाउँ वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन<br>– वित्तीय प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | स्थानीय गौरवका आयोजना | संख्या | १ | २ | ४ | १० | १२ | १५ | | |
| | तर्जुमा भएका विषयगत रणनीतिक योजना ( विषय) | क्षेत्र | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभएको | नभएको | भएको | | अद्यावधिक भएको | | अद्यावधिक भएको | | |
| | नतिजामूलक अनुगमन खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | भए/नभएको | नभएको | भएको | अद्यावधिक भएको | अद्यावधिक भएको | अद्यावधिक भएको | अद्यावधिक भएको | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ६० | | |
| | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ९० | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या ( पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | २ | ४ | ६ | १२ | १५ | २० | | |
| | गाउँपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ० | २ | ४ | ६ | ८ | १० | | |
| | टोल वस्तीमा सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षितवर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ८० | | |
| | लक्षितवर्ग लक्षित बजेट | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| | | | | | | | | | | |

# परिच्छेद ९ : योजना तर्जुमा,कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन

## ९.१ योजना तर्जुमा तथा कार्यान्वयन :

नयाँ संघीय संरचना लागु भएको तीन बर्षको अवधिमा योजना प्रणाली संस्थागत हुनुका साथै आर्थिकक सामाजिक विकासको क्षेत्रमा मत्हवपूर्ण उपलब्धिहरू हासिल भएका छन् । पहिलो योजनाकालदेखि नै सामाजिक,आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य सहित रणनीति र कार्यक्रम समावेश गरी आवश्यक स्रोतको विनियोजन गर्दै आएको भए पनि अपक्षोकृत उपलब्धि भने हासिल हुन सकेको छैन । योजना प्रणालीलाई समय सापेक्ष नतिजामुखि र यथार्थपरक बनाउन निरन्तर प्रयासहरू हुदै अएका छन् । विगत दुई बर्षको बार्षिक योजनाको नतिजा खाकाको अवधारणालाई आत्मसत गरी यसलाई थप परिस्कृत बनाउदै मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लगिएको छ । स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन बमोजिम योजना कार्यान्वयनमा लगिएको छ । साथै, विकास आयोजना तथा कार्यक्रमको आवश्यकता पहिचान, छनोट र स्वीकृतिका लागि आयोजना बैंक स्थापनाको प्रयास भइरहेको छ ।

विगतका योजना कार्यान्वयबाट को सिकाइ,राजनैतिक दलको चुनावी घोषणापत्र कार्यान्वयन गर्ने प्रथम योजना भएकाले तिव्र आर्थिक वृद्धि, उत्पादनशील रोजगारी सृजना र विकासका प्रतिफल र अवसरहरूमा समतामूलक पहुचँ स्थापनाका लागि योजना केन्द्रित गरिएको छ । साथै, रूपान्तरणकारी कार्यक्रम तथा आयोजना पहिचान र नतिजामूलक योजना, अनुगमन तथा मूल्यांङ्कन प्रणालीको संस्थागत विकास र सुदृढीकरणमा प्रथम  आवधिक योजना केन्द्रित रहेको छ ।

आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि अपेक्षित प्रतिफल तथा विषयगत क्षेत्र अनुसार अनुमानित लागतसहित देहाय बमोजिमको योजना तथा कार्यक्रम निर्धारण गरिएको छ । जुन तलको तालिकामा उल्लेख गरिएको छ :

## तालिका ९ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका योजना तथा कार्यक्रम

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (२०८०/८१) | | |
| **आर्थिक विकास** | | | | | |
| **प्रतिफल १.१: कृषि उपजको व्यवसायीकरण र उत्पादनमा बृद्धि भएको हुनेछ ।** | | | | | |
| अन्न, दलहन खेति तथा विउ उत्पादन | पटक | ० | | ५००० | • वार्षिक वालि पात्रो निर्माण<br>• किसानलाई समयमै उन्नत जातको विउ विजन उपलब्ध गराउने<br>• लेक क्षत्रमा रैथाने बालिको विस्तार<br>• विउविजन केन्द्रको स्थापना ।<br>• खार्पुनाथ गाउपालिकाको वडा नं ३ र ४ मा कालो मार्सी धान खेतिको विस्तार र पकेट क्षेत्र निर्धारण<br>• उन्नत जातका मकै खेतीको विस्तार गर्ने ।<br>• औल क्षेत्रमा दलहन खेतिको विस्तार<br>• अन्न र दलहन खेति विस्तारको लागि पकेट क्षेत्र निर्धारण । |
| फलफुल खेति विस्तार | रोपनी | ५५७० | ७००० | ३०००० | • फलफुल खेतिका लागि एक वडा एक नर्सरी स्थापना<br>• इटालियन गोल्डेन प्रजातीको स्याउ खार्पुनाथ गाउपालिकाको वडा नं ४ र ५ विस्तार गर्ने ।<br>• खार्पुनाथ गाउपालिकाको वडा नं ४ स्थित नल्ला वस्तीमा एक घर एक वगैचा कार्यक्रम संचालन गर्ने ।<br>• खार्पुनाथ गाउपालिकाको वडा नं ४ र ५ मा दाँतेओखर खेती विस्तार गर्ने ।<br>• फलफुल खेतिको पकेट क्षेत्र निर्धारण<br>• विविध प्रविधियुक्त सिचाइ विकास कार्यक्रम<br>• स्याउ प्रसोधन उद्योग स्थापना र संरक्षित स्याउ फार्म व्यवस्थापन<br>• उत्पादित फलफुलका लागि एक वटाशित भण्डारणको व्यवस्था<br>• प्रति वर्ष व्यक्तिगत, समुहगत, फर्म तथा सहकारीवाट २००० मेट्रीक टन फलफुल उत्पादन<br>• स्याउ, ओखर, नास्पति, सुन्तला, केरा, आरु आदिको ५०००० वेर्ना उत्पादन<br>• न्यूनतम एक घर एक वगैचा स्थापना |
| व्यवसायिक तरकारी खेति विस्तार | रोपनी | ७७१६ | ८०००<br>१२ | १५००० | • एक गाउँ एक जातको तरकारीवाली उत्पादन<br>• खापुनाथ ४ छिप्राको धुमधुमेमा टीपीयस प्रविधिवाट आलु उप्पादन ।<br>• वडा नम्वर १ देखि ५ सम्म थोपा सिचाइ व्यवस्थापन<br>• वेमौसमी तरकारी खेती उत्पादन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • वडा नं. १,२ र ३ को ५० रोपनी क्षेत्रमा प्याज, लसुन, टमाटर, वन्दा, काउली खेति विस्तार |
| कृषि प्रविधि तथा औजार हस्तान्तरण | वटा | ५० | १५७ | १५००० | • एक वडा एक कृषि प्राविधिकको व्यवस्था ।<br>• एक घर एक करेसावारीको निर्माण ।<br>• एक घर एक मलखाद सुधार तथा व्यवस्थापन<br>• एक पकेट क्षेत्रमा एक सेट कृषि औजारको व्यवस्था ।<br>• १० वटा सेलार स्टोर निर्माण<br>• डाइसेट १० वटा वितरण<br>• ५ वटा कस्टम हायरीडग सेन्टर स्थापना |
| कृषकको क्षमता तथा दक्षता अभिबृद्धि | पटक | ५<br>१० | २० | ५००० | • एक वडा एक कृषक पाठशाला स्थापना<br>• एक वडा एक अर्गानिक खेति व्यवस्था सम्वन्धि तालिम ।<br>• अगुवा कृषकलाई जैविक विषादी वनाउने तथा प्रयोग गर्ने सम्वन्धि तालिम<br>• १०० जना कृषकलाई प्लास्टिक घर निर्माण सम्वन्धि तालिम<br>• स्याउ खेतिका लागि उच्च घनत्वको विरुवा रोपण तथा व्यवस्थापन सम्वन्धि ५० जना कृषकलाई तालिम ।<br>• च्याउ खेतिको लागि २५ वटा कृषक समुहलाई तालिम तथा विउ वितरण ।<br>• ३० जना मौरीपालक कृषकहरुलाई आधुनिक मौरी घार वितरण तथा सिप विकास तालिम ।<br>• अगुवा कृषकलाई वर्षमा एक पटक आन्तरिक वा वाह्य अवलोकन भ्रमण<br>• प्रत्येक वर्ष ३ जना उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने ।<br>• कृषि विमा गर्न प्रोत्साहन गर्ने । |
| जडिवुटि तथा मसला वालि प्रवर्द्धन र विस्तार | रोपनी | ० | ५०० | ५००० | जडिवुटि संकलन केन्द्रको स्थापना, औल क्षेत्रमा अलैचि, वेसार, अदुवा, खुर्सानी आदिको खेति गर्ने, लेकाली वस्तिमा घोडामच्चो, गदाल्लु आदि खेति । |
| कृषि क्षेत्रको पूर्वाधार निर्माण तथा विस्तार | **वटा** | ० | १० | २०००० | • १०० जना कृषकलाई प्लास्टिक घर निर्माणका लागि अनुदान ।<br>• गाउँपालिका स्तरमा एक वटा शित भण्डारणको स्थापना ।<br>• खार्पू, नल्ला र बोक्चेगौंडामा नयाँ संकालन केन्द्रको स्थापना ।<br>• खार्पू,कुरिल्ला र रायामा रहेका संकलन केन्द्रको संचालन तथा व्यवस्थापन ।<br>• प्रत्येक वर्ष कृषिमेला तथा प्रदर्शनी मेला ,महिनाको २ पटक हाट बजार संचालन<br>• खार्पूमा एक कोशेली घर निर्माण<br>• सामुदायिक वीउ बैंक स्थापना |
| **प्रतिफल १.१ को जम्मा** | | | | ९५००० | |
| **प्रतिफल १.२ खेती योग्य जमीनमा सिंचाई सुविधा उपलब्ध भएको हुनेछ ।** | | | | | |
| १.२.१. सिचाई सुविधाको विस्तार | संख्या | ५ | १० | १०००० | • छडिखोला देखि नल्ला, नल्ला पुल वजार हुदै छिप्रासम्म सिचाई कुलो निर्माण ।<br>• छडिखोला देखि लवासुर मन्दिर हुदै माजासम्म सिचाइ कुलो निर्माण<br>• कारडखोला देखि राया औल हुदै वालु सम्म सिचाई कुलो निर्माण । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • एक टोल एक पक्की पोखरिको निर्माण<br>• वृहत जलउपयोग योजना निर्माण ।<br>• भैसा खर्क देखि चौगान सम्म सिचाई कुलो निर्माण ।<br>• कुरीला देंखि खार्पु सम्म सम्म सिचाइकुलो निर्माण<br>• स्पीरिङकलर सिचाइ प्रणालीवाट थालीमा सिचाइ विस्तार ।<br>• भित्तवनदेखि कारङ जिउला सम्म साना सिचाइ विस्तार<br>• एक टोल एक पक्की पोखरिको निर्माण<br>• लाली वस्तीमा साना सिचाइ निर्माण |
| १.२.२. सिचाई पुर्वाधारको मर्मत सम्भार । | संख्या | ४ | ५ | २०००० | • १ करोडको सिचाई मर्मत कोषको स्थापना ।<br>• गाउपालिकामा रहेका १० वटाकच्चि सिचाई कुला पक्की गर्ने ।<br>• सवै वडामा स्प्रिङकल, लुज पाइप, हजारी आदि सामाग्री वितरण गर्ने । |
| **प्रतिफल १.२ को जम्मा** | | | | ३०००० | |
| **प्रतिफल १.३ आधुनिक पशुपालन व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ ।** | | | | | |
| १.३.१. व्यावसायीक पशु-पंछि विकास तथा विस्तार | पटक | ० | ५ | १०००० | • गाउँपालिकाका सबै वडामा पशु स्वाथ्य कार्यक्रम संचालन गर्ने ।<br>• व्यावसायिक कृषकहरुलाई उन्नत नश्लका पशु-पंछि वितरण गर्ने<br>• ५ ओटै वडामा २५-२५ जनाको एक एक वटा कुखुरा पालन समुह गठन गर्ने ।<br>• प्रत्येक वडामा ५ वटाभेडा पालन समुह गठन गर्ने ।<br>• गाउँपालिकामा ५ वटावाखा , ५ वटाबंगुर र ३ वटाभैसी पालन समुह गठन गर्ने ।<br>• १००० रोपनिमा उन्नत जातको भूँई घाँस खेति गर्ने<br>• ५०० रोपनिमा उन्नत जातको डाले घाँस कोखेति गर्ने ।<br>• प्रत्येक बाखा पालन समुहमा १० वटाका दरले बोयर जातको बाखा वितरण गर्ने ।<br>• प्रत्येक पशुपालन समुहलाई ५ वटाका दरले जर्सि गाई वितरण गर्ने ।<br>• नश्ल सुधारका लागि प्रत्येक वडाका समुहलाई एक एक वटा गधा वितरण गर्ने । |
| १.३.२. व्यावसायिक पशुपालक कृषकहरुको क्षमता विकास | पटक | २ | ७ | ३००० | • डाले तथा भुँईघाँस उत्पादनका लागि सिप विकास तथा विउ वितरण ।<br>• पशु विमा कार्यक्रम संचालन<br>• पशु सेवा प्राविधिकको व्यवस्था तथा क्षमता अभिबृदि<br>• अगुवा कृषकहरुलाई पशु-पंछि पालान सम्वन्धि तालिम |
| १.३.३. पूर्वाधार निर्माण | संख्या | ० | १३ | २०००० | • पशु-पंछि स्रोत केन्द्र स्थापना ।<br>• गाउँपालिकामा एक वटा दाना उद्योग स्थापना ।<br>• गाउँपीलिका स्तरमा ह्याचरी स्थापना ।<br>• गाउँपालिकाका केन्द्रमा एकवधशालाको निर्माण ।<br>• एक वडा एक सुधारीएको मासु पसलको स्थापनामा प्रोत्साहन ।<br>• प्रत्येक वडामा एक एक वटादुध डेरीको स्थापना ।<br>• ५ वटा वडामा ट्रेविज निर्माण<br>• एक वडा एक च्यापकटर (घाँस काट्ने मेशिन) को व्यवस्था ।<br>• ऊन काट्ने, कात्ने, छुन्ने मेसिनको व्यवस्थापन ५० सेट ।<br>• गाउँपालिकामा होजियरी उद्योग स्थापना तथा विकास गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • प्रत्येक वडामा डिपिङ सेन्टरको व्यवस्था । |
| **प्रतिफल १.३ को जम्मा** | | | | **३३०००** | |
| **प्रतिफल १.४: स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना एवं वजारको विकास भएको हुनेछ ।** | | | | | |
| १.४.१. औद्योगीक पूर्वाधार निर्माण | वटा | ० | ७ | १८००० | • एक नम्वर वडामा अल्लो प्रसोधन तथा उद्योग स्थापना ।<br>• सिस्नो,फलफुल प्रसोधन र मसाला उद्योग एक एक वटा स्थापना<br>• गार्मेन्ट उद्योगको स्थापना<br>• उद्योग वाणिज्य संघको सहकार्यमा उद्योग तथा वजार सूचना केन्द्रको स्थापना ।<br>• एक वटादालमोट उद्योग स्थापना<br>• माटाका भाडा,चोयाका सामाग्री, जुत्ता, आरन तथा फर्निचर र ग्रील उद्योगहरुको आधुनिकिकरण तथा व्यवसायीककरण |
| १.४.२. व्यवसायिक क्षमता अभिबृदि | पटक | ० | १० | ३००० | • परम्परागत  सिपलाई आधुनिकीकरण गर्न क्षमता विकास तालिम ५० जनालाई<br>• यूवास्वरोजगार तालिम १०० जनालाई व्यवस्थापन<br>• सफल उद्यमीको सफलता वारे अन्तरक्रिया कार्यक्रम ५ वटागर्ने । |
| १.४.३. सुपथ मुल्य पसल स्थापना | संख्या | ० | ५ | २००० | • एक वडा एक सुपथ मुल्य पसल |
| **प्रतिफल १.४ को जम्मा** | | | | **२३०००** | |
| **प्रतिफल १.५: पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको प्रवर्द्धन भइ पर्यटकको आवागमनमा वृद्धि हुनेछ ।** | | | | | |
| १.५.१ पर्यटकिय क्षेत्रको गुरु योजना निर्माण | पटक | ० | १ | ५०० | • गाउँपालिकास्तरिय गूरुयोजना निर्माण<br>• सवै वडामा भएका पर्यटकिय क्षेत्रहरुको सूचिकरण र प्राथमिकीकरण ।<br>• पर्यटकिय क्षेत्रहरुको अन्वेषण तथा अनुसन्धान । |
| १.५.२ पर्यटकीय पूर्वाधार निर्माण | एकमुष्ट | ० | ५ | ३०००० | • पर्यटकीय क्षेत्र : खार्पूनाथ, दुधे दह, भिमदुलो,देबी जुवार्न,मालिका पाटन र लामाचौर,लुड्पेको जिर्णोद्धार तथा पूर्ननिर्माण ।<br>• धार्मिक क्षेत्र :खार्पूनाथ मन्दिर,देबी जुवार्न मन्दिर, पंचदेवल,मालिका देबी, लवासुर मन्दिर जिर्णोद्धार तथा पूर्ननिर्माण ।<br>• पर्यटकिय क्षेत्रको प्रचार सामग्री निर्माण तथा प्रचार प्रसार |
| **प्रतिफल १.५ को जम्मा** | | | | **३०५००** | |
| **प्रतिफल १.६: वित्तीय सेवा तथा सुविधाको पहुँचमा अभिबृद्धी हुनेछ ।** | | | | | |
| १.६.१ वित्तिय सेवाको प्रवर्द्धन | पटक | ० | १० | २००० | • सवै वडामा वित्तिय साक्षरता सम्वन्धि अभियान संचालन गर्ने ।<br>• एक घर एक वैंक खाता कार्यक्रम संचालन ।<br>• गाउँपालिका स्तरमा थप एक वैंकको स्थापना ।<br>• निस्क्रिय सहकारीहरुलाई मर्ज गर्ने ।<br>• सहकारी व्यवस्थापन  सम्वन्धि १० वटासहकारीलाई  तालिम संचालन गर्ने ।<br>• १० वटा सहकारीलाई खाता व्यवस्थापन तालिम । |
| प्रतिफल १.६ को जम्मा | | | | **२०००** | |
| **आर्थिक विकास क्षेत्रको जम्मा** | | | | **२१३५००** | |
| **सामाजिक विकास** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रतिफल २.१. जीवन उपयोगी गुणस्तरीय आधारभूत, प्राविधिक तथा उच्च शिक्षामा समाबेशी समातामुलक पहुच वृदि भई दक्ष जनशक्ति उत्पादन भएको हुनेछ ।** | | | | | |
| २.१.१. विद्यालयहरुको भौतिक पूवाधार निर्माण | पटक | १० | १७ | १५०००० | • ज्ञानज्योती प्रा.वि., शंकर आधारभुत, कैलाश आधारभुत, मान्धारा मा.वि.,अमरसिँह आधारभुत, हुम्लामा.वि., मालिका मा.वि.,कैलाश आधारभुत, भानुभक्त आधारभुत, सीता मा.वि.,इन्द्रज्वाला आधारभुत, वागेश्वरी आधारभुत, हिल्सानौधारा आधारभुत, मष्टा आधारभुत विद्यालयमा ३-३ कोठे कक्षाकोठा निर्माण ।<br>• मान्धारा मा.वि.,सीता मा.वि., मालिका मा.वि., हुम्ला मा.वि.मा ६ कोठे आवाशीय छात्रबास ।<br>• १७ वटै विद्यालयका आधारभुत तह अन्तरगत कक्षा १ देखि ५ सम्म फ्लोरिङ् कार्पेटिङ् र अन्य आवश्यक फर्निचर निर्माण ।<br>• गाउँपालिकाका सवै १७ वटै विद्यालयमा घेरबार निर्माण ।<br>• मोतिराम आधारभुत, कैलाश आधारभुत, ज्ञानज्योती आधारभुत, जोगराज प्रा.वि., वागेश्वरी आधारभुत, मान्धारा मा.वि., हिल्सानौधारा आधारभुत, मष्टादेव प्रा.वि., इन्द्रज्वाला आधारभुत बिद्यालयमा सुविधा सम्पन्न शौचालय निर्माण र सीता मा.वि., हुम्ला मा.वि., मालिका मा.वि. , शंकर आधारभुत विद्यालयमा शौचालय मर्मत ।<br>• हिल्शानौधारा,वागेश्वरी आधारभुत, चन्द्रनाथ आधारभुत ,सरस्वती प्रा.वि.,जोगराज प्रा.वि.,कैलाश आधारभुत, अमरसिँह आधारभुत विद्यालयमा सुरक्षित खानेपानी निर्माण<br>• ४ वटामा.विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण ।<br>• पहिलो वर्षमा मान्धारा मा.वि., दोस्रोमा हुम्ला मा.वि र तेस्रोमा मालिका मावि. लालीलाई प्रविधिमैत्री विद्यालय घोषणा गर्ने ।<br>• ९ मावि, २ आधारभुत र अन्य ७ वटामा विद्यालयमा कम्प्यूटर ल्यावको निर्माण<br>• सबै विद्यालयमा अधिकतम २०/२० सेट फर्निचरको व्यवस्था गर्ने |
| २.१.२. खेलमैदान निर्माण | संख्या | ४ | १७ | २०००० | • गाउँपलिकाका १७ वटाविद्यालयमा खेलमैदान निर्माण |
| २.१.३. शैक्षिक गुणस्तरमा सुधार | विद्यालय | ४ | १७ | १००० | • सवै विद्यालयमा आधारभूत अतिरिक्त कक्षा संचालन गर्ने<br>• निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी रुपमा संचालन गर्ने ।<br>• सवै विद्यालयमा वार्षिक रुपमा अविभावक शिक्षा लागु गर्ने<br>• सिकाई उपलब्धि सुधारका लागि शैक्षिक सामग्रीहरुको व्यवस्था<br>• शिक्षकले प्र.अ. संग, प्र.अ. ले शिक्षाशाखा संग, शिक्षाशाखा प्रमुखले गापा अध्यक्षसंग कार्यसम्पादन सम्झौता गर्ने ।<br>• विद्यालय सुधारका लागि नमुना विद्यालयको अवलोकन भ्रमण ।<br>• प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीलाई होमवर्क डाएरीको व्यवस्था गर्ने ।<br>• सवै विद्यालयमा परियोजना कार्य गराउने |
| २.१.४. दक्ष जनशक्तिको व्यवस्थापन | विद्यालय | १७ | १०२ | १००००० | • (मा.वि.१०, आधारभूत नि.मा.वि.१२ र प्रा.वि.८ जना) ३० जना शिक्षक दरवन्दि थप<br>• १०२ शिक्षकहरुलाई ICT तथा अन्य आवश्यक तालिम<br>• नियमित शैक्षिक सुपरिवेक्षण र अनुगमन गर्ने ।<br>• शिक्षा शाखा प्रमुखर स्रोत व्यक्तिको व्यवस्थापन गर्ने ।<br>• विद्यालयमा आवश्यक कर्मचारीको व्यवस्था गर्ने<br>• कम्प्यूटर र विज्ञान ल्याव संचालन जनशक्ति र १० जना कम्प्यूटर शिक्षकको व्यवस्था गर्ने । |
| २.१.५. वालविकास केन्द्रको व्यवस्थापन | संख्या | १० | ३० | १५०००० | • १४ वटाविद्यालयमा र ७ वटासमुदायमा वालविकास केन्द्र जम्मा २१ स्थापना गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • ५ वटासमुदायमा आधारित वालविकास केन्द्रमा भवनको निर्माण<br>• सबै वालविकास केन्द्रहरुमा सामग्री तथा व्यवस्थापन गर्ने ।<br>• समुदायमा आधारित वालविकास केन्द्रमा खानेपानी,शौचालयको व्यवस्था<br>• वालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई आधारभूत तथा पूनर्ताजकी तालिमको व्यवस्था गर्ने । |
| २.१.६. शैक्षिक क्षेत्र विस्तार | संख्या | ० | ४ | ३०००० | • सीतामा.वि.मा सिभिल इन्जिनियरिङ कक्षा थप गर्ने ।<br>• कम्प्युटर इन्जिनियरिङ्को लागि ल्याव टेक्निसियनको व्यवस्था गर्ने । |
| २.१.७. नमुना विद्यालय विकास | संख्या | ० | ३ | १०००० | • नमुना विद्यालयका लागि आवश्यक पुर्वाधार तयार गर्ने । |
| **प्रतिफल २.१ को जम्मा** | | | | **४६१०००** | |
| **प्रतिफल २.२ गुण्स्तरिय आधारभुत स्वास्थ्य सेवाको पहुँच अविबृद्धि भइ मातृ शिशु तथा बाल मृत्यू दर घटी स्वस्थ समाजको सृजना भएको हुनेछ ॥** | | | | | |
| २.२.१. स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधार निर्माण । | पटक | ० | ३ | १००००० | • वडा न २ मा सामुदायिक स्वा.केन्द्र, वडा नं ४ मा हे पो भवन,५ मा प्राथमिक अस्पताल भवन निर्माण ।<br>• गाउँपालिकामा १ वटा एम्बुलेन्सको व्यवस्थापन<br>• ४ वटागाउँघर स्वास्थ्य क्लिनिक केन्द्रको भवन निर्माण<br>• २ वटास्वास्थ्य चौकीमा ल्याव स्थापना ।<br>• ६ वटा स्वास्थ्य संस्थामा विरामी कुरुवा घर निर्माण ।<br>• ६ वटा स्वास्थ्य संस्थामा ई हाजिर, सि.सि.टि.भि, इन्टरनेट, कम्प्युटरको व्यवस्थापन |
| २.२.२. स्वास्थ्य उवकरण र सामागी | संख्या | ० | ३० | ३००० | • न्यूनतम सेवा मापदण्डले तोके अनुरुप स्वाथ्य उपकरण र सामाग्रीको व्यवस्था ।<br>• वटा स्वास्थ्य चौकिमा १००० वाटको सोलारको व्यवस्था |
| २.२.३. जनशक्ति व्यवस्थापन तथा क्षमता अभिबृद्धि | पटक | ० | ५ | २५०० | • अनमि(एस.वि.ए), अहेव, ल्यव असिष्टेन्ट, रेडियो ग्राफि, फारर्मेसी ३५ जना जनशक्तिको व्यवस्था<br>• १० जना स्वास्थ्य स्वयमसेविका थप<br>• गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्यकर्मीहरुलाई तालिम<br>• ELMIS , DHIS-२ सबै स्वास्थ्य संस्थाहरुमा लागु |
| २.२.४. स्वास्थ्य सेवा विस्तार | संख्या | ३ | ४ | ८५००० | • गाउँपालिका स्तरिय १५ वेडको अस्पताल व्यवस्थापन |
| **प्रतिफल २.२ को जम्मा** | | | | **१९०५००** | |
| **प्रतिफल २.३: सुरक्षित खानेपानी तथा सरसफाइ सुबिधामा सबैको न्यायोचित पहुँच भई पूर्ण सरसफाइ उन्मुख गाउँपालिकाको रुपमा विकास भएको हुनेछ** | | | | | |
| २.३.१. पूर्वाधार निर्माण | संख्या | १७ | २५ | ३०००० | • बिपद् जोखिम उत्थानशिल खार्पूनाथ वृहत खानेपानी योजना निर्माण<br>• १० वटा साना खानेपानी योजना निर्माण |
| २.३.२. खानेपानी आयोजनाको मर्मत, संभार , सुधार विस्तार तथा खानेपानी सुरक्षा | संख्या | १७ | ३३ | २०००० | • ३३ वटा खानेपानी योजना मर्मत संभार तथा सुधार विस्तार (एक घर एक धारा)<br>• २० वटा खानेपानी योजनामा खानेपानी सुरक्षा योजना लागु गर्ने ।<br>• खानेपानीका मुहान संरक्षण, व्यवस्थापन तथा पुनर्भरण गर्ने<br>• २ वटा खानेपानी योजनामा पानी प्रशोधन प्रणाली जडान गर्ने । |
| २.३.३. शौचालय निर्माण | संख्या | ० | ७ | १०००० | • ८ वटा सार्वजनिक शौचालय निर्माण (नल्लापुल,पिमाथाङ वजार, खर्पेलगाउँ, याङ्चुबगर,बोक्चे गौंडा, लाली बगर ,सुनाखाडा,राया)<br>• विद्यालयहरुमा बाल, अपागं तथा लैगिंकमैत्री शौचालय निर्माण |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३.४. विद्यालयहरु तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा शौचालयको मर्मत सुधार | संख्या | ४ | १५ | ६००० | • सवै विद्यालय र स्वास्थ्य संस्था |
| २.३.५. आयोजना व्यवस्थापन तथा क्षमता अभिवृद्धि | पटक | ५ | १५ | १००० | • खानेपानी उपभोक्ता समिति गठन, पूनर्गठन र क्षमता अभिबृद्धि तालिम<br>• सवै आयोजनामा मर्मत संभार संयन्त्र विकास गर्ने ( कोष स्थापना, कार्यकर्ता र मर्मत सम्भार औजार व्यवस्थापन)<br>• खानेपानी उपभोक्ता महासंघ गठन तथा परिचालन |
| २.३.६. पूर्ण सरसफाइ प्रवर्द्धन अभियान | संख्या | ० | ५ | ४,५०० | • पुर्ण सरसफाइ सम्बन्धी सचेतना, घर दैलो अभियान संचालन,<br>• पुर्ण सरसफाइका सुचकको आधारमा पूर्ण सरसफाइयुक्त वस्ती, वडा र गाउँ घोषणा गर्ने (एक घर एक सुधारिएको शौचालय, साबुन पानीले हात धुने सुबिधा तथा बानी ब्यवहार, घरायसी सरसफाइ तथा फोहरको ब्यवस्थापन, शुद्धिकरण गरिएको खानेपानीमा पहुँच आदि) |
| **प्रतिफल २.३ को जम्मा** | | | | **७१५००** | |
| **प्रतिफल २.४: महिला, बालबालिका, दलित,जेष्ठ नागरीक, एकल महिला, फरक क्षमता तथा पछाडि पारिएका वर्ग शसक्त भई निर्णायक तहमा सहभागीतामा वृद्धि भएको** | | | | | |
| २.४.१. लक्षित वर्गको शसक्तिकरण | जना | ५० | ३६५ | १५००० | • सवै प्रकारका समुहको गठन पूनर्गठन<br>• समुहको क्षमता विकास तालिम ३०० जनालाई व्यवस्था गर्ने<br>• एक वडा एक वृद्धवृद्धा जमघट केन्द्रको स्थापना<br>• विपन्नहरुका लागि लोकसेवा तथा शिक्षकसेवा आयोग तयारी कक्षा ५० जनालाई<br>• लक्षित वर्गलाई प्राविधिक शिक्षा तथा उच्च शिक्षा अध्ययन गर्न छात्रावृति १५ जनालाई व्यवस्था । |
| २.४.२. सामाजिक संस्कार सुधार | संख्या | १ | ५ | २००० | • छुवाछुत अन्त्यका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने<br>• १६ दिने महिला हिंसा विरुद्धको सचेतना कार्यक्रम प्रत्येक वर्ष गर्ने ।<br>• छोराछोरीको विभेद अन्त्यका लागि सचेतना कार्यक्रम |
| २.४.३. वालमैत्रि स्थानिय शासनको प्रवर्द्धन | पटक | ० | १५ | १०००० | • गाउँवाल संजालको लागि भवन निर्माण गर्ने<br>• सवै विद्यालयमा वालविवाह न्यूनिकरण सम्वन्धि सचेतनामूलक कार्यक्रम संचालन<br>• वालश्रमिकलाई परिवारमा पुनर्स्थापना गर्ने ।<br>• वालमैत्री स्थानीय शासनका सूचकहरुको कार्यान्वयन<br>• वालकलव गठन र पूनर्गठन |
| **प्रतिफल २.४ को जम्मा** | | | | **२७०००** | |
| **प्रतिफल २.५: आत्मनिर्भर तथा सिर्जनशिल युवाशक्तिको विकास तथा उत्पादनमूलक कार्यमा युवा सहभागिता बृद्धि भएको हुनेछ** | | | | | |
| २.५.१ खेलकुद पूर्वाधार विकास | संख्या | ० | १० | ५०००० | • एक वडा एक खेलमैदानको स्थापना<br>• गाउँपालिकास्तरिय कवर्डहलको निर्माण<br>• खेलमैदानहरुमा प्याराफिट निर्माण<br>• गाउँपालिकामा खेलकुद शाखा तथा सामग्रीहरुको व्यवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| २.५.२ क्षमता अभिवृद्धि | पटक | २० | १५० | १५००० | • भलिवल, फुटवल, एथ्लेटिक्स, मार्सल आर्ट, कवड्डी खेल प्रशिक्षकको व्यवस्था<br>• खेल अनुसार वन्द प्रशिक्षणको व्यवस्था<br>• गाउँपालिकास्तरिय प्रतियोगिता वर्षमा एकपटक र वडा स्तरिय खेल प्रतियोगिता संचालन ।<br>• चारवटा मा.वि.मा खेलकुद शिक्षकको व्यवस्था<br>• वाह्य खेलकुद प्रतियोगितामा गाउँपालिकावाट प्रतिनिधित्व<br>• युवा उद्यमी तयार गर्न ३०० जनालाई उद्यमशिल सिप विकास तालिम संचालन<br>• शैक्षिक प्रमाणपत्र धितोराखि ऋण सुविधा लिन ३० जना युवाहरुलाई प्रोत्साहन ।<br>• गाउँपालिकास्तरिय युवा सूचना केन्द्रको स्थापना |
| **प्रतिफल २.५ को जम्मा** | | | | **६५०००** | |
| प्रतिफल २.६: स्थानीय संस्कृति तथा साहित्यको जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ । | | | | | |
| २.६.१ कला तथा संस्कृतिको अध्ययन अनुसन्धान | पटक | ० | ५ | ३००० | • कला, संस्कृति, भाषा अध्ययन, अनुसन्धान केन्द्र स्थापना ।<br>• कला संस्कृति सम्वन्धि सामग्रीको प्रचार प्रसार<br>• कला संस्कृति जगेर्ना सम्बन्धि प्रतियोगिता संचालन |
| २.६.२ कला संस्कृति संग्रालयको स्थापना | संख्या | ० | १ | २००० | • गाउँपालिकास्तरिय कला तथा संस्कृति संग्रालय निर्माण गर्ने |
| **प्रतिफल २.६ को जम्मा** | | | | **५०००** | |
| **सामाजिक विकास क्षेत्रको जम्मा** | | | | **८२००००** | |
| **पूर्वाधार विकास** | | | | | |
| **प्रतिफल ३.१ सडक एवं सहायक पूर्वाधारको विस्तार र विकास एवं यातायात सुचारु भएको हुनेछ ।** | | | | | |
| ३.१.१. नयाँ सडक ट्याक निर्माण | कि.मि. | १४ | ५० | १००००० | • खार्पु देखि मारुघोर सम्म १६कि.मी., नल्ला देखि लेख सम्म ५ कि.मी,ढुङगा हान्ना देखि छारे सडक १४ कि.मी,गाउपालिका भगुन्टा-जाकोटसम्म ५ कि.मी.,छिप्रा देखि माजा २.५ कि.मि.<br>• मूल सडक जोड्ने सहायक सडक २० कि.मि.,ताक्ला बाम्टा र अन्य बस्तिहरुमा |
| ३.१.२. ग्रावेल सडक निर्माण | कि.मि. | ० | ५० | २००००० | • खार्पु देखि मारुघोर सम्म १६कि.म<br>• नल्ला देखि लेख सम्म ५ कि.मी .<br>• ढुङगा हान्ना देखि छारे सडक १४ कि.मी .<br>• गाउपालिका भगुन्टाजाकोट सम्म ५ कि.मी<br>• छिप्रा देखी माजा २.५ कि.मि.<br>• मूल सडक जोड्ने सहायक सडक २० कि.मि.,ताक्ला बाम्टा र अन्य बस्तिहरुमा . |
| ३.१.३. पक्कि नाला , रिटेनिङ् वाल | कि.मि. | ० | | १००००० | • ग्रावेल सडक ५० कि.मि. नाला<br>• कच्ची सडकमा ५० कि.मि. नाला<br>• रिटेनिङ्ग वाल<br>• ग्याविन ह्वेवी ५ कि.मि.<br>• ग्याविन लाइट १५ कि.मि.<br>• मेशिनरी १० कि.मि. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • सुख्खा वाल १२ कि.मि |
| ३.१.४. झोलुङ्गे पुल निर्माण तथा मर्मत | स्थान | ३ | ३ | ३०००० | • बोक्चेगौडा तुमलिक,सिस्न्या नल्ला काराङ्ग लुडपे लालिखोला र सुनखाडा<br>• पुराना ३ पुल मर्मत खार्पु नल्ला र छारे |
| ३.१.५. वसपार्क र प्रतिक्षालय | स्थान | ० | ७ | २५००० | • खार्पू बजारमा बसपार्क निर्माण<br>• खार्पु याङचुवगर छिप्रा बोक्चेगौडा र अन्य स्थानमा प्रतिक्षालय निर्माण |
| ३.१.६. पर्यटन पदमार्ग निर्माण | कि.मि. | ० | २० | १०००० | • खर्पेलगाउ हुदै दुधे दहसम्म पैदल माग<br>• लुड्पे पैदल माग<br>• थुममालिका हुदै देविजुर्वानसम्म पैदल माग<br>• छिप्रा देखि थाम मन्दिर<br>• कोट देखि दुधकण्ड<br>• स्याङग्री मुटिल्ला हुदै दुधे दह<br>• राया दुधे दह<br>• मालिका मन्दिर थालि |
| **प्रतिफल ३.१ को जम्मा** | | | | ४६५००० | |
| **प्रतिफल ३.२ आवास,वजार ,वस्ती एकीकृत,व्यवस्थित र सूरक्षित भएको हुनेछ।** | | | | | |
| ३.२.१ जग्गा एकिरिण सहित एकिकृत वस्ति निर्माण | स्थान | ० | ५ | १००००० | • खार्पुनाथ |
| ३.२.२ व्यवस्थित सडक, नालि, सौचालय, पार्किङ स्थल र हरियाली सहितको वजार व्यवस्थापन | बजार केन्द संख्या | ३ | ११ | १२०००० | • खार्पु,नल्ला पुल,याङ्चु बगर,बोक्चे गौंडा,लाली बगर,सुनाखाडा,छारे,राया जिउला,थाली,मसेडी |
| ३.२.३ गुणस्तरिय सेवा प्रवाह सहितको गाउँकार्यपालिका तथा वडा कार्यालय भवन | संख्या | ४ | ५ | १५०००० | • गाउकार्यपालिकाको कार्यालय भवन आर.सि.पि. बजारमा निर्माण वडाकार्यालय भवन निर्माण वडा नं. १देखी ५ |
| ३.२.४ हरियाली पार्क निर्माण | संख्या | ० | ५ | १०००० | • प्रत्येक वडामा र खार्पुनाथ मन्दिरको टापुमा |
| ३.२.५ भूकम्प प्रतिरोधि भवन निर्माण तालिम | जना | ० | ४५ | २००० | • ५जना निर्माण व्यवसायीलाई तालिम<br>• १० जना सिकर्मी, डकर्मी ३० जनालाई भुकम्मी प्रतिरोधी घर वनाउने सम्वन्धि तालिम दिने |
| ३.२.६ भूकम्प प्रतिरोधि घर, नक्सा पास, र भवन मापदण्ड वारे सचेतना कार्यक्रम | पटक | ० | ९ | १००० | • प्रत्येक वडामा वर्षको एक पटक । |
| **प्रतिफल ३.२ को जम्मा** | | | | ३८३००० | |
| **प्रतिफल ३.३: विद्युत र वैकल्पिक उर्जाको विस्तार , उपलव्धता तथा उपयोगमा वृद्धि भएको हुनेछ।** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.३.१ विद्युत उत्पादन | आयोजना संख्या | ० | १ | ७०००० | घट्टे खोला जलविद्युत आयोजना |
| ३.३.२ विद्युत लाइन वितरण | संख्या | ३ वडा | ३ वडा | ३०००० | • वडा नं. २ देखि ३ सम्म मा ४५० घरधुरीमा |
| ३.३.३. ट्रान्सफर्मर तथा पोल विस्तार | कि.मि. | | | १००००० | • ट्रान्स फर्मर ४ ओटा<br>• १५० बिद्युत पोल<br>• बिद्युत तार २०००० मि |
| ३.३.४ सौर्य उर्जा प्रर्णाली विस्तार | संख्या | १८२४ | २००० | १०००० | • २५० घरमा सौर्य उर्जा पुऱ्याउने |
| ३.३.५ वायो ग्यास प्रविधि विस्तार | संख्या | १० | ३०० | १०००० | • २९० घरमा वायो ग्यास |
| **प्रतिफल ३.३ को जम्मा** | | | | २०२००० | |
| **प्रतिफल ३.४: सूचना र संचार प्रविधिको पहुँच एवं प्रयोगमा बृद्धि भएको हुनेछ।** | | | | | |
| ३.४.१. टेलिफोन टावर तथा सेवा विस्तार | सफ्टवेयर | ० | ५ | १००० | • राजश्व, अफिस अटोमेशन,जिन्सि खाता संचालन,सम्पति कर सम्वन्धि सफ्टवेयर निर्माण<br>• आवश्कता अनुसार वेवसाइट निर्माण गर्ने<br>• गाउँपालिकाको मोवाइल एप्सलाई नियमित अपडेट,तथा अफलाईनमा हेर्न मिल्ने वनाउने<br>• गाउँपालिकाको वेवसाइट निरन्तर अपडेट गर्ने |
| ३.४.२. डिजिटल प्रविधि विस्तार | संख्या | १६ | १०० | ५००० | • गाउँपलिकाका विद्यालय, गैरसरकारी संस्थामा, सहकारी संस्था, वित्तिय वैङ्क तथा अन्य समुदायमा डिजिटल सेवा विस्तार गर्ने<br>• गाउँपालिकाको कार्यालयमा 2 Mbps स्पिडको क्षमताको इन्टरनेट सेवा विस्तार गर्ने<br>• आवश्यक स्थानमा Free Wifi को व्यवस्था गर्ने |
| ३.४.३. इन्टरनेट सेवा विस्तार | संख्या | १६ | १०० | ५००० | • गाउँपलिकाका विद्यालय, गैरसरकारी संस्थामा, सहकारी संस्था, वित्तिय वैङ्क तथा अन्य समुदायमा लाइन सेवा विस्तार गर्ने<br>• गाउँपालिकाको कार्यालयमा 2 Mbps स्पिडको क्षमताको इन्टरनेट सेवा विस्तार गर्ने<br>• आवश्यक स्थानमा Free Wifi को व्यवस्था गर्ने |
| ३.४.४. प्रकाशन तथा प्रसारण | पटक | ० | २ | ३००० | • गाउँपालिका स्तरिय एक एफ एम रेडियो स्थापना<br>• गाउँपालिकामा एक प्रेसको स्थापना गर्ने<br>• स्थानीय पत्रिका संचालन<br>• जिल्लाका एफ एम तथा स्थानीय पत्र पत्रिका लागि प्रोत्साहन कार्यक्रम<br>• स्थानीय पत्रकारलाई प्रोत्साहन कार्यक्रम<br>• गाउँपालिकाको बृतचित्र निर्माण तथा प्रसारण |
| ३.४.५. दक्ष जनशक्ति तथा क्षमता अभिवृद्धि | पटक | १ | १२ | १०००० | • एक वडा एक कम्प्यूटर प्राविधिकको व्यवस्था<br>• गाउँपालिकामा सूचना शाखाको स्थापना तथा सूचना प्रविधि अधिकृत र २ जना कम्प्यूटर अपरेटरको व्यवस्था। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ● गाउँभित्रका शाखाहरु तथा वडामा कार्यरत कर्मचारीलाई कम्प्यूटर सम्वन्धि सिपविकास तालिम संचालन<br>● गाउँपालिकाका पदाधिकारीहरुलाई कम्प्युटर सम्बन्धि तालिम |
| ३.४.६. सूचना सामग्री तथा उपकरण खरिद तथा मर्मत | पटक | | | २००० | ● प्रत्येक वडा, गाउँपालिकाका शाखामा एक-एक सेट थप आवश्यकता अनुसार कम्प्यूटर, प्रिन्टर, स्क्यानर,फोटोकपी, मेशिनको व्यवस्था<br>● गाउँपलिकामा नेटवर्कीङ , फ्यास्स मेशिन, १ ओटा फोटो DSL क्यामरा, १ मुभि क्यामराको व्यवस्था<br>● मर्मत तथा सुरक्षा |
| **प्रतिफल ३.४ को जम्मा** | | | | २६००० | |
| **पूर्वाधार विकास जम्मा** | | | | १०७६००० | |
| **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | | |
| **प्रतिफल ४.१: वन तथा जैविक विविधताको ब्यबस्थापन गरीएको हुनेछ।** | | | | | |
| ४.१.१ जैविक विविधता संरक्षणको लागि वन क्षेत्रको विस्तार तथा दिगो व्यवस्थापन | हेक्टर | ५००० | ५३०० | ३००० | ● वाँझो तथा ऐलानी जग्गाहरुमा सिघ्र उत्पादन हुने वनस्पति बृक्षारोपण गर्ने<br>● पारिवारिक तथा निजी वन स्थापनाको लागि प्रोत्साहन कार्यक्रम<br>● ५ वटै वडामा नर्सरीको स्थापना साथै विरुवाको उत्पादन गर्ने<br>● प्रति नर्सरी वार्षिक २०००० विरुवाहरु उत्पादन गर्ने<br>● खोलाहरुका तटिय क्षेत्र तथा भुक्षय जाने क्षेत्रहरुमा वृक्षारोपण गर्ने |
| ४.१.२ वैज्ञानिक व्यवस्थापन विधिद्धारा वन क्षेत्रको संरक्षण | हेक्टर | ५००० | ५३०० | ४००० | ● सामुदायिक तथा राष्ट्रिय वनमा तारवार गर्ने<br>● वन क्षेत्रहरुमा अग्नीरेखा निमार्ण गर्ने<br>● वन क्षेत्रको संरक्षणका लागि वन हेरालुको व्यवस्था र संख्या बढाउने<br>● वनमारा, करौंती लगायतका झारलाई विस्थापन गर्ने<br>● वनक्षेत्रको समय समयमा छाँटकाँट तथा सरसफाइ गर्ने<br>● रुख कटान गरी सकेपछि तुरुन्तै बृक्षारोपण गर्ने |
| ४.१.३ वन क्षेत्रको शुसासन तथा व्यवस्थापनका लागि निरन्तर अनुगमन र मुल्याकंन | हेक्टर. | ५००० | ५३०० | २००० | ● गाउँपालिका तथा वडा स्तरिय अनुगमन तथा मुल्याकन समिति गठन गर्ने<br>● अनुगमन समितिका पदाधिकारिहरुको क्षमता विकासको लागि तालिम प्रदान गर्ने<br>● अनुगमन तथा मुल्याकंन समितिहरुले अनुगमन तथा मुल्याकंन सुचक तयार गरी नियमित अनुगमन गर्ने<br>● वन विनाशमा संलग्न ब्यक्ति र समुहलाई दण्डको व्यवस्था गर्ने<br>● हरेक वर्ष सामुदायिक वन उपभोक्ता समितिहरूको सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखा परीक्षण गर्ने<br>● सामुदायिक वन सीमाना सम्बन्धि विवाद भए विवाद समाधानका लागि गा.पा. स्तरिय समितिबाट मध्यस्थता गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • वन समूहको सुशासनका लागि गाँउपालिका सा.व., समूहहरूसँग गाउँपालिका पदाधिकारी र सरोकारवालाहरूको अन्तरक्रिया<br>• निजी वन दर्ता (सबै वडाका २५ वटा) |
| ४.१.४ वनको दिगो व्यवस्थापनका लागि जनचेतना अभिबृद्धि | हेक्टर. | ५००० | ५३०० | १००० | • वन क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नको लागि प्रत्येक गाउँ टोलमा जनचेतना मुलक कायृक्रम सञ्चालन गर्ने<br>• वन सम्बन्धी सचेतना बृद्धि गर्न वन संरक्षणको सन्देश लेखिएका होडिङ वोर्ड राख्ने ( २० ठाउँमा ) |
| ४.१.५वनजन्य उत्पादनको विकास गरी वनमा आधारित आयआर्जन बृद्धि | हेक्टर. | ० | १००० | ३००० | • औषधिजन्य वनस्पति : घोडामच्चो, सतुवा,मजिठो, लोक्ता, तितेपाति,निर्विसि,सिस्नु,बायाजडी अत्तेसी पाँचऔले, सतुवा आदिको उत्पादन तथा खेति गर्ने<br>• जडिवुटी प्रशोधन केन्द्रको स्थापना गर्ने<br>• वनमा आधारित उद्यम विकासका लागि सीप विकास तालिम (१५० जना सबै वडा)<br>• सबै वडाको वन क्षेत्रको जमिनमा जडिबूटी खेती विकास तथा विस्तार गर्ने<br>• काठजन्य उत्पादन बृद्धि गरी आयआर्जन गर्ने (फर्निचर तथा समिल उद्योग)<br>• काठजन्य उत्पादनबाट हस्तकलाका सामाग्री निमार्ण गर्ने<br>• वायोग्यास प्रविधि विस्तार गर्ने |
| ४.१.६ वन्यजन्तुको संरक्षण तथा वन्यजन्तुबाट हुने नोक्सानी न्यूनिकरण | | | | १०००० | • वन्यजन्तु संरक्षणका लागि वनमा पोखरी निर्माण<br>• वन्यजन्तु संरक्षण क्षेत्र निर्धारण<br>• वन्यजन्तुको चोरी शिकारीलाई नियन्त्रण गर्ने<br>• वन्यजन्तुबाट हुने नोक्सानी कम गर्न वन क्षेत्रमा घेरबार गर्ने |
| ४.१.७ सामुदायिक वन समुह तथा वन प्राविधिकको व्यवस्था तथा क्षमता विकास | वटा | १३ | २५ | २००० | • वन डिभिजनसँग समन्वय गरी गाउँपालिका स्तरीय र सबै वडामा सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गर्ने<br>• वन उपभोक्ता समुहहरुको समयमै साधारण सभा सम्पन्न गरी गठन तथा पुनर्गठन गर्ने<br>• वन उपभोक्ता समितिलाई वन व्यवस्थापन सम्वन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने<br>• वन उपभोक्ता समितिलाई अवलोकन भ्रमणको व्यवस्था (वार्षिक १ पटक )<br>• वन कर्मचारी तथा हेरालुहरुलाई तालिम |
| **प्रतिफल ४.१ को जम्मा** | | | | **२५०००** | |
| **प्रतिफल ४.२: जलाधार संरक्षण तथा भुमिको एकीकृत व्यवस्थापन र उचित सदुपयोग भएको हुनेछ।** | | | | | |
| ४.२.१ जलाधार तथा सिमसार क्षेत्र संरक्षण | ब.मि | ० | १०००० | २०००० | • वडा नं. ४ र ५ को दुधे दह,लुड्पे सिमसार क्षेत्र घेरवार,संरक्षण र प्रवर्द्धन गर्ने<br>- गाउँपालिकास्तरीय तथा वडास्तरीय सिमसार संरक्षणका लागि समिति गठन गरी परिचालन गर्ने ।<br>- सिमसार क्षेत्र संरक्षण समितिको क्षमता अभिबृद्धि गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.२.२ मुहान संरक्षण | संख्या | ० | १० | १५००० | • चिसामुल,फुर्चाङ,नायकबाडा,नाउला,फडिगाट,घट्टे,छडिखोला आदि पानी मुल संरक्षण गर्ने ।<br>• बस्ती नजिक भएका सम्पूर्ण कुवाहरुको संरक्षण गर्ने । |
| ४.२.३ पहिरो रोकथाम, तटबन्दन तथा वन संरक्षण | वन संख्या | ० | ३० | १५०००० | • वडा नं. ४ को खाल्पाटा,पिमाथाङ,बेडुबिसौना,नल्ला बजार क्षेत्र,मसेडी,सुनाखाडा,थाली र सेराडिलमा पहिरो रोगथामका लागि पर्खाल लगाउने,तटवन्दन, वृक्षारोपण गर्ने ।<br>• सबै सामुदायिक वनमा चौकिदारको उचित व्यवस्था गर्ने ।<br>• राष्ट्रिय वन संरक्षणका लागि जिल्ला वन डिभिजन कार्यालयसंग समन्वय र सहकार्य गर्ने । |
| ४.२.४ सडक निर्माणमा वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग | कि.मी | ० | २५ | ५००० | • २५ किमि सडकमा वायो इन्जिनियरीङ्ग प्रविधिको विकास गर्ने । |
| ४.२.५ जडिबुटि संरक्षण जडीबुटीको पहिचान संरक्षण र पहिचान तथा प्रशोधन गरी बजारीकरण | वटा | ० | १ | ५००० | • गाउँपालिकामा एक जडिबुटि प्रसोधन तथा संकलन केन्द्र निर्माण गर्ने ।<br>• गाउँपालिकाका प्रत्येक वडामा एक एक मुख्य जडिबुटि खेति गर्ने । |
| ४.२.६ नमुना वस्ति विस्तार | संख्या | ० | ५ | ४०००० | • एकिकृत वस्ति विस्तारका लागि वडा नं १ देखि वडा नं ५ सम्म एक एक वटा नमुना वस्ती निर्माण गर्ने ।<br>• वडा नं. ५ को कैल्यावालु दलित वस्ती,<br>• वडा नं. १ को लाली र पिउस गाउँ,वडा नं. २ को बजेडी ,वडा नं. ३ को औल ,वडा नं. ४ को नल्ला वस्तीको विकास र बिस्तार गर्ने । |
| **प्रतिफल ४.२ को जम्मा** | | | | **२३५०००** | |
| **प्रतिफल ४.३: जलवायू अनुकुलन र पर्यावरणिय स्वच्छता अभिवृद्धि भएको हुनेछ ।** | | | | | |
| ४.३.१ वातावरण प्रवर्धन जलवायु परीवर्तन सम्बन्धि क्षमता अभिबृदी | संख्या | ० | ५० | ५००० | • विश्व वातावरण दिवस ,चर्पि दिवश, पानी दिवश, राष्ट्रिय सरसफाइ सप्ताहलाई भव्यताका साथ मनाउने<br>• सरसफाइमा उत्कृष्ट विद्यालय, स्वास्थ्य संस्था, खानेपानी उपभोक्ता समिति, वडा कार्यालयलाई पुरस्कार तथा सम्मान गर्ने ।<br>• गाउँपालिका, वडा र विद्यालय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिको गठन गरी उक्त समितिहरुलाई सक्रिय वनाउने ।<br>• पूर्ण सरसफाइका ७ वटा सूचक प्राप्तिका लागि यसलाई अभियानका रुपमा लिने |
| ४.३.२ धुवारहित र हरियाली नगर | घर | ३०० | ५०० | २००० | • सुधारीएको चुल्हो ५०० घरधुरीमा वितरण गर्ने ।<br>• एक घर २० विरुवा रोप्ने कार्यक्रम संचालन गर्ने ।<br>• नाङ्गा डाडाँमा वृक्षारोपण गर्ने र घर अगाडि फलफूलका बिरुवा अनिवार्य रोप्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.३.३ फोहोर व्यवस्थापन | घरधुरी | १०० | २००० | ५००० | • घरधुरीहरुमा कुहीने र नकुहीने गरी बर्गिकरण गरी फोहोरको ब्यबस्थापन गर्न लगाउने र फोहोरलाई घटाउने, पुन:प्रयोग र पुन:चक्रण गर्ने विधि अवलम्बन गर्ने ।<br>• प्रत्येक घरमा फोहोर ब्यबस्थापन गर्न कुहिने र नकुहिने फोहोरका लागि अलग अलग खाल्डोको ब्यबस्था गर्ने<br>• फोहोर व्यवस्थापन सम्बन्धि क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्ने |
| ४.४४ डम्पीङ साईटको स्थापना | संख्या | ० | १ | ५००० | • प्रत्येक बजार क्षेत्रमा डम्पीङ साईटको ब्यबस्था गर्ने |
| ४.३.४ मौसम अनुकुल खेति र भूमी व्यव्स्थापन | हेक्टर | ० | २००० | ५००० | • २००० हेक्टर खेति योग्य मध्ये १००० हेक्टर जमिनमा एकीकृत खेति प्रणाली विस्तार गर्ने । |
| **प्रतिफल ४.३ को जम्मा** | | | | २२००० | |
| **प्रतिफल ४.४ विपदवाट हुने क्षतिलाइ न्यूनिकरण गरी उत्थानशिल समाजको निर्माण भएको हुनेछ** | | | | | |
| ४.४.१ खुला क्षेत्रको पहिचान र उपयोग | वटा | ० | ९ | ५००० | • गाउँपालिकास्तरमा ९ वटा सुरक्षित स्थान छनोट गर्ने ।<br>• सुरक्षित स्थानसम्म सजिलै पुग्न सकीने गरी वाटो निर्माण गर्ने । |
| ४.४.२ जोखिम पाश्व चित्रको आधारमा जोखिमा रहेको बस्तीलाई स्थानान्तरण | स्थान | ० | ५ | ५००० | • गाउँपालिका भरिका जोखिमयूक्त वस्तीको पहिचान गरी वस्ती स्थानान्तरण गर्ने । |
| ४.४.३ भवन संहिता र मापदण्ड सचेतना | वटा | ० | २०० | १००० | • गाउँपालिका भरीका १०० जनालाई भवन संहिता र संरचनाको मापदण्ड सम्वन्धि अनुगमन, सुपरिवेक्षेण सम्वन्धि तालिम दिने ।<br>• जोखिम न्यूनीकरण सम्वन्धि जनचेतनामुलक तालिम संचालन गर्ने । |
| ४.४.४ विपदकोषको व्यवस्था | ओटा | १ | ९ | ३००० | • सवै वडामा विपद जोखिम कोषको व्यवस्था गर्ने ।<br>• विपद कोष परिचालन निर्देशिका वनाई संचालन गर्ने । |
| ४.४.५ विपद व्यवस्थापन स्वयंसेवक तालिम | संख्या | ० | ३५० | १५०० | • गाउँपालिका भरिका ३५० जनालाई विपद व्यवस्थापन स्वयंसेवक तालिम प्रदान |
| ४.४.५ विपद सामाग्री भन्डारण | संख्या | | | १०००० | • गाउँपालिका स्तरमा विपद् पूर्व तयारी कार्ययोजना बनाइ विपद् ब्यबस्थापन सामाग्रीहरुको भण्डारण गर्ने |
| **प्रतिफल ४.४ को जम्मा** | | | | २५५०० | |
| **वन, वातावरण तथा विपद व्यवस्थापन जम्मा** | | | | ३०७५०० | |
| सुशासन तथा संस्थागत विकास | | | | | |
| **प्रतिफल ५.१: स्थानीय कानुन तर्जुमा भई पूर्ण रुपमा कार्यान्वयन भएको हुनेछ।** | | | | | |
| ५.१.१ नीति , नियम, विनियम, कार्यविधि तथा निर्देशिका | संख्या | १६ | ३० | १००० | • आवधिक योजना अवधि भित्र ३० वटा गाउँपालिकाका अधिकार क्षेत्रभित्रका साझा ऐन, नियम, विनियम, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि वनाई स्वीकृत र कार्यान्वयन गर्ने । |
| ५.१.२ मानव संसाधन विकास | पटक | ० | ० | ५००० | • आवश्यकता अनुसार सेवाकालिन, सेवा प्रवेश, पुनर्ताजगि तालिम संचालन गर्ने ।<br>• आन्तरिक आयस्रोत व्यवस्थापन गरी करार कर्मचारीको व्यवस्था गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.१.३ सामाजिक जवाफदेहिता, सार्वजनिक सुनुवाई, क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सामुदायिक अंक तालिका आदि | पटक | ० | २० | ५००० | • गाउँपालिकाका सेवा प्रवाह गर्ने ५ वटा वडा कार्यालय तथा बिषयगत शाखाहरुमा क्षतिपूर्ति सहितको डिजिटल नागरिक वडा पत्रको व्यवस्था गर्ने । • वाह्य विषय विशेषज्ञ वा निकायवाट सामाजिक परिक्षण र सामुदायिक अंक तालिका अर्धवार्षिक र वार्षिक रुपमा गराउने । |
| ५.१.४ गुनासो सुनुवाई संयन्त्र तथा सुझाव पेटिका | संख्या | १ | १५ | १००० | • गुनासो सुनुवाई संयन्त्र र सुझाव पेटिकाको अनिवार्य प्रयोग गर्ने । |
| ५.१.५ नागरिक सुनुवाई र अन्तरक्रिया कार्यक्रम | पटक | ० | १० | १००० | • वार्षिक २ पटक नागरिक अन्तरक्रिया र सुझाव संकलन गर्ने । |
| **प्रतिफल ५.१ को जम्मा** | | | | १३००० | |
| **प्रतिफल ५.२: गाउँपालिका र सवै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अभिवृद्धि भएको हुनेछ ।** | | | | | |
| ५.२.१ कार्यवोझ विश्लेषण र कर्मचारी दरवन्दी | जना | २५ | ५० | १००००० | • विषयगत शाखाको सर्वेक्षण गरी सिफारिस अनुसार शाखागत कर्मचारीको व्यवस्था गर्ने |
| ५.२.२ विषयगत शाखा उप-शाखा स्थापना गरी सेवा संचालन | क्षेत्र | ५ | ५ | १०००० | • कर्मचारी व्यवस्थापन, भौतिक सुविधा र सवै वडामा प्राविधिक शाखा क्रियाशील वनाउने |
| ५.२.३ गाउँकार्यपालिकाका सदस्यहरु, गाउँपालिका स्तरिय कर्मचारी र सरोकारवालाको क्षमता विकास | जना | २५ | ५० | १०००० | • वर्षको एक पटक चरणवद्ध तालिम संचालन गर्ने । |
| **प्रतिफल ५.२ को जम्मा** | | | | १२०००० | |
| **प्रतिफल ५.३: गाउँपालिकाले आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी आर्थिक वृद्धि भएको हुने छ ।** | | | | | |
| ५.३.१ राजस्व सम्भाव्यता अध्ययन र सुधार योजना (RIAP) | पटक | ० | ४ | १०० | • आवश्यकता अनुसार राजश्व सम्भाव्यता अध्ययन गर्ने । • राजश्व सुधार कार्ययोजना बनाउने । |
| ५.३.२ संघ प्रदेश र स्थानीय सरकारविच राजश्व वाँडफाँड परामर्श । | पटक | ० | ५ | ५०० | • आवश्यकता अनुसार कार्यक्रम राख्ने । |
| ५.३.३ राजश्व संकलन सम्वन्धि अन्तरक्रिया कार्यक्रम | पटक | ० | ५ | ५०० | • आवश्यकता अनुसार वर्षको १ पटक राख्ने |
| ५.३.४ विकास साझेदार,निजी क्षेत्र र गै.स.स. डेस्क स्थापना | वटा | ० | १० | २०० | • गाउँपालिका स्तरमा NGO डेस्क स्थापना गरी वर्षको ४ पटक वैठक राख्ने । |
| ५.३.५ आयमूलक आयोजना संचालन | संख्या | ० | ५ | २०० | • गाउँपालिकाका प्रत्येक वडामा आयमूलक आयोजना संचालनका लागि उत्प्रेरणा कार्यक्रम वार्षिकरुपमा संचालन गर्ने । |
| ५.३.६ राजश्व शाखा स्थापना | पटक | १ | १ | ५०० | • गाउँपालिका स्तरमा एक राजश्व संकलन शाखा स्थापना गर्ने • राजश्व सम्वन्धि सफ्टवेयर व्यवस्था गर्ने । |
| **प्रतिफल ५.३ को जम्मा** | | | | २००० | |
| **प्रतिफल ५.४:सुशासन वहाली भई योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रभावकारी भएको हुनेछ ।** | | | | | |
| आवधिक गाउँ विकास योजना | पटक | ० | १ | ५०० | • मध्यावधि अद्यावधिक गर्ने |
| गाउँ बस्तुगत विवरण | पटक | ० | १ | ५०० | • प्रत्येक वर्षको मंसिर महिनामा अद्यावधिक गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| विषयगत क्षेत्रको रणनीतिक गुरु योजना | पटक | ० | ५ | १००० | • निर्माण र अद्यावधिक गर्ने |
| अनुगमन तथा सुपरिवेक्षण समिति र उपसमिति गठन, क्षमता विकास, प्रगति समिक्षा, प्रगति सम्प्रेषण र स्थलगत अनुगमन | पटक | १ | ६ | १००० | • योजना स्थलहरूमा नियमित रुपमा अनुगमन |
| सेवा ग्राहीको गुनासो, पृष्ठपोषण र सार्वजनिक प्रशारण | | | | १०००० | • नागरिक पृष्ठपोषणलाई जस्ताको तस्तै नगरको वेव साइटमा राख्ने ।<br>• हेलो गाउँ सरकार रेडियो वहस कार्यक्रम संचालन गर्ने ।<br>• गाउँपालिकाका गतिविधिहरु चौमासिक रुपमा रेडियो मार्फत प्रसारण तथा गाउँ वुलेटिन प्रकाशन गर्ने । |
| प्रतिफल ५.३ को जम्मा | | | | १३००० | |
| **सुशासन र संस्थागन विकास जम्मा** | | | | १४८००० | |
| **जम्मा कुल अनुमानित वजेट रु.** | | | | २५,६५,००० | |

विषयगत क्षेत्र अनुसार प्रस्तावित ५ वर्षको वजेट

आवधिक योजना कार्यान्वयनका लागि विषय अनुसार क्षेत्रगत ५ बर्षको बजेट प्रक्ष्येपण देहाय अनुसार प्रस्तुत गरिएको छ। जसमा ५ वर्षको कुल वजेट रु २ अर्व ५६ करोड ५० लाख  अनुमान गरिएको छ। चालू आ.व. २०७६।७७ को  आय रु. ३० करोड ८० लाख ७१ हजार गरिएको छ। यसरी चालू आ.व.को अनुमानित आय र सो अनुसार आयवृद्धि हुनसक्ने आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कुल आय करीव रु. १ अर्व ९० करोड ५१ लाख ३३  हजार हुने देखिन्छ। तसर्थ आवधिक योजनाको प्राथमिकताका आधारमा प्रस्तावित क्रियाकलापहरुको कार्यान्वयनका लागि न्युन हुने ६५ करोड ९८ लाख ६७ हजार रकम लाइ पुर्ति गर्न निजिक्षेत्र तथा अन्य साझेदार संग प्रभावकारी समन्वय एवं व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

तालिका ११ : विषयगत क्षेत्र अनुसार प्रस्तावित कुल वजेट

| विषयगत क्षेत्र | अनुमानित वजेट (रु. हजार) | प्रतिशत |
|---|---|---|
| **१. आर्थिक विकास** | | |
| कृषि विकास | ९५००० | ३.७० |
| सिंचाई | ३०००० | १.१७ |
| पशु विकास | ३३००० | १.२९ |
| उद्योग व्यवसाय तथा बजार व्यवस्थापन | २३००० | ०.९० |
| पर्यटन | ३०५०० | १.१९ |
| बैंक तथा वित्तिय संस्था | २००० | ०.०८ |
| **आर्थिक विकास जम्मा** | **२१३५००** | **८.३२** |
| **२.सामाजिक  विकास** | | |
| शिक्षा | ४६१००० | १७.९७ |
| स्वास्थ्य | १९०५०० | ७.४३ |
| खानेपानी तथा सरसफाइ | ७१५०० | २.७९ |
| लैंगिक समानता र सामाजिक समावेशिकरण (महिला, बालबालिका र लक्षित वर्ग) | २७००० | १.०५ |
| युवा तथा खेलकुद | ६५००० | २.५३ |
| कला संस्कृति | ५००० | ०.१९ |
| **सामाजिक विकास जम्मा** | **८२००००** | **३१.९७** |
| **३. पूर्वाधार विकास** | | |
| सडक पुल, तथा यातायात | ४६५००० | १८.१३ |
| आवास तथा वस्ती विकास | ३८३००० | १४.९३ |
| विद्युत तथा उर्जा | २०२००० | ७.८८ |
| सूचना तथा संचार | २६००० | १.०१ |
| **पूर्वाधार विकास जम्मा** | **१०७६०००** | **४१.९५** |
| **४.वन, वातावरण तथा विपद व्यवस्थापन** | | |
| वन तथा जैविक विविधता | २५००० | ०.९७ |
| जलाधार तथा भुमि संरक्षण | २३५००० | ९.१६ |
| जलवायू अनुकुल पर्यावरणिय स्वच्छता | २२००० | ०.८६ |
| विपद व्यवस्थापन | २५५०० | ०.९९ |
| **वन, वातावरण तथा विपद व्यवस्थापन जम्मा** | **३०७५००** | **११.९९** |
| **५. सुशासन तथा क्षमता विकास** | | |
| ऐन, कानुन नियम तथा कार्यविधि | १३००० | ०.५१ |
| संस्थागत तथा मानव संसाधन विकास | १२०००० | ४.६८ |
| आन्तरिक श्रोत तथा खर्च व्यवस्थापन | २००० | ०.०८ |

| | | |
|---|---|---|
| योजना तर्जुमा तथा अनुगमन र शुसासन | १३००० | ०.५१ |
| **सुशासन तथा क्षमता विकास जम्मा** | **१४८०००** | **५.७७** |
| कुल बजेट | **२५६५०००** | **१००** |

आवधिक योजना कार्यान्वयनका लागि श्रोत परिचालन रणनीति
खार्पूनाथ गाउँपालिकाको आवधिक योजना अनुरुप विषयगत क्षेत्र अनुसार आवधिक योजनाको कुल वजेट रु २ अर्व ५६ करोड ५० लाख अनुमान गरिएको छ । गत आ.व. २०७५।७६ को यथार्थ र चालू आ.व.को अनुमानित सहित आगामी ५ वर्षको गाउँपालिकाको अनुमानित आय करीव रु.१ अर्व ९० करोड ५१ लाख ३३ हजार नब्बे हुने देखिएकोमा अपुग श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ ।

- आन्तरिक आयस्रोतको दायराको खोजी गर्ने
- विकास साझेदारसंग समन्वय गर्ने
- संघ तथा प्रदेशसंग समन्वय गर्ने
- अन्तर स्थानीय तह साझेदारी गर्ने
- निजी तथा सार्वजनिक साझेदारी एवं सहकार्य गर्ने
- जनसहभागिता वृद्धि गर्ने
- वन,जडिवुटी तथा खनिज क्षेत्रबाट हुने सम्भाव्य आम्दानीका लागि अनुसन्धान अध्ययन गर्ने ।
- वत्तीय जोखिम न्यूनिकरणका लागि पारदर्शिता तथा सुशासन संबन्धी व्यवस्थाहरु कार्यान्वयनका लागि विशेष श्रोत साधनको परिचालन गर्ने ।

## ९.२ आयोजना बैंक

सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक लगानीका अवसर पहिचान गरी परिचालन गर्न र परिपक्व रूपमा योजना पहिचान तथा छनोटका कार्यहरू गर्न गराउन आयोजना बैंकको स्थापना हुन लागेको हो । विकासका तोकिएका लक्ष्यहरू गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासिल गर्न आयोजनाहरूको सही पहिचान र छनोट गर्ने प्रणालीको विकास गरी प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गर्नु गराउनु आजको आवश्यकता हो । कुनै निश्चित मापदण्ड विना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पूर्व तयारी विना कार्यावयनमा लैजाने वर्तमान परिपाटिले अधिकांश आयोजनाहरू समस्याग्रस्त छन् । यसबाट आयोजनाहरू तोकिएको समय र निर्धारित लागतमा सम्पन्न हुन सकिराखेका छैनन् । परिणामस्वरूप हालका वर्षहरूमा सार्वजनिक वित्त व्यवस्थापनमा अनावश्यक तथा अत्याधिक चाप पर्न गएको छ । आयोजना बैंक गाउँपालिका सम्म विस्तार भएको अवस्थामा यसले वित्तीय अनुशासन कायम गर्न र लगानीका थप अवसर जुटाउन एवम् आयोजना कार्यान्वयनमा कुशलता हासिल गर्न महत्वपूर्ण योगदान गर्नेछ ।

## ९.३ संस्थागत तथा कार्यान्वयन व्यबस्था

आवियोले परिकल्पना गरेको लक्ष, उद्देश्य र नतिजा हासिल गर्न सम्भव हुन्छ । तसर्थ आवियोमा पहिचान भएका नजिताहरु हासिल गर्न तोकिएका कार्यक्रम तथा परियोजनाहरुको सफल कार्यान्वयनका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, मेशिनरी औजारहरु जस्तै कम्प्यूटर, प्रिन्टर, स्वास्थ्य सेवासँग सम्वन्धित उपकरणहरु आदि उपलब्ध हुन आवश्यक छ । यसका लागि खास गरी सेवा प्रदायक निकायहरु, स्थानीय तहहरु, जिल्लास्तरीय विषयगत कार्यालयहरु तथा तिनको इलाका वा गाउँपालिकास्तरीय इकाईहरु नागरिक समाज, गैसस तथा नीजि क्षेत्रको वर्तमान संस्थागत अवस्थाको विश्लेषण गरी सोही अनुसार क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक हुन्छ । संस्थागत विकासका क्षेत्रमा देखिएका कमिकमजोरीहरुलाई समयमानै सम्वोधन गर्न सकेमा उपलव्धी हासिल गर्न सहज हुने हुँदा त्यसमा पर्याप्त पहल गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा केही महत्वपूर्ण पक्षहरु निम्नानुसार उल्लेख गरिएका छन् ।

### क. स्थानीय तह (गाउँपालिका)

स्थानीय तह मार्फत प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन निम्नानुसार गरिनेछ ।

- स्थानीय तहमा उपलब्ध साधनस्रोतलाई पारदर्शी रुपमा विनियोजन र खर्चको व्यवस्था मिलाउने ।
- सबै वडामा वडा सचिवहरुको पदपूर्ति गर्न पहल गर्ने ।
- प्रमुख प्रशासकिय अधिकृत र राजनीतिक दलका प्रतिनिधिहरुका विचमा नियमित छलफल, समझदारी र सहकार्य गर्ने वातावरण बनाउने ।
- राजनीतिक दल, गैसस, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरुलाई अनुगमन कार्यमा सहभागी गराउने ।
- गाउँपालिकाको आन्तरीक श्रोत परिचालनमा जोड दिने ।
- गाउँपालिकामा आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन व्यवस्थित बनाउने ।
- निर्माण सम्बन्धी कार्यक्रमहरुको विस्तृत डिजाइन गर्ने परिपाटीलाई कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकाको नीति निर्माण, निर्णय गर्नु पर्ने अति महत्वपूर्ण जिम्मेवारीको प्रभावकारी कार्यान्वयनका लागि योजना अधिकृतको अनिवार्य उपस्थितिका लागि पहल गर्ने ।
- गाउँपालिका तहमा रहेको प्राविधिक सहायकको दरबन्दी पूर्ति गर्न पहल गर्ने ।
- समयमा अख्तियारी प्राप्त गरी विकास निर्माणका साथै संस्थागत विकासका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट पहल गर्ने ।
- गाउँपालिकाको संरचना संगठनलाई सुदृढ बनाउन क्षमता विकास कार्ययोजना तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्ने ।
- स्थानीय क्षेत्रमा कार्यरत मानव संसाधन क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- गाउँपालिकामा उपलब्ध कमजोर नेटवर्क भएका कारणले इ-रिपोटिङ्ग कार्य सरल हुन नसकेको हुँदा इ-रिपोटिङ्ग कार्य लगायत अन्य दैनिक कार्यलाई सरल र सहज बनाउन नेपाल टेलिकलको सेवा प्रभावकारी बनाउन पहल गर्ने ।
- सहभागितामूलक वार्षिक योजना प्रक्रियाको अनिवार्य अवलम्बन गर्ने गराउने ।

### ख. बिषयगत शाखाहरु

आयोजनाको कार्यान्वयनमा लक्ष अनुरुप प्रगतिको लागि गाउँपालिका र बिषयगत शाखाबीच समन्वय, सूचना ब्यबस्थापन र सूचना आदानप्रदान आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस सम्बन्धमा निम्नानुसार ब्यबस्थापन गरिनेछ ।

- गाउँपालिका र बिषयगत शाखाहरु बीच सूचनाको आदान प्रदानमा प्रभावकारिता कायम गर्ने ।
- विगतमा भएको द्वन्दको कारण गाउँपालिका र प्राय जसो सबै बिषयगत कार्यालय भवनहरुमा क्षति पुगि सूचना केन्द्रहरु र महत्वपूर्ण अभिलेखहरु नष्ट भएकोमा सोको व्यवस्थापनमा जोड दिने ।
- गाउँपालिका स्थित बिषयगत शाखाहरुमा दरबन्दी अनुरुप पदपूर्ति गर्न र बर्ष भरी गाउँमा बस्ने वातावरण सिर्जना गर्न पहल कदमी चाल्ने ।
- स्वास्थ्य कार्यालयको खास गरी ग्रामिण इलाकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति ज्यादै न्यून भएकोले सोको पूर्तिका लागि पहल गर्ने ।
- अधिकांस बिषयगत शाखाहरुको विनियोजित बजेट अपर्याप्त रहेको र समयमा बजेट निकासा नहुने वर्तमान प्रबृत्तिको अन्त्य गर्न राजनैतिक नेतृत्वले केन्द्र पहल गर्ने ।

### ग. गैर सरकारी संघ सस्था र निजी क्षेत्र

गाउँपालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरुको संख्या उल्लेखनीय छ । सदरमुकाम र सदरमुकाम क्षेत्र आसपासका गाउँपालिकाहरुमा गैरसरकारी संस्थाका कार्य क्षेत्र रहेको छ । गैसस र स्थानीय निकायहरु वीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नानुसार गरिनेछ ।

- गाउँपालिकाको विकासका लागि गैसस र नीजि क्षेत्रको क्षमता विकास गरी स्थानीय सेवा प्रवाहमा सहकार्य गर्ने वातावरणको सिर्जना गर्ने ।

- स्थानीय तह, बिषयगत शाखा र गैसस बीचमा आवश्यक समन्वय, सहकार्य गरी कार्यक्रमहरुमा देखिएको दोहोरोपना न्यूनिकरण गर्ने ।
- गैससका कार्यक्रम तथा बजेटहरु पारदर्शिता गरी सहकार्यको वातावरण निर्माण गर्ने ।
- कार्यरत गाउँपालिकाका सबै वडा र वस्तीलाई समेट्ने गरी कार्यक्रम/क्रियाकलाप निर्धारण गर्न ध्यान दिने ।

९.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना संघ, प्रदेश र स्थानीय तह हुने व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार प्रयोग गर्दा एकअर्काको साझा चासो, सरोकार र राष्ट्रिय लक्ष्य एवम् हितको विषयलाई समेत ध्यान दिई आफ्ना सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकासका प्रयासहरू अघि बढाउनु परेको छ । यी तिन तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था छ । तिन तहले संविधान प्रदत्त अधिकारको महत्तम् प्रयोग मार्फत विकास र सुशासनमा प्रतिस्पर्धा तथा आवश्यकता अनुसार सहयोग र सहकार्य गरी अन्तरसरकार समन्वयलाई मजबुत बनाउदै राष्ट्रिय विकासमा योगदान पुऱ्याउनु आजको आवश्यकता हो तथापि संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा आ-आफ्नै बुझाइ रहनु, राजस्व बाँडफाँटको विषयमा तिन तह बीच फरक मत रहनु, एकअर्कामा समन्वयको लागि कानुनी तथा संस्थागत व्यवस्था सुदृढ हुन नसक्नु र तिन तह बीचको सम्बन्धलाई प्रभावकारी र परिणामुखी बनाउन नसक्नु समस्याको रुपमा रहेका छन् । संघीय शासन प्रणाली कार्यान्वयनमा देखिएका अन्यौलता हटाउन अन्तरसरकार समन्वय मार्फत विकास र सुशासनमा टेवा पुऱ्याउन;संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको बुझाइमा एकरूपता ल्याई अन्तरसरकार समन्वय सुदृढ गर्न, प्रभावकारी एवम् उपलब्धिमूलक तहगत सम्बन्धको लागि आवश्यक कानुनी तथा संस्थागत संयन्त्रको निर्माण गर्न र स्रोत वितरण एवम् बाँडफाट, विकास र कार्यान्वयनमा स्पष्टता ल्याई नागरिकमा संघीय शासनको अनुभूति गराउन आवधिक योजनाको कार्यान्वयनका लागि तहगत समन्वय तथा अन्तर सरकार समन्वय गर्न आवश्यक छ ।

९.५ जोखिम व्यबस्थापन

योजनाको अपेक्षित लक्ष्य तथा उद्द्देश्य हासिल गर्न राजनीतिक स्थायित्व, राजनीतिक दलहरू बीच सहकार्य, नीतिगत स्थिरता, लगानीको अनुकूल वातावरण, आर्थिक स्थायित्व,विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तरक्षेत्रगत अन्तरनिकायगत समन्वय र सहकार्य आवश्यक हुन्छ । त्यस्तै योजनाले निर्धारण गरेअनुरूप सार्वजनिक, निजी तथा सरकारी एवम् गैरसरकारी क्षेत्रबाट सहयोग हुने अपेक्षा गरिएको छ । योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कार्यान्वयन पक्षलाई निक्यौल गर्नेछ । तसर्थ योजना तर्जुमा गर्दा लिइएका मान्यता र पूर्वानुमान अनुरूप सम्भाव्य जोखिम प्रक्षेपित अवस्था अनुरूप नियन्त्रणको दायराभित्र रहने अनुमान गरिएको छ ।

बाह्य जोखिम

यस अन्तर्गत जिल्ला तथा राष्ट्रव्यापी स्तरका आर्थिक, राजनीतिक र वातावरणीय जोखिम रहेका छन् । छिमेकी गाउँपालिका र अन्य प्रमुख व्यापार, श्रम बजार र लगानी सम्बन्ध भएका गाउँपालिकाले अवलम्बन गर्ने आर्थिक एवम् वित्तीय नीति तथा तिनीहरूको आर्थिक स्थिति, बजार तथा उत्पादन अवस्था, बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकटबाट गाउँपालिकाको विकासको क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्दछ । यसले निर्यात, आयात,कृषि, रोजगारी, पर्यटन आगमनमा असर पार्न सक्छ । योजनाका समष्टिगत तथा विषय क्षेत्रगत नीति तथा रणनीतिले यी पक्षलाई समग्र रूपमा सम्बोधन गर्दै गाउँपालिकाको आर्थिक स्थितिलाई सबल गर्ने अनुमान गरिएको छ । साथै जलवायु परिवर्तनबाट वातावरणमा पर्ने नकारात्मक असर, महामारी तथा अन्य विपद् लगायतका कारणबाट पनि योजनाले लिएका लक्ष्यहरू प्राप्तिमा नकारात्मक असर पर्ने जोखिम रहेका छन् ।

आन्तरिक जोखिम

प्राकृतिक रूपले हुम्ला एक सम्वेदनशील जिल्लाका रूपमा रहेको छ । जिल्लाको अबस्थिति तथा भूबनोटका कारण भूकम्प, बाढी, पहिरो, सुख्खा,खडेरी लगायतका प्राकृतिक विपद्को उच्च जोखिममा रहेको छ । विपद्को जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त पूर्व तयारी नभएमा वा बृहत आधुनिक पूर्वाधार निर्माणमा पर्याप्त सावधानी नअपनाइएमा हुम्ला जिल्ला लगायत गाउँपालिकाहरु

आर्थिक रूपमा समृद्ध हुदै गर्दा यसबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति, गरिबी तथा संकटापन्नतामा पर्ने प्रभाव गणितीय रूपमा बढ्ने सम्भावना रहन्छ। यसबाट आर्थिक क्रियाकलापमा अनपेक्षित प्रभाव पार्ने र उत्पादन र उत्पादकत्वमा क्षति भै लक्षित उपलब्धि हासिल गर्न अवरोध सिर्जना हुन सक्छ।
संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा गाउँपालिकाको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्नेछ। साथै, योजना अवधिमा तर्जुमा हुने वार्षिक र आवधिक योजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ। योजनाका लक्ष्यहरू हासिल गर्न सो अनुरूप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ। स्रोत साधनको विनियोजन एवम् सञ्चालन कुशलता कायम गर्दै कार्य पद्धति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ। गाउँपालिकालाई आत्मनिर्भर बनाउदै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुन नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ।

## ९.६ अनुगमन तथा मूल्यांकन

प्रभावकारी अनुगमन तथा मुल्याकंन प्रक्रियावाट यस आवधिक एकीकृत गाउँ विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतीजा आदि मापन गरिनेछ। यसै गरी प्रमुख कार्यक्रम तथा आयोजनाहरूको प्रक्रियाको अनुगमन गरिनेछ। नतीजा मापन आवश्यकता अनुसार वाह्य विज्ञबाट हुनेछ। कार्यक्रम तथा आयोजना कार्यान्वयन प्रकृया अनुगमन गर्ने जिम्मेवारी गाउँ कार्यपालिका र सुपरीवेक्षण तथा अनुगमन समितिको रहने छ। आवधिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विस्तृत प्रकृया तथा जिम्मेवारी देहायअनुसार हुनेछ।

- गाउँ कार्यपालिका तथा विषयगत समिति
- गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति
- वडा स्तरीय अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा, उपशाखा, परियोजना, संघ, संस्था
- नागरिक समाज, संघ संस्था तथा तेश्रो पक्ष

आवधिक तथा वार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना तथा मापन
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- चौमासिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्यांङ्कन)

आवधिक तथा बार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनु पर्नेछ।

तालिका : आवधिक योजनाको अनुगमन मुल्यांकन कार्ययोजना

| के गर्ने ? | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? |
|---|---|---|---|
| **कार्यक्रम वा प्रक्रिया अनुगमन** | गाउँपालिकास्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति , वडा स्तरिय अनुगमन समिति, समुदाय तथा समुदायमा आधारित संस्थाहरू | पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना |

| | | | |
|---|---|---|---|
| **प्रतिफल मुल्यांकन** | गाउँ कार्यपालिका, अनुगमन तथा सुपेरिवेक्षण समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | • स्थलगत अनुगमन<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>• नतीजामूलक अनुगमन खाका अनुसार नतीजा मापन |
| **असर तह मुल्यांकन** | गाउँ कार्यपालिका , अनुगमन तथा सुपरिवेक्षण समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | • सहभागितामूलक छलफल<br>• नतीजामूलक अनुगमन खाका अनुसार नतीजा मापन<br>• नमूना सर्वेक्षण<br>• वस्तुगत विवरण अधययन |
| **प्रभाव तह मुल्यांकन** | गाउँ कार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति, र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन<br>• सहभागितामूलक छलफल<br>• अध्ययन तथा सर्वेक्षण<br>• वस्तुगत विविरण अध्ययन<br>• प्रगति प्रतिवेदन अध्ययन |

**खार्पूनाथ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय,याङ्चु बगर हुम्ला**
**कर्णाली प्रदेश,नेपाल**
**फोन :**
**इमेल :**
**वेवसाइट :**